शब्द-शब्द मानवअधिकार

CR015-17-1

शब्द-शब्द मानवअधिकार

Resource Centre

मानवअधिकार र सामाजिक न्यायको निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पोष्ट बक्स नं. २७२६, काठमाडौं
फोन : २७०७७०/२७८७७०
फ्याक्स : २७०५५१

शब्द-शब्द मानवअधिकार

संस्करण : पहिलो

मिति : ०५५ चैत २७ गते

सर्वाधिकार : इन्सेक

प्रकाशक : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मूल्य : रु. २५।-

Digitized By: Bimal Chandra Sharma

मुद्रण : सुनकोशी छापाखाना, मैतीदेवी
फोन : ४२२०९१

विषय-सूची

वर्णानुक्रम	शीर्षक	पृष्ठ
अष्टलक्ष्मी शाक्य	- हामी दोस्रो दर्जाको नागरिक भएर बाँच्नु परेको छ	१
अमृतकुमार बोहरा	- मानवअधिकार एउटा सामाजिक अभियान पनि हो	३
आशाराम शाक्य	- मान्छेमा नैतिक चिन्तनको अभाव छ	७
इन्द्रकुमारी अधिकारी	- महिलाहरू विभाजित हुनु हुँदैन	९
उर्मिला श्रेष्ठ	- कस्तो हुनुपर्छ महिला जनप्रतिनिधिको भूमिका	१२
कपिल श्रेष्ठ	- आम जनताका लागि प्रजातन्त्र अनारी भएको छ	१५
केशव बडाल	- कमैया मुक्तिका लागि व्यावहारिकता दिने काम भएको छ	१९
कृष्णप्रसाद भट्टराई	- म सफलताको कामना गर्दछु	२१
कृष्ण पहाडी	- सरकारले मानवअधिकार संस्थालाई अप्ठेरो सिर्जना गर्ने संस्थाका रूपमा हेर्दछ	२२
	- हिंसाको माझमा भविष्य खोज्न सक्दैनौं	२४
गणेशमान सिंह	- मानवअधिकार सत्तामा जाने नारा र भन्याङ हुनुहुन्न	२७
गिरिजाप्रसाद कोइराला	- प्रजातन्त्रवादी र मानवअधिकारवादीले आफ्नो भूमिकालाई विर्से भने प्रजातन्त्र खतरामा पर्छ	२९
गोविन्द कोइराला	- हामीलाई शीर निहुर्‍याउन बाध्य पार्ने यो प्रथा	३३
डिल्लीरमण रेग्मी	- जनताको सेवकले जनताँलाई दमन गर्नु हुँदैन	३४
तुलसीलाल अमात्य	- कानून बनाएर मात्र केही हुँदैन	३९
त्रिलोचन ढकाल	- कमैयाहरूमा जागृति ल्याउने महान काम इन्सेकले गर्‍यो	४३
डा. देवेन्द्रराज पाण्डे	- हामी सबैलाई दायित्वबोध भएको छ	४५
द्वारिकादेवी ठकुरानी	- महिलाहरू आफै अगाडि बढ्नुपर्छ	५१
नारायणमान विजुक्छे	- पेल्ने नै हो भने यो प्रजातन्त्र किन चाहियो?	५२
पद्मरत्न तुलाधर	- सबैभन्दा महत्वपूर्ण आन्दोलन मानवअधिकार आन्दोलन हो	५६
बद्रीप्रसाद खतिवडा	- यो प्रजातन्त्रको उपहास होइन र?	६०
डा. भोगेन्द्र शर्मा	- म आशा राख्दछु	६१
मदन भण्डारी	- हामीले एउटा सहयोद्धा गुमायौं, मुलुकले एउटा प्रतिभा गुमायो	७८

मनमोहन अधिकारी	- कमैयाप्रथा रहुञ्जेल नेपालमा प्रजातन्त्र आयो भन्न सकिने स्थिति छैन	८१
	- मानवअधिकार संस्थाहरूले सरकार र पार्टीहरूलाई दवाव दिनु पर्छ	८३
	- शहीदमञ्चमा उभिएर शिक्षा लिनु पर्दछ	९०
माधवकुमार नेपाल	- राजनीतिमा अपराधीकरणको कारणबारे खोजी हुनुपर्छ	९३
राजेश्वर देवकोटा	- हामीले लाज विर्सिएका छौं	१०३
डा. राजेश गौतम	- जनताको अधिकार सुरक्षित गर्न सरकार असफल छ	१०४
रेवन्तकुमारी आचार्य	- हाम्रो समाजमा इतिहासलाई बिर्सने चलन छ	१०७
रुद्रलाल मुल्मी	- सामाजिक कार्यकर्तामा पवित्र भावना हुनुपर्छ	१०८
लक्ष्मी सिंह	- महिलालाई कमजोर बनाएर राष्ट्रको उन्नति हुन सक्दैन	११०
लीला कोइराला	- प्रजातन्त्र बचाउनका लागि जनआन्दोलनकारीहरू एक हुनुपर्छ	११२
वामदेव गौतम	- मैले इन्सेकलाई ज्यादै नजिकबाट देखेको छु	११४
विद्या भण्डारी	- महिला आन्दोलन सामाजिक मुक्ति आन्दोलन हो	११७
	- महिला विकास वक्तव्यवाजीमा मात्र सीमित हुनुहुँदैन	१२४
विश्वकान्त मैनाली	- सामन्ती समाजमा मानवअधिकार बहाल गर्ने कुरा कठिन छ	१३०
शशी श्रेष्ठ	- महिला समस्याको जड पत्ता लगाउनु पर्छ	१३२
शान्ता मानवी	- एक पाखे गोरूले जमिन जोत्न सक्दैन	१३४
शेरबहादुर देउवा	- महिलाहरू धेरै जिम्मेवारी लिन सक्छन्	१३६
साहना प्रधान	- कानूनी रूपमा पनि महिलाको शोषण भएको छ	१३९
सिद्धिगोपाल वैद्य	- सेवा गर्नेको प्रशंसा गर्नुपर्छ	१४१
सुशील कोइराला	- हामी पनि तपाईंहरूसंगै यो अभियानमा रहने छौं	१४३
सुरेन्द्र चौधरी	- आफ्नो अनुकूल संविधानको व्याख्या हुँदा दुर्घटना हुन्छ	१४५
हरिहर दाहाल	- हामी पूर्वाग्रहले ग्रसित छौं	१५०
हरिश्चन्द्र आचार्य	- नेता, नीति र इतिहास बिर्सेपछि अपराधीकरण शुरू भयो	१५३
ऋषिकेश शाह	- गृहमन्त्री स्वयं नै अपराधीकरणमा संलग्न भएपछि के अपेक्षा गर्ने	१५४

भूमिका

बीसौं शताब्दीको मध्य अवधिदेखि विधिवत एवं संगठित रूपले विश्वभर आरम्भ भएको मानवअधिकार आन्दोलन यो शताब्दीको महत्वपूर्ण र स्थापित आन्दोलन बन्न पुगेको छ। विश्वका प्रत्येक मान्छेको अनिवार्य अधिकार मानवअधिकार हो र त्यो अधिकार प्राप्तिको अनिवार्य आन्दोलन मानवअधिकार आन्दोलन हो भन्ने कुरा पनि स्पष्ट भइसकेको छ। तसर्थ यसको महत्वका बारेमा थप कुरा भनिरहेनु पर्छ जस्तो लाग्दैन।

नेपालमा, यहाँको प्रजातान्त्रिक आन्दोलनसंगसंगै मानवअधिकार आन्दोलन पनि प्रजातान्त्रिक आन्दोलनकै अर्को पाटोको रूपमा अगाडि बढ्दै आएको कुरा स्वीकार गर्नैपर्छ। संगठित मानवअधिकार आन्दोलनको इतिहास त्यति लामो नभए पनि लामो समयको प्रजातान्त्रिक आन्दोलनबाट यसलाई अलग गरेर हेर्न मिल्दैन। असंगठित अवस्थामा पनि हक अधिकारको बहालीका दृष्टिले आयोजित संघर्षहरूमा मानवअधिकार आन्दोलनको सार्थक महत्व रहँदै आएकी छ। मानवअधिकार आन्दोलनको इतिहासलाई खोतल्ने क्रममा मान्छेको हक अधिकारका लागि भएका हरेक संघर्षहरूलाई पृथक गरेर हेर्न मिल्दैन।

अहिले नेपालमा विभिन्न मानवअधिकार संस्थाहरू क्रियाशील छन्। यस्ता संस्थाहरूले मानवअधिकार आन्दोलनलाई संगठित रूपमा अगाडि बढाइरहेका छन्। तर यस्ता संस्थाको स्थापना हुनुभन्दा अघिदेखि नै पनि विभिन्न ढंगले मानवअधिकार आन्दोलनलाई अगाडि बढाउने काम भएको थियो। त्यसरी मानवअधिकार आन्दोलनलाई अगाडि बढाइरहेकै क्रममा यो आन्दोलनलाई संगठित स्वरूप दिने नेतृत्वकारी व्यक्तित्व स्व. प्रकाश काफ्लेको महत्वपूर्ण सोंच र अगुवाइमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को स्थापना भएको हो।

मानवअधिकार संस्था इन्सेकको स्थापना भएको दश वर्ष पूरा हुनै लागेको छ। यो अवधिमा यस संस्थाले नेपालको मानवअधिकार आन्दोलनलाई संगठित रूपमा अगाडि बढाउन विभिन्न कार्यक्रम तथा गतिविधिहरू संचालन गर्दै आएको छ र त्यसमा सफलता पनि प्राप्त गरेको छ। मानवअधिकार आन्दोलन एउटा निरन्तरको आन्दोलन हो भन्ने मान्यताकासाथ यो संस्था अगाडि बढ्दै आएकी छ र बढिरहेको छ।

मानवअधिकारका बारेमा मान्छेलाई सचेत बनाउने र आफ्नो अधिकारप्राप्त गर्न प्रेरित गर्ने क्रममा इन्सेकले विभिन्न किसिमका अभियानलाई निरन्तरता दिंदै आएको छ। त्यस मध्येको एउटा हो- मानवअधिकार सामग्रीहरूको प्रकाशन। यो संस्थाले शुरूदेखि नै मानवअधिकार सम्बन्धी प्रस्थावना, यसका मान्यता, यसको आवश्यकता, यो आन्दोलन सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गतिविधि, मानवअधिकार उल्लंघनका घटना जस्ता विषयहरूलाई महत्वकासाथ प्रकाशन गर्ने र मानवअधिकारप्रति सचेत गराउने काम गर्दै

आएको छ। इन्सेकका कतिपय प्रकाशनहरू मानवअधिकार आन्दोलनको महत्वपूर्ण दस्तावेजका रूपमा रहन पुगेका छन्। तिनमा अर्को एउटा प्रकाशन थपिन पुगेको छ- "शब्द शब्द मानवअधिकार"।

इन्सेकले आफ्नो आयोजनामा सम्पन्न कार्यक्रमहरूको र ती कार्यक्रममा व्यक्त विचारहरूको सस्वर अभिलेख (टेप रेकर्ड) आफ्नो पुस्तकालयमा सुरक्षितसाथ राख्ने गरेको छ। नेपालको मानवअधिकार आन्दोलनको इतिहासमा यी अभिलेखहरू भविष्यका लागि अझै महत्वपूर्ण सावित हुन सक्ने ठानेर नै हामीले त्यस्ता सस्वर अभिलेखलाई सुरक्षितसाथ राख्ने व्यवस्था गरेका हौं। जसअनुसार अधिकांश कार्यक्रमहरूको अभिलेख हामीसंग हुँदाहुँदै पनि केही महत्वपूर्ण व्यक्तित्वका विचारहरू भने प्राविधिक कारणवस हाम्रो अभिलेखमा रेकर्ड हुन नसकेको पाइयो। यसमा हामी स्वयं दुःखित छौं।

विभिन्न सन्दर्भमा इन्सेकद्वारा आयोजित कार्यक्रममा नेपालका वरिष्ठ राजनीतिज्ञहरू, मानवअधिकार आन्दोलनका अग्रणीहरू र सुप्रसिद्ध समाजसेवीहरू समेतले सहभागी भएर आफ्ना मन्तव्यहरू व्यक्त गर्नु भएको छ, जसलाई हामीले सस्वर अभिलेखका रूपमा राखेका छौं। "शब्द शब्द मानवअधिकार"त्यही अभिलेखबाट उतारिएका महत्वपूर्ण विचारहरूको पहिलो प्रकाशन हो।

विशेषतः नेपालका राजनीतिज्ञहरूले हामीले आयोजना गरेका कार्यक्रमहरूमा आएर मानवअधिकारको वारेमा अत्यन्तै सकारात्मक धारणा व्यक्त गर्ने गर्दछन्। उनीहरू मानवअधिकारको रक्षा विना प्रजातन्त्र जीवित रहनै नसक्ने कुरा पनि बताउँछन्। तर सत्तामा पुगेपछि राजनीतिज्ञहरू स्वयंले मानवअधिकारलाई ठाडो चुनौति दिने गरेको पाइएको छ। हामी चाहन्छौं- त्यस्तो नहोस्। राजनीतिज्ञहरूको सत्तामा नरहँदा र सत्तामा रहँदाको भनाइ र गराइमा फरक नहोओस् भन्ने आग्रह राखेर पनि हामीले यो पुस्तक प्रकाशित गरेका छौं। यो प्रयासलाई हामी भावी दिनहरूमा पनि जारी राख्ने छौं। समाजका विभिन्न क्षेत्रका व्यक्तित्वहरूले मानवअधिकारका सम्बन्धमा हाम्रो आयोजनामा व्यक्त गरेका महत्वपूर्ण विचारहरूलाई यस्तै प्रकाशनको रूपमा क्रमशः प्रकाशित गर्दै नै जाने छौं।

यो पुस्तकको प्रकाशनमा इन्सेक प्रकाशन स्तर निर्धारण समितिको महत्वपूर्ण भूमिका रहेको छ। विशेषगरी समितिका सचिव आत्माराम शर्माले यो पुस्तक प्रकाशन सम्बन्धी जिम्मेवारी पूरा गरेर प्रशंसनीय कार्य गर्नु भएको छ। त्यस्तै यसलाई विभिन्न किसिमले सहयोग गर्नु हुने सबैलाई म हार्दिक धन्यवाद दिन चाहन्छु।

"शब्द-शब्द मानवअधिकार" नेपालको मानवअधिकार आन्दोलन भित्रको एउटा अर्को दस्तावेज हो। पाठकहरूले यसलाई एउटा गम्भीर प्रकाशनको रूपमा लिनु हुनेछ भन्ने आशा राख्दछु।

सुशील प्याकुरेल

अध्यक्ष

२०५५ चैत २७ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

हामी दोस्रो दर्जाको नागरिक भएर बाँच्नु परेको छ

- अष्टलक्ष्मी शाक्य
नेतृ, नेकपा (एमाले)

महिला मुक्ति आन्दोलनमा निरन्तर लागि रहनुभएका र लाग्दै आउनु भएका सम्पूर्ण आदरणीय साथीहरूमा म सर्वप्रथम हार्दिक अभिवादन व्यक्त गर्दछु। सबभन्दा पहिले यो नव वर्षको आगमनसँगै जुन राष्ट्रिय महिला मेला सम्पन्न हुन गइरहेको छ, यसले हामीलाई राजनीतिमा बिना थकावट निरन्तर लागिरहन थप प्रेरणा दिने छ भन्ने विश्वास मलाई लागेको छ।

यहाँ प्रस्तुत गरिएका कार्यपत्रहरूमाथि हामी छलफल गर्नेछौं। ती छलफलबाट एउटा निचोड हामी अवश्य निकाल्ने छौं। ती निचोडहरू निश्चय पनि उपलब्धिपूर्ण हुने विश्वास मैले गरेकी छु। महिला आन्दोलन र मुक्तिको लागि यो छलफलले महिलाहरूलाई अझ अगाडि बढाउनको लागि एउटा ठोस निर्णयकासाथ दिशा निर्देशित गर्ने छ भन्ने विश्वास मैले लिएको छु। महिलाहरू स्वासगरी राजनैतिक, आर्थिक, सामाजिक रूपबाट कसरी ठगिएका छन् भन्ने विषयमा आफ्ना महत्वपूर्ण विचारहरू पूर्व वक्ताहरूले व्यक्त गरिसक्नु भएको छ। साथै उहाँहरूले महिलामाथि हुने शोषणका विरूद्ध राजनीतिमा लागिरास्नु पर्ने आफ्ना हिजोदेखिका अनुभव र विचारहरू पनि बताइ सक्नुभएको छ। उहाँहरूको विगतको राजनैतिक जीवनदेखि अहिलेसम्मको अनुभवले हामीलाई थप उत्साह र जाँगर दिएको छ।

विगतको इतिहासलाई हेर्दा महिलाहरू हिजोदेखि नै विभिन्न क्षेत्र र व्यवसायमा निरन्तर लाग्दै आएका छन्। महिलाहरू कुनै न कुनै रूपमा समाजका हरेक गतिविधिमा निरन्तर लाग्दै आएको हामी पाउँछौं। यति हुँदाहुँदै पनि महिलाहरू आज किन पछाडि परिरहेका छन् त ? किन अधिकारको माग गरिरहेका छौं ? किन विभिन्न क्षेत्रमा महिलाहरू अधिकार सम्पन्न हुनुपर्दछ भनेर हामीले माग गरिरहेका छौं? निश्चितै रूपमा भन्नुपर्दा देशमा बहुदलीय व्यवस्था आएर पनि महिलाहरूको अवस्था सोचनीय र दयनीय नै रहिरहेको छ। अझै पनि महिलाहरू राजनैतिक, आर्थिक, सामाजिक सबै हिसाबले पछाडि नै परिरहेका छन्। यो स्थितिमा हामी महिलाहरू अब हरेक क्षेत्रमा अगाडि बढ्नु पर्ने आवश्यकता टड्कारो रूपमा रहेको छ। हामी महिलाको हिसाबले मात्र अगाडि बढ्नु पर्ने जरूरी छैन। हामी यो देशको नागरिक पनि भएकाले आफ्नो अधिकारको लागि अगाडि बढ्नु पर्ने अवश्यकता रहेको छ। स्वतन्त्र नागरिकको हैसियतले देशको हरेक क्षेत्रमा समान अधिकारको लागि निरन्तर रूपमा अगाडि बढ्न पाउनु पर्दछ भनेर हामीले जोडदार रूपमा हाम्रो आवाजलाई अगाडि बढाउँदै लैजानु पर्दछ। किनभने नेपाली नागरिक भएर पनि हामी दोश्रो दर्जाको नागरिक भएर बाँच्नु परिरहेको छ। त्यसैले अब

हामी महिलाहरू एकजुट हुनु परेको छ। २०४७ सालको संविधानले दिएको अधिकार अनुसार पनि हामीलाई अधिकार छैन, हामी हेपिनु परेको छ। तसर्थ महिला मुक्तिको लागि केबल आर्थिक र सामाजिक रूपबाट परिवर्तन भएरै महिलाहरूको मुक्ति हुन सक्दैन। जबसम्म देशमा आर्थिक, राजनैतिक, सामाजिक, कानूनी र सम्पूर्ण रूपले महिलामाथि हुने गरेका शोषण र अन्यायको अन्त्य हुँदैन तबसम्म महिला मुक्ति सम्भव छैन। तसर्थ महिला मुक्तिको लागि हामी निरन्तर रूपबाट कम्मर कसेर लाग्नै पर्ने हुन्छ।

हामी विभिन्न क्षेत्र, स्थान र तहबाट यहाँ उपस्थित भएका छौं, विचार विमर्श गर्न गइरहेका छौं। निश्चित रूपमा हामी महिला हक हितको लागि लडिरहेका छौं नेपाली महिलाहरू, नेपाली नागरिकको हैसियतले समान सम्मान पाउनको लागि हामीहरू अझै अगाडि बढौं।

(इन्सेकद्वारा आयोजित "राष्ट्रिय महिला भेला-०५२" मा व्यक्त विचारहरू)

मानवअधिकार एउटा सामाजिक अभियान पनि हो

– अमृत कुमार बोहरा
तत्कालीन स्थानीय विकास मन्त्री

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा गत ५ दिनदेखि लगातार मुलुकको मानवअधिकारको स्थितिको बारेमा जुन सम्मेलन भैरहेको छ, यसले मुलुकको मानवअधिकारको स्थितिका बारेमा समग्र मूल्याङ्कन गरेर, त्यसको विश्लेषण गरेर, गाउँ-गाउँ, जिल्ला-जिल्ला र विभिन्न क्षेत्रमा मानवअधिकारको स्थिति के छ र आउँदा दिनहरूमा मानवअधिकारवादी कार्यकर्ताहरूको दायित्व के हुने छ भन्ने आदि महत्वपूर्ण विषयहरूमा तपाईहरूले जुन गम्भीर छलफल गर्नुभएको छ, त्यसको महत्वपूर्ण र अत्यन्त गम्भीर सार विषय वस्तुहरू यहाँ प्रस्तुत गर्नुभएको छ। काठमाडौं घोषणापत्रको नामबाट यहाँ घोषणा गर्ने काम पनि भएको छ। यी सबै कुराहरूका निम्ति यस अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले जुन महत्वपूर्ण कार्यहरू सञ्चालन गरेको छ र मानवअधिकारको क्षेत्रमा सम्पूर्ण नागरिकहरूलाई यो अभियानमा संलग्न गराउन आफ्नो तर्फबाट जुन भूमिका खेल्दै आएको छ, त्यसका निम्ति म यसका आयोजक साथीहरूलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु।

मानवअधिकारको भावनाले ओतप्रोत भएर समान अधिकार र सिङ्गो दायित्वले सचेत भएर त्यो भूमिका निर्वाह गर्ने महान् अभिभारा सहित जो विभिन्न क्षेत्रबाट यो समारोहमा सहभागी हुनु भएको छ, उहाँहरू सबैलाई पनि धन्यवाद दिन चाहन्छु।

आज मेचीदेखि महाकालीसम्म ७५ वटै जिल्लाबाट मानवअधिकारको सम्मेलनमा संलग्न हुनु भएका तपाईं मानवअधिकार र सामाजिक सेवामा संलग्न मित्रहरू, सामाजिक संघ-संस्थाका प्रतिनिधिहरू र आबद्ध साथीहरू जो यहाँ सहभागी हुनु भएको छ, राष्ट्रमा उहाँहरूको महत्वपूर्ण दायित्व छ भन्ने मलाई लागेको छ। यसको निम्ति पनि म यो सम्मेलनको समापनको अवसरमा यहाँहरूले जे निष्कर्ष निकाल्नु भएको छ, मुलुकको मानवअधिकारको स्थितिको बारेमा जुन मूल्याङ्कन गर्नुभएको छ र तपाईंहरूले आउँदा दिनहरूमा यो मानवअधिकारलाई अझै सुधार गर्नका निमित्त यस क्षेत्रमा देखा परेका कमी कमजोरीहरूलाई हटाएर त्यसलाई अझै प्रगतिको दिशामा लैजानको लागि जुन रणनीति र कार्यनीतिहरू तर्जुमा गर्नुभएको छ, ती कुराहरूलाई यथार्थ रूपमा व्यवहारमा परिणत गर्नको लागि यहाँहरूले कुनै कसरत बाँकी राख्नु हुने छैन भन्ने विश्वास मैले गरेको छु।

नीति नियमहरू निर्माण गर्नु एउटा कुरा हो, त्यसलाई कार्यन्वयन गर्नु अर्को कुरा हो। त्यो ज्यादै महत्वपूर्ण हुन्छ र मेरो विचारमा त्यो अत्यन्तै कष्टसाध्य काम पनि हो भन्ने लागेको छ। मानवअधिकार सम्बन्धी यो कार्य एउटा सामाजिक अभियान पनि हो। र यो कष्टसाध्य अभियान पनि हो भन्ने मलाई लाग्दछ। मानवअधिकार सम्बन्धी धेरै कुराहरू हामीले सुन्ने

गरेका छौं र धेरै नाराहरू पनि देखेका छौं। मानवअधिकारको नाममा धेरै नै संघ-संस्थाहरू खुलेका पनि छन्। तर उहाँहरूले काठमाडौंका ठूला होटलहरूमा मात्र त्यस सम्बन्धी गोष्ठी र घोषणा जारी गरेको हामीले सुनिरहेका छौं। राजनीतिक, आर्थिक, सामाजिक सबै क्षेत्रमा मानवअधिकारको हनन भएको छ। त्यसको उपभोग गर्न नपाएका जनताले ती घोषणापत्र र ती आलिशान महलहरूमा आयोजना गरिने जुन गोष्ठीहरूको उपलब्धिको बारेमा, त्यसलाई उपभोग गर्ने सम्बन्धमा, प्राप्त गर्न सके या सकेनन् भन्ने सवालमा वास्तविक लेखाजोखा गर्नुपर्ने आवश्यकता छ। इन्सेकको जहाँसम्म कुरा छ यसले गरेका काम, उपलब्धि र सकारात्मक पक्षका बारेमा यसका सामु भएका कठिनाइ, कमी कमजोरीका सम्बन्धमा यही क्षेत्रमा संलग्न तपाई साथीहरूको मूल्यांकन गर्ने विशेष जिम्मेवारी हो। यो कुरा हामीले भन्ने होइन।

मैले यथार्थ कुराहरू भन्नु पर्दा यस संस्थाले गरेका गतिविधि र कामको सम्बन्भमा म पनि लामो समयदेखि परिचित छु। यसले गरेका कामबाट धेरै नै प्रभावित भएको छु। किनभने यसले आफ्ना कामहरूलाई केबल शब्दमा, घोषणामा, यस्तै किसिमका ठूला सभा समारोहमा सात्रै सीमित नगरिकन आफ्ना अभियानहरूलाई हाम्रो मुलुकका पिछडिएका जनजातिहरू बसेका क्षेत्रहरूमा काम गरिरहेको छ। लामो समयदेखि जहाँ मानवअधिकार भनेको के हो ? त्यो कुराबाट वन्चित जनताहरूको बीचमा मानवअधिकारका उल्लंघन भएका क्षेत्रहरूमा चाहे त्यो राज्यबाट गरिएका हुन्, चाहे विविध वर्ग र तहबाट गरिएका कुराहरू हुन ती क्षेत्रमा यो अभियानलाई पुऱ्याएर त्यहाँका जनतालाई सचेत पार्ने, संगठित गर्ने काम इन्सेकले गरेको छ। साथै राजनैतिक र सामाजिक कार्यहरूमा उत्प्रेरित गर्ने अभियान समेत यसले थालनी गरेको छ। इन्सेकले मानवअधिकार शिक्षा लगायत विभिन्न क्षेत्रहरूमा जुन गतिविधि गरेको छ त्यो ज्यादै महत्वपूर्ण छ। यसको अत्यन्तै उचित किसिमको मूल्याङ्कन हुनु पर्दछ भन्ने मेरो आफ्नो ठहर रहेको छ। तपाईहरूले विगत चार-पाँच दिनदेखि यसका गतिविधिको सम्बन्धमा, यसका कामहरूको बारेमा जानकारी लिइसक्नु भएको छ। त्यसको प्रगतिको मूल्याङ्कन भैसकेको छ। ती कुराहरूलाई दोऱ्याउनु म उचित ठान्दिन। जो तपाईंहरू आफै पनि परिचित हुनुहुन्छ र यसको निचोडबाट यहाँ जुन घोषणापत्र आएको छ, सिद्धान्ततः त्यसका भावनासँग, आधारभूत रूपमा त्यसका मान्यता, प्रतिवद्धतासँग म आफू पनि समर्थन जनाउन चाहन्छु।

मानवअधिकार र सामाजिक विकासमा संलग्न तपाईं साथीहरूको अगाडि मलाई केही कुरा राख्नको लागि यस संस्थाले जुन अवसर दिएको छ त्यसको सम्बन्धमा पुनः यहाँहरूलाई समेत धन्यवाद दिंदै केही कुरा राख्न चाहन्छु। मानवअधिकार अभियानको किन आवश्यकता पऱ्यो ? मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा किन जारी गर्नु पऱ्यो ? यी कुराहरूको ऐतिहासिक सन्दर्भ र पृष्ठभूमि तर्फ म जान चाहन्न। तपाईहरू आफै यस विषयमा विज्ञ र जानकार हुनुहुन्छ , यस सन्दर्भमा तपाईहरूले धेरै कुरा बुझ्नु भएको छ। २०४६ सालभन्दा अगाडि नेपालको मानवअधिकारको स्थिति के थियो र जनआन्दोलन पश्चात् हामीले नयाँ संविधान प्राप्त गरेपछिको मानवअधिकारको स्थितिका सन्दर्भमा विभिन्न प्रकारका राजनैतिक परिवर्तन जुन हुने गरेको छ र जुन-जुन पार्टीले सत्तामा पुगेर राज्य संचालन गर्ने मौका पाएका छन् त्यो समयमा मुलुकको मानवअधिकारको स्थिति के रह्यो त्यसका सम्बन्धमा तपाईहरूले पनि लेखाजोखा अवश्य गर्नुभएको छ भन्ने मलाई लागेको छ। हिजोको निरंकुश र तानाशाही राज्य व्यवस्थामा त्यसले जनतालाई अधिकार दिएको थिएन। शासकहरूमा बन्द अध्यारो कोठामा जनतालाई राखेर जतिसक्दो जनता अनपढ, अशिक्षित, र कुनै पनि कुरा नजानुन् र

नबुझुन् हामी शासन गरिराख्न पाउँ भन्ने थियो। उनीहरू आफ्नो शोषण, दमन, हैकम र प्रभुत्व जनतामाथि जमाउन चाहन्थे। तर मानिसको भावना, विचार र उसको नैसर्गिक अधिकार कसैले थुनेर, छेकेर राख्न सक्ने कुरा थिएन। त्यसका विरूद्धमा जनताहरू सचेत र संगठित भए र आन्दोलन समेत गरे। ०४६ सालको जनआन्दोलन सम्पन्न भयो। त्यो जनआन्दोलनले जनताको एक हदसम्मका मौलिक अधिकारहरू, राजनैतिक अधिकारहरूलाई सुनिश्चित गर्ने काम गरेको छ र नयाँ किसिमको संविधान हामीले प्राप्त गऱ्यौं।

हामीले प्राप्त गरेको यो संविधानमा महिला लगायत विविध क्षेत्रका अधिकारलाई प्रत्याभूति गर्ने काम भएको छ। तर अहिले त्यो आन्दोलन सम्पन्न भएको पनि सात वर्ष बित्न लागेको छ, यो अवधिमा जनआन्दोलनको भावनालाई कदरका साथै जनआन्दोलनद्वारा निर्मित र निर्देशित संविधान हामीले प्राप्त गरेका छौं। त्यो संविधानको भावना अनुरूप त्यसका मूल सिद्धान्तद्वारा निर्देशित भएर हामीले मानवअधिकार र प्रजातन्त्र लगायत विविध क्षेत्रका अधिकारलाई अझै मजबुत गर्नको लागि जुन किसिमको ऐन कानूनको व्यवस्था र निर्माण गर्नुपर्ने हो त्यो पनि अपेक्षाकृत रूपबाट अझै पनि गर्न सकिएको छैन। ठूलाले सानालाई हेप्ने, दमन गर्ने, होच्याउने त्यस्तै ठूला राष्ट्रले साना राष्ट्रलाई दमन गर्ने, हैकम गर्ने, लडाई गर्ने आदिको पृष्ठभूमिबाट नै यो मानव अधिकार अभियानको जन्म भएर यसले संगठित रूपलिएर यो यहाँसम्म आएको छ। यसमा विशेष गरिकन यसको सम्मानको लागि हामी सबै सर्तक र सजग हुनुपर्ने अवस्था अहिले छ। मानवअधिकारका कुरा आउँदा राज्यले धेरै सर्तक, सचेत र संवेदनशील हुनुपर्ने अवस्था छ। जनताको मानवअधिकार, नागरिक अधिकार हनन भएका छन् कि ? राम्रोसँग न्याय पाएका छैनन् कि ? कानून ठीक ढंगले प्रयोग भएका छैनन् कि? मुलुकमा भ्रष्टाचार, अन्याय, व्यभिचार व्याप्त छ कि? यसको बारेमा लेखाजोखा गर्ने, यसको उचित रेखदेख गर्ने दायित्व भनेको राज्यको हो भन्ने मलाई लाग्दछ। वास्तवमा मानवअधिकारको ठाडो उल्लंघन पनि बेला-बेलामा राज्यबाट नै हुने गरेको छ। म ०४६ साल भन्दा उताको चर्चा गर्न चाहन्न किनभने त्यतिबेला राजनैतिक व्यवस्था नै निरंकुश थियो, त्यस व्यवस्थामा हामीले मानवअधिकार र प्रजातन्त्रको कल्पना गर्नु व्यर्थ हुन्छ। देशमा आन्दोलनद्वारा स्थापित प्रजातन्त्रको वहालीपछि संविधान निर्माण भयो, प्रजातान्त्रिक जनताको सरकार बन्यो र यस्तो स्थितिमा मानवअधिकार उल्लघंन हुन्छन् र मानिसहरू मारिन्छन्, थुनिन्छन् भने यो गम्भीर कुरा हो।

यतिखेर हामीहरू सरकारमा सत्ता साझेदारी गरिरहेका छौं। अहिले पनि हामीहरू आफ्नो तर्फबाट मानवअधिकारको सम्मान हुनु पर्दछ र मानवअधिकारको सम्मान गर्ने क्षेत्रलाई सजग पारिनु पर्दछ भनिरहेका छौं। विशेष गरेर प्रहरी सेवा राज्यको विशेष अंग हो, अनुशासित संस्था हो, सरकारको राज्यको निर्देशनलाई जनतासम्म पुऱ्याउने, कार्यन्वयन गर्ने, जनता र राज्यको बीचमा समन्वय कायम गर्ने र प्रहरीहरू जनताका मित्रहरू, राष्ट्रका सेवक हुन् भन्ने भावनाको अनुभूति राज्यद्वारा गरिनु पर्दछ भन्ने मलाई लागेको छ।

यसको निम्ति मानिसको परिवर्तन गरेर होइन, उनीहरूको काम गर्ने शैलीको तौरतरिका र प्रवृत्तिमा रहेका समस्याहरूको यथार्थ मूल्यांकन गरेर शैलीमा सुधार ल्याउनु पर्दछ। हिजोको गलत संस्कार, परिपाटीलाई हामीले हटाएर यस क्षेत्रमा सुधार गर्न सकिन्छ भन्ने मलाई लागेको छ। मानिस एउटै भएता पनि हिजोका कतिपय परिपाटी र संस्कारहरू हामीले बेहोरेका छौं। र आन्दोलन पश्चात्को मानवअधिकारको स्थिति पनि हामीले देखिसकेका छौं। यस बेलामा पनि

राम्रा नराम्रा, प्रिय-अप्रिय धेरै किसिमका घटनाहरू भए। त्यसको चर्चा-परिचर्चा अहिले गर्नु सान्दर्भिक नहोला।

नेकपा एमालेको ९ महिनाको शासन कालमा मानवअधिकारको स्थिति र त्यसमा भएको सुधार हामीले देखेका छौं। त्यस पछिको १८ महिनाको अर्को सरकारको कार्यकाल पनि हामीले भोगी सकेका छौं। अहिले भखरै अर्को संयुक्त सरकार आएको छ। यो सरकारले मानवअधिकारप्रतिको आफ्नो प्रतिबद्धता, प्रजातन्त्रप्रतिको आफ्नो प्रतिबद्धता, बहुदलीय शासन व्यवस्थाप्रतिको आफ्नो प्रतिबद्धता सरकारको घोषणा र कार्यनीतिमा प्रष्ट पारेको छ। जुन कुरा तपाईंहरूले जानकारी राख्नु भएको छ। मैले भन्न खोजेको के हो भने कस्तो किसिमको पार्टी, कुन किसिमको राजनैतिक प्रतिबद्धता बोकेको पार्टीले सरकार संचालन गर्दछ, ती कुराहरूमाथि सबै कुरा निर्भर रहेको हुँदोरहेछ। तीन वर्षको कार्यकालमा मानवअधिकारको स्थिति र ९ महिनाको कार्यकालको मानवअधिकारको स्थिति, यो तुलना गर्नुपर्ने चर्चा गरिनु पर्ने र खोजी नीति गरिनु पर्ने विषय हो भन्ने मलाई लागेको छ। यस भन्दा अगाडिको कार्यकालमा पनि मानिस तिनै हुन, शक्ति त्यही हो र पछाडि पनि तिनै हुन् किन त्यस खालका घटनाहरू घटे यो एउटा गम्भीर प्रश्न हो। त्यसकारण मैले भन्न खोजेको शैलीमा, काम गर्ने तौर-तरिकामा र सिङ्गो प्रवृत्तिमा सुधार गर्नु आवश्यक छ। मानवअधिकारको क्षेत्रमा विशेष गरिकन मानवअधिकार हनन गर्नसक्ने संघ-संस्थाहरूले आफूलाई सधै उत्तरदायित्वका साथ सोच्न जरूरी हुन्छ। जहिले पनि प्रहरी भनेपछि जनताले आफ्नो दुश्मन ठान्ने सोचाई र प्रवृत्तिमा पनि सुधार ल्याउनको लागि हामीले आफ्ना व्यवहारहरूमा, कार्यहरूमा, शैलीमा परिवर्तन ल्याएको खण्डमा विवेकशील जनताले पनि वास्तविक कुरा बुझ्न सक्दछन्। प्रहरीहरू हाम्रा मित्र हुन्, हाम्रै सुरक्षाको आधार हुन् भन्ने अनुभूति दिलाउनको लागि हामीले हाम्रो संस्कार र शैलीमा परिवर्तन गऱ्यौं भने जनतालाई त्यो महशूस हुन सक्दछ।

राज्यद्वारा नै विशेष गरेर मानवअधिकार उल्लघंनका घटना दोहोरी रहने हुनाले हामीले मानवअधिकार आयोगको गठन गर्ने अवधारणा ल्याएका छौं। विभिन्न राजनैतिक कारणले गर्दा त्यसबेलामा आयोग गठन सम्बन्धी विधेयक पारित हुन सकेन। अहिले यसलाई पारित गरिएको छ। यद्यपि यसलाई कार्यान्वयन गर्ने कुरामा त्यसलाई प्रभावकारी बनाउने सवालमा अनेक प्रकारका कठिनाई र समस्याहरू छन्। त्यसो भएको हुनाले यो मानवअधिकारको अभियानलाई अगाडि बढाउनको लागि मानवअधिकारवादी संस्थाहरूको, जनसमुदायहरूको जुन भूमिका हुन्छ र त्यस्तै गरी यी दुवै क्षेत्रको समन्वय गर्ने काममा राज्यको पनि भूमिका रहन्छ। यसरी दुवै पक्ष बीच राम्रो समझदारी भएमा मात्र मानवअधिकारको यो अभियान राम्रोसँग अगाडि बढ्दछ भन्ने मलाई लागेको छ। यस क्षेत्रमा यो अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार शिक्षाका विभिन्न अभियानहरू चालेर, सामाजिक अभियानका रूपमा आज गाउँ-गाउँमा यस संस्थाका कार्यकर्ताहरू जसरी खटिरहनु भएको छ, जनतालाई सजग बनाउने काम गर्नु भएको छ यो अत्यन्त राम्रो कुरा हो। यो सम्मेलनले अझै तपाईहरूको त्यो जोश र जाँगरलाई बढाएको हुनु पर्दछ भन्ने मैले आशा गरेको छु।

(इन्सेकद्वारा ०५४ साउन १२ गते आयोजित ५ दिने "मानवअधिकार सम्मेलन" समापन समारोहमा प्रमुख अतिथिको रूपमा व्यक्त मन्तव्य)

मान्छेमा नैतिक चिन्तनको अभाव छ

- आशाराम शाक्य
समाजसेवी

म यहाँ दयावीरजीको बारेमा धेरै भन्न चाहन्न, छुटेका एक दुई कुरामात्र भन्न चाहन्छु। दयावीर सिं नाउँलें दयामा बीरता कमाएको व्यक्ति हो। ऊ वेद र बुद्धको संस्कारमा हुर्केको मानिस हो। दयावीरका बाबु आमा पनि त्यतिकै धर्मात्मा र दानी हुनुहुन्थ्यो। त्यो दयाको संस्कार बोकेर आएको र साधारण हिसाबले मात्र शिक्षित दयावीर सिं ज्यूले नेपालमा सामाजिक सेवाको एउटा संस्थानै खडा गरिदिनु भयो । हामी नेपाली कहिले काही यति कृतघ्न हुन्छौं र इतिहास लेख्दा खेरी आफूलाई मन नपर्ने कुरा बिर्सिदिन्छौं र इतिहासलाई पनि अन्यायमा पारिदिन्छौं। २००४।०५ सालमा भारत स्वतन्त्र भएदेखि हामी नेपालका युवकहरू पनि राणा शासनको क्रुरताबाट छटपटी राखेका थियौं। १५ अगस्ट १९४७ मा जब भारत स्वतन्त्र भयो हामी पाटनेहरूले हरेराम र तारेमाम बौद्धहरू र हिन्दूहरू मिलेर विशाल जुलुस निकाल्यौं, हाम्रो सिद्धिगोपालजी त्यही हुनुहुन्थ्यो, रूद्रराजजी र म पनि त्यही थियौं। त्यहाँ दयावीर सिंजीले सारा स्वयम् सेवकहरूलाई जुरमुराइ दिनुभयो। बहुजनको हित र सुख होस् भनेर कल्पना गर्ने भगवान बुद्ध नै हो। मान्छेलाई वाक स्वतन्त्रता, बैचारिक, सामाजिक, राजनैतिक स्वतन्त्रता र बिचार मिल्नेहरू सित मिलेर संगठन गर्ने स्वतन्त्रता चाहिन्छ भनेर २६२२ वर्ष अगाडि विद्रोह गर्ने मान्छे नै बुद्ध हुन्। यो देशमा जन्मेका त्यो परम्परामा हुर्केका दयावीर सिं एउटा ८ कक्षासम्म पढेको व्यक्तिले नेपालमा कसैले गर्न नसकेको समाज सेवालाई संस्थागत गरिदिनु भयो।

२००७ सालमा क्रान्ति गर्दा नेपाली कांग्रेस यहाँ थिएन, कांग्रेस भावना भएका जतिपनि युवाहरू थिए ती सबै परोपकार संस्थामा सदस्य थिए। राजा त्रिभुवन भारतीय दुतावासमा शरण लिन जाँदा खेरी जुन कोलाहल मच्चियो त्यसलाई एउटा प्रेरणा दिने श्रोत भएको संस्था उहाँको नै थियो। राजा त्रिभुवन भारत सवार हुँदा उहाँलाई स-सम्मान विदा दिनजाने असंख्य परोपकार संस्थाका सदस्यहरू थिए। २००७ सालको क्रान्ति सकेर श्री ५ त्रिभुवन फर्कनु भयो, स्वागत गर्न जाने पनि परोपकार संस्थाका स्वयं सेवकहरू थिए। कांग्रेस थिएन, विचारधारामा कांग्रेस थिए होलान्। आजसम्म जति राजनैतिक इतिहास लेखियो, दयावीर सिंको राजनैतिक र प्रजातान्त्रिक प्रतिबद्धताको बारेमा कुनै पनि इतिहासमा लेखिएन। यो घोर अन्याय हो। यो इतिहासकारले दयावीर सिंप्रति गरेको अन्याय हो। दयावीर सिं जस्ता समाजमा केही गर्नुपर्छ भन्ने प्रतिको अन्याय हो। तपाईहरूले बिर्सनु हुँदैन यस्ता कुरा। प्रजातन्त्र आएपछि शिक्षाका बारेमा तपाईहरूले सुन्नु भयो। लोग्ने मान्छेले मात्र शिक्षा पाएर हुँदैन त्यो परिवारमा आमा पनि

शिक्षित हुनु पर्छ भनेर। स्त्री शिक्षाका बारेमा पहिला आवाज उठाउने पनि दयावीर सिं हुनुहुन्थ्यो। आफ्ना बहिनीहरूलाई लखनउमा लगेर नर्स कोर्श पढाउने उहाँ हुनुहुन्थ्यो। दीन दुःखीहरूको भलाई गर्ने उहाँ नै हुनुहुन्थ्यो। आफू व्यापारी भएर पनि अर्काको उपकारमा दत्तचित्त हुनसक्ने संस्कार उहाँमा भगवान बुद्धबाट प्राप्त भएको हो। दयावीर सिं कंसाकार बुद्धका मैत्री, करूणा, उपेक्षा जस्ता कुरामा र सेवामा ज्वलन्त उदाहरण हुनुहुन्थ्यो।

नेपाली कांग्रेसले सरकार बनाएपछि राजनैतिक भावनाले प्रेरित भएका स्वयंसेवकहरू सबै विभिन्न. पार्टीमा लागे, शुद्ध सेवामा लाग्ने परोपकारमानै लागे। आज प्रकाशजीले मानवअधिकारका लागि जुन त्याग, तपस्या, बलीदान गरेर जानुभयो उहाँको स्मृतिमा आज दयावीर सिं साहुलाई जीवीत अवस्थामा नै सम्झनु भयो। यसको लागि धन्यवाद। बुद्धले २८ वटा मंगल सूत्रमा लेख्नु भएको छ जस्तालाई पूजा गर्न लायक छ, त्यो मान्छेको पूजा गर्नुपर्छ। पूजा भनेको उनको गुणको स्मरण गर्नु हो। नेपालमा २६२२ वर्ष अगाडि मानिसले यो अधिकार पाउनु पर्छ, जातपातले कुनै बाधा गर्नु हुँदैन, स्वास्नी मानिस पनि बुद्ध हुन सक्छ भनेर घोषण गर्ने मान्छे भगवान बुद्धपछि अरू जन्मेनन्। हामी कति कृतघ्न छौं, न हामीले सक्नेलाई काम गर्न दियौं न आफूले गर्‍यौं। दयावीर सिं अहिले रूग्ण अवस्थामा हुनुहुन्छ। इन्सेकले प्रकाश काफ्लेको स्मृति दिवसमा दयावीरको पनि बलिदानलाई सम्झेर काम गर्नु भयो, यो साह्रै सह्रानीय छ। आज तपाईंहरूले दयावीर सिंप्रति जुन श्रद्धा गर्नुभयो त्यो काफ्लेजीको बलिदानप्रति पनि श्रद्धा हो। यो श्रद्धा दयाबीर सिं प्रतिमात्र हैन उहाँका पछाडिका सयौं लाखौं स्वयंसेवक हो। जसको सहयोग स्वरूप दयावीर सिंले यतिका काम गर्न सक्नु भयो। उहाँहरूको पनि तपाईंहरूले सम्मान गर्नुभयो। यो इन्सेकले यस्तो महान काम गरेकोमा म हृदय देखिनै धन्यवाद ज्ञापन गर्दछु। त्यस्तै मनोबृत्ति सबै नेपालीहरूमा जन्मेको भए नेपालको अहिलेको स्थिति यस्तो हुने थिएन। अब तपाईंहरू सम्झनुहोस् भोलि पनि यहाँ केही पनि हुने छैन। जस्तो सुकै आशावादी मान्छे पनि निराश हुँदै बाँच्नु परेको छ। यसकारण मानिसहरूमा नैतिक, आध्यात्मिक चिन्तनको अभाव छ। काम गरेको मानिसलाई गरेको भन्ने हिम्मत छैन। तपाईंहरूले त्यो हिम्मत देखाउनु भयो लाख लाख, धन्यवाद ।

(०५५ साउन १६ गते प्रकाश स्मृति पुरस्कार वितरण एवं प्रकाश स्मृति दिवसमा व्यक्त मन्तव्य)

महिलाहरु विभाजित हुनु हुँदैन

- इन्द्रकुमारी अधिकारी
नेपाली कांग्रेस, चितवन

सर्वप्रथम मलाई इन्सेकले यस कार्यक्रममा बोलाएर बोल्न दिएकोमा भित्रि हृदयदेखि नै आयोजक साथीहरूलाई, बहिनीहरूलाई मुरिमुरी धन्यवाद दिन्छु। म आफूले धेरै पढेको त छैन तर पनि मैले भोगेको र हामी महिलाहरूले भोग्दै आएको कुराहरू तपाईं महिला साथीहरू बीच राख्न चाहन्छु।

बहिनीहरू, हामी २००७ सालमा १०४ वर्षको राणा शासन फाल्न पनि तयार भयौं। त्यसपछिको ३० वर्षे पंचायती शासनलाई फाल्न पनि हामी अगाडि बढ्यौं, जब-जब राष्ट्रलाई दुःख पऱ्यो, संकट आयो अनि महिलाहरूको सहभागिता खोजिन्छ र चाहिन्छ। हामीले हरेक इतिहासहरू पल्टाएर अध्ययन गऱ्यौं भने पौराणिक इतिहासमा परापूर्वकालमा समेत देव-देवताहरूलाई पनि दुःख पर्दा महिलाहरूलाई नै गुहारेको पाइन्छ। जस्तै शुम्भ निशुम्भ जस्ता दानवहरूलाई मार्ने बेलामा देवीको रूपलिएर हामी जस्तै महिला नारीहरूले मारेका थिए। त्यसकारण रावण जस्तो वीर पुरूषलाई रामले मार्नु पर्दा तपाईं हामी जस्तै नारी सीतालाई अगाडि सारेर रावणलाई मारेका थिए। त्यसकारणले म के भन्न चाहन्छु भने यो नेपालमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म जनसंख्याको आधारलाई हेर्दा आधाभन्दा बढी महिला भएको यो सन्दर्भमा पाँच प्रतिशत आरक्षण मात्र किन ? यो मैले बुझ्न सकेको छैन। किनभन्दा तपाईं हामी जस्ता महिलालाई यो पुरूष प्रधान समाज भएकोले महिलाहरूलाई संविधान बनाउँदा अथवा कानून बनाउँदा कुनै स्थान दिइएको छैन। यसैलाई आधार बनाएर हेर्दा पनि महिलालाई हामी हेपेको पाउँछौं। हामी आधाभन्दा बढी भाग ओगटेका महिलाहरूलाई किन बराबर ठाउँ दिइँदैन ? सबै राजनैतिक पार्टीहरूले संसदमा हाम्रो लागि केवल ५ प्रतिशत मात्र छुट्टाएका छन्, के यो जनसंख्याको आधारमा समान भयो त ? कतिपय अवस्थामा त यहाँ ५ प्रतिशत पनि पाएको छैन भन्ने कुरा पनि उठिसक्यो। यो स्थितिलाई हेर्दा खोइ त हामी महिलाहरूलाई समान अधिकार दिएको ? हामीले १०४ वर्षसम्मको राणा शासनसँग संघर्ष गरेर त्यो क्रुर व्यवस्थादेखि लड्दै आयौं के त्यसको प्रतिफल यही पाँच प्रतिशत मात्र हो त ? त्यतिखेर हामी चामल केलाउँदा, टपरी गाँस्दा पनि राजनीति गर्ने गर्दथ्यौं। र यसरी जनमानसलाई राजनीतिका कुरा बुझाउने गर्दथ्यौं। त्यो समय भनेको छोरीले पढ्ने चलन थिएन। त्यतिखेर राणाहरूले मात्र एक दुईवटा भाषा स्कूल खोल्न दिएका थिए। छोराहरूले मात्र ती स्कूलहरूमा चण्डी र दुर्गा कवच पढ्ने गर्दथे। तर २००७ सालपछि आज ठाउँ-ठाउँमा स्कूल, कलेज स्थापना भए। उतिखेर स्कूल, कलेज खोल्न नदिने, जनता चेतनशील नहुन् भन्ने ती राणाहरूका अवशेष अहिले पनि

हाम्रो समाजमा रहेको पाइन्छ। त्यसकारण म तपाईंहरूलाई के भन्छु भने महिलाहरूले देशमा संकट परेको बेलामा उठ्नु पर्छ। मतलब गीताको १८ औं अध्यायमा महिलाहरूको मात्र नाम छ। ती महिलाहरूको नाम जपेमा पनि दुःखबाट मुक्ति मिल्छ भनिएको छ।

आधा हिस्सा महिला भएको ठाउँमा मात्र पाँच प्रतिशत महिला जनप्रतिनिधि छानिन्छन् भने के यो न्याय भयो ? के महिलाले कुनै पनि गाविसमा अध्यक्ष जिनेर चलाउन सक्दैनन् र ? यस्तो असमान कानूनले कसरी महिलाहरू अगाडि बढ्न सक्दछन्? गाडीको दुई पांग्रा नभइ जसरी गाडी गुड्न सक्दैन त्यसरी नै यो समाज महिला नभई अगाडि बढ्न सक्दैन। आधा भाग अँध्यारो बनाएर कसरी हामी सिङ्गो रूप नै उज्यालो छ भन्न सक्दछौं र ? पुरूषले जे भने पनि लागु हुने नर ५ प्रतिशत महिलाले के गर्ने ? पुरूषले जे भने पनि चुपचाप सहेर मान्ने ? त्यसो हो भने यो देश कहिल्यै पनि उन्नतितर्फ अगाडि बढ्न सक्दैन।

यस्तो असमान अवस्थामा म पुरूष साथीहरूलाई मात्र दोष दिन्न, किनभने अहिले के देखिएको छ भने महिलाहरूको बदनाम गर्ने, पिच्छा गर्ने काम पनि हामी महिलाहरूबाटै पनि भएको छ। हामी नै घरको सासु बन्ने अथवा घरको मुख्य मानिस बन्ने अनि बुहारीहरूलाई चाहिदो नचाहिदो कुरामा कजाउने, दबाउने, दुःख दिने काम पनि हामी महिलाबाट नै भएको छ। आज महिलाले महिलालाई बेचेका छन्। आमाले छोरीलाई बिक्री गरेको घटना हामीसँग छ। त्यस्तै बाबुले छोरीलाई, दाजुले बहिनीलाई बिक्री गरेका छन्। आज हाम्रा दिदी बहिनीहरू बम्बैको कोठीमा रोएर बसेका छन्। यस्तो घटनाको विरूद्धमा पुरूषहरूमात्र हैन तपाईं हामी महिलाहरू पनि लाग्नु पर्यो, विरोध गर्नु पर्यो। यहाँ हामीले महिला मञ्च र महिला संगठन खोलेर भाषण गरेर मात्र ती बेचिएका हेपिएका महिलाहरूको उद्धार हुँदैन। हामीले अन्तर्राष्ट्रिय महिला मञ्च गठन गरेर ती बम्बैमा बसेका नेपाली नारीहरूलाई स्वदेशमा फिर्ता ल्याउनु पर्यो। आज हामी महिलाहरू पनि विभिन्न विचार र खेमामा विभाजित भएका छौं। मेरो भनाइ के छ भने हामी महिलाहरूमा एकता हुन पर्यो। आज महिलाहरूले कुनै पनि राजनैतिक दलमा विभाजित नभएर महिला हक हितको लागि मात्र जुट्नु परेको छ। हेर्नुहोस्. अन्य देशहरूका महिलाहरू धेरै अगाडि बढिसकेका छन्। देशको हरेक विकास निमार्णका विभिन्न पक्षमा लागेका छन्। ठूला-ठूला वैज्ञानिक समेत बनेका छन्। हामी चाहिं सबै अरूको भाषण सुन्ने अनि उनीहरूकै दास बन्ने गरेका छौं। हामीले यो पाँच प्रतिशतको अधिकारलाई पनि सही सदुपयोग गर्न सकेका छैनौं। हामीले यो ५ प्रतिशत मार्फत किन चित्त बुझाउने? यो भन्दा बढी लिनको लागि हामी जुट्नु पर्यो। यसको लागि विभाजित नभई महिलाहरूले एकै स्वरमा आवाज निकाल्नु पर्यो।

एउटा पुरूषले तीन वटीसम्म स्वास्नी विहे गरेको र राखेको घटना पाइन्छ। के यस्तो कुराको हामीले विरोध गर्नु पर्दैन? आज कतिपय बहिनीहरूको सिन्दुर पुछिएको छ। उनीहरू रोएर बसिरहेका छन्। उनीहरूको श्रीमान् देशको लागि बलिदान भए, ती महिलाहरूको लागि हामीले के गर्न सकेका छौं र ? आज ती शहीदहरूको सपना साकार पार्न हामीले पनि भाषण मात्र गरेर हुँदैन। देश र जनताको हितको लागि स्वच्छ भावनाले काम गर्नु पर्यो। हेर्नुहोस्, हिजोका दिनमा एक्लै हिडी, भाषण गरी भनेर मलाई पनि पानी छिटियो। मैले हिजोका दिनमा

लम्ज्रुङको एउटा कुनाबाट राजनीति शुरू गरेको हुँ। त्यसैले हरेक महिलाहरू चेतनशील भएर अगाडि आउनु पर्‍यो, कुरा नबुझेका पुरूषलाई पनि कुरा बुझाउनु पर्‍यो। एउटा महिला नभएको घर कस्तो हुन्छ एक पटक कल्पना गर्नुहोस् त ? लोग्ने मानिस मात्र भएको घर स्वल्लो हुन्छ। एउटी महिलाले १० महिनासम्म गर्भमा बच्चा राखेर हुर्काएपछि ती छोराछोरी आमाको नामले चिनिदैनन्, बाबुको नाम लिन्छन् र चिनिन्छन्। फलानोको छोराछोरी भनेर नागरिकता बनाइन्छ। यो पितृसतात्मक युग भएकोले त्यसैको परिणाम हो। हुन त लोग्ने मानिस र स्वास्नी मानिस मनेका नङ र मासु हुन्। यसमा हामी महिलाहरूले पुरूषहरूलाई मात्र दोष दिने कुरा पनि छैन। पुरूषहरूले पनि महिलालाई खेलौनाको रूपमा मात्र नलिएर शक्तिको रूपमा पनि बुझिदिन म हार्दिक अनुरोध गर्दछु।

(इन्सेकद्वारा आयोजित "राष्ट्रिय महिला मेला-०५२" मा व्यक्त उद्घाटन भाषण)

कस्तो हुनुपर्छ महिला जनप्रतिनिधिको भूमिका ?

- उर्मिला श्रेष्ठ

महिला तथा समाजकल्याण मन्त्रालय

महिलाहरूको विकासको लागि दुई वर्ष पहिले महिला तथा समाजकल्याण मन्त्रालयको छुट्टै स्थापना भएको कुरा सुनाउन पाउँदा खुशी लागेको छ। महिला तथा समाजकल्याण मन्त्रालयको प्रतिनिधिको रूपमा मलाई बोल्न दिनु भएकोमा धन्यवाद। महिला, वालवालिका र समाज कल्याण सम्बन्धी कार्य गर्नु पर्ने यत्रो ठूलो महिला मन्त्रालयलाई कहिले काँही धेरैले बिर्सिने गर्दा रहेछन्। मन्त्रालयनै नयाँ भएर होला, अर्को महिला मन्त्रालय सानो भएर पनि होला। शायद महिला, वालवालिका र समाजकल्याणका पक्षहरूलाई त्यति बलियो सित नसम्झेको हुन सक्ने भएकोले कयौं समारोहमा महिलाको त्यति भूमिका नहुने गरेको पनि मैले पाएको छु। तर इन्सेकका आयोजकले हामीलाई सम्झी एकदम नआई हुँदैन भनी बोलाउनु भएकोले एक पटक उहाँहरूलाई धन्यवाद दिन चाहन्छु।

मलाई यस समारोहमा बोल्न दिनु भएको विषय लामो छ। महिला जनप्रतिनिधिहरूको भूमिका, महत्व, त्यसपछि काम, कर्तव्य र अधिकार। उद्घाटन समारोहको ५-१० मिनेट समय अवधिमा यी सबै कुराहरू भन्न सकिदैन र मैले केही बुँदाहरू भन्ने छु। कयौं वर्षको दौडाई, झगडा, लडाईं गरेर आज यो स्थितिमा यहाँ जम्मा हुन पाएका छौं। सधैं के भन्ने गरिएको छ भने समाज विकासको लागि, राष्ट्र विकासको लागि महिला पुरूष एक रथका दुई पाङ्ग्रा हुन्। यसो भन्दा भन्दै पनि महिलाहरूलाई चाहिं एउटा पाङ्ग्रा कमजोर भयो भने देश विकास हुँदैन अथवा त्यो रथ राम्ररी चल्दैन भन्ने आशयले कहिल्यै पनि केहीमा मौका दिएको पाइएन तर जेजस्तो भए पनि अहिले यो स्थानीय महिला प्रतिनिधिहरूको व्यवस्था भएको छ निर्वाचित हुने।

नवौं पञ्च वर्षीय योजनामा हाम्रो देशमा भएका महिलाहरूलाई विकासको कार्यमा सहभागिता गराउने, त्यो कसरी गराउने भन्दा लैङ्गिक विभेद हटाएर र महिलाहरूलाई सशक्त बनाएर भन्ने छ तर महिलालाई सशक्त के के मा बनाउने भन्दा राजनैतिक, आर्थिक, सामाजिक र कानूनी रूपमा भनेर हामीले निश्चित गरेका छौं। जो महिला जनप्रतिनिधिहरू छन्, स्थानीय निकायबाट आउने महिला प्रतिनिधिहरूबाट नै राजनैतिक सशक्ततामा ठूलो योगदान हुन सक्छ र उहाँहरूलाई नै सशक्त बनाएर राजनैतिक सशक्ततालाई हाम्रो उद्देश्य प्राप्त गर्न सकिन्छ भन्ने मन्त्रालयको धारणा छ। त्यसकारण यो भूमिकालाई चार तहमा विभाजन गरिएको छ। एउटा **व्यक्तिगत भूमिका-** महिला प्रतिनिधिहरूको व्यक्तिगत भूमिका, त्यसमा परिवारमा भूमिका, वडामा भूमिका र गाउँ परिषद्मा भूमिका। व्यक्तिगत भूमिका किन भनेर राख्नेको हो भने जबसम्म महिला हामी स्वस्थ्य, शिक्षित र वलिया हुँदैनौ तबसम्म हामीले परिवार, देश आदिको

के सेवा गर्ने र गाउँ परिषद्मा के सेवा गर्ने? त्यस्तै मलाई के लागेको छ भने सबभन्दा महिला हामीहरू बलियो हुनुपर्‍यो। बलियोको माने मानसिकता र भौतिक रूपले बलियो हुनु पर्‍यो। मानसिक बलियो भन्दा हामी शिक्षित हुनु पर्‍यो, हाम्रो देशमा के भइरहेको छ? हाम्रो अधिकार के हो? हामीले गर्नु पर्ने के हो? वडामा हाम्रो काम के हो? हामी किन निर्वाचित भएका छौं त्यो सबै जानकारीहरू हामीले लिनु पर्‍यो। त्यस माथि हामी स्वस्थ्य हुनु पर्‍यो। हामी स्वस्थ्य भएनौं भने के काम गर्ने? त्यसैले म के भन्छु भने व्यक्तिगत रूपमा हामी बलियो हुनु पर्‍यो, समय दिनु पर्‍यो। हामीले परिवार, सासु ससुरा, श्रीमान्, छोराछोरी मनेर उहाँहरूका लागि मात्र समय होइन हामी आफ्ना लागि पनि केही समय छुट्याउनु पर्‍यो। आफै स्वास्थ्यको हेरविचार गर्नु पर्‍यो, क्षमता बृद्धि गर्ने काम गर्नु पर्‍यो, शिक्षित हुने काम गर्नु पर्‍यो। हाम्रो वरिपरि के भइरहेको छ त्यसको सूचना प्राप्त गर्ने पनि हुनुपर्‍यो। व्यक्तिगत किसिमले त्यस खाले भूमिका खेल्नु पर्‍यो।

त्यसपछि परिवारका कुरा लिऔं, परिवारमा महिला पुरूषले गर्ने कामको बाँडफाँडको अवस्था कस्तो छ? फकाएर, फुल्याएर, सम्झाएर, माया गरेर जसरी भए पनि परिवारका पुरूषहरूमा त्यो कार्यबोझ अलिकति नबाँडेसम्म यो नयाँ उत्तरदायित्वलाई निभाउन हामीलाई निकै गाह्रो पर्दछ। एकजना महिलाले के कति गर्ने? त्यो मनेर चुपलाग्ने कुरा पनि छैन। हामीले बाहिरको संसारमा पनि आएर काम गर्नु परेको छ, परिवारमा पनि राम्रो भूमिका निर्वाह गर्नु परेको छ। तर त्यसो हुँदाहुँदै पनि परिवारका अरू सदस्यहरूले सहयोग नगरेमा फेरि हामीले बाहिर गर्नुपर्ने नयाँ उत्तरदायित्व राम्ररी निभाउन नसक्ने हुन्छ। त्यसकारण हामीले केही कार्यबोझ परिवारका अन्य सदस्यहरूमा कसरी दिन, बाँड्न सक्छौं विचार गर्नु पर्‍यो। संविधान र ऐनले दिएका महिला सम्बन्धी अधिकार के के हुन्? त्यस सम्बन्धमा पनि हाम्मीलाई थाहा हुनै पर्‍यो। यदि हामीलाई त्यो कुरा थाहा भएन भने वडामा, गाउँ परिषद्मा र अन्य क्षेत्रमा काम गर्न गाह्रो हुन्छ र त्यहाँ गएर के भन्ने? त्यसपछि आफ्नो परिवारको सुख शान्तिका लागि के लक्ष्य राख्ने छौं र यी प्रश्नहरूको उत्तर मेहनत गरेर खोज्नु पर्छ र सो अनुसार परिवारमा परिवर्तन ल्याउन प्रयास गर्नु पर्दछ। त्यसपछि मात्र जिम्मेवारी राम्ररी निर्वाह गर्न सक्दछौं। त्यस्तै वडामा के भूमिका त? हामीले काम गर्ने मौका त पायौं तर काम गर्न पाउँदा पाउँदै पनि धेरै दिदीबहिनीहरूलाई थाहा छैन। हामीलाई निर्वाचित गरियो, काम गर्ने मौका त दियो तर के कसरी गर्ने भन्ने थाहै छैन। वडामा यहाँहरूको के भूमिका हुने भन्दा वडामा महिलाहरूको सहभागिता के कस्तो छ? वडामा यस्तो सहभागिता कति छ, कस्ले के गरेको छ र तपाईहरूले के देन दिन सक्नु भएको छ? गाविस ऐन, नियम अनुसार वडाका कामहरूमा हाम्रा वास्तविक भूमिकाहरू के के छन्? यस्तो कुराहरूमा विचार गरेर त्यही किसिमले क्षमता बृद्धि गर्न हामीले सकेनौं भने हामीलाई पछि के आक्षेप आउँछ भने यतिका महिलाहरूलाई अवसर दिंदा दिंदै पनि खै के भो? के गर्न सके? आएर मिटिङमा बस्छन्, केही भन्न सक्ने पनि छैन भन्ने आक्षेप आउँछ। त्यसैले तपाई हामीले पाएको अवसरलाई राम्ररी प्रयोग गरी, उपयोग गरी क्षमता बृद्धि गर्नु पर्दछ। क्षमता बृद्धिको लागि वडा स्तरमा के कसरी गर्नु पर्छ, गाउँको स्तरमा र जिल्ला स्तरमा के गर्नु पर्ने हुन्छ, सरकारले र अन्य निकायहरूबाट के कस्तो सहयोग गर्नुपर्ने हुन्छ,

तपाईहरूले देख्नु भएका यस्ता कुराहरू सबैमा राम्ररी विचार गर्नु पर्दछ। त्यसो भएमा यहाँ काम गर्नेहरूले पनि तपाईहरूलाई सहयोग गर्न सक्ने अवस्था हुन्छ र हामीलाई पनि सजिलो हुन्छ। यहाँ सम्बन्धित मन्त्रालय त छ तर महिला तथा समाज कल्याण मन्त्रालयको चाहिं जिल्लामा कुनै पनि निकाय छैन, यो टाउको भएको तर हातखुट्टा नभएको मन्त्रालय भएको छ। यदि तपाईहरूले के कस्तो कार्यक्रम संचालन गऱ्यो भने गाउँमा, वडामा, जिल्लामा प्रभावकारी हुन्छ भन्ने किसिमको कुराहरू महिला मन्त्रालयलाई थाहा दिन सकेमा तपाईहरूको आवश्यताका बारेमा केही गर्न सक्छ कि भन्ने मलाई लागेको छ। महिला मन्त्रालय, स्थानीय विकास मन्त्रालय, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, डानिडा र युनिसेफको सहयोगमा हामीहरूले गत महिनामा यस्ता किसिमका क्षमता बृद्धि गर्ने, महिलाहरूले के कस्तो काम गर्नु पर्ने, उहाँहरूको काम, कर्तव्य र अधिकार के हो? भन्ने बारेमा जानकारी दिन गोष्ठीको संचालन गरेका थियौं। भक्तपुर, ललितपुर र काठमाडौंका सबै महिला प्रतिनिधिहरू समावेश गरी त्यो गोष्ठी सम्पन्न गऱ्यौं। त्यस्तै गोरखा र सर्लाहीका जिल्लामा पनि संचालन गऱ्यौं, त्यसमा निकै फाइदा भएको जानकारी सहभागीहरूले बताउनु भएको थियो।

करीब चार हजार महिलाहरूमा त्यस्तो क्षमता बृद्धिको कार्यक्रम गर्नुपर्नेमा हामीले भरखर दुई तीन जिल्लाका केही गाविसहरूमा गऱ्यौं। हामीले विभिन्न सहयोगी संस्थाहरूलाई अनुरोध गरेका छौं। छिटोभन्दा छिटो यही वर्षभित्र सबै गाविसका महिला सदस्यहरूमा यस्तो कार्यक्रम संचालन गर्नु परेको छ। त्यस्तो सहयोगको लागि हामीले प्रयास गरिराखेका छौं। त्यस्तो सहयोग प्राप्त हुने सम्भावना देखा परेको छ। त्यति भएमा सबै वडा सदस्यहरूलाई समावेश गरेर गोष्ठीहरू संचालन गर्ने हाम्रो कार्यक्रम रहेको छ। त्यस बाहेक महिला मन्त्रालयले महिला विकास सम्बन्धी र हकहित संरक्षण सम्बन्धी कामहरू गरिराखेको छ। त्यसमध्ये नवौं पञ्चवर्षीय योजनामा पनि महिला विकासको लागि के कसरी कार्यक्रम लैजाने भनेर स्पष्ट नीति र कार्यक्रमहरू राखेका छौं। महिलाहरूको लागि अपमानजनक र पीडादायक कुरा धेरै वर्षदेखि भइआइरहेको छ, यस्को वृद्धि भइराखेको छ। जस्तो चेलीबेटी बेचबिखन, बालबालिकाको बेचबिखन, यौन शोषण विरूद्धमा पनि केही काम त गर्ने पऱ्यो। सरकारी स्तरबाट गैरसरकारी संस्थाहरूसंग मिलेर काम गर्ने भनेर सरकारी नीति बनाइ सकिएको छ। राष्ट्रिय कार्यक्रम पनि बनाइ सकिएको छ। त्यो कार्यक्रम संचालनको लागि तपाईहरूकै सहयोग नभइ केन्द्रमा भएका केही गैरसरकारी संस्थाहरूले जति गरे पनि प्रभावकारी रूपमा संचालन हुन सक्तैन। त्यसमा यहाँहरूको त्यतिकै योगदान हुन्छ, यहाँहरूले यसमा एकदमै गम्भीरतासाथ सोच्नु पर्छ। काम त गर्ने तर कसरी गर्ने, कस्का लागि गर्ने, के काम गर्ने, त्यस सम्बन्धमा ३१ जिल्लामा गोष्ठीहरू संचालन गर्न लागेका छौं। त्यसमा पनि तपाईहरू संलग्न हुनु हुने छ। त्यसपछि तपाई हामी मिलेर बालबालिका बेचबिखन, चेलिबेटी बेचबिखन, यौन शोषण सम्बन्धी जे जति कार्यक्रम भइराखेको छ, त्यसमा पनि केही हदसम्म मिलेर काम गर्न सक्ने छौं। यो कार्यक्रम यसरी गरेकोमा मलाई निकै खुशी लागेको छ। यो तीन दिनको गोष्ठीबाट निकै ज्ञान र क्षमता बृद्धि गर्नु हुने छ भन्ने आशा राख्दै यहाँहरूलाई धेरै शुभकामना दिन चाहन्छु।

(इन्सेकद्वारा आयोजित "महिला जनप्रतिनिधि भेला" मा व्यक्त विचार)

आम जनताका लागि प्रजातन्त्र अनारी भएको छ

– कपिल श्रेष्ठ

अध्यक्ष, नेपाल मानवअधिकार संगठन

सर्वप्रथम म इन्सेकलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु– दयावीर सिं कंसाकार जस्तो समाज सेवाको क्षेत्रमा स्थापित हुनुभएको व्यक्तित्वलाई आज कदर गरेर प्रकाश मानवअधिकार पुरस्कारलाई नै गरिमामय र प्रतिष्ठित बनाउने काम गर्नु भएको छ। दयावीर सिं कंसाकारको बारेमा मैले धेरै मनिरास्नु पर्दैन। यहाँहरूबाट तुल्सीमेहर, दयावीरका बारेमा बारम्बार निकै गाथाहरू सुन्दै आएको छु। सायद उहाँहरू जस्तो व्यक्तित्व यो मुलुकमा र यो समाजमा नजन्मेको भए यो समाज आजभन्दा पनि बढी अत्यन्त गरीब र अत्यन्त खडेरीग्रस्त समाज हुन्थ्यो होला। चेतना, संवेदना र सेवाका कुराहरू अत्यन्त कम हुन्थे होला। किनभने म र मेरो परिवार जागिरे परिवार हो। सरकारको इमान्दारीपूर्वक सेवा गर्ने तर समाजप्रति त्यति संवेदनशील नहुने परिवेशबाट आएको व्यक्ति। म मेरो ठूलो बा जस्तो हुन्न, म मेरो हजुर बा जस्तो हुन्न, म मेरो बुबा जस्तो हुन चाहन्न, म मेरो काका जस्तो हुन चाहन्न, दौरा सुरूवाल लगाएर मेरा पूर्खा कहिले राणाको कालमा राणाको चाकडी गर्नुहुन्थ्यो होला, शाहको कालमा शाहको गर्नुहुन्थ्यो होला तर उहाँहरूको आफ्नै ठाउँमा ठूलो योगदान छ त्यो भिन्नै कुरा हो। त्यो किसिमको एउटा दृढता बोकेर हिंडेको अनि आदर्शका व्यक्तिहरू खोज्दाखोज्दै कहिले वी.पी. कोइराला, कहिले उहाँहरू जस्तो व्यक्तित्वको निर्देशन र प्रेरणामा बाँच्न चाहेका थियौं।

आज हामीले यहाँ अगाडि व्यक्त गर्ने महानुभावहरूका मूल्य, आदर्शलाई एकपटक फेरि समाजमा पुनर्जीवित गर्ने हो भने यो समाज एकपटक फेरि जुरमुराउने थियो, फेरि जीवन्त हुने थियो र एकपटक फेरि गतिशील हुने थियो। वास्तवमा यहीनेर हामी प्रकाश काफ्लेलाई सम्झन पुग्दछौं। हुन त ऊ हाम्रो माझमा छैन, अब उसको स्मृति मात्र बाँकी छ। धेरै समय र क्षणहरू ऊसंग बिताएका उहाँका मित्रहरू यहाँ हुनुहुन्छ। उहाँहरूमा बढी स्मृति र स्नेह बाँकी होला तर जतिले प्रकाशलाई चिनेका थिए उसले आज पनि भन्न सक्छ वास्तवमा प्रकाशमा पनि कुनै दयावीर कंसाकार, सिद्धिगोपाल वैद्य, रूद्रलाल मुल्मी वा आशाराम वैद्य वा अन्य अग्रजहरू भन्दा कम गुण थिएन। त्यो गुण अर्कै रूपले रूपान्तरित थियो। त्यो भिन्नै कुरा हो। ऊ पनि आफ्नै क्षेत्रमा एक किसिमको तपस्वी नै थियो। जसरी दयावीर सिं कंसाकारलाई नेपालको समाजसेवाको क्षेत्रबाट अलग राखेर हेर्न सकिन्न, जसरी कंसाकारलाई समाज सेवाको अन्योन्याश्रित पर्यायको रूपमा हामी लिन्छौं, हामी मानवअधिकारको क्षेत्रमा काम गर्ने कार्यकर्ताहरू पनि प्रकाशलाई कम ठान्दैनौं। हुनत प्रकाश भन्दा अग्रज मानवअधिकारवादीहरू अरू पनि छन्; नभएका होइनन् तर छोटोसमयमा प्रकाशले जुन अग्रसरता देखाए, जुन नेतृत्व

दिए, जुन चिन्तनशीलता, क्रियाशीलता देखाए नेपालमा मात्रै हैन, दक्षिण एशीयामा नै हैन, संसारभरिनै मानवअधिकारको क्षेत्रमा अन्योन्याश्रित पर्यायवाची शब्द नै उनी बने।

आज हामी यो दिनमा प्रकाशलाई सम्झेर कहिले आफ्नै साथमा खोजिरहेका छौं त कहिले हामी प्रकाशलाई सरिता भाउजुको अनुहारमा खोज्दछौं, कहिले "सुशीलको अनुहारमा प्रकाशजी" देखिन्छ कि भनेर खोज्दछौं त कहिले प्रमोदको अनुहारमा। हामी प्रकाशलाई यसरी खोजिरहेका छौं वास्तवमा उनको रिक्तता अहिलेको अवस्थामा अझ बढी हामीलाई महसुस भइरखेको छ। हामी सबै जस्ले प्रकाशलाई चिनेका थियौं, हामी सबै तर्कना गर्छौं, प्रश्न उठाउँछौं आफैं। आजको स्थितिमा प्रकाश बाँचेको भए उसले यो स्थितिलाई कुन रूपमा लिन्थ्यो होला? कुन किसिमले रेसपोन्स गर्थ्यो होला र त्यस्को परिणाम के हुन्थ्यो होला? आज छोटकरीमा भन्दा प्रकाशलाई मैले तीनवटा कारणले गर्दा सम्झिरहन्छु। हामीलाई प्रकाशको क्षमता थाहा थियो, प्रकाशको विलक्षण प्रतिभासंग हामी परिचित थियौं। कसैले मलाई भन्यो प्रकाशको बारेमा तिमीहरूको विश्लेषण अतिशयोक्ति भयो। मैले भने प्रकाश थियो नै त्यस्तै, नभए प्रकाशलाई प्रशंसा गर्नुपर्ने त्यस्तो के थियो र? किनभने केही समय अघिसम्म हामी पनि एउटा मानवअधिकारको संक्रमण र अन्योलताबाट गुज्रिरास्वेका थियौं। त्यतिखेरको अवस्थामा हाम्रो नेपालमा सबै मानवअधिकारवादीहरू राजनैतिक पृष्ठभूमिबाट विकसित भएर आएका थिए। प्रकाश एक थरिको राजनैतिक पृष्ठभूमिबाट आएको व्यक्ति म अर्को थरिको राजनैतिक पृष्ठभूमिबाट आएको व्यक्ति। त्यति हुँदाहुँदै पनि प्रकाश र ममा नजिकको सम्बन्ध थियो। बलियो सम्बन्ध सेतु थियो। कुनै डिग्रीमा भिन्नता होला, व्यक्तिगत स्वभावबाट केही मतभेद थिए होलान्, त्यस बाहेक मानवअधिकारका बारेमा, प्रजातन्त्रका कुरामा यो मुलुकको उत्थानका बारेमा खास कुनै भिन्नता पाएनौं। हिजोसम्म नेपालमा अधिकांश जनता अशिक्षित, निरक्षर र पछौटेपनको शिकार भएकोले एउटा मौनताको संस्कृतिमा बाँच्न बाध्य थिए भने आज सुनियोजित रूपमा हिंसा, घृणा, प्रतिहिंसा र आक्रोसको संस्कृतिलाई हामी अगाडि बढाइरास्वेका छौं। परिणाम के हुने हो स्पष्ट छ- Morning shows the day। आजभन्दा २२ वर्ष अगाडि श्रीलंका गएको थिएँ पहिलो पटक, यो भारतबाहेक मेरो पहिलो विदेश यात्रा। श्रीलंका, कोलम्बो, जापान, क्यानडा जादास्वेरी मलाई लाग्दथ्यो दक्षिण एसियामा भूस्वर्ग जस्तो मुलुक रहेछ। अत्यन्त शान्त, अत्यन्त सुरम्य, अनुशासित नागरिकहरू, चिजविज अत्यन्त सस्तो, डयुटी फ्रीमा गएर घडी किन्ने हो कि, लुगा किन्ने हो की सी फूड खानेहो की ? कसैले ठग्लान् भन्ने चिन्ता थिएन। म राजनीतिशास्त्र पढ्ने, पढाउने मान्छे। राजनीतिशास्त्रीहरू श्रीलंकालाई एसियामा संसदीय व्यवस्थाको सफल उदाहरणको रूपमा लिने गर्दथे । कता कता दवेको स्वरमा कसैले भन्ने गर्दथे हामी कहाँ सानोतिनो एउटा समस्या छ तमिलहरू संगको। त्यो आपसमा मिलि जान्छ भनेर विश्वास गर्दथे तर त्यही श्रीलंका आज २०-२२ वर्षको अवधिमा कहाँ पुग्यो ? कस्तो श्रीलंका कस्तो हुन पुग्यो ? नेपाल पनि मैले त्यस्तै हुन्छ भनेर भविष्यवाणी गरेको हैन। म आस्था र विश्वास, सकारात्मक भावना बोकेर हिड्ने व्यक्ति तर संकेतहरू प्रति वेवास्ता गर्नु हुँदैन। हामी मानवअधिकारको क्षेत्रमा लाग्ने मानिसहरूले हिंसात्मक आन्दोलन होस् या गतिविधि जो सुकैले गरोस् त्यसलाई कुनैपनि हालतमा समर्थन गर्न सक्तैनौं। भ्रम हो या के

हो त्यो मैले बुझ्न सकेको छैन।

मेरो मित्र बाबुराम भट्टराईजीहरू अगाडि आएको भए म वहस गर्न असाध्य रूचाउथें। सायद कुनैदिन म वहस गरौंला, सायद अस्ववारबाटै बहस गरौंला। जनताले अत्यन्त दुःख, कष्ट र वलिदानबाट ल्याएको प्रजातन्त्र र मानवअधिकारलाई विस्थापित गर्नको लागि उहाँहरूले हिंसाको उपाय अपनाउनु भएको छ। कक्षाकोठामा पढाइ रहेको शिक्षकलाई घिसारेर र विद्यार्थीहरूकै अगाडि नृशंस तरिकाबाट हत्या गरिएको छ। कुनै राजनीतिक कार्यकर्तालाई राजनैतिक आस्था भए कै कारणबाट परिवारकै अगाडि अत्यन्त विवश तरिकाले मारिएको छ। त्यो हिंसालाई नियन्त्रण गर्नको लागि सरकारले केही वर्षयता जुन किसिमका नियन्त्रणका उपायहरू अपनाएको छ, त्यसले विश्वका सभ्य राष्ट्रहरूका सामु नेपालको सरकार पनि सभ्य सरकार हो भनेर हामीले शिर ठाडो गरेर उभिन गाह्रो भएको छ। नेपालका शासकहरूले, नेपालका नेताहरूले, राजनैतिक दलहरूले सत्तामा जानेहरूले एशियामा सबै भन्दा बढी संख्यामा मानवअधिकारका अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिहरूको अनुमोदन गरेका छन्, १९-२० वटा। अब शंका लाग्न थालको छ उनीहरूले ती सन्धिका प्रावधानहरूलाई अनुमोदन गर्दास्वेरी के हेरेर गरेका थिए? के उनीहरूको आँस्वा बन्द थियो? के उनीहरूको विवेक बन्द थियो? हामी मानवअधिकारको क्षेत्रमा काम गर्नेहरूलाई डर लाग्न थालेको छ। शंका लाग्न थालेको छ की नेपाललाई सुनियोजित रूपमा पुलिस स्टेटमा परिणत गर्ने षडयन्त्र हुँदैछ। अब कोही पनि स्वतन्त्र छैन, उन्मुक्त छैन, कतिस्वेर कसलाई समाल्ने हो, कतिस्वेर कसको जीवन कहाँनिर जाने हो थाहा छैन। यहाँ माओवादीहरूले चौतारामा एम्वुस प्रहार गरेका थिए डिएस्पीको गाडीलाई। त्यसै गाडीसंगै ८०-९० जना कोचिएको बस पनि जाँदै थियो। भाग्यवस एउटा सानो पाइप वम विष्फोट भयो, ग्रिनेट हानेको थियो विष्फोट भएन। यदि ती दुवै वम विष्फोट भएको भए त्यहाँ मानिसहरूको भयावह हत्या हुने थियो।

यस्तै प्रहरीको कुरा गर्ने हो भने उस्तै छ। मेरो घरमा कामगर्ने केटा अलि अलि रक्सी स्वाएर सडकमा गएछ, विना सित्ति उसलाई राज्य विरूद्धको आपराध ऐन लगाइ दिएछ। सार्वजनिक अपराध ऐन लगाइ थुनिदिएछ। भर्खरको १५-१६ वर्षको केटो तीन महिनादेखि थुनामा छ। मानवअधिकार संगठनका आजीवन सदस्य जो पर्यटन व्यवसायसंग संलग्न छ, उसको ठमेलमा ट्राभल एजेन्सी पनि छ। हिजो उसलाई डि.एस.पी. गएर एउटा सानो काम छ भनेर बोलाएछन्, रातभरी हिरासतमा राखियो। कहाँबाट यो भयो भन्दा निकै माथिबाट भएको भनेर इन्स्पेक्टर भन्छन्। मैले स्वोज्दै जाँदा फोन रेस्पोन्स गर्न कोही तयार छैन। न त प्रधानमन्त्रीको सल्लाहकार तयार छ, नत गृहमन्त्री तयार छ, न गृहराज्यमन्त्री, न आइजीपी तयार छ। आज विहानै त्यो व्यक्तिलाई धादिङ लागिएको छ। जब कि ऊ अराजनीतिक मान्छे। यो कुन किसिमको आतंक हो? यो किसिमको आतंकित अवस्थाले हाम्रो प्रजातन्त्र कहाँ जाने हो? प्रजातन्त्र लाइसेन्सको रूपमा प्रयोग भइरहेको छ। हाम्रो प्रजातन्त्र न्यूटल गेयरमा फसेको गाडी जस्तै भएको छ। प्रशस्त इन्धन गइरहेको छ, आवाज आइरहेको छ, धूवाँ आइरहेको छ र त्यहाँ कोही मानिसलाई प्रजातन्त्र १०४ वर्षको राणाशासन भन्दा पनि फलिफाप भएको छ। आम जनताको लागि प्रजातन्त्र अनारी भएको छ। एक किसिमको अराजकता भएको छ। यहाँ

सरकार हुनुपर्ने ठाउँमा सरकार छैन, सरकार नहुनु पर्ने ठाउँमा चाहिने भन्दा बढी सरकार छ। जनताले बुझन् सकिरहेका छैनन्। म राजनैतिक शास्त्र पढाउने एक जना प्राध्यापक मैले नै बुझन् सकिरहेको छैन। आज हामीले चाहे प्रकाशलाई सम्झौं, चाहे दयावीरको योगदालाई यतिस्वेर स्मरण गरौं दुवैको सन्देश के हो भने यो नागरिक समाज, यो मुलुक, यो प्रजातन्त्रमा हामी र हाम्रा पूर्वाग्रह, हाम्रा संकिर्णता र कलुसित मानसिकताबाट उठेर एक भएर काम गर्ने र बोल्ने चुनौति आएको छ। प्रकाशले हामीमा आत्मविश्वास दिलाउन खोजेको थियो कि नेपालमा मानवअधिकार र प्रजातन्त्र अवश्य सफल हुन्छ तर यसको लागि हामीले निस्वार्थ, निर्भिक एकताबद्ध भएर काम गर्नु पर्दछ। प्रकाश एउटा यस्तो व्यक्ति हो, जो छ वर्षसम्म मात्र सम्झने व्यक्तित्व होइन, सयौंवर्ष पछाडिसम्म पनि हामीभन्दा पछि आउने पुस्र्वाले सुशिलका छोरानाती, मेरा छोरा नाति पनाती, स्वनातीहरूले प्रकाश अंकल, प्रकाश हजुरवालाई अझ बढी सम्झने छन्, कदर गर्ने छन्। मैले आजको सन्देश यही पाएको छु।

(०५५ साउन १६ गते प्रकाश स्मृति दिवसमा व्यक्त मन्तव्य)

कमैया मुक्तिका लागि व्यवहारिकता दिने काम भएको छ

– केशव बडाल
पूर्व मन्त्री एवं सांसद

जुनसुकै अवस्थामा सामन्तहरू, शोषकहरूले कमैयालाई अत्याचार गरेर थिचोमिचो गर्न सक्छन्। आफ्नो स्वार्थ पूर्ति गर्न पल्केकाहरूले वाधा विरोध गर्छन्, अप्ठ्यारो पार्न सक्छन्, त्यो अधिकारबाट बंचित गर्न सक्छन्। त्यस्तो अवस्थामा पनि सम्पूर्ण कमैयाहरू एकजुट भएर, एक ढिक्का भएर हार नखाइकन सबै साथीहरूलाई एकताबद्ध भएर, पछि नहटिकन अगाडि बढ्न म सर्वप्रथम हार्दिक अनुरोध गर्न चाहन्छु।

जतिबेला नेकपा (एमाले) को सरकार बनेको थियो त्यति बेला म उच्चस्तरीय भूमिसुधार आयोगको अध्यक्ष थिएँ। त्यो बेलामा सबै किसानहरूको, कमैयाहरूका पीडाहरू र समस्याहरूको नजिकबाट अध्ययन गर्ने मौका पाएको थिएँ। त्यतिखेर नेकपा (एमाले) को सरकारले कमैया मुक्तिका लागि नयाँ कार्यक्रम दिनुपर्छ र जनताहरूका बीचमा जुन असमानता रहेको छ, मानवअधिकारको यो असमानताको पक्षलाई निर्मूल गर्न हरेक पार्टीहरू समेत लाग्नुपर्छ भन्ने मान्यता हाम्रो रहेको थियो। समानतापूर्वक बाँच्न पाउनु पर्ने मुक्ति अभियानमा सबैले सहयोग गर्नुपर्छ र सहयोग दिनुपर्छ भन्ने मान्यता हामीले लिएका थियौं। त्यसभन्दा ३-४ वर्ष अगाडिदेखि नै इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले नेतृत्व गर्नु भएको साथीहरूको समूहले कमैयाहरूको मुक्तिको लागि आधारशीला खडा गर्ने काम हुँदै आएको छ। जग खन्ने र संगठित गर्ने काम भएको छ। यसलाई प्रचार प्रसार गर्ने काम भएको थियो। यसको मुक्तिको लागि एउटा व्यवहारिकता दिने काम भएको छ। हरेक कमैयाहरूको मुक्तिको लागि उनीहरूले जोत्दै आएको जमिनहरू मध्येबाट उनीहरूले मोहियानी हक प्राप्तिको निम्ति एकताबद्ध भएर अगाडि बढ्नु पर्छ।

कमैयाहरूको पुर्व्यौली ऋणका बारेमा यस कार्यक्रममा चर्चा भइसकेको छ। बाबु-बाजे, बराजुको र आफ्नो पालाको जुन ऋण जम्मा भएको छ, त्यसलाई मिनाहा गर्नुपर्छ, एकताबद्ध भएर त्यसको मिनाहाको लागि अगाडि बढ्नु पर्दछ। त्यसैगरी कमैयाहरूका बालबच्चाको स्वास्थ्य र व्यवस्थित शिक्षाको लागि पनि हामी एकताबद्ध भएर अगाडि बढ्नु पर्छ। त्यसको लागि कार्यक्रम संचालन गर्नुपर्दछ भन्ने कुरा म यहाँहरूलाई आग्रह र अनुरोध गर्न चाहन्छु। साथै यहाँ कमैया मुक्ति मंचका साथीहरू हुनुहुन्छ र त्यसभन्दा बाहेकका साथीहरू पनि हुनुहुन्छ। उहाँहरू सबैलाई थाहा छ हाम्रो देशका प्रत्येक जिल्लामा विना ज्याला काम गर्ने

मजदूरहरू पनि हुनुहुन्छ। यस्ता श्रमिकहरू करीब १० लाखको संख्यामा हुनुहुन्छ। १० लाख यस्ता परिवारहरू मध्ये सदा सर्वदा ज्याला मजदूरी गर्ने करीब २ लाख श्रमिकहरू हुनुहुन्छ। उहाँहरू पनि संगठित भएर आफ्नो हक र अधिकारको निम्ति अगाडि बढ्नु पर्दछ। त्यसको निम्ति ट्रेड युनियन महासंघ अन्तरगत हरेक गाउँ विकास समितिमा ट्रेड युनियनको शाखा गठन गरी त्यसको माध्यमबाट आफ्नो हक अधिकार सुरक्षित गर्ने काममा अगाडि बढ्नु पर्दछ भन्ने कुरा साथीहरूलाई आग्रह गर्न चाहन्छु।

यहाँहरूले धेरै वक्ताहरूको विचार र कुरा सुनिसक्नु भयो। त्यस अर्थमा मैले धेरै कुरा भनिरहनु छैन। एउटै कुरा भन्नु छ त्यो हो नेकपा (एमाले) ले अगाडि सारेको र अहिले ट्रेड युनियन महासंघ (जिफन्ट)ले जिम्मेवारी लिएको यो कमैया मुक्ति मंचलाई सदा सर्वदा पार्टीको तर्फबाट, अखिल नेपाल किसान संघ र सबै जनसमुदायको तर्फबाट यहाँहरूलाई सहयोग हुने छ भन्ने विश्वास दिलाउन चाहन्छु।

(इन्सेकद्वारा ०५२ माघ १० गते आयोजित "कमैया मुक्ति अभियान राष्ट्रिय सम्मेलन" मा व्यक्त विचारहरू)

म सफलताको कामना गर्दछु

- कृष्णप्रसाद भट्टराई
पूर्व प्रधानमन्त्री

धनुषा जिल्लाको जदुकोहामा निर्माण गरिएको महिला शहीद स्मृति पार्कमा निर्मित शहीदहरूको प्रतिमा अनावरणको लागि मलाई पनि निमन्त्रणा दिनु भएकोमा म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु।

इन्सेक जस्तो मानवअधिकारको लागि संघर्षरत् संस्थाले ०४६ सालको जनआन्दोलनको क्रममा शहीद भएका व्यक्तिहरूलाई सम्मान गर्नुले हामी सबै गौरवान्वित भएका छौं। त्यसमा पनि महिला शहीदहरूको प्रतिमा निर्माणले यो देशको समस्त महिला एवं सबै प्रजातन्त्रप्रेमीहरूलाई गौरवान्वित पारेको छ।

०४६ सालको जनआन्दोलनमा देशका ग्रामीण समुदाय र महिलाहरूको कत्रो भूमिका थियो भन्ने कुरा यो शालिक स्वयंले चिरकाल पर्यन्त बताइरहने छ।

आजको यो अनावरण कार्यक्रममा मेरो ज्यादै घनिष्ट मित्र एवं सहयोद्धा श्रद्धेय मनमोहन अधिकारीसंग बसी अनावरण गर्ने मेरो उत्कठ अभिलाषा अन्तिम समयमा मैरै केही पार्टीको काम विशेषले गर्दा आफू उपस्थित हुन नसकेको कारणले पूरा हुन सकेन, यसमा मलाई ठूलो दुःख लागेको छ। अन्तमा, शहीदको प्रतिमा अनावरण जस्तो पवित्र कामको लागि बोलाउँदा र इच्छा हुँदाहुँदै पनि बाध्यतावश सबै चाँजो पाँजो मिलाइसकिएको अन्तिम घडीमा आफ्नो कार्यक्रम रद्द गर्नु परेकोमा दुःखका साथ क्षमा याचना गर्दछु।

तपाईहरूको कार्यक्रमको सफलताको कामना गर्दै तपाई र तपाईको संस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु।

(०५५ कार्तिक २३ गते जदुकोहामा निर्मित महिला शहीद स्मृति पार्कको उद्घाटन अवसरमा प्रेषित शुभकामना)

सरकारले मानवअधिकार संस्थालाई अप्ठेरो सिर्जना गर्ने संस्थाका रुपमा हेर्दछ

- कृष्ण पहाडी

अध्यक्ष, मानवअधिकार तथा शान्ति समाज नेपाल

(मानवअधिकार तथा शान्ति समाज, नेपालका अध्यक्ष कृष्ण पहाडीले इन्सेकका विभिन्न कार्यक्रममा आफ्ना मन्तव्यहरू प्रस्तुत गर्नु भएको छ। त्यसमध्ये उहाँले मानवअधिकार सम्मेलन र प्रकाश स्मृति दिवस एवं प्रकाश स्मृति पुरस्कार वितरण समारोहमा प्रस्तुत गर्नु भएको मन्तव्यलाई यहाँ क्रमशः "सरकारले मानवअधिकार संस्थालाई अप्ठेरो सिर्जना गर्ने संस्थाका रूपमा हेर्दछ"र "हिंसाको माझमा भविष्य खोज्न सक्दैनौं"शीर्षकमा प्रकाशित गरिएको छ।)

सर्वप्रथम म इन्सेकको यो राष्ट्रिय सम्मेलनको सफलताको कामना गर्दछु। मसँग यहाँ बोल्ने कुरा अत्यन्त धेरै छ, म भन्दा पछाडि महत्वपूर्ण वक्ताहरू हुनुहुन्छ, उहाँहरूबाट प्रतिबद्धताको आशा गर्दछु। विशेष म तीन वटा कुराहरू आजको यो महत्वपूर्ण अवसरमा दोऱ्याउन चाहान्छु। एक इन्सेक जस्तो एउटा इतिहास स्थापित गरिसकेको मानवअधिकार संस्थाका यति धेरै साथीहरूलाई आज यसरी देख्न पाउदा मलाई अत्यन्त खुसी लागेको छ। किनभने प्रजातन्त्रको संस्थागत गर्ने र मानवअधिकार संरक्षण गर्ने भन्ने कुरा यो भाषणमा अर्थात् कोठे प्रतिबद्धताको कुरामा भन्दा पनि कार्यकर्ताप्रतिको प्रतिबद्धतामा ज्यादा निर्भर हुन्छ र देशमा यसरी मानवअधिकारवादी व्यक्तित्वहरूको संख्या बढ्दै जानु निश्चय पनि सुखद भविष्यको द्योतक हो जस्तो मलाई लागिरहेको छ।

म संक्षेपमा दुईवटा कुराहरूमा ध्यान केन्द्रित गर्न चाहन्छु। नेपालमा अहिले आएर मानवअधिकारको आर्दशको कुरामा एउटा फितलो पन देखिन थालेको महशूस विगत सात वर्षको अनुभवले व्यक्त गरिरहेको छ। र सबैभन्दा गम्भीर समस्याको रूपमा अहिले सरकारमा पुगेका सबै पार्टीहरूले मानवअधिकारका कुराले आफूलाई अप्ठेरो महशूस गर्न थालेका छन्। हामी मानवअधिकारवादी कार्यकर्ताहरू वा संस्थाहरू सरकारलाई सहयोग गर्नको लागि इच्छुक छौं। तर कुनै पनि सरकारले वा पार्टीले आफू सरकारमा पुगिसकेपछि मानवअधिकारवादी कार्यकर्ता र संस्थाहरूलाई अप्ठेरो स्थितिको सृजना गर्ने रूपमा हेर्ने गरेका छन्। यहाँ म इन्सेकको इतिहासलाई दोऱ्याउन चाहान्छु। १९९५ मा नेपालमा तत्कालीन नेकपा (एमाले) पार्टीको सरकार बनेपछि माधव नेपाल जेनेभा जानु भयो र उहाँले नेपालमा आस्थाका बन्दी छैनन् भन्ने धारणा व्यक्त गर्नुभयो। इन्सेकले पनि सम्भवतः त्यसको खण्डन गरेको थियो।

त्यसैले मानवअधिकारको क्षेत्रमा काम गर्दै जाँदास्वेरी सरकारसँग झगडा पर्न सक्ने सम्भावना पनि धेरै आउँछ र त्यसको भुक्तभोगी इन्सेक भएको छ र अन्य संस्थाहरू पनि रहेका छन्।

आधारभूत रूपमा नेपालमा द्वन्द्वरहित प्रचलनको समस्या रहेको हामी देख्दछौं। २०४६ साल भन्दा अगाडिको मानवअधिकार उल्लंघनको कुरा हामी गर्छौं, ती उल्लघंनकर्ताहरूलाई कार्वाही गर्ने जनादेश यो देशका जनताले राजनैतिक दलहरूलाई दिएका थिए, तर त्यसलाई आजसम्म कुनै पनि राजनैतिक दलहरूले कार्यान्वयन गरेनन्। २०४७ सालपछि नेपालमा थुप्रै मानिसहरूले, नागरिकहरूले आफ्नो जीवन गुमाइसकेका छन्। विपक्षमा रहँदा ती नागरिकहरूले आफ्नो जीवन गुमाउनु भएको हो। म यस सिलसिलाको अन्तिम कडीको रूपमा नेकपा एमालेका अध्यक्ष मनमोहन अधिकारीको मन्तव्यलाई यहाँ उल्लेख गर्न चाहन्छु। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले विश्वासको मत लिने क्रममा राज्य आतंक मच्चाएको धारणा उहाँले गरिमामय संसदमा व्यक्त गर्नुभएको थियो। अहिले उहाँको त्यही पार्टी सरकारमा छ। त्यसको नेतृत्व गरेर वामदेव गौतमज्यू उपप्रधानमन्त्री पदमा कायम रहनु भएको छ। यो सन्दर्भमा त्यो पार्टीका अध्यक्षले व्यक्त गर्नुभएको तत्कालीन सरकारले मच्चाएको राज्य आतंकको क्रममा जुन आयोग बनांउने वा गठन गर्ने भनिएको छ त्यसबाट अहिलेको सरकार हच्किन लागेको देखिएको छ। एकातिर स्वयं उपप्रधानमन्त्रीज्यूले आयोग बनाउने कुरा गर्नुभएको छ, प्रधानमन्त्रीज्यूले मानवअधिकारवादीहरूको कार्यदल बनाउने कुरा गर्नुभएको छ। र अहिले त्यो कार्यदलको मापदण्ड पनि स्वस्किएर वर्तमान सन्दर्भमा त्यो हराउन लागेको छ। त्यसकारण यस्तो सिलसिलाको अन्त्य हुनु पर्दछ। विगतको सरकारले गरेका मानवअधिकार उल्लघंनका बारेमा पनि एउटा निष्पक्ष आयोग गठन गर्नुपर्दछ। र माओवादी आन्दोलनको समस्याको सन्दर्भमा पनि आयोग गठन हुनुपर्दछ। भविष्यमा कसैले पनि मानवअधिकार उल्लघंन नगरून् भन्ने कुरा दोऱ्याउने हो भने वर्तमान सरकार समक्ष एउटा दायित्व छ, एउटा हाँक छ, त्यो हाँक के हो भन्दा उहाँहरूले विगतका सरकार भन्दा ज्यादा राम्रो प्रतिबद्धता व्यक्त गर्नुभयो, आयोगहरू गठन गर्नुभयो र एउटा सुनिश्चित मापदण्डहरू निर्धारण गर्नुभयो भने निरञ्जन थापा र खुमबहादुर खड्का भन्दा उहाँहरू फरक हुनुहुने छ। नत्र हामी मानवअधिकारवादी कार्यकर्ताहरू उहाँलाई पनि त्यही श्रेणीमा राख्न बाध्य हुने छौं।

अर्को महत्वपूर्ण कुरा यहाँ व्यक्त गर्न चाहन्छु किनभने म एउटा मानवअधिकारवादी कार्यकर्ता भएको नातालें, हामी मानवअधिकार आन्दोलनमा निरन्तर लाग्ने मानिसहरू दायाँ-वायाँ कुरा बुझ्दैनौं। महाभारतको कथामा अर्जुनको एउटा प्रसंग छ - गुरू द्रोणाचार्यले अर्जुनको श्रेष्ठता प्रमाणित गर्नको लागि रूखमा माछा राख्वेर गुरूले सोध्नु भयो, तिमी रूखमा के देखिरहेका छौ ? अर्जुनले भने केवल म माछाको आँखा मात्र देखिरहेको छु। ठीक यस्तै हामी मानवअधिकारवादी कार्यकर्ताहरू मानवअधिकारको आदर्शलाई मात्र देख्दछौं। कुन राजनीतिक पार्टीको कुन, के संग, के कस्तो गठबन्धन छ, कुन राजनैतिक पार्टीलाई सत्ता संचालन गर्न के अप्ठेरो छ ? हामी त्यो कुरा बुझ्दैनौं। त्यसैले सरकारमा बस्ने राजनैतिक दल र हामी बीचमा भिन्नता छ। त्यो भिन्नतालाई वर्तमान सरकारमा बस्ने अन्य राजनैतिक पार्टीहरूले पनि बुझिदिनु पर्दछ। विशेष गरी मानवअधिकारवादी संस्थाहरूको एउटा सामूहिक

सन्दर्भको अभियानमा हामी रहेका छौं। हामी सबै एउटै समुदाय र मानवअधिकार समूदायका मानिसहरू हौ। चाहे इन्सेक, ह्युरोन, फोफुर वा अन्य मानवअधिकारवादी अन्य संस्थाहरू किन नहुन्, हाम्रो जात भनेको, हाम्रो धर्म भनेको एउटै छ- त्यो हो "विवेक" को धर्म र विवेकलाई कास्वी च्यापेर गरिने कुनै पनि कृत्यलाई हामी कुनै पनि अर्थमा समर्थन भने गर्न सक्दैनौं।

त्यसले म वर्तमान सरकारमा ठूलो पार्टीको नेतृत्व गरेर सरकारमा जानु भएका वर्तमान उपप्रधानमन्त्री जो यस कार्यक्रममा प्रमुख अतिथि हुनुहुन्छ, यसपछि मानवअधिकार संगठनको कार्यक्रममा पनि उहाँ प्रमुख अतिथि हुनुहुने छ, तसर्थ म उहाँलाई विशेष आग्रहकासाथ - प्रजातन्त्रप्रति प्रतिवद्धता व्यक्त गर्ने क्रममा, मानव अधिकारका आदर्शलाई फलिभूत गर्ने क्रममा उहाँहरूका विगतका विचारहरूले गर्दा एउटा ठूलो प्रश्न चिन्ह उत्पन्न भएको छ। विगतका सरकारहरूभन्दा उहाँहरू श्रेष्ठ हुनुहुन्छ भन्ने कुरा प्रमाणित गर्ने तपाइँहरूलाइ एउटा सुवर्ण अवसर हासिल भएको छ। मानवअधिकारको क्षेत्रमा मृत्युदण्डको उन्मूलन गर्ने अभिसन्धिलाई हालसम्म नेपालले अनुमोदन गरेको छैन। शरणार्थीको स्तर सम्बन्धी १९५१ को अनुबन्धनलाई नेपालले हालसम्म अनुमोदन गरेको छैन किनकि महिला र बालकहरू ८० प्रतिशत शरणार्थी छन्। भाषणमा धेरैले धेरै कुराहरू बोले तर मानवअधिकार आयोग अहिलेसम्म स्थापना भएको छैन। शान्ति प्रक्रिया पहल गर्नको लागि सदासयता देखाइएको छैन भन्ने कुरा छ। यी सबै कुराहरूमा तपाईंहरू एउटा इतिहास कायम गर्नुहोस्। र तपाईंहरू विगतका सरकारले भन्दा मानवअधिकारको क्षेत्रमा श्रेष्ठता कायम गरेको उदाहरण प्रस्तुत गरेर जनताबाट त्यो आरोप आउने ठाउँ नदिनुहोस्। शायद यहाँ तपाईंहरूको यो उपस्थितिको सबै भन्दा ठूलो सार्थकता पनि त्यही हुने छ। यदि भएन भने विश्वास गर्न नसकिने जुन अवस्था बढेर गएको छ त्यसले कालान्तरमा हामी सबैलाई ग्रसित पार्ने सम्भावना बढ्दै जाने छ। तसर्थ म यी कुराहरू वर्तमान सरकारबाट पूरा हुने आशा गर्दै र इन्सेकलाई धन्यवाद दिदै विदा हुन्छु।

(इन्सेकद्वारा ०५४ साउन १२ मा आयोजित "मानवअधिकार सम्मेलन" मा व्यक्त मन्तव्य)

हिंसाको माझमा भविष्य खोज्न सक्दैनौं

प्रकाश काफ्ले नेपालको मानवअधिकार आन्दोलनको एउटा विशिष्ट हस्ती हुनुहुन्थ्यो। म आज श्रावण १६ गतेको यो दिनमा उहाँप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु। यहाँ भगवान बुद्धका प्रसङ्ग पनि उठे। बुद्धले तपश्या गरी सकेपछि जब बुद्धत्व प्राप्त गर्नु भयो उहाँको सन्देश एउटै थियो-"मानिस जन्मले हैन कर्मले श्रेष्ठ हुन्छ।" हामी सानो हुँदा धेरै कुरा सुन्दथ्यौं, धेरै मान्छेका बारेमा हामीले सुनेका मध्ये एउटा विशिष्ट व्यक्तित्व दयवीर सिं कंसाकार हुनुहुन्थ्यो। भनिन्छ कि आजका पुस्ताले इतिहास बनाउँछ, भोलिका पुस्ताले त्यसलाई लेख्छ र पढ्दै जान्छ। इतिहासमा पनि दुई थरीको नाम आउँछ, एक थरी जो मानवताका पुजारी हुन्छन्,

मानवताको सेवा गर्छन्, अर्कोथरी जो मानवताको विरूद्ध अपराधमा साक्षी बस्छन् या मानवता विरूद्धका अपराधी हुन्छन् । दयावीर सिं कंसाकारले पहिलो वर्गको प्रतिनिधित्व गुर्न हुन्छ। मानवताको सेवा गर्ने एउटा पुजारीको रूपमा नेपालको इतिहासमा उहाँको नाम सँधै अकित भैरहने छ। उहाँको सम्मान गर्ने आजको यस कार्यक्रममा मलाई निम्ता गर्नु भएकोमा इन्सेक परिवारलाई हार्दिक धन्यवाद अर्पण गर्दछु।

मन्तव्यको विशेष प्रसंगमा म एउटा कुरालाई यहाँ उल्लेख गर्दछु। त्यो के हो भने सन् १९४८ को १० डिसेम्बरमा मानव अधिकारको विश्वव्यापी घोषणपत्र जारी गरिसकेपछि त्यसका दुईवटा पक्षहरू आए, एउटा आर्थिक, सांस्कृतिक, सामाजिक अधिकार सम्बन्धमा एउटा नागरिक तथा राजनैतिक अधिकार सम्बन्धमा। यी दुवै पक्ष संसार भरी नै न्याय, स्वतन्त्रता र शान्तिको आधार स्तम्भको रूपमा व्यक्तिका अधिकारहरू रक्षा गर्नुपर्छ भन्ने उद्देश्यले प्रेरित थिए। आज त्यो विश्वव्यापी घोषणापत्र जारी भएको ५० औं वार्षिकोत्सव संसार भरी विभिन्न कार्यक्रमहरू गरी मनाइदै छ। यो सन्दर्भमा कतिपय देशहरूले विभिन्न योजनाहरू अगाडि सारेका होलान्। हामी नेपालमा सरकारी क्षेत्रबाट त्यो कुराहरू ज्यादा देख्दैनौं तर एउटा सर्वाधिक दुःखको कुरा के छ भने यो ५० वर्षको वार्षिक उत्सव संसारले मनाई रहेको बेला विगतका गल्तिहरूलाई बिर्सेर नयाँ युगको सिर्जना गर्नुपर्ने बेलामा नेपालमा हिंसाको एउटा नयाँयुग शुरू भएको छ। विशेष गरेर दक्षिण अफ्रिकाको नाम आउने बित्तिकै रंगभेदको कारणले गर्दा संसारभरनै दक्षिण अफ्रिका बद्नाम मुलुकको रूपमा चिनिन्थ्यो। त्यो देशका खेलाडीदेखि हरेक कलाकर्मीहरूलाई प्रतिवन्ध लाउने गरिन्थ्यो। तर अहिले त्यहाँ नेल्सन मण्डेला राष्ट्रपति हुनुहुन्छ, अर्थात त्यहाँ काला जातिको सत्ता कायम भएको छ। एउटा नयाँ युगको सूत्रपात भएको छ। हामी सोच्दथ्यौं की इजरायल र प्यालेष्टाइनहरूका बीचमा शत्रुताको कुरा संसार भरिनै प्रसिद्ध छ। त्यसलाई ज्यादै चर्चा गर्नु पर्ने छैन। अहिले प्यालेष्टाइनको पनि एक निश्चित भूभागमा स्वायत्तता कायम भएको छ। शान्ति स्थापनाका प्रक्रियाहरू अगाडि बढेको छ र यो अगाडि बढ्ने काममा कहिले अन्त्य नहुने शत्रुताको जुन युग भनिन्थ्यो, त्यो युगको अन्त्य भएको लक्षण देखापर्न थालेका छन्।

कही नभएको जात्रा हाँडी गाउँमा भने जस्तै नेपलामा यो ५० औं वार्षिकोत्सवको सन्दर्भमा भनौं हिंसाको एउटा नयाँ युग शुरू भएको छ। त्यो हिंसाको लागि को जिम्मेवार छ ? कुन विपक्षी समूह जिम्मेवार छ ? या सरकार कति जिम्मेवार छ ? म त्यो पक्षतिर जान चाहन्न। तर संसार भरी सन् ६० को इतिहासपछि के सन्देश मिलेको छ भने कुनै पनि देशमा हिंसाको कुनै भविष्य हुँदैन। हिंसामा जिम्मेवार रहेका चाहे राज्य शक्ति हुन चाहे विपक्षमा रहेका शक्ति हुन उनीहरूलाई कालान्तरमा इतिहासको रापले पोल्छ भन्ने कुरामा हामी विश्वस्त छौं।

म एउटा अनुभव यहाँ बाँड्न चाहन्छु,- मानवअधिकार आन्दोलनमा लाग्दा खेरी नेपालका मानवअधिकारवादी संस्थाका बीचमा नीतिगत कुरामा कुनै झगडा भएको मलाई थाहा छैन। चाहे त्यो राष्ट्रिय स्तरमा मानवअधिकार आयोग गठन हुनुपर्छ भन्ने कुरामा होस्, चाहे त्यो संयुक्त राष्ट्रसंघको दाँजोमा मानवअधिकारको उच्चस्तरीय आयोग गठन हुनुपर्छ भन्ने कुरामा होस्। चाहे त्यो पमनिन्ट इफेक्टीभ इन्टरन्याशनल क्रिमिनल कोर्टको स्थापनाका लागि होस्,

नेपालका मानवअधिकारवादी संस्थाहरूका बीचमा मानवअधिकारको सिद्धान्तलाई लिएर झगडा भएन। त्यो एकता अहिले पनि कायम भएको छ जस्तो मलाई लाग्दछ। तर वितेका वर्षमा जब नेपालमा बुहदलीय व्यवस्थाको स्थापना भइसकेकपछि रूल अफ ल को अवधारणा अन्तरगत मानव अधिकारका थुप्रै कुराहरूलाई संयुक्त रूपमा अगाडि बढायौं र संयुक्त रूपमा कुराहरू उठे। तर आहिले कता-कता दुःख लाग्ने प्रसंग के छ भने हामी जुन मानवअधिकारवादी संस्कृतिको कुरा गर्दछौं, जुन मानवअधिकारवादी समूदायको निर्माण गर्ने कुरा गर्दछौं, कता-कता हाम्रो ढाँचा भने १६ औं शताब्दीको एउटा मध्य युगीन सभ्यता तर्फ फर्कदै गइरहेको अनुभव गर्नु परिरहेको छ। मानवअधिकार आयोग स्थापना ऐन बनेर पनि मानवअधिकार आयोग गठन हुँदैन। राजनैतिक दल जो-जो सत्तामा पुग्दछन् उनीहरूले लाचारी व्यक्त गर्ने गर्दछन्। यही क्रममा के देख्छौं भने एउटा पक्ष गैर जिम्मेवार भयो भनेर राज्यपक्षद्वारा चालिएका हिंसाहरूलाई जायज ठहऱ्याउने प्रयत्न शुरू भएको छ। छोटकरीमा भन्नुपर्दा यी सबै कुराहरू नेपालमा तत्काल रातारात उब्जिएका होइनन्। हामीले ल्याटिन अमेरिकी मुलुकहरू विशेष गरी कोलम्बिया, ग्वाटेमाला र पेरूका कुराहरूलाई हेर्ने हो भने र हाम्रो नेपालमा अहिले भएको हिंसाको युगको प्रवेशको पृष्ठभूमिलाई हेर्ने हो भने त्यसको आंकलन सजिलैसंग गर्न सक्दछौं। त्यही पृष्ठ भूमिमा फेरी पनि म यी कुरा दोहोऱ्याउन चाहन्छु। चाहे त्यो राज्य सत्ताबाट होस् चाहे त्यो सशस्त्र विपक्षी समूहवाट होस् या राजनैतिक दलबाट होस् नेपालका मानवअधिकार कर्मीहरू सुरक्षित छैनन्। जुन अन्तर्राष्ट्रिय स्तरमा एउटा आन्दोलन चलेको थियो। मानवअधिकार कर्मीहरू आगोको भुंग्रोमा भन्ने त्यो कहावत पनि नेपालमा चरितार्थ हुन थालेको छ। यो प्रसंगमा सुन्न थालिएको छ सरकार र राजनैतिक दलहरू मानवअधिकारवादी संस्थाहरू प्रति सहिष्णु छैनन्। फेरि बिस्तारै बिस्तारै यी कुरा मानवअधिकारवादी संस्थाले अनुभव गर्दै गइरहेका छन्। यो परिस्थितिमा म सरकार र अन्य राजनैतिक दलहरू सामाज परिवर्तनको जिम्मेवारी पाएर बसेका सचेतक निकायहरू सबैलाई आग्रह गर्न चाहन्छु। अहिले पनि भनिन्छ अरब, इराक जस्ता मुलुकमा चोरले चोरी गऱ्यो भने त्यसको देव्रेहात काटी दिनोस्, दोस्रो पटक चोरी गऱ्यो भने दाहिने हात काटिदिनोस्, कुनै व्यक्ति चोरीमा फँसेको छ भने त्यसलाई सडकमा घाँटीसम्म पुरेर राख्नोस् र त्यसलाई ढुंगाले हानेर तड्पाइ तड्पाइ मार्नुहोस्। कतै हामीहरू पनि त्यही संस्कार तर्फ उन्मुख हुँदै गइराखेका त छैनौं? एउटा निश्चित समूदाय या शक्ति गैर जिम्मेवार भयो भनेर राज्यले नै हिंसाको सिलसिलेवार चलाएको बदलामा हिंसा प्रतिहिंसाको सिलसिला चलाउने हो भने यसले नेपाली समाजलाई कता लाँदै छ ? त्यसैले नेपाली युवा पुस्ता यो महशूस गर्नको लागि बाध्य भएको छ कि हाम्रो कुनै पनि भविष्य छैन। हिंसाको माझमा कसैको पनि भविष्य खोज्न सक्नैनौं। त्यसैले सर्बप्रथम त्यो हिंसाको अन्त्य गर्नको लागि राज्यका सबै निकायहरू सचेत रहनु पर्छ, वहस चलाउनु पर्छ र शान्ति स्थापनाका लागि पहल गर्नुपर्छ।

(०५५ साउन १६ गते प्रकाश स्मृति दिवसमा व्यक्त मन्तव्य)

मानवअधिकार सत्तामा जाने नारा र भ्याङ हुनुहुन्न

– गणेशमान सिंह
जनआन्दोलनका कमाण्डर

मलाई तपाईहरू मानवअधिकारवादी संस्थाहरूले मिली जुन प्रशंसा गर्नु भयो यो मेरो लागि खुशीकै कुरा हो। मैले अन्तर्राष्ट्रिय मानवअधिकारको सम्मान पाउँदा देशको संचार माध्यम र गोरखापत्रले समेत बिगत वर्षको उल्लेख्य घटनामा मैले पाएको पुरस्कारको कुमै चर्चा गरेन। त्यो पुरस्कार मलाई मात्र होइन मेरो नामबाट नेपाल राष्ट्रलाई दिइएको थियो। अब तपाईहरूलाई लाग्ला किन यस्तो भयो? किन चर्चा गरिएन? हेर्नुहोस् म सधै प्रष्ट र आफूलाई लागेको कुरा भन्ने गर्छु।

हामीले राणा शासनसंग पनि लड्यौं। म, वी.पी. कोइराला, कृष्णप्रसाद भट्टराई र अरू साथीहरू पनि धेरै थियौं। उतिखेर पनि मेरो वी.पी. संग, भट्टराईसंग कुरा मेल खादैन थियो। यसो हुनुमा मेरो स्वभावको कारणले पनि होला। तर जे भए पनि हामीमा विचारको एकता थियो र हामी काममा सफल भयौं, जनताले साथ दिए। त्यही साथ पाएर हामीले राणा शासनलाई खतम गर्‍यौं। देशमा प्रजातन्त्र आयो, सबै देशवासी रैतीबाट जनता भए। उतिखेर म मन्त्री हुँदा पनि मलाई काठमाडौंका जनताले साथ दिएनन्। गणेशमानले हाम्रो लागि केही गरेन भनेर गन गन गर्ने गर्दथे। प्रजातन्त्र ल्याउँदा गणेशमान जिन्दावाद भने। ०१७ सालमा प्रजातन्त्र खतम गरियो त्यतिखेर तिनै जनताले मलाई मूर्दावाद पनि भने।

०१७साल पछि जेलबाट हामी हिन्दुस्तानमा गएर बस्यौं। त्यहाँबाट पनि जताको अधिकार र सम्मानको लागि हामीले काम गरिरहेका थियौं। मैले एक दिन वी. पी. बाबुलाई हामीले विदेशमा बसेर होइन, आफ्नै देशमा जानु पर्छ र काम गर्नु पर्छ भनेको थिएँ। तर उहाँले हामीलाई हतार नगर भन्ने गर्नु हुन्थ्यो। धेरै दुःख सुख काटेर हामी विदेशमा बस्यौं र नेपालमा कसरी प्रजातन्त्र पुनर्स्थापना गराउने भन्ने चिन्ता हामीलाई मै रहने गर्दथ्यो र हामी काम गरिरहेका थियौं। प्रजातन्त्रको लागि हामी मात्र हैम मनमोहन अधिकारी, तुलसीलाल अमात्य, टंकप्रसाद आचार्य, डिल्लीरमण रेग्मी अरू धेरै साथीहरूले संगसंगै राणाकाल देखि पंचायती कालसम्म संगै लड्का हौं। र जनताको मानवअधिकार प्राप्तिकै लागि हामीले राजनीति क्षेत्रबाट काम गरेका थियौं। ०४६ सालको आन्दोलनमा धेरै नेपाली नागरिकको ज्यान गयो। हामी सबैले आन्दोलनको आह्वान गर्‍यौं। नेपाली जनता आन्दोलनको आगोमा होमियो। जनताहरू धेरै मारिए त के को लागि आज हामी सबैले सोच्नु परेको छ। त्यत्रो बलिदान र ३०/३० वर्षको संघर्षले ल्याएको प्रजातन्त्रलाई आज

अफाप गराउनषडयन्त्र भएको छ। यो षडयन्त्रमा नेपाली कांग्रेस पनि परेको छ। २००८ सालदेखि नै नेपाली कांग्रेसमा षडयन्त्र हुने गरेको थियो। त्यसैले हामीमा अहिलेमात्र होइन नेपाली कांग्रेसमा २००८/०९ सालदेखि नै अन्तरकलह बढेको थियो।

त्यो झगडामा हामी कहिले हार्‍यौं कहिले जित्यौं। आज पनि नेपाली कांग्रेसमा कलह छ, मन मिलेको छैन। किन यस्तो भयो यो प्रजातन्त्रमाथि कै षडयन्त्रमा हाम्रो पार्टी पनि अलमलिएको छ। गिरिजा बाबुलाई मध्यावधि चुनाव गराउन पार्टीले कुनै अधिकार दिएको थिएन। तर गिरिजाले मध्यावधिको घोषणा गरेर ती प्रजातन्त्रको लागि शहीद हुनेहरूको अपमान गर्नु भएको छ। टनकपुरमा कोइरालाको अडान ठीक थिएन, मैले विरोध गर्नु पर्‍यो, नगरेको भए उनले बलजफ्ती गर्ने थिए। त्यसपछि नेपाल राष्ट्रको दुर्दशा हामीले हेर्नु पर्ने हुन्थ्यो। यसैको लागि हामीमा हिजो देखि अहिलेसम्म पनि झगडा छ।

हेर्नुहोस् प्रजातन्त्रमाथि खतरा टरेको छैन। अझै प्रजातन्त्र माथि खतरा छ। प्रजातन्त्र मास्ने षडयन्त्र भइरहेको छ। ०४६ सालमा वीर गणेशमान जिन्दावाद भन्नेहरू फेरि गणेशमान मूर्दावाद भन्न थालेका छन्। काठमाडौंका यस्ता नारा र जुलुसले काम गरेन भने प्रजातन्त्र मास्नेहरू पार्टी मास्न, टुक्राउन, अगाडि बढ्ने छन्। यो स्थिति मैले देख्न र भोग्न नपरोस् भनेर साथीहरूको सल्लाहले नै मैले कांग्रेस पार्टी छोडेको हो। एकलौटी उनीहरूले जे गर्छन् गरून्। मैले किन अवरोध गरौं भनी म "वाच डग"को रूपमा बसेको छु। तर म यो प्रजातन्त्र फलाउन, फूलाउन यसको सुदृढताको लागि भने पछि हट्ने छैन। जनताको वलिदानी मेरो अगाडि नासिएको, बिग्रिएको, चुपचाप हेर्न सक्दिन। त्यसैले मैले देखेको कुरा भन्दा आज गणेशमान धेरै बोलिरहन्छ भनेर मलाई भनेका पनि छन्। तर यो प्रजातन्त्रको सुदृढताको लागि मैले बोल्नु पर्छ।

हेर्नुहोस् हामीले ००७ सालदेखि आजसम्म निरन्तर जनताको लागि काम गरेका छौं। जनता अधिकारबाट कसरी बलिया हुन्छन् भन्ने धारणा राखेर हामी सबैले काम गर्नुपर्छ। तर अहिलेसत्तामा नपुग्दा मानवअधिकारका कुरा गर्ने सत्तामा पुगेपछि मानवअधिकार सुन्न नचाहने प्रवृत्तिले सबै पार्टीहरू ग्रसित छन्। मानवअधिकार सत्तामा जाने नारा र भर्‍याङ हुनु हुन्न। यसतर्फ सबैले सोचेर लाग्नु पर्दछ। तपाईहरू सबै मानवअधिकार संघ संस्थाहरूले निष्पक्ष भएर मानवअधिकारका कुरा गर्नु पर्दछ। सत्ता राजनीतिबाट टाढा बसेर तपाईहरूले काम गरेमा मलाई गरेको यो सम्मान पनि निष्पक्ष हुने छ।

(०५१ साल चैत २७ गते इन्सेक लगायतका मानवअधिकार संस्थाहरूद्वारा आयोजित सिंहको अभिनन्दन एवं मानवअधिकार वर्ष पुस्तक- १९९४ को विमोचन समारोहमा व्यक्त मन्तव्य)

प्रजातन्त्रवादी र मानवअधिकारवादीले आफ्नो भूमिकालाई बिर्से भने प्रजातन्त्र खतरामा पर्छ

- गिरिजाप्रसाद कोइराला
सभापति, नेपाली कांग्रेस

मानवअधिकार यति व्यापक छ र यसका हाँगाबिगा यति फैलिएका छन् कि त्यसलाई समेटेर एउटै सूत्रमा गाँस्न अत्यन्त गाह्रो छ। यो व्यापकतालाई ध्यानमा राखेर हेर्दा कुन विन्दुबाट यसको शुरूवात गर्ने हो मलाई थाहा छैन र कहाँबाट शुरू गर्ने हो भन्ने कुरा पनि बुझिरहेको छैन।

जहाँ मानवअधिकारको कुरा हुन्छ त्यहाँ स्वभाविक ढंगले प्रजातन्त्रको पनि कुरा आउँछ। प्रजातन्त्र भएन भने मानवअधिकार निरर्थक हुन्छ, त्यस्तै मानवअधिकार भएन भने प्रजातन्त्र पनि निरर्थक भएर जान्छ। तसर्थ मानवअधिकार र प्रजातन्त्रलाई संगसंगै लिएर जानु पर्दछ। अनि मात्र प्रजातन्त्र सफल र सुदृढ भएर जान्छ।

म प्रधानमन्त्री हुँदा मानवअधिकारका सम्बन्धमा धेरै कुरा उठे। यूरोप लगायतका विभिन्न देशहरूबाट आएका धेरै मानवअधिकारवादीहरूले मसंग प्रश्न गरे। पर्यावरणवादीहरूले पनि कुरा राखे। तर एउटा गाह्रो प्रश्न के छ भने मलाई यी सबै कुराको राम्रो ज्ञान वा जानकारी थिएन। म राजनीतिमा प्रवेश गर्दा पनि राजनीतिमै प्रवेश गर्दैछु भन्ने कुराको हेक्का थिएन। मजदूर फाँटमा काम गर्दागर्दै आफसे-आफ म राजनीतिमा प्रवेश गरें। त्यहींबाट मेरो राजनीतिक यात्रा शुरू भयो।

अचानक म प्रधानमन्त्री भएँ, प्रधानमन्त्री बन्छु भनेर सोचेकै थिइनँ। त्यो कुर्सीमा बसेपछि के गर्नुपर्छ भन्ने कुरा मलाई थाहै थिएन। इतिहासका पुस्तकहरूमा पढेको थिएँ कि प्रधानमन्त्री बनिसकेपछि केही न केही त गर्नै पर्छ। त्यही अभिप्रायले प्रधानमन्त्री बनेकै दिन एक-दुई जना कैदीहरूलाई मुक्त गरिदिएँ। त्यसबखत मसंग एउटा कलम पनि रहेनछ। सचिवसंग कलम लिएर त्यो कागजमा हस्ताक्षर गरिदिएँ। त्यसबेला मलाई असजिलो लाग्यो। मनोवैज्ञानिक रूपकै साधारण मानिस र हामी राजनीतिकर्मी बीच ठूलो अन्तर हुँदो रहेछ। त्यो कलम लिनासाथ मलाई के अनुभव भयो भने प्रधानमन्त्री भएको एक घण्टा बित्दानबित्दै कलम माग्न थाल्यो भन्छन् कि भन्ने लाग्यो। मैले सचिवलाई भनें- भोलि तपाईलाई यसभन्दा राम्रो कलम ल्याइदिन्छु, यो पहिलो पटक प्रधानमन्त्री भएर सर्वप्रथम हस्ताक्षर गरेको कलम म राख्छु। तर यहाँनिर एउटा कर्मचारी र प्रजातान्त्रिक तरिकाबाट निर्वाचित प्रधानमन्त्री बीच ठूलो अन्तर रहेको महसूस गरें। अनि त्यसको पर्सिपल्ट महाराजधिराजको दर्शन पाएँ। मैले

महाराजधिराजलाई भनें- यो संसदीय प्रजातन्त्रले कसरी काम गर्छ? मलाई त थाहै छैन। तसर्थ मबाट गल्ती भए सरकारले सचेत पार्नु पर्यो। महाराजधिराजबाट पनि हुकुम भयो- "संसदीय प्रजातन्त्रमा राजतन्त्रको के भूमिका रहन्छ मलाई पनि थाहा छैन, तसर्थः मैले केही गल्ती गरें भने मेरो पनि खबरदारी गर्नु। यस घटनाबाट मलाई लाग्यो अन्तर्क्रिया हुनु जरूरी रहेछ।

माथिल्लो तहमा त अन्तर्क्रिया भयो। तर कार्यकर्ता र कार्यकर्ताका बीचमा, नेता र कार्यकर्ताका बीचमा, मानवअधिकारवादी संस्था र राजनीतिज्ञका बीचमा अन्तर्क्रिया हुन सकेन। मैले त्यही बेला महसूस गरें अन्तर्क्रियाको अभावमा प्रजातन्त्र विकसित हुँदो रहेनछ र मानवअधिकारको पूर्ण बहाली हुँदो रहेनछ।

म प्रधानमन्त्री भएको केही समय पश्चात नै आन्दोलन चल्यो। रैलिङहरू भाँच्चिए। प्रधानमन्त्रीको पुत्ला जलाइए- यी सबै कारणले म चिन्तित रहें। राती राम्रोसंग निद्रा पर्दैनथ्यो। मानवअधिकार कहाँबाट शुरू हुन्छ र कहाँ अन्त्य हुन्छ भन्ने कुरा मलाई थाहा थिएन। त्यसैले म कति हदसम्म जाने र कति हदसम्मको छूट दिने भन्ने कुरा सोच्न थालें। मानवअधिकार र प्रजातन्त्रका निम्ति आठ-दश वर्ष जेल पनि बसियो। त्यसबेला यस सम्बन्धी सोचेको पनि थिइनँ। तर जब प्रधानमन्त्री भएँ त्यसपछि मात्र यसतर्फ सोच्न थालें।

सबै राष्ट्रको धार्मिक, सांस्कृतिक र ऐतिहासिक कुरालाई ध्यानमा राखेर मानवअधिकारको विश्लेषण गरिएको छ र मानवअधिकारका बारेमा यो-यो हुनुपर्छ भनी किटानी गरिएको छ। तर व्यवहारिक रूपमा त्यस्तो देख्न पाइँदैन। यूरोप, जर्मनी लगायतका देशहरूबाट करीब बीस जनाको प्रतिनिधि मण्डल नेपाल आएको थियो। तिनीहरूले मानवअधिकारका बारेमा धेरै कुरा उठाए। हामीकहाँ भर्खर भर्खर प्रजातन्त्र आएको थियो। सरकार कसरी संचालन गर्नुपर्छ भन्ने कुराको राम्रो ज्ञान नभएको मान्छे सरकार प्रमुख छ। कानूनी राज्य स्थापना भइसकेको छैन। तसर्थ सरकारको पहिलो काम भनेको कानूनी अवधारणाको विकास गर्नु र जनतालाई सुरक्षा प्रदान गर्नु हो। मेरो विचारमा मानवअधिकारको शुरूवात त्यही हो र अन्तिम बिन्दु भनेको संविधानले कोरिदिएको सीमा रेखा हो।

मानवअधिकारको क्षेत्रमा आएका विकृतिहरू बडो निन्दनीय छन्। प्रजातन्त्र आइसकेछि हाम्रै पार्टीको क्रियाकलापबाट पनि म सन्तुष्ट छैन। राजनीतिक पार्टीहरूकै कारण सामाजिक क्षेत्रमा समेत विकृतिहरू देखा परे। त्यसैले मैले विभिन्न राजनीतिक पार्टीहरू बीच वार्ता गरिनु पर्ने महसूस गरें। एमालेका साथीहरूसंग बसेर राजनीतिक क्षेत्रमा देखा परेका विकृति र यस विकृतिका कारण राजनीतिकर्मीहरूप्रति बढेको जनताको वितृष्णालाई कसरी रोक्ने लगायतका विषयमा छलफल भयो। यदि यो बढ्यो भने प्रजातन्त्रमाथि नै खतरा आउँछ भन्ने कुरामा हामी दुवैको सहमति भयो र यसका लागि हामी दुवै ठूला पार्टी जिम्मेवार रहेको ठहर गऱ्यौं। यस बीचमा खरिद-बिक्री र अपहरणका कुराहरू भए र यसमा पनि एउटा पार्टी मात्र जिम्मेवार नरहेको ठहर गऱ्यौं। यो खरिद बिक्रीको प्रसंग आउँदा मलाई पुरानो कुराको सम्झना आयो- त्यसखबत बी.पी. जेलमै हुनुहुन्थ्यो। म भर्खर-भर्खर जेलबाट छुटेको थिएँ। राजा महेन्द्रले त्यसैबेला भन्नुभयो- "हेर गिरिजा- मान्छेको पनि मूल्य हुँदो रहेछ।" " कस्तो मूल्य सरकार? मूल्य र मान्यता त सबैको हुन्छ" मैले भनें। अनि उहाँले भन्नुभयो- "कसैको दुई लाख, कसैको एक लाख त कसैको कति।" त्यसपछि उहाँले बी.पी.को फोटो देखाएर "तर यो

मान्छेको भने मूल्य छैन" भन्नुभयो। मलाई लाग्यो मेरो पनि मूल्य छ भनेर जाँच्न खोजेको होला। तर म केही नबोली फर्किएँ। अहिले आएर जुन कुरा मैले प्रत्यक्ष देखें, तब मलाई लाग्यो वास्तवमा मान्छेको मूल्य हुँदो रहेछ। राजा महेन्द्रको कुरा ठिकै रहेछ।

राजनीतिकर्मीहरू भागेर लुक्न जान थाले। मन्त्रीहरू स्वयंले आफूलाई असुरक्षित महसूस गरे। यहीं बसेर आफ्नो कुरा स्पष्टताका साथ राख्ने हिम्मत पनि भएन उनीहरूलाई। अरे बाबा! म कहाँ नै आएको भए पनि लुकाइ दिने थिएँ। किन जानु पर्‍यो भारत र बैंकक? अर्कोतर्फ यिनै घटनाहरूले विभिन्न प्रश्नहरू उठाए। आम मान्छेहरू भन्न थाले कि के नेपाल सार्वभौम सम्पन्न राष्ट्र होइन? यसले स्वतन्त्रता पाइसकेको छैन? यदि यो स्वतन्त्र मुलुक हो भने किन यहाँका मन्त्रीहरू भागेर भारत र बैंकक जान्छन्? वास्तवमा मलाई पनि यस घटनाले राष्ट्रियताप्रति नै खिल्ली उडाउने काम भएको अनुभूति भयो।

मनमोहनजीसंग यसबारेमा प्रशस्त छलफल भयो। यसलाई रोक्नै पर्छ, रोकिएन भने बिकृति झन बढेर जान्छ। यो बिकृति प्रवृत्तिको रूपमा विकसित भएर गयो भने भोलि हाम्रो समाज र राष्ट्रलाई नै ध्वस्त पार्छ। तसर्थ यसको समाधान खोज्नै पर्ने दुंगो गर्‍यौं। र यस पालिको सदनमा "दल बदल कानून" ल्याउनु पर्ने कुरामा सहमति भयो। त्यसपछि राप्रपाका दुई गुटका नेताहरूसंग पनि कुराकानी भयो। यस बीचमा जनआन्दोलनकारी शक्तिहरू मिल्नु पर्ने कुरा पनि उठ्यो। तर मेरो स्पष्ट दृष्टिकोण थियो- साना पार्टीहरूले पनि प्रजातन्त्रमा फष्टाउने मौका पाउनु पर्छ। उनीहरूको पनि प्रजातन्त्रमा ठूलो भूमिका र महत्व हुन्छ। ठूला पार्टीहरू मिल्ने नाममा साना पार्टीहरूको अस्तित्व मेटाउनु हुँदैन। यस कुरामा मनमोहनजी पनि सहमत हुनुभयो। उहाँले पनि सकारात्मक कुराहरू नै अगाडि ल्याउनु भयो। उहाँले नै हामी दुई ठूला पार्टीहरू मिल्दा साना पार्टीहरूलाई समाप्त गर्ने किसिमले जानु हुँदैन भन्नुभयो। हामी एउटा निश्चित विन्दुमा पुग्यौं कि यो विकृतिलाई हटाउन हामीहरू लाग्नै पर्छ। एउटा निश्चित सीमारेखा कोरिनु पर्छ। तर त्यही बेला सरकार परिवर्तन भयो। बेग्लै किसिमको स्थिति विकसित भएर गयो।

अर्कोतर्फ मानवअधिकारको सवालमा इन्सेकको भूमिका मेरो विचारमा अत्यन्त सकारात्मक छ। उहाँहरूले यस सम्बन्धी थुप्रै पुस्तकहरू पनि प्रकाशित गर्नु भएको छ। ती सबै पढ्न पाएको छैन। तर अब पढ्नु पर्ने महसूस भइरहेको छ। मानवअधिकारका सम्बन्धमा मेरो दृष्टिकोण के रहेको छ भने मानव सभ्यताको विकास संगसंगै यो पनि जोडिएर आएको छ। मानवअधिकारको सम्बन्धमा निश्चित रूपमा यही हुनुपर्छ भन्ने केही छैन। परिस्थितिको विकासले नै जनता आफ्नो अधिकार खोज्न मजबूर हुन्छन्। त्यहीबाट मानवअधिकारको कुरा शुरू हुन्छ। मानवअधिकारको कुरा वेलायतबाट शुरू भयो। फ्रान्स स्वतन्त्र हुने क्रमसंगसंगै यसले विकसित हुने मौका पायो र यहाँसम्म आइपुगेको छ।

अमेरिका वा अन्य त्यस्तै धनाढ्य मुलुकहरू गरीब मुलुकलाई केही न केही अप्ठ्यारोमा पारिरहेका हुन्छन्। उनीहरू सधै गरीव मुलुकलाई त्यही स्थितिमा देख्न रूचाउँछन्। तसर्थ मानवअधिकारको सवालमा पनि आफ्नो मुलुकको विशिष्ट परिस्थितिलाई ध्यानमा राख्वेर नै कुरा गर्नु पर्दछ। मानव अधिकारको उल्लंघनका कुराहरू प्रशस्त मात्रामा उठेका छन्। बाहिरबाट हेर्दा त्यस्तो लाग्छ पनि। तर हामीकहाँ त भर्खर-भर्खर मात्र प्रजातन्त्र आएको छ। बिस्तारै यो सुदृढ हुने क्रममा मानवअधिकारको पनि पूर्व ग्यारेन्टी हुन्छ।

अहिले हामी संक्रमणकालको अवस्थाबाट गुज्रिरहेका छौं। हाम्रो समाजको प्रत्येक अंगमा हलचल मच्चिएको छ। नयाँ युग अर्थात परिवर्तनको युगमा प्रवेश गर्ने क्रममा यो देखिनु स्वभाविक पनि हो। हवाइजहाजभित्र बस्ने मान्छेलाई उसको गतिको वारेमा थाहा हुँदैन। तर बाहिर बस्ने मान्छेलाई उसको गति थाहा हुन्छ। तसर्थ परिवर्तनको नियम पनि यसैसंग सम्बन्धित छ। हामी कहाँ पनि क्रमशः परिर्वतन भइरहेको छ र समाजलाई यसले झकझकाएको छ। समाजका प्रत्येक अंगले परिवर्तनको क्रममा आफ्नो स्थान र भूमिका खोजिरहेका छन्। त्यसैले यो विचलन देखिएको हो। प्रजातन्त्र र मानवअधिकारमा हलचल आउनुको पनि यही मुख्य कारण हो। यसबाट आत्तिनु पर्ने केही छैन। समाज परिवर्तनको क्रममा यी घटनाहरू स्वाभाविक हुन् र यसैबाट नै समाजले गति लिन्छ।

राजनीतिक क्षेत्रमा देखिएको विकृति हटाउन हामी दुई ठूला पार्टी बीच सहमति कायम हुनैपर्छ। हामीकहाँ त मन्त्री पनि भएका छन् र उनीहरूलाई उल्टै पैसा पनि दिनु पर्ने रे। मन्त्रीहरू नै किनबेचका साधन बनेका छन्। यो त चरम विकृति हो। यसलाई निश्चिन विन्दुमा पुगेर हटाउनै पर्छ। इन्सेक जस्ता गैर सरकारी संस्थाको भूमिका संघै वाच डगको रूपमा हुनुपर्छ। अभावमा विकृतिले मौलाउने अवसर पाउँछ, स्वयं राजनीतिक पार्टीहरू समेत यसको शिकार बन्छन्। यसको अभावमा मानवअधिकार र प्रजातन्त्रले पनि गति लिन सक्दैन।

यस बीचमा देखिएका कमजोरी, गल्ती र दोषबाट म पनि पूर्णतः मुक्त छैन। त्यस्तो दावी पनि गर्दिन। यो सात वर्षको अवधि हाम्रा निमित्त ट्रेनिङ्गको अवधि रह्यो। यसै अवधिमा प्रजातन्त्र अफापसिद्ध भयो र प्रजातन्त्रका निम्ति यहाँका जनता उपयुक्त छैनन् भन्ने खालका दुष्प्रचारहरू पनि भए। मेरो विचारमा यी सबै श्वेर कल्पना हो।

दोस्रो विश्वयुद्धपछि मात्र मानवअधिकारको कुरा अलि तीव्र भएर आयो। तर त्यहाँ पनि दुई ठूला शक्तिसम्पन्न राष्ट्रहरूको होडबाजीले गर्दा मानवअधिकार पनि डोरम्याटको अवस्थामा पुग्यो। अमेरिकाले निरंकुशतावादी शक्तिहरूलाई आफ्नो पक्षमा लिएर हिंड्न थाल्यो। रूसको पनि त्यही स्थिति रह्यो, जसले मानवअधिकार घाइते भयो। प्रजातन्त्र पनि घाइते भयो। अहिले त्यो स्थिति छैन। अहिलेको स्थितिमा कसैले प्रजातन्त्र मास्छु भनेर सोच्छ भने त्यो दिवा स्वप्न सिवाय केही हुने छैन। प्रजातन्त्र अब नेपालबाट कुनै हालतमा पनि समाप्त हुँदैन। जब विश्वमा तानाशाहीहरूको दबदबा थियो, नेपालमा पंचायती व्यवस्था थियो। तर जुनसुकै तानाशाहलाई पनि प्रजातन्त्रको पुच्छर नसमाती सुखै भएन। जस्तो यहीं पनि पंचायती प्रजातन्त्र भनेर तीस वर्षसम्म शासन चलाउनु पऱ्यो। अन्य मुलुकहरूमा पनि त्यस्तै स्थिति रह्यो। तर अहिलेको अवस्था भिन्न छ। यस स्थितिमा प्रजातन्त्र समाप्त हुनै सक्तैन। मानवअधिकारवादीहरू आफ्नो आस्था र विश्वास छोडेर अन्यत्र गए भने मात्र यहाँ प्रजातन्त्र खतरामा पर्छ। प्रजातन्त्रवादी र मानवअधिकारवादीहरूले आफ्नो भूमिकालाई महत्व दिएनन् भने पनि यो स्थिति आउन सक्छ। आज यहाँ जनआन्दोलन र प्रजातन्त्रको भावना विपरीत काम हुन थालेको आभाष भइरहेको छ। यसलाई बचाउने हो भने हामी दुई ठूला पार्टीहरू मिल्नै पर्छ। मनमोहनजी र हामी बसेर टाउको भिडायौं भने मात्र प्रजातन्त्र बच्न सक्छ।

(इन्सेकद्वारा प्रकाशित वर्ष पुस्तक १९९६ को विमोचन समारोहमा ०५३ चैत २७ गते व्यक्त विचार)

हामीलाई शीर निहुऱ्याउन बाध्य पार्ने यो प्रथा

- गोविन्द कोइराला
केन्द्रीय सदस्य, नेकपा (एमाले)

हामी जुन सामाजिक क्षेत्र र परिवेशमा रहेका छौं त्यही क्षेत्रकै निम्ति आजको यो क्षण, यो घडीलाई मैले अत्यन्तै ऐतिहासिक मानिरहेको छु। यस अर्थमा कि कमैया प्रथाले यो पश्चिमलाई चिनाउने एउटा विशिष्ट सन्दर्भ भएकोले यसलाई उठाएको हुँ।

सुदूर पश्चिम मुलुकको पिछडिएको क्षेत्र हो भन्ने कुरामा हाम्रो राष्ट्र सहमत छ। त्यतिमात्र हैन यस मुलुकमा काम गरिरहेका गैर सामाजिक संस्थाहरू छन्, अन्तर्राष्ट्रिय सामाजिक संस्थाहरू छन्, तिनीहरूले पनि यो कुरालाई अनुभूत गरेका छन् कि हाम्रो देशको सुदूर पश्चिम क्षेत्र पिछडिएको ठाउँ हो। अन्य त्यस्ता विविध पक्षहरू, सन्दर्भहरू पनि होलान् तर पनि यो कमैया प्रथा भनेको हाम्रो यो सुदूर पश्चिमको समाजको लागि कलंक भएर रहेको छ। अर्थात् हामी चाहे सामाजिक क्षेत्रमा कार्यरत रहौं, चाहे राजनैतिक क्षेत्रमा कार्यरत रहौं, चाहे सांस्कृतिक, आर्थिक अन्य विविध पक्षका क्षेत्रमा कार्यरत रहेका छौं। तर सुदूर पश्चिमका क्षेत्रमा बाँचिरहेका अरू सबैले आफ्नो गौरवका निम्ति शीर ठाडो पार्न सक्ने धेरै कुराहरू होलान् तर साह्रै तल झरेर शीर निहुराउनु पर्ने यो कमैया प्रथा यहाँ कायम नै छ। यस कारण मैले कमैया मुक्ति अभियान सम्बन्धी आजको दिनलाई ऐतिहासिक भनेको हुँ।

हामी यस प्रथाको समाधानको लागि, मुक्तिको लागि, यो आन्दोलनलाई अगाडि बढाउन, यो कलंकलाई मेट्नको निम्ति आफ्नो व्यग्रता जाहेर गर्दछौं। यसैका लागि हामी यहाँ सबै उपस्थित भएका छौं र आफ्ना विचार र भावनालाई एकताबद्ध रूपमा जाहेर गर्नको निम्ति उपस्थित भएका छौं। अहिले यो खचाखच भरिएको सभाकक्षलाई हेर्दा मैले यहाँ देखेको छु हामी दुई खाले समूहहरू यहाँ उपस्थित भएका छौं। एउटा साँचो अर्थमा भौतिक रूपले आफू कमैया भएर त्यो यथार्थ भोगिरहेको, दासताले घेरिरहेको त्यो उत्पीडित, सामाजिक असमानता, आर्थिक शोषण र ती अनेकौं यातनाहरूलाई झेलिरहेका कमैयाहरू स्वयं नै यहाँ उपस्थित हुनुहुन्छ।

कमैया प्रथाको उन्मुलन चाहने अर्को जनसमुदाय पनि यहाँ उपस्थित भएका छौं। समाजको निम्ति हाम्रो कलंकको रूपमा रहेको यो कमैया प्रथाको अन्त्यका लागि मानवअधिकारवादी संस्था इन्सेकले जुन अभियान संचालन गरिहेको छ, यसमा हामी सबै तह र क्षेत्रका व्यक्तिहरूले आ-आफ्नो ठाउँबाट सहयोग गर्नु हाम्रो कर्तव्य भएको छ। साथै इन्सेक यस्तै सामाजिक कार्यमा अगाडि बढिरहोस्। म यही नै शुभकामना व्यक्त गर्दछु।

(इन्सेकद्वारा ०५२ माघ १० गते आयोजित "कमैया मुक्ति अभियान राष्ट्रिय सम्मेलन" मा व्यक्त विचारहरू)

जनताको सेवकले जनतालाई दमन गर्नु हुँदैन

- डिल्लीरमण रेग्मी
वरिष्ठ राजनीतिज्ञ

यो मानवअधिकार वर्ष पुस्तकको ठेलीलाई मैले ठेलीको रूपमा मात्रै लिइरहेको छैन। यसलाई मैले नेपाली जनताको दुःखको कहानी संग्रहको रूपमा लिएको छु।

मानवअधिकारको उल्लंघन धेरै ठाउँमा भएको छ। अरू देशहरूमा पनि भएको छ। हाम्रो देशमा पनि बराबर हुँदै आइरहेको छ। यो देशमा शताब्दियौंदेखि नै मानवले मानवको हैसियतमा बस्न पाएका छैनन्। थोरै व्यक्तिहरूले शोषण गरिरहेका छन्। बलियाले निर्धालाई, धनीले गरीबलाई र विद्वानले कम ज्ञान भएकालाई विभिन्न तरिकाबाट शोषण गरिरहेका छन्।

०४६ साल अघि पनि इन्सेक परिवारका सदस्यहरूले दिलोज्यानले मानवअधिकारको उल्लंघन हुन नपाओस् र हाम्रो ध्यान त्यसतर्फ जाओस, सरकार र प्रहरीबाट जुन हिसावले दमन भइरहेको छ, त्यतातिर सरकारले नजर दौडाओस भन्ने कोशिस नगरेका होइनन्। म आज उमीहरूलाई धन्यवाद दिन्छु। कुन शब्दले धन्यवाद दिउ, शब्द नै पाउँदिन।

संयुक्त राष्ट्र संघले तयार गरेको प्रतिवेदन र मानवअधिकारको व्याख्यातिर ध्यान दिनु पर्दछ। तर कुनै-कुनै ठाउँमा उपद्रो भइ नै रहेको छ, निर्दोष मान्छेलाई पक्राउ गरिरहेका छन्। दोषीहरू फुत्किरहेका छन्। ००७ साल, ०४६ साल बितेर गयो। समय चक्र घुम्दो छ। तर समयसँगै दमन चक्र पनि घुम्दोरहेछ।

म गृहमन्त्री छँदाको एउटा घटना सुनाउँछु। त्यतिखेर तराई क्षेत्रको भ्रमणमा गएको थिएँ। तराई क्षेत्र कै एउटा जेलमा दश वर्षदेखि कैद एकजना मान्छेलाई भेटें। ऊ आन्दोलनमा सरिक भएकोले जेल परेको रहेछ। त्यस आन्दोलनमा उसले विना लाइसेन्सको पेस्तोल लिएको अभियोग लगाइएको रहेछ। मैले उसलाई पेस्तोल पाएको या नपाएको र मुद्दा हेरिएको या नहेरिएको कुरा सोधें। उसले केही नभएको बतायो। त्यहाँबाट फर्किएर आएपछि मैले अनेक प्रयास गरें, उसलाई न्याय दिएँ। ऊ छुट्यो। यस्तो दृष्टान्त हामी पचासौं दिन सक्छौं। अर्को कुरा, जुन व्यक्तिमाथि वारेन्ट हुन्थ्यो, म उसलाई पनि भेट्थें। र, ती व्यक्तिलाई म के पनि भन्थे भने- प्रहरीले तिमीहरूलाई पक्राउ गऱ्यो भने म केही गर्न सक्दिन। तर म आफू चाहिं कदापि पक्राउ गर्न दिन्न। किनकि, गृहमन्त्री भनेको कसैलाई पक्राउ गराउने, गोली हान्न आदेश दिने व्यक्ति होइन। गृहमन्त्रीले त नीति बनाउनु पर्छ।

मानवअधिकारको निम्ति लडिरहेका व्यक्तिहरूले मानवअधिकार कहाँ हनन भइरहेको छ भन्ने कुरा पत्ता लगाउनु पर्छ। त्यसको निदान खोज्नु पर्छ। सरकारको ध्यान आकर्षित गर्नु पर्छ। त्यस्तै, सरकारको काम चाहिं अपराध कहाँ भएको छ, कानून कहाँ तोडिएको छ, त्यो

पत्ता लगाउनु पर्छ। गृहमन्त्रीको काम त नीति बनाइदिने हो, कुनै पनि कार्य कानूनको बर्खिलापमा छ भने त्यो बताइदिने हो। प्रहरीलाई पनि सरकारले आफ्नो निगरानीमा राख्नु पर्छ, ऊ त एउटा सेवक हो। जनताको सेवकले, जनतालाई दमन गर्ने होइन। प्रहरी विवेकी हुनु पर्छ। प्रहरी जनताको हकको रक्षा गर्ने रक्षकको रूपमा पनि उभिनु पर्दछ, भक्षकको रूपमा होइन। तर यस्तो तालिम कसले दिने भन्ने समस्या छ। हामी कहाँ आस्थाका बन्दीहरू पनि छन्। कम्युनिष्टहरू शक्तिमा आए। अरू विचारधाराका व्यक्तिलाई जेलमा थुन्ने एवं प्रजातन्त्रवादीहरू हुँ भन्नेहरू सत्तामा पुगे। कम्युनिष्ट विचारधारा मान्नेलाई जेलमा थुन्ने परिपाटी भएका छैनन् भन्न मिल्दैन। म आफू स्वयं जेलमा बसेको हुनाले जेलमा अहिले पनि आस्थाका बन्दीहरू छन्।

अहिले हाम्रो देशमा ट्रेड युनियन, विद्यार्थी र कर्मचारीहरूको पनि छुट्टाछुट्टै संगठन भएकोले एक पक्षले अर्को पक्षलाई देखी नसहने परिपाटी छ। अब जागिरमा पनि हस्तक्षेप हुन्छ भने त्यो पनि मानवअधिकारको हनन नै हो। आफ्नो पार्टीको कार्यकर्ता भए उसलाई बढुवा गर्ने, सुविधा एवं अवसर दिने परिपाटी पनि छ। आफ्नो पार्टीको जतिसुकै असक्षम व्यक्ति भए पनि सक्षम ठहऱ्याएर स्थान दिने परिपाटी छ।

म राजनीतिक नियुक्तिको सख्त विरोधी मान्छे हुँ। म भन्छु- प्रजातन्त्र चाहन्छौ भने प्रजातान्त्रिक व्यवस्था बनाउ, प्रजातान्त्रिक परिपाटी बनाउ। प्रजातान्त्रिक परिपाटीमा संचार माध्यम कसैको हुन सक्दैन। संचार माध्यममा बस्ने व्यक्ति स्वतन्त्र हुनुपर्छ। त्यसको कुनै सिद्धान्त एवं पार्टी हुनुहुँदैन, ऊ सेवाको रूपबाट आउनु पर्दछ। तर, यहाँ एउटा पार्टीको सरकार आए उसकै मान्छेहरू भरिन्छ। मलाई लाग्छ, यहाँ त सरकारभन्दा पनि व्यक्ति छ। जो प्रधानमन्त्री छ, उसको गुनगान गाउने परिपाटी छ। तर प्रधानमन्त्रीलाई पनि ज्ञान चाहिन्छ, उसलाई प्रजातन्त्र भनेको यो हो भनेर पढाउने मान्छे चाहिन्छ।

म पंचायतको घोर विरोधी हुँ। मेरो घरमा पंचायतको वर्खिलापमा भाषण हुन्थ्यो। मलाई "प" भन्ने शब्द नै मन पर्दैनथ्यो।

आफ्नो सिद्धान्तमा म डगेको जस्तो लाग्दैन। अन्जान रूपमा कतै डगेको हुँला। तर मानवअधिकार मेरो निम्ति ज्यादै प्यारो कुरा हो। चाहे बोस्निया होस्, चाहे प्यालेष्टाइन होस्, जायर होस् वा जुनसुकै देश होस्, मानवअधिकारको उल्लंघन भएको खबर सुने भनें म मर्माहत हुन्छु। म नेपाल माताको पुत्र हुँ, यहाँ कै हावापानी पिएर हुर्किएँ। माताप्रति कसको स्नेह हुँदैन? मैले धेरै नराम्रा कुराहरू पनि सुनेको छु। त्यसबारे लेख्न थालियो भने पचासौं भागको "लण्डन रहस्य" जस्तो किताव बन्न सक्दछ।

हामी कहाँ अहिले चारित्रिक ह्रास आइरहेको छ। त्यसलाई कसरी बचाउने भन्ने चिन्ता अहिले टड्कारो रूपमा उब्जिएको छ। यी पनि मानवअधिकारभित्रै पर्ने कुराहरू हुन्। म अहिले चौरासी वर्षको भएँ। मेरो व्यक्तिगत जीवन कस्तो छ भनेर बुझ्ने अधिकार सबैलाई हुनुपर्छ। तर मेरो मनमा कतै दमनको कुरा उठ्यो भने म झसंग हुन्छु।

मान्छेलाई ज्यादै दुःख दिन थालियो भनै हातखुट्टा सबै चलाउँछ। नजिकको ढुंगा-मुढापनि नंग्राले हुत्याउँछ। मान्छेलाई दुःख दिइयो भने ऊ जे पनि गर्न बाध्य हुन्छ। हिंसाको जवाफ

हिंसा होइन। तर हिंसा गर्न थाल्यो भने हिंसाले हिंसा जन्माउछ। हिंसाको जड सरकार नै हुन सक्दछ। किनकि ऊ सित प्रहरी छ, गोली-गठ्ठा छ, मान्छेलाई पक्रने साधन छ। तसर्थ, पहिलो जोरजुलुम सरकार कै तर्फबाट हुन्छ।

तर यसको कसरी समाधान गर्ने भन्ने समस्या छ। यसको उचित जवाफ बुद्धले खोजे, सन्तहरूले खोजे। इशा मसिहको कथा मैले भन्नै पर्दैन। गान्धिजीले त्यसलाई राजनीतिक क्षेत्रमा पनि प्रयोग गर्नु भयो। त्यहाँ साम्राज्यवाद ढल्यो, ठिकै भयो। तर औषधिको सवाल उठ्दा गान्धीजीले पनि हार खानु पर्छ।

नेपालको कुना-काप्चामा के-के भइरहेको छ, त्यो त मलाई पनि थाहा छैन। तर, जेलको अवस्था बुझ्दा चाहिं ज्यादै नराम्रो पाएको छु। म पनि जेलमा बसें। जंगबहादुरको पालाको ओढ्ने-ओछ्याउने नै अहिलेसम्म त्यहाँका कैदीहरूले प्रयोग गरिरहेको भैं स्थिति छ। तसर्थ यहाँ जेल सुधार पटक्कै भएको छैन। किनकि जेलको सुधार गर्ने भनेर ठेकेदारलाई जिम्मा दिइन्छ उसले पर्याप्त नाफा खान्छ। नाफा खाएर बचेकोबाट नै काम हुन्छ। म भारतको जेलमा बसें, त्यहाँ खान-प्युन मानवोचित व्यवस्था छ। मैले अमेरिका र बेलायतको जेल पनि दर्शकको रूपमा हेरें। तसर्थ हाम्रो देशको कैदीको हालत भन्दा भारतको कैदीको हालत राम्रो छ।

प्रसंग बाहिर गए जस्तो लाग्यो। मानवअधिकारको निम्ति लड्ने व्यक्तिहरूले जेलमा के भइरहेको छ, जेल बाहिरका प्रहरीले गरेको ज्यादती थाहा पाउनु पर्छ। हाम्रै बीचमा धनीले धनको भरमा, बलियोले बलको भरमा कति अन्याय-अत्याचार गर्छ, त्यो पनि थाहा पाउनु पर्‍यो। मानवले मानव भएर बस्न पाउनु पर्दछ। उसले गाँस पाउनु पर्दछ, वास पाउनु पर्दछ र कपास पाउनु पर्दछ। शिक्षा पाउनु पर्दछ।

म दोस्रो विश्वयुद्धको कुरा गर्न गइरहेको छु। म त्यतिखेर हिन्दुस्तानको जेलमा थिएँ। तर त्यहाँ खुल्ला रूपमा जर्मनीलाई समर्थन गर्ने व्यक्ति मात्रै जेलमा थियो, अरू कुनै जेलमा थिएन। के आज हामी यो कुरा गर्व गरेर भन्न सक्छौं? आज प्रजातन्त्र आएको झण्डै पचास वर्ष जति भयो, ०४६ सालपछि सात वर्ष बितिसक्यो। प्रजातन्त्र आएको सातौ वर्ष गाँठमा मात्रै जनआन्दोलन दिवस मनाइयो, ६-६ वर्षसम्म के हेरेर बसेका थिए? किन मनाइएन? ती नेताहरू कता गएका थिए? मलाई यस्तै-यस्तै प्रश्न सोध्न मन लागेको छ। म त जनआन्दोलनको बेला घर मै नजरबन्द थिएँ। मलाई धेरै कुरा थाहा पनि छैन।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा नै विना वारेन्ट कसैलाई गिरफ्तार गर्न नपाइने कुरा उल्लेखित छ। विनाकारण कसैको घरमा प्रवेश गर्न नपाइने व्यवस्था तोकिएको छ।

नेपालको प्रशासन कस्तो छ भन्ने कुरा मलाई राम्रैसंग थाहा छ। म स्वयं गृहमन्त्री भएको हुँदा थाहा छ। म आज पनि कोही-कोहीलाई आजको परिपाटीको बारेमा सोध्छु। उनीहरू केही नबदलिएको, तेरो र मेरो मान्छे मात्रै भन्ने गरेको कुरा सुनाउँछन्। यहाँ कोही मान्छे मन्त्री भयो भने आफ्ना नातेदारहरूलाई जागिर खुवाउने भन्दा अरू काम नै छैन। उद्घाटन गर्न हिड्ने बाहेक अरू केही काम छैन। म त भन्छु- अब एउटा उद्घाटन मन्त्रालय खोले हुन्छ।

मेरो समयको भारत र अहिलेको भारतमा फरक छ। गान्धीको नेतृत्वको भारतमा गान्धिजीका सहायकहरू जवाहरलाल नेहरू, राजेन्द्र प्रसाद, के. मुन्सी, वल्लभभाई पटेल

आदिसित साक्षात्कार हुँदा मेरो शीर झुक्दथ्यो। हाम्रा नेताहरूले पनि यस्तै चेला बनाउनु पर्छ भन्ने म चाहना रास्छु।

विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री हुँदाको कुरा हो। एउटा होटलमा पार्टी थियो। उनले मलाई आफ्नो सवारी साधन लिएर आउनु भएको छ कि भनेर सोधे। मैले ल्याएको छैन, नजिकै पर्ने हुँदा हिडेरै आएको हुँ भने। वि.पी.ले म पुऱ्याई दिन्छु, तपाईंसित एकछिन कुरा पनि गर्नुछ भने। कुराकानी गर्ने सिलसिलामा उनले आफूलाई उक्त दिन पार्टीका चारजना मान्छेहरू आएर खुट्टा समातेको र खुट्टा समात्नेहरूले फलानो खाली पदमा मलाई मिलाइदेउ भनेको कुरा सुनाए। त्यसपछि मैले वि.पी.लाई सोधे- तिमीले उनीहरूलाई के जवाफ दियौ त? वि.पी.ले भने- मैले खाली नभएको र तिमीहरू योग्य छैनौ भनें। मैले त्यसपछि वि.पी.लाई तिमी योग्यताको कुरा किन गर्छौ, तिम्रो पछि उनीहरू लागेको बाह्र वर्ष भइसक्यो, त्यही हो योग्यता भनेर भने। मैले यो कुरा किन उठाएको हुँ भने पार्टीका कार्यकर्ताहरूलाई मात्रै जागिर दिने क्रम अहिले पनि जारी भएको झलक दिनलाई उठाएको हुँ।

म के चाहन्छु भने नेपालमा कोही भोको नहोस्, कोही आस्थाको बन्दी नहोस्। जनताले हतियार लिन बाध्य सरकारले नपारोस्। अहिले चलिरहेको माओवादी आन्दोलन छ, त्यसको राजनीतिक रूपबाट समाधान हुनु पर्दछ। किन, तिनीहरू हात-हतियार उठाउन बाध्य भए? त्यसको जवाफ खोज्नु पर्छ। किनकि, हात-हतियार उठाएर मान्छे मार्नु गम्भीर कुरा हो। त्यसप्रति प्रहरी कतिको जिम्मेवारपूर्ण छ? सरकारले बुझ्नु पऱ्यो। प्रहरीको ज्यादती भएर नै हतियार उठाउन बाध्य भएका हुन कि? त्यो पनि बुझ्नु पर्दछ। तिनीहरूमाथि ठूला-ठालुले कति थिचोमिचो गरेको छ? त्यो पनि पत्ता लगाउनु पर्दछ। अनि त्यसपछि मात्रै समाधान हुन्छ। कुराकानीबाट समाधान गर्नु पर्छ।

त्यसो त बोस्नियामा, जायरमा र प्यालेष्टाइनको झगडामा कैयौं मान्छेहरू मरिसकेका छन्। कैयौं मान्छे घाइते भएका छन्। यस्तो सुन्दा संसारभरि नै डढेलो लाग्यो कि भन्ने भान हुन्छ। मन आत्तिन्छ। तर यसको समाधान पनि छलफलद्वारा नै हुन्छ।

संयुक्त राष्ट्र संघलाई बलियो बनाउनु पर्छ। साधन दिनुपर्छ। अमेरिकाले अझै पनि संघको २ विलियन डलरको ऋण चुक्ता गर्न सकिरहेको छैन। जुन धनी राष्ट्र छन्, उनीहरूले पनि आफूले तिर्नु पर्ने पैसा दिइरहेका छैनन्। हामीकहाँ अहिले सरकारको १५ प्रतिशत बजेट शैक्षिक क्षेत्रमा खर्च हुन्छ। तर कैयौं विद्यालयहरू साधन-सुविधा सम्पन्न छैनन्, कैयौं ठाउँमा विद्यालय छैन। तर जहाँ पार्टीले चलाएको कुनै विद्यालय छ भने त्यहाँ पैसा, साधन र सुविधा पुगिरहेको छ।

मेरो चाहना नै यत्ति छ- नेपाल सुन्दर, शान्त देश बनोस्, कोही जेल बस्नु नपरोस्, कोही भोका-नांगा नहुन्।

एकपटक पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा म कहाँ आउँदा उनले "के गर्ने? यहाँ प्रत्येक पार्टीका मान्छेहरू आएर यो ले त्यो ले भनेर मात्रै माग्छ" भन्ने गुनासो गरेका थिए। त्यसपछि मैले सोधेको थिएँ- देशको हालत खराब छ, गाउँको हालत खराब छ भनेर कोही आए? उनले बहुत कम आएको कुरा सुनाए। हाम्रा गिरिजाबाबुको पनि त्यस्तै अनुभव होला। यहाँ बोल्ने

क्रममा उनले आफ्ना अनुभवहरू बहुत इमान्दारीपूर्वक भनून्। बरू पार्टीलाई बचाउनु जरूरत छैन, नेपालको हालत के छ त्यो हेर्नु पर्‍यो। नैतिकता कहाँ पुग्यो त्यो हेर्नु पर्‍यो। यहाँ मान्छेको खरिद, बिक्री समेत हुन थालेको छ। चुनावमा कोही मान्छे जितेर आउँछ। जितेर आएपछि उसले आफ्नो कर्तव्य भन्दा बाहिरको काम गर्छ र सरकारलाई समेत स्वतम पार्छ। यो स्थितिमा हामी तल गिरिसकेका छौं। हामी मुख देखाउन नालायक भइसक्यौं। हामी आज यो स्थितिमा छौं।

म तपाईहरूलाई आश्वस्त गर्न चाहन्छु, मेरो दिल शुद्ध छ, कसैप्रति मेरो ईर्ष्या, द्वेष छैन। प्रजातन्त्र फलोस फुलोस्। निर्भिक भएर बोल्न पाउने, योग्यता र क्षमताको आधारमा जागीर पाउने परिपाटी बसोस्। मलाई लाग्छ- जागिर दिने मन्त्री होइन, पार्टी होइन। म त भन्छु- राजदूतको नियुक्ति पनि पार्टीगत तवरबाट होइन, सेवाबाट जानु पर्छ। तिम्रो मालिक अरू कोही होइन, दुनियाँ हो। दुनियाँ भनेको त अमूर्त हो, चार जनाले पनि दुनियाँको नाम लिएर हुलहुज्जत गर्न सक्छ। तर त्यसलाई दुनियाँ भन्न चाहिं सकिदैन। नियम, कानून नै मालिक हुन्, मन्त्री मालिक होइन। नियम, कानूनको राम्रो संगले पालना गरे कसैले कोहीसित डराउनु पर्दैन।

एकपटक नेहरूसित मेरो कुरा चल्दा उहाँले भन्नुहुन्थ्यो- म त एकजना पियनलाई पनि भर्ना गर्न सक्दिन। तर हाम्रो देशमा प्रधानमन्त्री या अरू मन्त्रीहरूले ठुल-ठूला पदमा अरू केही पद नपाए एडभाइजर बनाएर पनि जागिर खुवाउँछन्। यस्तो नहोस् भन्ने कामनो बारम्बार गर्दछु। मलाई केही हुनु पनि छैन। मौका धेरै आए। मैले धेरै जसो मौकालाई त्यागें। यो चौरासी वर्षीय उमेरमा केही ईच्छा, आकांक्षा पनि छैन। तर मर्ने बेलामा एउटा आकांक्षा चाहिं के छ भने- नेपाल सुखी एवं समृद्धशाली बनोस्, यहाँ कोही भोकै नमरोस्, कोही अशिक्षित भएर नबसोस्, जेलमा कोही बन्दी पनि नहोस्।

यहाँ कुनै मन्त्री, प्रधानमन्त्रीले भाषण गर्‍यो भने प्रशासनमा राजनीतिकरण नहुने, आस्थाको कुरा नहुने भाषण गर्छन्। तर यहाँ प्रत्येक राजनैतिक पार्टीहरूले आ-आफ्नो संगठन खोलेर शिक्षक, कर्मचारी र मजदूरहरूलाई भाँडिरहेका छन्। यस्तो नहोस्। किनकि उनको भोट दिने अधिकार त छैंदैछ नि। सरकारी ओहदामा बस्ने मान्छेले राजनीति गर्नु हुँदैन।

मैले आज जति कुरा बोलें, नेपालको कल्याण होस्, देशवासीहरूको कल्याण होस् भनेर नै बोलेको छु। कोही भोको नहोस्, कोही अशिक्षित नरहोस्, सबैलाई मानवअधिकारको बारेमा सामान्य जानकारी होस्, कसैको मानवअधिकार नछिनियोस्, नखोसियोस्।

(इन्सेकद्वारा प्रकाशित वर्ष पुस्तक १९९६ को विमोचन समारोहमा ०५३ चैत २७ गते व्यक्त विचार)

कानून बनाएर मात्र केही हुँदैन

- तुलसीलाल अमात्य
नेकपा (एमाले)का तत्कालीन वरिष्ठ नेता

इन्सेकका साथीहरूले मानवअधिकारको सवाललाई लिएर पंचायतकालदेखि नै कठिन संघर्ष गदै आउनुभएको छ। उहाँहरू मानवअधिकार वहालीको निम्ति लड्नु भयो, प्रजातन्त्रको लागि लड्दै आउनु भयो र आज पनि लड्दै हुनुहुन्छ। यसपाली उहाँहरू कमैया समस्यालाई उठाउँदै अगाडि बढ्नु भएको छ।

नेपाल त अहिले सारा समस्याले जेलिएको छ। यहाँ एकातिर कमैया समस्या छ, अर्कोतिर किसानहरूका छुट्टै समस्या छन्, युवकहरू आफ्नै समस्यामा छन्, महिलाहरूका छुट्टै प्रकारका समस्या छन्। बेकारी जमातको त्यस्तै समस्या छ, बूढाहरूको पनि समस्या छ। व्यापारीहरूको आफ्नै समस्या छ। यहाँ समस्या नहुने त कुनै वर्ग नै छैन। यी सारा समस्याले मुलुक गाँजिएको छ। यसका विरूद्ध पचासौं वर्षदेखि संघर्ष गर्दै आइयो र आज मुस्किलले प्रजातन्त्र स्थापना भएको छ। संघर्षको दौरानमा प्रजातन्त्रका साथै एउटा कम्युनिष्ट पार्टी पनि सरकारमा पुग्न सफल भएको छ।

यो निर्विवाद सत्य हो कि यी सारा समस्याहरू समाधान गर्नको निम्ति यो समाजलाई बदल्न सक्नुपर्छ। यही समाजको आर्थिक-सामाजिक चरित्रलाई यथावत राखी एकातिर ५० हजार र अर्कोतिर एक लाख खर्च गरेर कहिल्यै पनि समाज बदलिदैन। सामान्य सुधार हुँदै जान्छ, फेरि उस्तै समस्या अर्को तरिकाबाट देखापर्छ। कहिल्यै पनि समस्या समाधान हुँदैन।

कमैया प्रथाको सवालमा नै चर्चा गरौं। पाँच जिल्लामा कमैयाहरू छन्। ती सोझा सिधा मानिसहरू, काम नपाएर टाउको र काँधमा कपडा राखेर मात्रै पनि अर्काको काम गरिरहेका छन्। उनीहरूका सामु वैकल्पिक उपाय छैन। त्यसैले तत्काल रोक लगाउने कुरा हुन सक्तैन। एकैछिन कमैया प्रथामा रोक लाग्यो रे, कमैया गरीब र साधारण मान्छेले कसरी आफ्नो जीवन निर्वाह गर्छन्? कमैया पनि हुन नपाउने र अर्कोतर्फ बैकल्पिक काम पनि नपाइने ? आफ्नो खेत छैन, काम गर्ने ठाउँ पनि छैन भने तिनीहरू बाँच्छन् कसरी ? यता आयो काम गर्न हुँदैन भनी समातेर लैजान्छ। अर्कोतिर काम लगाउने व्यवस्था छैन। उनीहरूलाई बचाउने योजना खोई ? जबसम्म सरकारले योजनाबद्ध तरिकाले सिंगो राष्ट्रलाई ध्यानमा राखेर योजना बनाउँदैन, त्यसबेलासम्म कमैया लगायत अन्य समस्याहरू समाधान हुन सक्तैनन्। कमैया प्रथा समाप्त गर्नुछ भने उनीहरूलाई काम दिने बाटो पनि देखाउनु पर्‍यो।

यहाँ उद्योगमन्त्री पनि उपस्थित हुनुहुन्छ। उहाँको काँधमा धेरै ठूलो जिम्मेवारी छ। शक्ति छ, अधिकार पनि छ। उहाँले चाहनु भयो भने नेपालमा धेरै कामको सिर्जना गर्न सक्नुहुन्छ।

जसमा ठूलो बेकारी समूहलाई रोजगारी दिन सकिन्छ। तर औद्योगिक क्षेत्रमा हाम्रो सरकारले अहिलेसम्म लिएको नीतिले राष्ट्रिय उद्योगको विकास गर्ने कुनै लक्षण देखिएको छैन। जहिले पनि समाचारमा साना र घरेलु उद्योग, सीपमूलुक र आयमूलक तालिम सम्पन्न भए, बीस जना महिलालाई तालिम दिइयो, एक ठाउँमा डोका बुन्न सिकाइयो, अर्को ठाउँमा नाङ्लो बुन्न सिकाइयो, निगालोको डालो बुन्न सिकाइयो भन्ने सुनिन्छ। के यत्तिकै भरमा हामी देशको उन्नति गर्न सक्छौं? त्यसकारण सरकारले यस्तो साँगुरो सोचाइ त्यागेर बृहद् औद्योगिकरणको लागि प्रयास गर्नुपर्छ। तद्अनुरूप नै योजना बनाउनु पर्छ। देशमा सामन्ती शोषण यथावत छ। सरकारले त यो शोषणलाई समाप्त पार्ने नीति र कार्यक्रम अघि सारेर काम गर्नुपर्छ। जग्गाको वितरणमा रहेको अस्तव्यस्तता समाप्त गरी किसानहरूलाई जग्गाको मालिक बनाउन सक्नुपर्छ।

यसबाहेक देश निर्माण गर्ने अर्को बाटो हो-औद्योगिक विकास। म देख्दैछु- सरकारले औद्योगिक विकासको कुनै लक्ष्य नै राखेको छैन।थुप्रै मान्छेहरू अहिले पनि उद्योग खोल्न चाहिरहेका छैनन्। भएको पैसा घरखेत किन्न, घर बनाउन, घरेलु सर सामान किन्न मात्र खर्च गरिरहेका छन्। पैसा छैन भनेर हिंड्छन्।तर तिनीहरूलाई नै बुलेट प्रुफ कार चाहिएको हुन्छ, विलासी सामानहरू पनि चाहिएको छ। नेपालमा औद्योगिक विकास गर्न सरकारले ध्यान पुऱ्याउनु पर्‍यो। विदेशी पूँजी आउला भनेर मात्र हुँदैन। त्यो त्यति सजिलै आउँदैन, आए पनि हामीलाई कुनै फाइदा छैन। एकातिर हामी कमैया प्रथाको विरोध गर्ने, अर्कोतिर विदेशीहरूको कमैया बन्न उनीहरूकै पूँजी र लगानी ताकेर हुन्छ? यहाँ हामीले आफ्नै बल र बुँताले लगानी गरेर उद्योगको विकास गर्नु परेको छ। तर सरकारले त यहाँ भएका उद्योगहरू पनि बेच्दैछ। अस्ति मात्रै कृषि औजार कारखाना बेचियो। हाम्रो जस्तो कृषि प्रधान देशका लागि त्यो नभई नहुने चिज हो। व्यापारीको हातमा कारखाना पुगेपछि हामीले किन्न सक्ने मूल्यमा सर-सामान पाउँछौं? के किसानले किन्न सक्छन्? सरकारले पहिले बेचेका कारखानाहरूको गति हेरौं न- पहिले भृकुटी कागज कारखाना बेचियो। पहिले चार रूपैयाँमा एक जिस्ता कागज पाइन्थ्यो, आज सोह्र रूपैयाँ पुगेको छ। बाँसबारी छाला जुत्ता कारखानाबाट तीन-चार सयमा जुत्ता किन्न पाउँथ्यौं, आज त्यो डुब्यो, काठमाडौंमा चलाउन सकेन र बाहिर लगिएको छ। एकजोर सामान्य जुत्ताको भाउ बाह्र-पन्ध्र सय रूपैयाँ पुग्यो। पहिले सिलाजित एघार रूपैयाँमा एक शिशि किन्न पाउँथ्यौं, आज १ सय २० रूपैयाँ पुगेको छ। यसरी कारखाना विदेशीलाई बेचेर देशको उन्नति हुन्छ? के यो देशको भलो गर्ने बाटो हो? त्यसकारण हामीमा हरेक क्षेत्रमा राष्ट्रियताको भावना आवश्यक छ। हाम्रो देश हामीले नै बनाउनुपर्छ भन्ने धारणा सबैले बोक्नुपर्ने भएको छ।

एकातिर हामी बूढाबुढीलाई भत्ता दिने र गाउँ-गाउँमा तीन-तीन लाख रूपैयाँ बाँड्ने कार्यक्रम बनाउँछौं। तर आय श्रोत खोई? भएको स्रोत पनि बेचेपछि कहाँबाट राष्ट्रले आम्दानी गर्छ र गाउँमा पैसा पुऱ्याउने? सरकारको बजेटको ठूलो स्रोत नै राष्ट्रिय क्षेत्र हो, राजकीय क्षेत्र हो। पहिले यो ठीक ढंगले बढेको थियो। बीचमा बेइमानी भयो। जसले गर्दा अहिले नेपालमा राजकीय क्षेत्र सबल छैन। चिनी कारखानामा त्यही भयो। पहिले नाफामा थियो, अहिले घाटामा गएको छ। सरकार त्यो पनि बेच्ने सुरसारमा पुगिसकेको छ। यस्तो उल्टो राजकीय स्रोतको

परिचालन, उल्टो अर्थनीतिले देशले कुनै उन्नति गर्न सक्तैन। कुनै पनि समस्याको समाधान गर्न सक्तैन।

राजनीतिमा बहुदलीय प्रजातान्त्रिक शासन प्रणालीको नाउँमा एक दलको मिचाह प्रवृत्ति र दलहरूबीचको टक्कर र काटाकाट बढ्न खोजिरहेको छ। बहुदलीय शासनमा सबैको सल्लाहबाट संसद् चल्नुपर्छ। के त्यो मुख छाड्ने ठाउँ हो? आपसमा लड्ने ठाउँ हो? त्यहाँ त सबैले देश कसरी बनाउने भनी दिमाग खियाउनुपर्छ। विरोधी दलले पनि देश बनाउने सुझाव देओस्, शासन गरिरहेका दलहरूले पनि सबैलाई समेटेर कार्यक्रम तय गरून् र कार्यक्रममा कमी अथवा त्रुटी रहेको भए विपक्षी दलले औंल्याइ देओस्। तर हामीकहाँ त विरोधी दलको काम कसरी सत्ता गिराउने भन्ने कुरामा मात्र सीमित रहेको छ। यसरी सत्ता ढाल्ने र बनाउने कुराबाट मात्र देश बन्छ र? मैले त धेरै अगाडिदेखि भन्दै आएको छु-संसदमा आफ्नो एकल बहुमत भए पनि कम्यूनिष्ट पार्टीले एक्लै शासन चलाउन खोज्नु हुँदैन। संभव भएसम्मका स-साना शक्तिलाई समेटेर व्यापक संयुक्त मोर्चा बनाएर काम गर्न खोज्नुपर्छ। यस दिशामा हामीले ध्यान दिइरहेका छैनौं।

मान्छेहरू चीनमा कम्युनिष्ट पार्टी एक्लैले शासन गरिरहेको बताउँछन्। तर यो वाहियात कुरा हो। त्यहाँ नौ वटा पार्टी मिलेर शासन गरिरहेका छन्। नौ वटै पार्टीको संयुक्त मोर्चा बनेको छ। सबैका प्रतिनिधिहरू मोर्चामा छन्। ५२ वटा जनजातिहरूबाट प्रतिनिधित्व गराइएको छ। विभिन्न धार्मिक संगठनका प्रतिनिधिहरू सरकारमा सामेल छन्। यसरी व्यापक संयुक्त मोर्चा बनेपछि मात्र १ अरब २० करोड जनतालाई खुशी तुल्याएर कम्युनिष्ट पार्टीको नेतृत्वमा शासन चलेको छ।

हामी चाहिं अनावश्यक र अस्वस्थ प्रतिस्पर्धा गर्ने बाहेक कुरै जान्दैनौं। एकले अर्कोलाई पछार्ने मात्र चिन्तन बोकेपछि कहिले बन्छ-स्थायी र दिगो सरकार? विदेशीको भरमा, ऋण र अनुदानको भरमा, दातृ संस्थाको कृपाबाट देश उँभो लाग्छ? हाम्रो वैदेशिक ऋण १ खरब ५२ अरब पुगिसक्यो। त्यसको ब्याज मात्र आठ अरब जान्छ। ब्याज समेत जोड्दा १ खरब ६० अरब पुग्छ। यस वर्ष १९ अरब अरू लिने प्रस्ताव गरिएको छ। अनि यसै वर्ष १ खरब ८० अरब ऋण पुग्न जान्छ। यसको ब्याज कसले तिर्ने? कसरी तिर्ने? मलाई लाग्छ- आउँदो तीन वर्ष भित्र हामी तीन-चार खरब ऋणमा फस्छौं। त्यसपछि त हाम्रो ब्याज तिर्ने बुता पनि हुँदैन र देश बैदेशिक ऋणको बन्धक हुन पुग्छ। यो त सारा राष्ट्रलाई विदेशीहरूको बँधुवा बनाउने बाटो हो। के ऋण लिएर ब्याज तिर्ने बाहेक हामीसँग अर्को कुनै सोच छैन? यसकारण अब नयाँ ढंगले सोच्नुपर्छ। मार्क्सवादी दृष्टिकोणका आधारमा सोच विचार गर्दा के यस्तै हुन्छ? दृष्टिकोण शून्य भएको परिणामस्वरूप नै देश यस्तो दुर्गतिको शिकार भइरहेको छ।

नेपालमा १२ करोड रोपनी खेत छ। २ करोड नेपालीको भागमा यो छ-छ रोपनी पर्न जान्छ। तर अधिकांश भूमि सामन्तको हातमा छ। उत्पादन ह्रासोन्मुख छ। उत्पादन बढाउन त वास्तविक किसानको हातमा जग्गा पुग्नुपर्छ, उनीहरूलाई वैज्ञानिक र उन्नत खेती गर्न सिकाउनुपर्छ। साथसाथै सरकारले पनि आफ्नो जग्गा बढाउँदै जानुपर्यो। जग्गाको रैकर व्यवस्था समेत खारेज भएर अहिले जताततै निजीकरण मात्र गरिएको छ। निजीकरणबाट

आम्दानी र उत्पादन बढे पनि त्यो वास्तविक रूपमा देश विकासमा लाग्न सक्दैन। निजीकरणबाट भएको आम्दानी, रक्सी खाने, डाँका पाल्ने, विदेशमा राख्ने र मोटरसाइकल खरीद गर्ने काममा सकिएको छ। यसरी देश बन्छ? तसर्थ सरकारले विकास कार्यलाई अगाडि बढाउन आम्दानीका स्रोतहरू व्यवस्थित गरिरहनुपर्छ। चीनमा मैले देखें- त्यहाँ हरेक विभागले व्यवसाय गरिरहेको छ। पार्टी-पार्टीका व्यवसाय छन्। सरकारका विभाग-विभाग मातहत आम्दानीका स्रोत छन्। जसले गर्दा राजकीय क्षेत्र बलियो बनेको छ।

उद्योग, कृषि र व्यवसायको ठूलो हिस्सा सरकारको हातमा राखेर त्यसको विकास गर्दै लैजाने काम हाम्रो सन्दर्भमा पनि गर्नु जरूरी छ। यसो गर्न सक्ने हो भने पैसा हाम्रै देशबाट निस्किन्छ। प्रकृतिले हामीलाई दिएका स्रोतहरू सदुपयोग गर्नुपर्छ। सिंचाईको राम्रो प्रबन्ध गर्ने हो भने हामी १२ करोड एकड जमिनमा १ सय ४४ करोड मुरी अन्न उत्पादन गर्न सक्छौं। ४० करोड मुरी अन्न अन्य देशमा खपत भए पनि ४ करोड मुरी निर्यात हुनसक्छ। यतातिर ध्यान नै दिएको छैन। खाली पैसा छैन भन्दै ऋण लिदै जाने? अनि देश उठ्न सक्छ? एउटा किसान कमैया हुनुपर्ने कारण पनि यस्तै ऋणको भार होइन र? त्यसैले म त भन्छु- हामीले राजनीति, अर्थनीति र विकासका सम्बन्धमा सतर्क भएर फराकिलो दृष्टिकोणसहित सोच्नु जरूरी छ। सबैलाई समेटेर अगाडि बढ्न राजनैतिक पार्टी र नेताहरूले पनि चिन्तन गर्नुपर्ने खाँचो छ। यदि इमान्दारीपूर्वक काम गर्ने हो भने १० वर्षभित्र नेपाललाई विकासको नयाँ उचाईमा पुऱ्याउन सक्छौं। हाम्रा छिमकीहरू पनि नेपालको विकासका लागि सहयोग गर्न तयार छौं भनिरहेका छन्। मसँग चिनियाँहरूले यस सम्बन्धमा पटक-पटक कुरा गरे। हामीले त सारा दृष्टिकोण नै बदल्ने आँट गर्नुपरेको छ। मित्र खोज्दा पनि सही र सज्जनहरूको खोजी गर्नुपर्छ। यस्तो दृष्टिकोणको आधारमा काम गर्ने हो भने कमैया प्रथा पनि समाप्त होला। नत्र कानून बनाएर यस माथि बन्देज लगाइए पनि कानून केही हुँदैन। कानूनले बन्देज मात्र लगाउँदा कमैयाहरूले या त विदेशिनु पर्छ या आत्महत्या गर्नुपर्छ। उनीहरूले अर्को बाटो पाउँदैनन्।

(०५४ साउन १६ गते प्रकाश स्मृति दिवसमा व्यक्त मन्तव्य)

कमैयाहरुमा जागृति ल्याउने महान काम इन्सेकले गऱ्यो

- त्रिलोचन ढकाल
पूर्व मन्त्री तथा सांसद

आज एउटा ठूलो ऐतिहासिक अभियानलाई सफल पार्ने सन्दर्भमा कमैया मुक्तिको पहिलो राष्ट्रिय सम्मेलन हुन गैरहेको छ। सम्पूर्ण नेपालका र खासगरी दाङ, बाँके, बर्दिया, कंचनपुरमा अहिले पनि रहेका र दासको सरह जीवन गुर्जानु भएका कमैयाको मुक्तिको लागि यस सम्मेलनले महत्वपूर्ण भूमिका खेल्ने छ। नेपालमा धेरै वर्ष अगाडिदेखि अर्थात् २००७ सालदेखि नै किसान आन्दोलन उतार चढावकासाथ बेलाबखतमा सक्रिय हुँदै अगाडि बढेता पनि यो कमैयाहरूको मुक्ति थिएन। कमैया समुदायलाई यति सक्रिय र यति जागरूक बनाउन पनि आजसम्म अरू कुनै पनि संघ संस्थाले सकेका थिएनन्। अहिले आएर इन्सेकले जे प्रयत्न गऱ्यो परिणामस्वरूप कमैयाहरूको बीचमा जागृति ल्याउने एउटा महान् काम यस संस्थाले गऱ्यो। कमैयाहरूलाई सचेत बनाउने, संगठित गर्ने, आफ्नो मुक्तिको अभियानमा अगाडि बढ्नको निम्ति जागृत र सचेत पार्ने जुन काम इन्सेकले गरिरहेको छ बास्तवमै यो साह्रै महत्वपूर्ण छ।

यो कमैया मुक्तिको प्रथम सम्मेलनको तयारीको सन्दर्भमा र आयोजनाको पक्षमा पनि आज इन्सेकले जुन महत्वपूर्ण भूमिका खेलिरहेको छ- यो उसको महान् योगदान र महान कामप्रति हार्दिक आभार व्यक्त गर्दछु। हुनत नेपालमा अरू धेरै मानवअधिकारवादी संघ संस्थाहरू पनि क्रियाशील छन् र तिनीहरूले आ-आफ्नो क्षेत्रमा काम गरिरहेका छन् तर हाम्रो देशको सामन्तवादको अवशेषकै रूपमा रहँदै आएको कमैया समस्यालाई समाधान गर्न यस संस्थाले जुन हात हाल्यो त्यो झनै ऐतिहासिक रूपले महत्वपूर्ण रहेको छ। त्यसकारण पनि सम्पूर्ण नेपाली किसानहरूको तर्फबाट र अखिल नेपाल किसान संघको तर्फबाट म पुनः यो इन्सेक संस्थालाई धन्यवाद दिन चाहन्छु।

यो अभियानलाई अगाडि बढाउनको लागि महत्वपूर्ण भूमिका खेलोस् र महत्वपूर्ण काम गर्ने भावना अझै जागृत हुँदै जाओस् र यस संस्थालाई हरेक क्षेत्रबाट सहयोग मिल्दै जाओस् भन्ने शुभेच्छा पनि व्यक्त गर्न चाहन्छु।

यो पहिलो राष्ट्रिय सम्मेलन भएकोले यसले विधान पनि पारित गर्ने कुरा हामीले कार्यसूचीमा देखेका छौं। यसले कार्यक्रम पनि बनाउने छ। यो नेपालको कमैया प्रथाको रूपमा रहेको दास प्रथालाई समाप्त गर्ने कार्यक्रम बनोस् र यो कमैया मुक्ति आन्दोलनलाई सफलता

दिलाउन सक्ने सक्षम नेतृत्व यो सम्मेलनले चयन गर्न सकोस् भन्ने म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

अरू धेरै मित्रहरूले बताइसक्नु भएको छ- "आफ्नो मुक्तिको निम्ति वास्तवमा आफैं लड्नु पर्दछ।" हाम्रो देश नेपालमा पनि जनताहरू विभिन्न समुदायमा संगठित हुँदै कार्यरत रहँदै विभिन्न पेशामा हुनुहुन्छ। जुनसुकै पेशा अथवा समुदाय, क्षेत्रमा रहेता पनि यदि त्यो क्षेत्रबाट उसले मुक्ति पाउने हो भने ऊ आफैंले लड्नु पर्दछ। कमैयाहरू पनि यो मुक्ति आन्दोलनमा अगाडि बढ्दा स्वेरी नेतृत्वदायी संस्थामा उनीहरू आफैं रहेर लड्नु पर्दछ। आफू अगाडि बढेपछि मात्र अरूको सहयोग, समर्थन प्राप्त हुने कुरा हो। यसर्थ यो सम्मेलनपछि जुन एउटा संगठन बन्ने छ त्यसले यो कमैया मुक्ति आन्दोलनको नेतृत्व गर्न सफल हुने छ भन्ने मलाई लागेको छ। घरेलु दासको रूपमा कार्यरत कमैया मित्रहरूको जुन यहाँ उपस्थिति मैले देखेको छु त्यसले पनि यो मुक्ति अभियान अब तेजगतिकासाथ अगाडि बढ्ने छ र छिटै यसले सफलता हासिल गर्ने छ भन्ने विश्वास मलाई लागेको छ। यो काममा यो पहिलो राष्ट्रिय सम्मेलन सफल होस् भन्ने चाहना राख्दै मेरो भनाई यहीं अन्त्य गर्दछु।

(इन्सेकद्वारा ०५२ माघ १० गते आयोजित "कमैया मुक्ति अभियान राष्ट्रिय सम्मेलन" मा व्यक्त विचारहरू)

हामी सबैलाई दायित्वबोध भएको छ

- डा. देवेन्द्रराज पाण्डे
भू.पू. अर्थमन्त्री

मैले मानवअधिकार सम्बन्धी सभा-समारोह, गोष्ठीमा भाग नलिएको धेरै लामो समय भैसक्यो। त्यसैले मलाई यस विषयमा बोल्न अप्ठेरो परिरहेको छ। जनआन्दोलनको मर्म, जनआन्दोलनले गरेको अपेक्षा, त्यसको सम्बन्धमा हामीले मानवअधिकारको क्षेत्रमा जे-जस्ता प्रगति हासिल गरेका छौं त्यसको बारेमा मूल्याङ्कन गर्न, समीक्षा गर्न, इन्सेकले यो राम्रो कार्यक्रमको आयोजना गरेको छ। यसमा सहभागी हुन आउनु भएका कार्यकर्ताहरूलाई हेर्दास्वेरी सबैजसो युवा पुस्ताका नेपालीहरू देखिरहेको छु। तपाईंहरू सबैमा जोश, जागर, हौसला र प्रतिबद्धता बढाउने काम हामीले गर्नुपर्दछ। त्यो बढाउनको लागि जे-जस्ता मीठा कुराहरू मैले गर्नुपर्ने हो, भन्नुपर्ने हो, त्यो भन्न चाहिं अलि अभाव रहेको अवस्थामा अझ बढ्ता स्वङ्किरास्वेको छ।

मूल कुरा आजभन्दा सात वर्ष अगाडि जुन जनआन्दोलन भयो त्यो एउटा यस्तो राजनैतिक व्यवस्थाको विरूद्धमा थियो, जुन व्यवस्थामा राजनीतिक हक र मानवअधिकार, नागरिक अधिकारको मात्र प्रत्याभूति नभएको होइन कि त्यो राजनैतिक हक, मानवअधिकारलाई कुण्ठित गरेर भए पनि आर्थिक सामाजिक विकास गर्न सकिन्छ भन्ने गलत सोचाई थियो। त्यो गलत सोचाइलाई लिएर अगाडि बढेको जुन व्यवस्था थियो, त्यसले तीस वर्षको दौरानमा राजनैतिक हक र मानवअधिकार जनताबाट स्वोस्दा-स्वोस्दै पनि आर्थिक, सामाजिक क्षेत्रमा पनि विशेष उल्लेख्य प्रगति गर्न सकेको थिएन। त्यसैले जनआन्दोलनलाई जन्माउने, यसलाई अगाडि बढाउने मूल कुरा दुईवटा थिए। पहिलो राजनैतिक हक र दोश्रो नागरिक अधिकार। यी शास्वत अधिकार हुन्- नागरिकको। ती अधिकारको उपभोग गर्दा, प्रत्याभूत गर्दास्वेरी सामाजिक-आर्थिक हकको आहुति दिनुपर्ने अवस्था पनि छैन। ती दुईवटै कुरा साथसाथै अगाडि जान सक्दछन्। हुनत आजसम्म पनि यो द्वन्द्व चलिरहेको छ। वैचारिक तहमा पनि द्वन्द्व चलिरहेकै छ, व्यवहारिक तहमा पनि द्वन्द चलेकै छ।

व्यक्तिको हक ठूलो कि समाजको आवश्यकता ठूलो ? समाज ठूलो कि व्यक्ति ठूलो ? व्यक्तिको हक संरक्षण गर्नको लागि समाजको हकलाई पछाडि पार्न मिल्दछ कि मिल्दैन ? समाजको विकासको निम्ति व्यक्तिको हकलाई केही मात्रामा कुण्ठित गर्न मिल्दछ कि मिल्दैन? यो द्वन्द्व पुरापूर्वकालदेखि चलिआएको छ।

हामी मानवअधिकारवादीहरू, प्रजातन्त्रवादीहरू, जुन प्रजातान्त्रिक माध्यमबाट प्रजातान्त्रिक समाज र प्रजातान्त्रिक राज्य व्यवस्थाबाट पनि नेपाल जस्तो पिछडिएको, विपन्न मुलुक जहाँ

असमानताका खाडलहरू झन-झन फराक हुँदैछन्, त्यहाँ पनि विकास अगाडि बढाउन सकिन्छ भन्ने मानिसहरूको विश्वास चाहिं केमा अडेको छ भने- एक क्षेत्रको अधिकारको निम्ति अर्को क्षेत्रको अधिकारलाई मास्नु पर्ने वा त्यसलाई गौण मान्नु पर्ने कारण हुँदैन यदि हामी मानिस हौं भने। मानिस हौ भनेको मतलब, हामी मानिस हौं, हामी व्यक्ति हौं, हाम्रा आकांक्षा छन्, हाम्रा आवश्यकताहरू छन्, हाम्रा क्षमताहरू छन्। मानिसको साथसाथै हामी समाजको सदस्य पनि हौं। यदि समाजको सदस्य पनि हौं, मानिस पनि हौं, र व्यक्ति पनि हौं भने यी कुरामा सन्तुलन कायम गरेर अगाडि बढ्ने कुरामा कुनै समस्या पर्नु हुँदैन। तर यदि हामी मानव हुँदैनौ, हामीमा मानवीय गुणहरूमा ह्रास हुँदैजान्छ भनेदेखि हामी समाजको निम्ति पनि केही गर्न सक्दैनौ। व्यक्तिको हकको उपयोगको बारेमा पनि हामीले कुनै सुरक्षा दिन सक्दैनौं।

वास्तवमा यिनै कुराको प्रत्याभूति भनौं वा अन्तर्राष्ट्रिय स्तरमा मानव हकको प्रस्तावना संयुक्त राष्ट्र संघ मार्फत प्रकट भएको थियो। यसैको आधारमा पछिपछि अन्य कुराहरू पनि आए। त्यसपछि नै राजनैतिक हक, नागरिक हक, आर्थिक, सामाजिक, सांस्कृतिक हक सम्बन्धी विचारहरू आए। जुन सन् १९४८ को विश्वव्यापी घोषणापत्र छ, त्यसलाई अध्ययन गर्ने मानिसले त्यसभित्र यी सबै कुराहरू प्रकट भएको पाउँछौं।

त्यही कुरालाई वास्तवमा प्रत्याभूति दिनको लागि नै विश्वयुद्धपछिको विश्व जगत लागिपरेको छ। यसमा हामीहरू प्रत्येक क्षेत्रबाट पछाडि परेका मानिसहरूले २०४६ सालमा जुन अपेक्षा राख्वेर जनआन्दोलन गऱ्यौं त्यसको परिणति अब अहिले के भएको छ भन्ने कुरामा मूल्याङ्कन गर्नको निम्ति, अध्ययन गर्नको निम्ति जुन यो सम्मेलन इन्सेकले गरेको छ, त्यसमा युवा मानवअधिकारवादीहरूबाटसमेत पूरा योगदान हुनेछ भन्ने विश्वास मलाई लागेको छ।

जहाँसम्म अहिलेको अवस्थाको समीक्षा गर्न खासगरी सामाजिक एवं आर्थिक क्षेत्रको जिम्मा मलाई दिइएको छ, त्यसमा चर्चा गर्नुभन्दा अगाडि एकछिन राजनैतिक कुरा गर्ने हो भने केही न केही मात्रामा सन्तोष लिन मिल्ने ठाउँ नभएको होइन। यसलाई हामी राजनैतिक चेतना, नागरिक अधिकारका कुरा भन्छौं। २०४६ साल अघिको तुलनामा केही न केही प्रगति भएका छन्, यो सबैले देख्वेको कुरा हो। एउटा राजनैतिक संगठन खोल्न पाउने अधिकारबाट समेत वञ्चित भएको समाज र व्यवस्थाबाट हामी यहाँ आइपुगेका छौं जहाँ विभिन्न प्रकारका मानवअधिकारवादी संगठनहरू कार्यरत छन्। विभिन्न प्रकारका सामाजिक संघ-संस्थाहरू काम गरिरहेका छन्। त्यस्तै अन्य मौलिक हकहरूको प्रत्याभूति भएको छ। नभएको होइन तर पनि एउटा झन हामीले सन्तोष लिनुपर्ने यो दिन हो जस्तो मलाई लाग्दछ। आजको दिनलाई हेर्दाखेरी हामीले हाम्रो हकको सुरक्षा त गऱ्यौं, जसले जनआन्दोलनमा भाग लिए, जसले आफ्नो जिउ ज्यानको आन्दोलनमा एक प्रकारले त्याग गरे, कतिपयले आफूलाई बलिदान गरे। त्यसबापत त्यस लडाइँमा संलग्न राजनैतिक पार्टीहरू, जनसमुदायहरू, नेताहरूले त अलिकति उपभोग गर्न पाउने नै भए। त्यो भन्दा पनि हामीले सन्तोष लिनुपर्ने कुरा अरू होला कि ? त्यस्तो प्रकारको संघर्षमा कुनै पनि प्रकारको योगदान नगरेको मात्र होइन ती राजनीतिक हक, मौलिक हक अधिकारलाई कुण्ठित गरेर राख्ने नेपालको निम्ति सबै भन्दा उपयुक्त शासन

व्यवस्था हो भन्ने मानिसहरू जो थिए र छन्, उनीहरूले पनि पार्टी खोल्न पाए। हामीले आफूले मात्र हक लिएनौं कि हाम्रो आफ्नो हक कुण्ठित गर्नेहरूलाई पनि हामीले हक दियौं। यहाँ भन्दा ठूलो उपलब्धि के हुन सक्ला ? पुराना पंचहरू जस्ले तीस वर्ष नेपालको शासन गरे, गरीब नेपाली जनताको शोषण गरे र अरू नागरिक हक हनन गरे। तिनलाई पनि हक दिइयो र भनियो– ल, तिमीहरू पनि पार्टी खोल। त्यसपछि नै उनीहरूले राष्ट्रिय प्रजातन्त्र पार्टी नामक पार्टी खोले। खोले मात्र हैन, अहिले देशको शासन गरेर सरकारको प्रमुख भएर बसे। नागरिक हक, राजनैतिक हकको हिसाबले यसलाई उपलब्धि नै मान्नु पर्ला। खुसीको अवस्था नेपाल जस्तो देशमा त्यसबेला हुन्छ जब जुनसुकै पार्टी अस्तित्वमा आउन, सबै नेपाली मिलेर नेपाल बनाउनु पर्दछ भन्छन्। के को लागि लडिएको थियो ,के भयो, कस्तो भयो, कहाँ आइपुगियो भन्ने कुरा हेर्दाखेरी कहिले काहीं दिक्क लाग्दछ। तर पनि नेपाल राष्ट्र सबैको हो भन्ने भावनाकासाथ अहिलेको संविधान, अहिलेको राज्यव्यवस्थालाई मानेर अगाडि आउँछन् भने ठीकै कुरा हो।

जहाँसम्म आर्थिक हक, सामाजिक हकको कुरालाई सुरक्षित गर्ने र अहिलेको जे जस्तो अवस्था छ त्यसतर्फ योगदान गर्नको लागि यी राजनैतिक पार्टीहरू, त्यसका नेतृत्व वर्गले यो सात वर्षका भूलहरूलाई सुधार गरेर, सात वर्षमा हामीले हराएको हाम्रो दिशाबोधलाई फेरि समातेर अगाडि बढ्न सकिन्छ कि सकिदैन भन्ने कुरा चाहिं मूल कुरा हुन आउँछ। किनभने जब हामी आर्थिक, सामाजिक अधिकारका कुरा गर्छौं, सन् १९४८ कै मानवअधिकार घोषणामा भएका कुरा हेरौं, त्यसै बेलामा सांस्कृतिक र आर्थिक अधिकार सम्बन्धी छुट्टै दस्तावेज थिएन, एउटै दस्तावेज थियो। त्यही बेलाको समयमा त्यही घोषणामा सामाजिक सुरक्षा सम्बन्धी अधिकार थियो। के हो सामाजिक सुरक्षा सम्बन्धी अधिकार भनेको? समाजको प्रत्येक नागरिकले आफू सुरक्षित भएको अनुभूति गर्नुपर्दछ। एउटा मानव भएर बाँच्न के चाहियो समाजमा? जनजीविकाको उपायका सम्बन्धमा कामको अधिकार हुनु पर्‍यो। शिक्षाको हक हुनु पर्‍यो। यी यावत कुशहरू आर्थिक, सामाजिक अधिकारभित्र पर्दछन्। अहिलेको हाम्रो अवस्था हेर्दा ज्यादै सानो समुदायले मात्र त्यो अधिकार उपभोग गर्न पाएको छ। यसबारेमा मैले यहाँ धेरै व्याख्या गरिरहनु पर्दैन। दिनदिनै पत्रपत्रिकामा पढ्छौं, जुनसुकै सरकारका मन्त्रीको भाषणहरूमा सुन्दछौं कि नेपालमा गरीबीको रेखा कहाँ छ? गरीबीको रेखा र संख्या नेपालमा झन्-झन् बढ्दो छ। शिक्षा र स्वास्थ्यमा प्रगति भएको देखिएता पनि दक्षिण एशियामा अरू गरीब मुलुकको तुलनामा हाम्रो अवस्था ज्यादै कमजोर छ।

तर पनि केही सकारात्मक पक्ष पनि खोज्न मन लाग्छ। किनभने हामी केही न केही आशावादी भएर अगाडि बढ्नु पर्ने हुन्छ। आर्थिक, सामाजिक क्षेत्रमा २०४७ सालको संविधान लागु भएपछि केही त्यस्ता कुराहरूको पनि प्रत्याभूति गरिएको छ। जसबाट हामीले केही मात्रामा भए पनि सन्तोष लिन सक्दछौं। जुन कुरा पंचायती व्यवस्थामा सोच्नेसम्मको जमर्को पनि गरिएको थिएन। सांस्कृतिक हकको कुरा गर्ने हो भने अल्पसंख्यक जातिको सांस्कृतिक हकको प्रत्याभूति गरिएको छ। जुन कुरा सानो र गौण रूपमा भए पनि रेडियो नेपालबाट ८–९ वटा भाषाहरूमा अहिले समाचार प्रसारण गरिन्छ। यस्ता पक्षलाई हामीले उपलब्धिको रूपमा लिनु

पर्दछ। त्यस्तै धार्मिक स्वतन्त्रताका कुराहरू पनि पहिलेको भन्दा बढ्ता प्रत्याभूत गर्न सकेका छौं। यस्ता कुराहरूमा हामीले गर्न नसकेका होइनौ केही भए पनि उपलब्धि हासिल गरेका छौं। तर जहाँसम्म आर्थिक कुरा आउँछ, यस अधिकारलाई स्थापित गर्ने कुरा हुन्छ, यसलाई हामीले गम्भीर भएर हेर्नुपर्ने हुन्छ। राजनीतिक हकको कुरालाई हेर्ने हो भने जति उपभोग गर्न सक्दछौं, त्यसको लागि अरूको हक हनन गर्नु पर्दैन। वास्तवमा मैले जिम्मेवार नागरिक भएर आफ्नो नागरिक दायित्व पूरा गरें भने अरूको हक पनि झन् बढ्ता स्थापित हुन पुग्दछ। तर आर्थिक अधिकारको विषय कस्तो हुन्छ भने, कताकता एक वर्गको आर्थिक, सामाजिक हक स्थापित गर्न खोज्दाखेरि अर्को वर्गको स्वार्थमा हानी पुग्दछ कि? वा धक्का लाग्न जान्छ कि? त्यो अर्को वर्गसंग कसरी सन्तुलन मिलाउने? राजनैतिक हकलाई स्थापित गरेर यो समस्यासंग जुझ्ने भन्ने कुरा ज्यादै गाह्रो कुरा हो। त्यसैको निम्ति बहुदलीय व्यवस्थामा एउटा खुल्ला समाज हुन्छ, क्रिया-अन्तरक्रिया हुन्छ, विभिन्न पार्टीहरूले विभिन्न विचार लिएर अगाडि बढ्छन्। ती क्रिया-अन्तरक्रियाबाट क्रमशः एउटा निष्कर्ष निस्कदै जान्छ भन्ने हाम्रो विश्वास छ। जनआन्दोलनलाई सफल बनाउन योगदान गर्ने नेतृत्व वर्गबाट ध्यान नपुग्नाले नै हामीहरू त्यस सम्बन्धमा पछाडि परेका हौ जस्तो मलाई लाग्दछ।

साँच्चै भन्ने हो भने आर्थिक कुरालाई विचार गर्दा त अहिलेका ठूला पार्टीहरूबाट र ती पार्टीबाट बनेका सरकारहरूले जनभावनालाई कदर गर्ने भन्दा झनै उपेक्षा गरेको जस्तो मलाई लाग्दछ। कदर गर्न त सकेनन्-सकेनन् उपेक्षा नगरिदिएको भए हुने थियो। उपेक्षा नगरिदिने भनेको सत्तामा पुगेपछि, शक्तिमा पुगेपछि, त्यो सार्वजनिक साधनको उपयोगको बारेमा मेरो जिम्मेवारी के भन्ने बारेमा बिगत ६-७ वर्षका सरकारले ध्यान दिइरहेको छैनन्। त्यो सार्वजनिक सम्पत्ति र साधनको उपयोगको बारेमा समेत ध्यान नदिनेले निजी क्षेत्रमा रहेको साधन, सम्पन्न समुदायमा एकाधिकार रूपमा रहेको साधनमा समेत सामाजिक र सार्वजनिक आवश्यकता पूर्ति गर्ने नैतिक शक्ति कहाँबाट आउने? त्यो नैतिक बोध कहाँबाट आउने? मुलुकको आर्थिक संरचनामा जे-जस्तो परिवर्तनको अपेक्षा गरिएको थियो त्यो अपेक्षा एकपछि अर्को सरकार परिवर्तन हुँदै गए तर व्यवहारमा प्रकट भएको हामीले देख्न पाएनौं। यस्तो समाजलाई हामीले प्रजातन्त्र भन्ने कि नभन्ने? प्रजातन्त्र भनेको के हो? पार्टीहरू भए, चुनाव भए, जनताकै म्याण्डेट अनुरूप सरकार परिवर्तन भए। संविधान सम्मत तरिका अनुसार राज्य संचालन भैराखेको छ। त्यति भएर प्रजातन्त्र हुन्छ? यो कुरा वामपन्थी नेताहरूले मात्र सोचेको कुरा होइन। यो मार्क्सवादी ज्ञाताहरूले मात्र सोचेको कुरा होइन। ४०-५० वर्ष अगाडि पाश्चात्य मुलुकका विद्वानहरूले पनि सोचेका थिए। यदि स्वतन्त्रता र समानताका बीचमा त्यो द्वन्द्व छ भने त्यो व्यवस्थालाई हामीले के भन्ने? जहाँ समानतालाई मात्र हामी महत्व दिन्छौं त्यो त साम्यवाद भयो रे। हैन जसलाई हामीले व्यक्तिगत स्वतन्त्रता दियो भन्छौं त्यो पूँजीवाद भयो रे। यस्तोलाई अब के भन्ने? व्यक्त गर्ने शब्दै छैन। अंग्रेजी भाषा, नेपाली भाषा, अन्य कुनै पनि भाषामा शब्द नै छैन। अब यो व्यवस्थालाई के भन्ने? केही भन्न नपाएर हामी प्रजातन्त्र भनिरहेका छौं। तर भन्ने मात्र हैन कि वास्तवमा यसलाई प्रजातन्त्र बनाउन सकिएला कि भनेर हामी लागि पनि राखेका छौं र त्यसैको लागि इन्सेक जस्तो मानवअधिकारवादी संस्थाले यस्तो

राम्रो गोष्ठी गरिरहेको छ।

मूल कुरा साधनको अभाव भएको हाम्रो मुलुकमा, कसैमा पनि सम्वेदनशीलता छैन। अहिले एउटा मन्त्री परिषद् आयो, अहिले प्रत्येक मन्त्रीले क्वाटर खर्च बापत ५० हजार मात्र लिने भनेर चित्त बुझाउनु परेको छ। प्रगति देखिएको छ, यसलाई हामीले खुशी हुँदै प्रगति मान्नु पर्रेको छ किनभने यसभन्दा अगाडिकोले तीन लाख लियो रै। मैले यहाँ आलोचना गर्न खोजेको पनि होइन र तीतो बोल्न खोजेको पनि होइन तर यतापट्टि सम्वेदनशील हुनु अति आवश्यक छ। यदि हामीले आर्थिक, सामाजिक हकका कुराहरू, अधिकारका कुराहरूलाई दस्तावेजमा मात्र सीमित नगर्ने हो भने प्रजातन्त्रलाई नेपालका विपन्न वर्गका जनतामा पुऱ्याउनै पर्दछ। होइन भनै चाहे माओवादीका नाममा होस् वा अरू नै नाममा होस् एक न एक प्रकारले घटनाहरू देखापर्ने प्रवृत्तिहरू उब्जिरहन्छन्। ती सब घटना र प्रक्रियाको पछाडि केही शास्वत कुराहरू हुन्छन् जो विभिन्न नातावादले, शोषित भएको भावनाले जन्माएको हुन्छ र त्यस्तालाई उपयोग गरेर फेरि त्यस्तैलाई दबाउने प्रक्रिया पनि त्यसैसंग गाँसिएको हुन्छ। त्यसको उपचार यदि खोज्ने हो भने हामीले आर्थिक, सामाजिक कुरामा संवेदनशील हुनु पर्छ।

आर्थिक, सामाजिक र राजनैतिक हकको विषयमा मैले जे भने त्यसमा पूँजीवादी दृष्टिकोण अनुसार पूँजीवादी समाजमा पनि व्यक्तिको हक स्थापित गरिकन सामाजिक दायित्व निर्वाह गर्न लगाउँदा खेरी पूँजीवादी शासनले के भन्छ भने त्यो व्यक्तिको सृजनशीलता, उत्पादनशीलता र त्यो व्यक्तिले समाजको निम्ति गर्ने योगदानमा आघात पर्दछ। तथापि व्यक्तिलाई स्वच्छन्दरूपमा छोडिदिनु पर्दछ ताकि उसले आफ्नो सृजनशीलता देखाएर समाजलाई भौतिक रूपमा पनि केही योगदान दिन सकोस्। मान्नें नमान्ने त्यो कुरा छैन, त्यो आफ्नै ठाउँमा छ। नेपालमा के को द्वन्द्व हो यो? नेपालमा व्यक्तिको लागि स्वच्छन्द छोडिदिएर उसको सृजनशीलता, उत्पादनशीलता बढेको छ? यहाँ त वास्तवमा द्वन्द्व के हो भने भ्रष्टाचारी एवं समाजद्रोही प्रवृत्ति र जनता। उत्पादनशील प्रवृत्तिको र समाजको बीचको होइन। सृजनशीलता र सामाजिक सुरक्षा बीचको होइन। पराश्रयी प्रवृत्ति र जनताको आवश्यकता बीचको द्वन्द्व हो। यसको निरूपण गर्नको लागि हाम्रो नेतृत्व वर्ग सक्षम नभएको भन्ने त मलाई लाग्दैन। त्यत्रो त्याग, तपस्या र योगदान गरेर आएको पार्टी, नेता हुनुहुन्छ। उहाँहरूबाट यसको निरूपण हुनु पर्ने थियो त्यो हुन सकिरहेको चाहिं छैन। त्यतापट्टि हामीले ध्यान दिनु पर्दछ जस्तो मलाई लाग्दछ।

किन यस्तो भयो भनेर सोच्दा हामी अलिकति भावुक पनि हुन्छौं र हुनु पनि पर्दछ। किनभने नत्र यो सब व्यवहार नै यस्तै हो भनेर हामी जाने गर्छौं। मानवअधिकारको घोषणा सम्बन्धी सन् १९४८ को पहिलो आर्टिकल जुन छ त्यो मलाई अति नै मन पर्दछ। विवेक र अन्तस्करण। यी दुई वटा कुरा प्रत्येक मानवमा छ भनेर भनिएको छ। हरेक मानिसमा विवेक छ, अन्तस्करण छ त्यसैले मानवअधिकारको अन्तर्राष्ट्रिय घोषणापत्रलाई हामी स्थापित गर्न सक्दछौं। त विवेक छैन भने के स्थापित गर्ने? जब विवेक हराउँछ भने बाँकी कुरा सबै दस्तावेजमा अड्ने छ। अब यो विवेक भनेको के हो यसलाई कहाँ समात्ने? यसको बारेमा के गरी कानून बनाउने, के गरी ऐन ल्याउने? के गरी निरीक्षण गर्ने हो? विवेक नभइनकन त यो गर्न सकिदैन। यसपछि कुरो आउँछ अन्तस्करणको। अन्तस्करण भनेको एउटा सानो त्यो

स्वर हो जसले तपाईहरूको कानमा फुस्स भनिदिन्छ। अरूले पनि देखिराखेका छन्, हेरिराखेका छन् भनेर जनाउ दिन्छ। भनाइको मतलव अलिकति ए लाज त लाग्नु पर्दछ भन्न खोजेको हो। अरूले के भन्लान, कसो भन्लान, अरूले पनि देखिराखेका छन् भन्ने डर पनि भएन। यिनै कुरालाई लिएर मैले घोषणापत्रको कुरा उठाएको छु। यी कुराहरूमा राजनैतिक पार्टी र नेताहरूको मात्र दायित्वको कुरा नभएर इन्सेक जस्तो मावनअधिकारवादी संस्थाले तपाईं हामी सबैलाई यहाँ जम्मा गरी गोष्ठीको आयोजना गरिरहेको छ। यसमा तपाई हामी सबैलाई दायित्वबोध गराएको छ। यहाँ मैले हामी सबै भनेको त्यस भित्र पनि एउटा पक्ष छ। मानवअधिकार आन्दोलनवादीहरू, अरू नागरिक र समाजका संस्थाहरू, उनीहरूकै क्रियाकलापका विषयमा यदि प्रश्न उठ्यो भने हाम्रो हतियार अझ बढ्ता भुत्ते हुन जान्छ। २०४६ सालमा जनआन्दोलन गर्दा नेपालमा जम्मा दुईवटा मानवअधिकारवादी संस्थाहरूमा हुरोन, र फोफुर मात्र थिए। फोफुर संस्थाका स्व. प्रकाश काफ्ले, सुशीलजीहरू हुनुहुन्थ्यो। त्यसपछि यहाँ धेरै नै मानवअधिकारवादी संस्थाहरू खुले भने अर्कोतर्फ यहाँ मानवअधिकार आन्दोलनको विश्वसनीयता त्यो जनतालाई ग्राहय हुने, शक्ति सम्पन्न वर्गलाई ग्राहय हुने कामहरू हामीले कुन मात्रामा गर्न सकेका छौं वा छैनौ भन्ने सम्बन्धमा चिन्तन गर्नु पर्दछ। सबभन्दा पहिले त २०४७ सालमा मलाई नै मानवअधिकारवादी भएर मन्त्री खान गयो भनेर बात लगाइयो। यो आरोप कति ठीक कति बेठीक आफ्नै ठाउँमा छ, त्यता म जान चाहान्न।

हामी विभिन्न पेशामा लागेका डाक्टर, वकिल, इन्जिनियर, प्रोफेसर आदिले आफ्नो नागरिक दायित्व निर्वाह गरिरहेका छैनौं भने कुन नागरिक अधिकारको कुरा गर्ने ? नागरिक हक र दायित्व भन्नाले हामी आफूले मात्र आफ्नै पेशा र वर्गको हितको हिसाव गर्ने बानी जुन बसिरहेको छ, नेपालमा त्यसले गर्दा हामीले अरू कसैलाई औंला ठड्याउने अवस्था रहेन। मैले आफ्नै क्षेत्रको कुरा गर्नुपर्दा सम्पन्न नेपाली नगारिकहरूले ऐन, कानूनअनुसार कर तिर्दैनन् भने ती नागरिक भए कि भएनन् ? के ती नागरिक भए ? नागरिक नै अब भएनन् भने कुन नागरिक हक खोज्ने ? र सरकारलाई कसरी औंल्याउने ?

तसर्थ यसमा हामी सबैले गम्भीर भएर अगाडि बढौं। साथै यो आन्दोलनको गति अझै निरन्तर अगाडि बढिरहोस्।

(इन्सेकद्वारा ०५४ साउन १२ मा आयोजित "मानवअधिकार सम्मेलन" मा व्यक्त विचार)

महिलाहरु आफैं अगाडि बढ्नु पर्छ

- द्वारिकादेवी ठकुरानी
भू.पू. मन्त्री

मलाई राजनैतिक महिला सम्मेलन काठमाडौंमा सम्पन्न हुन गइरहेको छ भन्ने सुन्न पाउँदा अत्यन्त खुसी लागेको छ। सम्मेलनको सफलताको कामना गर्दछु। नेपाली राजनीतिक परिवेशमा नेपाली महिलाहरूको राजनैतिक, सामाजिक र आर्थिक अवस्थाको विषयमा चर्चा-परिचर्चा मैरहनु आजको आवश्यकता हो। त्यसका लागि अरूले भन्दा महिला जगतले नै अगाडि आउन जरूरत छ। मलाई त्यस सम्मेलनमा सहभागी हुने इच्छा हुँदा-हुँदै पनि विरामीको कारणबाट उपस्थिति हुन नसकेकोमा थकथक लागेको छ। अन्त्यमा, मलाई सम्मान दिई आतिथ्यको लागि निम्ता दिने आयोजक समितिलाई पुनः हार्दिक धन्यवाद दिदै सम्मेलनको सफलताको कामना गर्दछु।

(इन्सेकद्वारा आयोजित "राष्ट्रिय महिला भेला-०५२" मा प्रेषित शुभकामना)

पेल्ने नै हो भने यो प्रजातन्त्र किन चाहियो ?

- नारायणमान विजुक्छे
अध्यक्ष, नेपाल मजदूर किसान पार्टी

पार्टी र नेताहरू कुनै न कुनै वर्ग र सिद्धान्तबाट प्रेरित भएका हुन्छन्। हरेक पार्टीले एउटा न एउटा आदर्श समाजको कल्पना गरेको हुन्छ। यसकारण हरेक नेता र कार्यकर्ता त्यस आदर्शबाट प्रेरित भएर नमूनाकै रूपमा उपस्थित हुनुपर्छ भन्ने मान्यता बमोजिम नै म राजनीतिमा लागेको हुँ- चाहे त्यो जानेर हो वा नजानेर। तर अहिले झण्डै वीस वर्षको अवधिमा मैले देखें- हरेक राजनीतिक पार्टी, तिनका नेता तथा कार्यकर्ताहरू कसैबाट सन्तोष लिन सकिने ठाउँ छैन। यो सबै हेर्दा मलाई उदेक लाग्छ। तर मान्छेले हार खानु हुँदैन भन्ने भावनाबाट प्रेरित भएर मैले आफ्ना संघर्षका पाटाहरूलाई अगाडि बढाइरहेको छु। केही दिनअघि अविश्वास प्रस्तावको सन्दर्भमा घटेका तथा भए गरेका गतिविधि र ज्यादतिहरूका बारेमा मलाई कुनै त्यस्तो आश्चर्य न लागेन, तर कल्पनाभन्दा ज्यादै बाहिरको कुरा भयो। मैले त बारम्बार भन्दै आएको छु कि यो पूँजीवादी व्यवस्थाले जनताका मौलिक समस्याहरूलाई समाधान गर्न सक्दैन। साथै संसदीय परिपाटीको यो फोहरी खेलले जनताका यावत समस्या समाधान गर्न सक्दैन। अहिले हामी देखिरहेका छौं कि दश वर्षसम्म हामीले बोलेका कुराहरू वा पाँच वर्षसम्म हामीले बोलेका कुराहरू थाहा नपाउने जनताले पनि यो एउटै घटनाबाट सबै कुरा थाहा पाए। हामीले पूँजीवादी व्यवस्था, त्यसको फोहरी क्रियाकलाप र काम-कारवाही सबैको भण्डाफोर गर्ने काम गऱ्यौं, कतिले सुने, कतिले सुनेनन्। कतिले देखे, कतिले देखेनन्। तर यसपालि जुन घटनाहरू भए- ती घटनाहरूले संसदीय व्यवस्था वा पूँजीवादी व्यवस्थाको फोहरी खेललाई उदाङ्गो पारिदिएका छन्। म देखिरहेको छु- हाम्रो पार्टी पनि यस फोहरी खेलको शिकार भएको छ। हाम्रो पार्टीका अरू धेरै साथीहरूले पनि यो कुराको अनुभव गर्नुभएको छ।

वास्तवमा हाम्रो पार्टी र हामी पनि यो देशको राजनीतिक आन्दोलनभन्दा पृथक रहन सक्तैनौं। म के कुरा अनुभव गरिरहेको छु भने यो देशले भोगेको पीडा र अन्यायको असर तमाम जनता र देशमाथि नै परेको छ। यसो भएको हुनाले म सानो-सानो कुराहरूमार्फत् नै यो कुरालाई पुष्टि गर्न चाहन्छु। विचार स्वतन्त्रतालाई हामी बढ्ता ध्यान दिइआएका छौं। तीस वर्षसम्म पंचायती व्यवस्थाको विरोध विचार स्वतन्त्रताकै आधारमा हामीले गर्दै आएका हौं। विचार स्वतन्त्रताकै निम्ति विगतमा कति साथीहरूले जेल, नेल भोगे, कति बलिदान भए। तर अहिले प्रजातन्त्र आइसकेपछि पनि हामीले विचार स्वतन्त्रताको उपभोग गर्न पाइरहेका छैनौं। तसर्थ त्यसकै निम्ति संघर्षलाई निरन्तरता दिनुपर्छ भन्ने पक्षमा म छैन। गृहमन्त्री आफैले दुई जना सांसदहरूलाई लगाएर हाम्रो साथी रोकायाको अपहरण गर्नु भयो। यो कुरा त सांसदलाई

संसदबाट दिइएको सहायक र उहाँको जहानको चिठी समेतले पनि पुष्टि गरेको छ। त्यो कुरा हामीले सभामुखकहाँ दर्ता गरेका थियौं र त्यसैका आधारमा मात्रै हामीले त्यो कुरालाई सदनमा सशक्तताकासाथ उठाएका थियौं।

दिउँसो २ बजेसम्म मलाई त्यस्तो लागेको थिएन। राती ३ बजे हामीले निर्णय गऱ्यौं र सबै अस्वस्थहरूलाई फ्याक्स गरेर पठायौं। ६-७ बजेतिर रोकायाजी काठमाडौं आउनुभयो। उहाँ दमको रोगी भएको हुनाले र विचार स्वतन्त्रताको आधारमा पनि हामीले कुनै सदस्यलाई थुनछेक नगर्ने हुनाले स्वाभाविक रूपमा राजनीतिलाई चल्न दिनुपर्छ भनेर उहाँलाई त्यसै छोडेका थियौं।

सांसद भनेको देशको एउटा जिम्मेवार व्यक्ति हो। ऊ जनताप्रति उत्तरदायी हुनुपर्छ। किनकि उसले जनताबाट उठेको करबाट पारिश्रमिक खाएको हुन्छ, सहुलियतहरू लिएको हुन्छ। तसर्थ संसद बसेको बेलामा वा संवैधानिक संकट आएको बेलामा कुनै सांसद वा मन्त्री भाग्न पाउँदैन र भाग्नु हुँदैन भन्ने भावनाबाट हामी प्रेरित भयौं र तिनीहरूमाथि सजाय हुनुपर्छ र उनीहरूलाई कर्तव्यप्रति सजग गराउनुपर्छ भनेर कुरा उठाएका थियौं। अब हामी तटस्थ बस्न सक्दैनौं, हामीले पनि आफ्नो कर्तव्य पालना गर्नुपर्छ भन्ने कुरा हाम्रो पार्टीले अगाडि ल्याएको। त्यस कुरामा हामी सबै सहमत भयौं। हाम्रो पार्टी सत्ता राजनीतिमा संलग्न नरहेको अवस्थामा हामीले पनि एउटा न एउटा पक्ष अवश्य लिनुपर्छ। पक्ष नलिएको खण्डमा हामी आफ्नो कर्तव्यबाट विमुख भएको ठहरिने छ भनेर विश्लेषण गऱ्यौं। वास्तवमा त्यो निर्णय अप्रिय थियो, तै पनि हामीले खुलेआम सबैका सामु राख्नेका थियौं।

यदि पाँच जना मन्त्रीहरू अस्वाभाविक रूपमा भागी साँच्चै उपचारका निम्ति गएका हुन् भने त्यसको सूचना त हुनुपर्यो नि। तर जतिबेलासम्म हामीले संसदमा यो कुरा उठाएनौं, त्यसबेलासम्म विरामी भएको सूचना सरकारबाट आएन। स्वभाविक रूपले हामीलाई थाहा छ- कुनै मन्त्री विदेश भ्रमणमा जाँदा होस् वा उपचारको निम्ति होस्- एक दिन अगावै सूचना दिएर जान्छ वा "फलानो मन्त्री सम्मेलनमा भाग लिन अथवा उपचारको निम्ति विदेश गएकोले त्यो मन्त्रालयको जिम्मेवारी फलानो मन्त्रीलाई दिइएको छ" भन्ने सामयिक सूचना बाहिर आउनु पर्ने प्रचलन छ। कुनै सरकारी संचार माध्यमबाट त्यो कुरा बाहिर ल्याउन सकिन्थ्यो। तर कुरा बाहिर आएन। यसबाट हामीले कि भागेका हुन् कि त भगाइएका हुन् भन्ने अनुमान लगायौं। साथै मन्त्रीहरू साधारण किसिमको विरामी हुँदैमा हाम्रो जस्तो गरीब देशमा लाखौंको खर्च गरेर विदेशमा लगी उपचार गराउनुपर्ने आवश्यकता हामीले देख्नेनौं। नियमतः पनि यहाँ उपचार हुनै नसक्ने अवस्था रहेपछि मात्र, त्यसमा पनि डाक्टरको सिफारिस बमोजिम मात्र विदेश पठाइने प्रावधान छ। उहाँहरू विदेश जानु पर्ने कुनै त्यस्तो खास कारण एकदिनअघिसम्म पनि हामीले सुनेनौं। यसरी मन्त्रीहरू र महत्वपूर्ण पदमा बस्ने मानिसहरूले आफ्नो देशको चिन्ता गर्दैनन् र नियममा बस्दैनन् भने अरूलाई पनि नियममा बस्नुपर्छ भन्ने अधिकार तिनीहरूले पाउँदैनन्। अझ महत्वपूर्ण कुरा त पाँच-पाँच जना मन्त्रीहरू एउटै रोगले एकैदिन कसरी विरामी हुन सक्छन् भन्ने कुरोले झनै शंका गर्नुपर्ने ठाउँ रह्यो। र, भागेकै हुन् भन्ने टुंगोमा हामी पुग्यौं। अरू-अरू देशहरूमा पनि मन्त्रीहरू भागेका छन्, तर अपराध गरेर भागेका छन् र तिनीहरूमाथि

मुद्दा लागेको छ। हामीले पनि त्यस्ता मन्त्रीहरूमाथि देशद्रोहको मुद्दा चलाउनु पर्छ भनेर सदनमा माग राख्यौं। तर सभामुखले त्यसको कुनै वास्ता गर्नु भएन । राजनीतिशास्त्रको विद्यार्थी भएको नाताले जहाँसम्म मैले पढेको छु कि सभामुखको कर्तव्य सदनमा उठेका कुराहरूको सन्दर्भमा तत्काल सम्बन्धित मन्त्रालय र विभागसम्म सूचना पठाएर उपस्थित गराउन सक्नुपर्दछ। तर सदनमा त्यस्तो केही भएन। अर्को कुरा यो सरकारले ती मन्त्रीहरूको रक्षार्थ अनेक ढाँट कुरा संसदमा जानकारी गरायो। उनीहरू विरामी भए र जीवन रक्षाको निम्ति विदेश पठाइयो। जस्तो कि हाम्रो नेवारी भाषामा एउटा उखान छ- मुसाको दुलोमा कागजले टाँस्ने। अहिले त्यस्तै काम सरकारको तर्फबाट भएको छ। अर्को कुरा भोलिपल्ट रोकायाजी मरेको कुरा उठ्यो। तर गृहमन्त्री र सहायक गृहमन्त्री दुवैले नमरेको कुरा गर्नुभयो। ठीक छ कमसेकम गृहमन्त्रीले नमरेको कुरा त थाहा पाए। यहाँ दुईटा कुरा हुन्छ यो रोकायाजी या त नेपाली कांग्रेस वा सरकारको सुरक्षामा छन्, अथवा उनी जेलमा राखिएका छन्, या कुनै अपराधको शिकार भएका होलान्। हामीले त्यो कुरा सदनमा उठायौं। साथसाथै यो हाम्रो परम्परा हो कि सदन चलेको बेलामा कुनै पनि संसद सदस्यलाई ढोका बन्द गर्नुहुन्न र उपस्थित गराउनु पर्छ। उपस्थित नगराएसम्म संसद चल्दैन। यो कुरा हामीले उठाइरहेकैपछि सभामुखले तुरून्त उपस्थित गराउन सरकारलाई बाध्य पार्नुपथ्यो। त्यो नभएसम्म संसदलाई स्थगित गर्नुपर्थ्यो। तर त्यो पनि भएन। हामीले के सोच्यौं भने सहायकमन्त्रीको बयानले उनी हिरासतमा छन् भन्ने कुरा मान्नुपर्छ। त्यही आधारमा हामीले प्रश्न उठाएका थियौं। तर सभामुखले त्यस सम्बन्धमा कहिल्यै संसद स्थगित गर्नुभएन।

यसरी पहिलेदेखि नै यस्ता कुराहरू देखिएका हुनाले हामीले बारम्बार सभामुखको विरोधमा अरू पार्टीका नेताहरूसंग सभामुखलाई स्वेच्छाले राजीनामा दिन लगाउनुपर्छ र उहाँले राजीनामा नदिएसम्म कुनै एउटा पार्टी हवीपलाई कार्यान्वयन गर्ने सचेतकको भूमिका निभाउन पाउनुहुन्न। राजीनामा दिएपछि उहाँले कार्यकर्ताको रूपमा काम गर्न पाउनुहुन्छ, सचेतकको रूपमा काम गर्न पाउनुहुन्छ। तर सभामुख निश्चित रूपले तटस्थ हुनुपर्ने भएकोले हामीले यो कुरालाई अगाडि राख्यौं। होइन भनेदेखि महाभियोग लगाउनु पर्छ भनेर हामीले भन्यौं र अहिले अविश्वास-प्रस्तावको क्रममा पनि हामीले यो कुरा देख्यौं- वहाँ निष्पक्ष हुन सक्नु भएन, कर्तव्यपालन गर्न सक्नु भएन। अर्को कुरा सभामुखले विदेशबाट आउने क्रममा त्रिभुवन विमानस्थलमै पत्रकारहरूको एक प्रश्नको उत्तरमा भन्नुभयो- "यो अविश्वासको प्रस्ताव औचित्यहीन छ।" सभामुखलाई कुन प्रस्ताव उचित छ र कुन छैन भन्ने अधिकार छैन। जसरी अदालतमा मुद्दा दर्ता भई बहस हुनुपूर्व कुनै पनि न्यायाधीशलाई फैसला सुनाउने अधिकार हुँदैन, त्यही अधिकारक्षेत्रभित्र सभामुख पनि पर्नुहुन्छ। तसर्थ सभामुखले त्यस विषयमा त्यति हतारो गरेर बोल्नु हुँदैनथ्यो। जबकि त्यसको फैसला गर्ने अधिकार संसद्लाई छ, सभामुखलाई होइन। त्यसकारण पनि सभामुखमाथि महाभियोग लगाउनु पर्छ भनेर हामीले आवाज उठाइरहेका छौं। अझै पनि हामी त्यस कुरामा दृढ छौं। अहिलेको घटनामा पनि उहाँले मर्यादापालकहरूलाई पेलिदेऊ, पेलिदेऊ भन्दै हुनुहुन्थ्यो। आखिर पेल्ने नै हो भने यो प्रजातन्त्र किन चाहियो? तानाशाही नै चलाउने हो भने त पंचायत नै थियो, यो प्रजातन्त्र ल्याउन किन

यति मरिहत्ते गरेको ?

गान्धीजीले सत्याग्रह गर्नु भएको थियो, नेपाली कांग्रेस सत्याग्रहबाट प्रभावित पार्टी हो। त्यसो भएको हुनाले अंग्रेजहरूको पालामा मानिसहरूमाथि घोडा दौडाइन्थ्यो, कतिलाई घाइते बनाइन्थ्यो त कतिलाई मरणासन्न अवस्थामा पुऱ्याइन्थ्यो। के नेपाली कांग्रेसले पनि त्यही क्रम दोहऱ्याउन खोजेको हो? बेलायती साम्राज्यले त्यस्तो गरेको थियो, के तपाईंहरूले पनि त्यही गर्न खोज्नु भएको हो? के तपाईं सभामुख हुन लायक हुनुहुन्छ? मनेर पनि मैले कुरा राख्वें। मैले त्यतिबेलै भनेको थिए- वास्तवमा सभामुख कुनै पार्टीको नेता वा कार्यकर्ताकोरूपमा बस्ने होइन, यो त्यस्तो गरिमामय पद हो- जहाँ कुनै पार्टी वा नेताको आदेशमा बस्नु हुँदैन। मैले त्यो कुरो सभामुखलाई सदनमा पनि भने- कि अलि ब्यवहारिक हुनुहोस्। बेलायतमा त्यस्तै स्थिति छ। सभामुखको व्यक्तित्वविहीन व्यक्तित्व हुनुपर्छ, संसद्प्रति ऊ उत्तरदायी हुनुपर्छ। तपाईं प्रधानमन्त्री हुनुहोला, नेता हुनुहोला तर सभामुखको निम्ति तपाई उचित मान्छे हुँदै होइन। देश र जनताको निम्ति साथसाथै प्रजातन्त्रको निम्ति हामीले यस कुरालाई बारम्बार उठाएका छौं। यति गर्दागर्दै पनि हामी भनिरहेका छौं- एउटै चुनाव वा एउटै घटनाले सबै कुराको निर्णय गर्न सकिदैन। नेपाली कांग्रेस अल्पमतमा परेर उसले राजीनामा दियो। "अब फेरि सत्तामा आउँनै सकिन्न" भन्ने हिनतावोध नेपाली कांग्रेसले पालिराख्वेको छ। नेपाली कांग्रेसले अपहरणको नाटक किन रच्यो? उसले अपराधको बाटो किन अंगाल्यो? मेरो विचारमा, कांग्रेसको जग यदि नेपाली जनतामा छ भने, कसैले त्यसलाई हटाएर त्यो हट्दैन, फेरि पनि सरकारमा आउन सक्छ। त्यो कुरा एमालेमा पनि लागू हुन्छ र अन्य पार्टीलाई पनि। हाम्रो जस्तो सानो पार्टीले पनि त्यो कुरालाई जबर्जस्ती स्वीकार गरेको छ। सानो पार्टी भनेर संख्याको आधारमा ठूलो र सानो मान्ने प्रवृत्तिलाई म मान्दिनँ। किनभने विचार सानो कि ठूलो भन्ने कुरा महत्वपूर्ण हो। हामीले हात्ती ठूलो कि माहुते ठूलो भन्यौं भने आ-आफ्नो ठाउँमा दुवैं ठूला छन्। भौतिकवादीहरूले हात्ती ठूलो देख्छन्। त्यसमा कुनै शंका छैन। तर हात्तीलाई चलाउने पनि आखिर त्यो सानो माहुते नै हुन्छ। विचार महत्वपूर्ण कुरा हो।

(इन्सेकद्वारा आयोजित "राजनीतिमा अपराधीकरण" सम्बन्धी अन्तरक्रियामा व्यक्त विचार)

सबैभन्दा महत्वपूर्ण आन्दोलन मानवअधिकार आन्दोलन

- पद्मरत्न तुलाधर
पूर्व मन्त्री तथा सांसद

सर्वप्रथम आज, इन्सेकको आयोजनामा मलाई लाग्दछ पहिलो पटक नै एउटा मानवअधिकार सम्मेलनको आयोजना भएको छ। म अत्यन्त नै प्रशन्न भएको छु। उत्साहित भएको छु। इन्सेकका साथीहरूलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु। किनभने हाम्रो देशमा मानवअधिकार आन्दोलन त छ, अझ दश वर्ष अगाडिको आन्दोलनसँग यसलाई तुलना गर्ने हो भने अत्यन्त सशक्त पनि भैसकेको छ। व्यापकता पनि पाइसकेको छ भने कतिपय संस्थाहरूले त यसमा विशिष्टता पनि हासिल गरिसकेका छन्। जस्तो कि सिविनले बाल अधिकार सम्बन्धी विशिष्टता अथवा सिभिक्टले यातना सम्बन्धी विशिष्टता। त्यो पनि हाम्रो देशको सीमाभित्र मात्र हैन अन्तर्राष्ट्रिय क्षेत्रमै त्यो विशिष्टता ती संस्थाले हासिल गरेका छन्। त्यस्तै इन्सेक, इन्हुरेडले पनि त्यस्तै विशिष्टता हासिल गरिसकेका छन्। त्यस्तै मानवअधिकार संरक्षण मञ्च अथवा मानवअधिकार संगठनको नाम आउने वित्तिकै पनि नेपालमा मानवअधिकार आन्दोलन बारे राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा हामी परिचित भैसकेका छौं। २०४६ सालको अनुभवलाई लिएर, त्यस परिवर्तन पश्चात् निश्चितै रूपमा राजनीतिको क्षेत्रमा अथवा मानवअधिकारकै क्षेत्रमा केही आधारभूत अधिकारहरू हमीले हासिल गरेका छौं। र अहिलेसम्म पनि नेपाली जनताले ती अधिकारहरूको उपभोग गर्दै आएका छन्। जस्तो वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, शान्तिपूर्ण तरिकाले जुलुस प्रदर्शन गर्ने स्वतन्त्रता, संगठन गर्ने स्वतन्त्रता आदि राजनैतिक र नागरिक अधिकारहरू हामीले हासिल गरेका नै हौं।

नेपालमा आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रहरूमा अहिले पनि नागरिकहरू आधारभूत मानवअधिकारबाट वन्चित छन्। तपाईहरू यहाँ विभिन्न जिल्लाबाट आउनु भएको छ, आन्दोलनका अत्यन्त जिम्मेवार र सक्रिय कार्यकर्ता हुनुहुन्छ। आन्दोलनका अन्य आधारभूत मानवअधिकारका बारेमा छलफल गर्नुहुने छ भन्ने म आशा गर्दछु। समस्या के हो ? समाधान के हुन सक्दछ ? हामी श्री ५ को सरकारको ध्यान कसरी आकृष्ट गर्दछौं? विभिन्न राजनैतिक दलहरूलाई कसरी दवाव दिन्छौं ? त्यसबारेमा तपाईंहरूले सोचिदिनु भयो र अत्यन्त राम्रो निष्कर्ष निकाली दिनुभयो भने मलाई विश्वास छ, तपाईंहरूको निर्णयको मानवअधिकार आन्दोलनमा अत्यन्त महत्वपूर्ण भूमिका हुने छ।

सामान्य रूपले भन्ने हो भने २०४६ सालको परिवर्तन पश्चात् कानूनमा पनि व्यवस्था भएको

छ, विधयेकहरू पनि आएका छन् तर बिडम्बना के हो भने ती कानूनहरू, ती विधेयेकहरू हामीले व्यवहारमा उतार्नै सकेनौ। जस्तो उदाहरणको लागि हेर्ने हो भने २०४७ सालको सम्विधान हामी नेपाली जतनताले नै कोरेको संविधान भनेर दावा गर्ने गर्दछौं अथवा हाम्रै नेताहरूबाट कोरिएको संविधान हो। जनता सार्वभौमसत्ता सम्पन्न भएको छ भनेर हामी गर्व गर्दछौं। बिडम्बनाको एउटा उदाहरण त्यही संविधानमा कुनै पनि नेपाली नागरिक माथि कुनै पनि सरकारी कर्मचारीबाट कुनै पनि यातना दिइने छैन, यातना हुने छैन, यातना दिएको खण्डमा क्षतिपूर्ति दिइने छ भनेर लेखिएको सात-सात वर्षपछि बल्ल एउटा विधयेक पास भएको छ तर त्यो विधेयक आजसम्म लागू भएको छैन। त्यो विधयेक पास भएको सन्दर्भमा हामी मानवअधिकारवादीको एउटा टोली रामेछाप घुग्र्यो। माओवादीको आरोपमा प्रहरी हिरासतमा राखिएकाहरूसँग भेट्न जाँदा सबैलाई भेट्न दिएन। तीन जनालाई मात्र भेट्न दिइएको थियो। ती तीन जनासँग बुझ्दा उनीहरूलाई वरवरतापूर्वक यातना दिइएको कुरा अहिले यहाँ वयान गर्न सम्भव छैन।

त्यसकारण हाम्रो समस्या भनेको हामी प्रतिबद्धता जाहेर गर्दछौं, श्री ५ को सरकारले प्रतिबद्धता जाहेर गरेको हुन्छ, पार्टीहरूले एक प्रकारले प्रतिबद्धता जाहेर गरेका हुन्छन्। यसप्रकार हामीले राष्ट्रिय प्रतिबद्धता जाहेर गरेका छौ कि नेपालीहरूको मानवअधिकारको उल्लंघन अबदेखि हुने छैन। कुनै पनि नेपाली नागरिकहरूको मानवअधिकारको हनन हुने छैन भनेर प्रत्येक राष्ट्रिय पार्टीले प्रतिबद्धता संसदभित्र पनि जाहेर गरेका छन्। संसद बाहिर पनि जाहेर गरेका छन् र सरकारमा आउँदाखेरी पनि त्यसलई जाहेर गरेका हुन्छन् तर त्यसलाई हामीले व्यवहारमा उतार्न सकिरहेका छैनौं। यही हो हाम्रो समस्या भनेको। त्यसकारण यो समस्या समाधानको लागि फेरि पनि हामी मानवअधिकारवादी कार्यकर्ताहरू यसरी भेला भएका छौ, छलफल गर्दैछौ, हामी विज्ञप्ति निकाल्दछौ होला, डेलिगेशन जान्छौ होला, प्रधानमन्त्रीसँग भेट्दछौ, गृहमन्त्रीलाई भेट्दछौ, यस्तो दबाब निरन्तर रहिरह्यो भने मात्रै, यो आन्दोलन सशक्तरूपले उठ्न सक्यो भने मात्रै मानवअधिकारको वहाली अर्थात् उपभोग जनताले गर्न पाउने छ। त्यतासर्फ तपाईंहरूको ध्यान गम्भीर रूपले जानु पर्दछ भनी म आग्रह गर्न चाहन्छु।

मानवअधिकार आन्दोलन हाम्रो राष्ट्रिय आन्दोलन मात्र हैन। यो आन्दोलन त विश्वव्यापी आन्दोलन हो, अन्तर्राष्ट्रिय आन्दोलनको अंगको रूपमा नेपालमा मानवअधिकार आन्दोलन विकसित भैरास्वेको छ। त्यसकारण यो आन्दोलनमा सरिक भएका हामी सबै अन्तर्राष्ट्रिय आन्दोलनका पनि कार्यकर्ता हौं। नेपालमा मात्र हैन संसारको कुनै पनि कुनाको, कुनै पनि व्यक्तिले मानवअधिकार उपभोग गर्न पाउनु पर्दछ। राजनैतिक कारणले तथा अन्य कारणले संसारका अहिले पनि अधिकांश मुलुकहरूमा सामाजिक क्षेत्रमा, आर्थिक क्षेत्रमा, सांस्कृतिक क्षेत्रमा र विभिन्न अन्य क्षेत्रहरूमा मानवअधिकारबाट मानिसहरू बन्चित रहेका छन्। त्यसकारण यो मानवअधिकार आन्दोलन अन्तर्राष्ट्रिय रूपमा सशक्त आन्दोलनको रूपमा अगाडि बढेको छ। अझ यो शताब्दीको सबैभन्दा महत्वपूर्ण र सशक्त आन्दोलन मध्ये मानवअधिकार आन्दोलन हो। यो आन्दोलनका साथसाथै नेपाली जनता लगायत विश्वका अन्य जनताहरूको प्रजातन्त्र प्राप्तिको आन्दोलन, मुक्ति आन्दोलनसँग पनि यो मानवअधिकार

आन्दोलन गाँसिएको छ। यसकारण हामीले यो आन्दोलनमा लाग्दाखेरी आफ्नो राष्ट्रिय समस्या तथा नेपाली जनताको मानवअधिकार मात्र हैन विश्वभरिका नै शोषित-पीडित, उत्पीडित जनताको मानवअधिकारबारे सोच्नु पर्दछ र अन्तर्राष्ट्रिय ती आन्दोलनहरूमा हामीले ऐक्यबद्धता जाहेर गर्नुपर्दछ। अथवा उत्पीडित जनता विश्वको जुनसुकै देशमा बसे पनि हामीले समर्थन जनाउनु पर्दछ। त्यो अन्तर्राष्ट्रिय आन्दोलनमा हामी पनि सहभागी हुनुपर्दछ। हुनत यो क्षेत्रमा पनि मानवअधिकार आन्दोलन अत्यन्त अग्रगतिमा गएको हामी पाउँदछौं। हाम्रै साथीहरू अहिले पनि विभिन्न देशहरूमा हुनु होला। अन्तर्राष्ट्रिय मञ्चहरूमा हामी पुगेका छौं। संयुक्त राष्ट्र संघका फोरमहरूमा हामी पुगेका छौं।

यसरी एकातिर प्रगति भएको छ भने अर्कोतिर फेरि पनि अत्यन्तै पिछडिएका नेपाली जनताको कुरा गर्ने हो, आदिवासीको कुरा गर्ने हो, दलित जातिका कुरा गर्ने हो, जनजातिका र गरीब विपन्न जनताको कुरा गर्ने हो भने उनीहरू आज पनि मानवअधिकारबाट बन्चित छन्। मैले एउटा उदाहरण बराबर दिने गरेको छु कि संसार भरिका आदिवासीहरू आन्दोलित भएर, उनीहरूको अधिकारको लागि अन्तर्राष्ट्रिय क्षेत्रमै उनीहरूले प्रभाव पार्दाखेरी संयुक्त राष्ट्रसंघले सन् १९९४ लाई आदिवासी वर्ष भनेर घोषणा गरिदियो। अहिले पनि संयुक्त राष्ट्र संघले आदिवासी दशक भनेर घोषणा गरिरहेको छ। तर हाम्रो देशमा आदिवासीको लागि एउटा पनि कार्यक्रम आएको छैन। नेकपा एमालेको पालामा एउटा राष्ट्रिय समिति गठन भयो तर कुनै कार्यक्रम आउन सकेको छैन। त्यसकारण अहिलेको वर्तमान सरकारले यसलाई ध्यान दिनु पर्दछ भनेर म भन्दछु। तर समस्या त्यो मात्र होइन। हामी देशमा प्रजातन्त्र आयो भनेर भन्दछौं, मानवअधिकारको अवस्था पनि हिजो भन्दा आज राम्रो भनेर हामी भन्दछौं तर नेपालका हजारौहजार थारू जातिका जनताहरू पिछडिएका छन्। हामी एक्काइसौं शताब्दीमा प्रवेश गर्दैछौं भनेर ठूला-ठूला कुरा गरे पनि अर्कोतर्फ कमैयाको नाममा उनीहरू नेपालमै दासताको जीवन गुजार्न बाध्य बनेका छन्। उनीहरूको मुक्तिको लागि हामी मानवअधिकारवादी व्यक्तिहरू, संघ-संस्थाहरू आवाज उठाइरहेका छौ। जस्तो इन्सेकको कुरा गर्ने हो भने कमैया मुक्तिको लागि एउटा विशेष कार्यक्रम संचालन गरेको पनि वर्षौं भैसक्यो। तैपनि यो समस्याको समाधान हुन सकिराखेको छैन। यो भन्दा ठूलो बिम्डबना अर्को के हुन सक्दछ।

हामीले प्रजातन्त्र भनेका छौं, मानवअधिकारका आधारभूत कुरा भनेको समानता हो भनेर भनेका छौ तर पनि जातीय विभेद हाम्रो समाजमा यथावत रहेको छ। दमाई, कामी भनिन्छ, पानी छुन पाइदैन भनिन्छ, इनार छुन पाइदैन भनिन्छ। इनार छोएको एक जना बच्चालाई इनारमा खसाली दिएको घटना प्रकाशमा आएको छ। हिन्दू भनिएको छ, हिन्दू हुँदाहुँदै पनि मन्दिर पस्न पाइदैन भन्नेकुरा यथावत रहेको छ। यस्ता अत्यन्तै अमानवीय व्यवहारहरू हाम्रा जनताले भोग्दै आएका छन्। त्यसकारण उनीहरूकै मुक्तिको लागि हामी यो आन्दोलनमा लागेका छौं। यो आन्दोलन प्रजातन्त्रसँग सम्बन्धित छ, राजनीतिक, आर्थिक र सामाजको विकाससँग सम्बन्धित छ। जबसम्म नेपाली जनता समानताको आधारमा देश विकासमा सरिक हुन सक्दैन तबसम्म सबै क्षेत्रको आर्थिक विकास सम्भव हुँदैन। जस्तो शिक्षाकै कुरा गर्ने हो भने पनि अहिले पनि दलित, विपन्न र पिछडिएका जनता शिक्षाबाट बन्चित छन्। एकातिर

निःशुल्क शिक्षा भनिएको छ, वास्तवमा त्यो निःशुल्क मैराखेको छैन भन्ने हामी सुनिरहेका छौं। त्यसकारण जबसम्म हाम्रो देशमा ती पिछडिएका जनजाति, आदिवासी, विपन्न वर्गका छोराछोरीको व्यवहारमा निःशुल्क मात्र हैन कि अनिवार्य शिक्षा घोषणा गर्न सक्दैनौं तबसम्म त्यो वर्गका बालबालिकालाई हामी शिक्षित बनाउन सक्दैनौ।

यसरी नै महिलाहरूको पनि कुरा गर्ने हो भने महिलाहरू अत्यन्त उत्पीडित अवस्थामा छन्। उनीहरू पनि शोषणबाट, उत्पीडनबाट मुक्त हुन खोजिरहेका छन् तर मुक्त हुन सकिरहेका छैनन्। त्यसकारण धेरै-धेरै समस्याहरू छन्। ती समस्याहरूको समाधानको लागि समानताको राजनैतिक र नागरिक अधिकारको आधारमा, ती जनताको मुक्तिकै लागि हामी काम गरिरहेका छौं। इन्सेककको यो सम्मेलनको सफलताको कामना गर्दै विदा हुन्छु।

(इन्सेकद्वारा ०५४ साउन १२ मा आयोजित "मानवअधिकार सम्मेलन" मा व्यक्त मन्तव्य)

यो प्रजातन्त्रको उपहास होइन र ?

- बद्रीप्रसाद खतिवडा
नेपाल हरियाली पार्टी

आज मलाई धेरै नै खुशी लागेको छ। किनकि समाजको अत्यन्त पिछडिएको सबभन्दा पछाडि परेको गरीब वर्ग र शोषित पीडित जातिको मुक्तिको लागि एउटा भेला हुँदैछ। साथै त्यसको प्रथम अधिवेशन पनि भइरहेको छ। हुनत हामीले २००७ सालदेखि प्रजातन्त्र आयो भनेर भन्यौ तर त्यसको किरण यहाँसम्म आइपुग्न सकेको थिएन। तर आज इन्सेकको केही वर्षको प्रयासले यस कमैया मुक्तिको समस्यालाई उजागर गर्ने काम गरेको छ। सरकारको ध्यानलाई बाध्यतावश नै तान्न वा ल्याउन इन्सेक सफल भएको छ। मानवअधिकारवादी संस्था इन्सेक यिनै दबिएका व्यक्तिहरूलाई आफ्नो कार्यकर्ताको रूपमा संचालित गरेर उनीहरूको मुक्तिका लागि संगठित बनाउन जागरूक भएर लागेको छ।

यस्तै सन्दर्भमा मलाई भन्न मन लागेको छ- नेपालमा दास प्रथा उन्मूलनको लागि भिमसेन थापाको पालादेखि नै कुरा उठेर चन्द्र शमशेरको पालमा करीब १०० वर्षपछि यस कालो प्रथाको अन्त्य गरिएको भनिएको थियो। तर त्यो दास प्रथाको अवेशष नेपालमा कायम नै रह्यो। यो प्रथा खासगरी नेपालको पश्चिम भेगको कमैया प्रथामा कायम थियो। सचेत समूहहरूले यस प्रथाको विरूद्धमा र मुक्तिका लागि हात हालिसकेको हुनाले अब यो प्रथा धेरै दिन अगाडि जाँदैन र टिक्दैन भन्ने मलाई लागेको छ। यस प्रथाले छिट्टै समाधान खोजिरहेको छ। हामी प्रजातन्त्रका धेरै कुरा गर्छौं तर पनि आजसम्म कमैया प्रथा नेपालमा कायम नै रहनु के यो प्रजातन्त्रको उपहास होइन र? यस प्रश्नतर्फ सबैको ध्यान जाओस भन्ने मेरो धारणा रहेको छ।

(इन्सेकद्वारा ०५२ माघ १० गते आयोजित "कमैया मुक्ति अभियान" को प्रथम सम्मेलनको उद्घाटन समारोहमा व्यक्त विचारहरू)

म आशा राख्दछु

- डा. भोगेन्द्र शर्मा
अध्यक्ष, सिमिक्ट

धेरै अगाडिदेखि नै हामी मानवअधिकारवादी संघ-संस्थाहरू मिलेर यसरी नै मानवअधिकार सम्मेलन गर्ने चर्चा परिचर्चा गर्दै आयौं। भ्यागुत्तको धार्नी नपुगेको जस्तै भयो। हामीले गर्न सकेनौं। इन्सेकले आयोजना गरेको यो कार्यक्रममा सक्रिय भएर म तपाईंहरूसँगै रहँदै प्रस्तुत हुने छु।

हाम्रो देशमा घट्ने गरेका यातनाका अनेक रूपका सम्बन्धमा यहाँहरूबाट धेरै नै सर-सल्लाह लिने र दिने कुरामा म आशा राख्दछु। साथै यो इन्सेकले गरेको मानवअधिकार सम्मेलनको सफलताको कामना गर्दछु।

(इन्सेकद्वारा ०५४ साउन १२ मा आयोजित "मानवअधिकार सम्मेलन" मा व्यक्त मन्तव्य)

मानवअधिकार वर्ष पुस्तक- १९९६ को विमोचन समारोहमा मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइराला र डिल्लीरमण रेग्मी

मानवअधिकार वर्ष पुस्तक- १९९६ को विमोचन गर्नुहुँदै वरिष्ठ राजनीतिज्ञ डिल्लीमरण रेग्मी

इन्सेक लगायतका
मानवअधिकार संस्थाहरूद्वारा
आयोजित मानवअधिकार
योद्धा सम्मान समारोहमा
मनमोहन अधिकारी र
कृष्णप्रसाद भट्टराई

मानवअधिकार वर्ष पुस्तक- १९९७ को विमोचन गर्नुहुँदै
पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई

मानवअधिकार वर्ष पुस्तक- १९९६ को विमोचन समारोहमा सम्बोधन गर्नुहुँदै वरिष्ठ राजनीतिज्ञ डिल्लीमरण रेग्मी

मानवअधिकार वर्ष पुस्तक- १९९६ को विमोचन समारोहमा सम्बोधन गर्नुहुँदै नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला

मानवअधिकार वर्ष पुस्तक-१९९६ को विमोचन समारोहमा सम्बोधन गर्नु हुँदै
पूर्व प्रधानमन्त्री र्‍वं मेकपा (एमाले) का अध्यक्ष मनमोहन अधिकारी

- ०५२ सालको प्रकाश मानवअधिकार पुरस्कार ग्रहण गर्नुहुँदै समाजसेवी
[illegible]

मानवअधिकार वर्ष पुस्तक-१९९४ को विमोचन गर्नुहुँदै
स्व. गणेशमान सिंह

प्रकाश स्मृति समारोह एवं प्रकाश स्मृति पुरस्कार वितरण समारोहमा
स्व. तुलसीलाल अमात्य कार्यक्रमको उद्घाटन गर्नुहुँदै

मानवअधिकारका अथक योद्धा स्व. प्रकाश काफ्लेप्रति ०४६ साउन २१ गते
शब्द श्रद्धाञ्जली अर्पण गर्नुहुँदै स्व. मदन भण्डारी

राजनीतिक महिला परिचय पुस्तकको विमोचन गर्नुहुँदै
महिला नेतृ सुशीला चालिसे

महिला शहीद पार्क तथा प्रतिमा अनावरण समारोहमा सम्बोधन गर्नुहुँदै पूर्व प्रधानमन्त्री मनमोहन अधिकारी

राजनीतिमा अपराधीकरण : प्रजातन्त्र र मानवअधिकारका लागि चुनौति विषयक अन्तरक्रियामा ऋषिकेश शाह, माधवकुमार नेपाल, नारायणमान विजुक्छे र सुरेन्द्र चौधरी

कमैया मुक्ति अभियानको प्रथम सम्मेलनका अवसरमा सम्बोधन गर्नुहुँदै स्वामी अग्निवेश

वर्ष पुस्तक- १९९७ को विमोचन समारोहमा (दायाँबाट) सुशील प्याकुरेल, कृष्णप्रसाद भट्टराई, दमननाथ ढुंगाना र पद्मरत्न तुलाधर

राजनीतिमा अपराधीकरण : प्रजातन्त्र र मानवअधिकारका लागि चुनौति विषयक अन्तरक्रिया कार्यक्रममा नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल

राजनीतिमा अपराधीकरण : प्रजातन्त्र र मानवअधिकारका लागि चुनौति विषयक अन्तरक्रियामा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छे

महिला जनप्रतिनिधि राष्ट्रिय भेलाको उद्घाटन समारोहमा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा सम्बोधन गर्नुहुँदै

राजनीतिमा अपराधीकरण : प्रजातन्त्र र मानवअधिकारका लागि चुनौति विषयक अन्तरक्रिया कार्यक्रममा राप्रपाका तत्कालीन सहअध्यक्ष राणेश्वर देवकोटा

राष्ट्रिय मानवअधिकार सम्मेलनको उद्घाटन गर्नुहुँदै
तत्कालीन उपप्रधानमन्त्री वामदेव गौतम

मानवअधिकारको वर्तमान अवस्था : चुनौति र दायित्व विषयक अन्तरक्रिया
(दायाँबाट) कपिल श्रेष्ठ, डा. राजेश गौतम, सुशील प्याकुरेल,
विश्वकान्त मैनाली र कृष्ण पहाडी

राजनीतिमा अपराधीकरण विषयक अन्तरक्रिया कार्यक्रममा

ऋषिकेश शाह

राजनीतिमा अपराधीकरण विषयक अन्तरक्रिया कार्यक्रममा

वीरेन्द्रकेशरी पोखरेल

कमैया मुक्ति अभियान नेपालको प्रथम राष्ट्रिय सम्मेलनमा सम्बोधन गर्नुहुँदै
नेपाली कांग्रेसका तत्कालीन महामन्त्री सुशील कोइराला

धनुषामा महिला शहीद पार्क एवं प्रतिमा अनावरण समारोहमा सम्बोधन गर्नुहुँदै
नेपाली कांग्रेसकी नेतृ लीला कोइराला

राजनीतिमा अपराधीकरण : प्रजातन्त्र र मानवअधिकारको लागि चुनौति विषयक अन्तरक्रियामा नेपाली कांग्रेसका नेता सुरेन्द्र चौधरी

महिला जनप्रतिनिधि भेलाका सहभागीहरु

राष्ट्रिय महिला भेलाका

अतिथिहरू

राजनीतिमा महिला सहभागिता सम्बन्धी कार्यक्रमका

सहभागीहरू

कमैया मुक्ति अभियानको प्रथम राष्ट्रिय सम्मेलनको
एक दृश्य

धनुषाको जदुकोहामा निर्मित महिला शहीद पार्क एवं प्रतिमा अनावरणको
अवसरमा उपस्थित जनसमुह

हामीले एउटा सहयोद्धा गुमायौं, मुलुकले एउटा प्रतिभा गुमायो

- मदन भण्डारी

तत्कालीन महासचिव, नेकपा (एमाले)

कहिले काँही भावना र विवेकको बीचमा अन्तर विरोध हुन्छ नै, भावनामा भित्र पत्यार गर्न गाह्रो छ कि प्रकाश काफ्ले अब हाम्रा बीचमा हुनुहुन्न। तर पनि यो तीतो सत्य हो, १६ गतेको त्रासदीपूर्ण विमान दुर्घटनामा प्रकाश काफ्लेलगायत् एक सय १३ जना स्वदेशी र विदेशी नागरिकहरूको दुःखद् निधन भएको छ। १६ गतेको विमान दुर्घटनामा परेर आफ्नो अमूल्य जीवन गुमाउने सबै व्यक्तिहरूप्रति मेरो तर्फबाट र पार्टीको तर्फबाट समेत हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। शोकसन्तप्त परिवारजनहरू, विभिन्न संघ-संस्थाहरू र राजनीतिक पार्टीहरू, अरू सरोकारका सम्बन्धित महानुभावहरू जो शोक सन्तप्त हुनुहुन्छ, उहाँहरू सबैको भावनाप्रति, वेदनाप्रति समवेदना व्यक्त गर्न चाहन्छु।

मित्रहरू, मलाई लाग्दैन कि यो कुनै मूल्यांकन सभा हो। यो कोणका बारेमा मूल्यांकन फेरि गर्दै गरौंला, अहिले यो प्रतीकात्मकरूपमा हाम्रा बीचका हाम्रा साथीहरू, प्रिय मित्रहरू, प्रिय सहकर्मीहरू, हाम्रा आफन्तहरू जो यसमा पर्नु भएको छ, उहाँहरूको सम्झना गर्दै एउटा स्वभाविक संस्कारअन्तर्गत हामी अन्तिम संस्कारको प्रक्रियामा छौं। म यतिमात्र भनौं कि- प्रकाश काफ्ले हाम्रो पार्टीको सदस्य भएर, एउटा इमान्दार व्यक्ति भएर पार्टीका उद्देश्यलाई, संघर्षका कार्यक्रमलाई कार्यान्वयन गर्नका निम्ति आफ्नो फाँटमा निष्ठावान भएर लागिरहनु भयो। व्यक्तिगतरूपले मैले संगत गर्दा के पाएको छु भने उहाँ औसत मानिसहरू भन्दा निडर, औसत मानिसहरूभन्दा अलि बढी निर्भयी पनि हुनुहुन्थ्यो। जुनबेला हामीलाई भारतबाट हाम्रो कम्युनिष्ट पार्टीको साहित्य प्रकाशित गरेर भित्र्याउन पर्दथ्यो, त्यसबेला अरू-अरूले सामान्य २-४ प्रति जिऊमा लुकाएर जसोतसो ल्याउनुहुन्थ्यो भने प्रकाश मार्फत् हामीले धेरै पटक बोराका बोरा ल्याउन, भित्र्याउन सकियो। म यो निर्भयताका सन्दर्भमा उहाँलाई सम्झना गर्छु।

प्रकाश काफ्ले नेकपा (एमाले) को एउटा इमान्दार सदस्य पनि हुनुहुन्थ्यो। उहाँले मानवअधिकारको क्षेत्रमा जिम्मेवारीपूर्वक काम गर्दै आउनुभएकौ थियो। म के अनुरोध गर्न चाहन्छु भने अझै पनि दुनियाँमा यस्ता धारणाहरू छन्-"कम्युनिष्ट पार्टी र मानवअधिकार भनेको भिन्दाभिन्दै खालका कुराहरू हुन्"। मानवअधिकारको क्षेत्रमा प्रकाश काफ्ले काम गर्दै हुनुहुन्थ्यो तर उहाँ कम्युनिष्ट पार्टीमा पनि काम गर्नु हुँदोरहेछ भन्ने कसैलाई लागेको हुन सक्दछ। मैले यहाँहरूलाई यस्तो लागेको छ भनेको होइन। तर दुनियाँमा यस खालका

धारणाहरू छन्। नेकपा (एमाले) को धारणा छ- नेकपा (एमाले) ले मानवअधिकारको क्षेत्रमा सम्पूर्णरूपले निष्पक्ष भएर मानवअधिकार उल्लंघन भएको ठाउँमा कुनै पनि किसिमले भेद नगरिकन काम गर्नका निम्ति प्रकाश काफ्लेलगायत् केही आफ्ना सदस्यहरू, सहयोगी र शुभच्छेकहरूलाई लगाएको थियो। त्यो कार्यक्षेत्रमा उहाँले कुनै निष्ठा कम नगरी, प्रतिबद्धतामा कम नगरी काम गर्नुभयो। यो इमान्दारितालाई, निष्ठालाई पनि म अहिले सम्झना गर्न चाहन्छु। एउटा राजनैतिक पार्टी, जो वास्तवमा कुनै धार्मिक, साम्प्रदायिक, कुनै जातीय, कुनै क्षेत्रीय भावना बोकेको छैन भने, त्यस्तो साम्प्रदायिकतावादी होइन भने उसले आफ्नो पक्षमा लागेका जनताको मात्र भलो चाहदैन। उसले सबै जनताको भलो चाहनु पर्दछ। यो जनताको परिभाषाभित्र पर्दछ।

त्यसो हुनाले मलाई आश्चर्य छैन कि प्रकाश काफ्लेले मानवअधिकार संरक्षण मञ्चको एउटा जिम्मेवारीको रूपमा काम गर्दा कुनै पक्षपात र भेदभाव नगरिकन अति नै धेरै चाँडो-चाँडो काम गर्ने, तत्तपरताकासाथ काम गर्ने, कठिन ठाउँमा गएर रिपोर्ट ल्याउने, जाँचबुझ गर्ने, त्यसलाई बाहिर पठाउने, सार्वजनिक बनाउने यी सबै कामहरू उहाँले गर्नुभयो। ०४६ सालको जनआन्दोलन चलिरहेको बेला, हाम्रो पार्टी भूमिगत भएको बेला प्रकाश काफ्लेमार्फत् नै अन्तर्राष्ट्रिय जनमतलाई यो आन्दोलनको पक्षमा ल्याउने सन्दर्भमा हामीले हाम्रो पार्टीको तर्फबाट आफ्नो भूमिका खेल्न लगाएका थियौं। प्रकाशले त्यतिबेला यूरोप र अमेरिकामा भ्रमण गर्दा, सम्पर्क गर्दा विभिन्न आन्दोलनको सामाग्रीहरू प्रकाशित गर्दा पार्टीको एउटा जिम्मेवार व्यक्तिको हैसियतले म लगायत् अरू जिम्मेवार हाम्रा कमरेडहरूले सम्पर्क गर्नुभएको थियो।

मैले अघि नै भनिसकें-यो मूल्यांकनको सभा होइन। त्यसो हुनाले प्रकाशले काम गर्दा खेरी कुनै ठाउँमा अलिकति विलम्ब, अलिकति त्रुटी भएन वा हुँदै भएनन् होला भनेर कसैले दावा गर्न सक्तैन। मलाई विश्वास छ, मानवअधिकार संरक्षण मञ्चले यस्ता अग्रिम योद्धाको सम्झनामा जरूरत पर्दा योगदानहरूको राम्रो मूल्यांकन गर्नका निम्ति अरू कार्यक्रम गर्ने नै छ। म फेरि पार्टीको तर्फबाट र व्यक्तिगतरूपमा समेत १६ गतेको दुर्घटनामा परेर बित्नुभएका सम्पूर्ण व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। र शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दछु। धेरै परिवारजनहरूले आफ्ना नाता र आफन्तहरू गुमाउनुभएको छ। हामीले एउटा आफ्नो घनिष्ट, प्रिय सहयोद्धा गुमाएका छौ र मुलुकले नै एउटा प्रतिभा गुमाएको छ।

बैंककदेखि या धेरै टाढा-टाढा विदेशी मुलुकदेखि आफ्नो देशमा आफ्नै ठाउँमा आएर आफ्नो अन्तिम रगत र पसिना बग्यो। कमसेकम हामीले हाम्रो ठाउँमा फेरि पनि भावनाहरूलाई कहिल्यै मर्न नदिनका निम्ति यो ठाउँमा हेर्न सक्दछौं। अरू हाम्रा सम्झनाका कुराहरू यो ठाउँमा हेर्न सक्दछौं। अहिले पनि मेरो मन मानेको छैन कि १२.४२ मा टावरसँग सम्पर्क विच्छेद हुँदाखेरी त्यो प्लेनले भनेको थियो प्राविधिक खरावी आयो। सरकार भनिरहेको छ, तीन घण्टा हिडेर स्पटमा जानुपर्छ। यो कस्तो लजास्पद कुरा हो कि दुःख र समवेदनामा ती कुराहरूलाई माफी गर्ने हो। मैले दुःखलाई अभिव्यक्त गर्न उभिरहेको बेला पनि यो दुःख भोग्नुका कारणहरू सन्देहमा छन्। त्यसो हुनाले यसलाई सन्देहमै रहन दिएर जोसुकैलाई

फाइदा उठाउन दिनुहुँदैन। गल्ती कतै र काँहीबाट भएको छ भने पनि त्यसलाई फाँसी नै त होइन तर भविष्यमा गल्ती नदोहोरियुन् भनेर एकीन गर्नैपर्छ।

हामी आशा गर्छौं, यसमा कुनै राजनैतिक पूर्वाग्रह छैन। सरकारले, सबै सरोकारवाला विभागहरूले, त्यस्तै यो निधनमा, यो दुःखद घटनामा परेर जीवन गुमाउनु भएको छ, उहाँहरूको सरोकारवालाहरूले समेत चासो राखेर यो त्रासदीपूर्ण घटनाको खास कारणहरू, खास कुराहरू, खास गल्तीलाई अगाडि ल्याइनेछ भन्ने कुरामा आशा गर्दछु। हाम्रो प्रकाश काफ्ले जो हाम्रो पार्टीको सहयोद्धा, एउटा सदस्य हुनुहुन्थ्यो, उहाँलाई यतिखेर यो दुःखद् निधनमा हाम्रो पार्टीको झण्डा प्रदान गर्दछु।

(स्व. काफ्लेलाई अन्तिम श्रद्धाञ्जली दिने क्रममा ०४९ साउन २१ गते आर्यघाटमा व्यक्त मन्तव्य)

कमैया प्रथा रहुञ्जेल नेपालमा प्रजातन्त्र आयो भन्न सकिने स्थिति छैन

- मनमोहन अधिकारी
अध्यक्ष, नेकपा (एमाले)

(पूर्व प्रधानमन्त्री मनमोहन अधिकारीले इन्सेकद्वारा विभिन्न अवसरमा आयोजित तीनवटा कार्यक्रममा प्रमुख अतिथिको रूपमा सम्बोधन गर्नुभयो। उहाँले ती तीनवटै समारोहमा सम्बोधनका क्रममा व्यक्त गर्नुभएका विचारहरूलाई छुट्टछुट्टै शीर्षक दिएर यहाँ प्रकाशित गरिएको छ। अधिकारीले कमैया मुक्ति सम्मेलनको उद्घाटनका अवसरमा व्यक्त गर्नुभएको विचारलाई "कमैया प्रथा रहुञ्जेल नेपालमा प्रजातन्त्र आयो भन्न सकिने स्थिति छैन" शीर्षकमा, मानवअधिकार वर्ष पुस्तक-१९९६ को विमोचनका अवसरमा व्यक्त गर्नुभएको विचारलाई "मानवअधिकार संस्थाहरूले सरकार र पार्टीलाई दबाब दिनुपर्छ"शीर्षकमा र धनुषाको जदुकोहामा महिला शहीद पार्कको उद्घाटनका अवसरमा व्यक्त गर्नु भएको विचारलाई "शहीदमञ्चमा उभिएर शिक्षा लिनुपर्छ"शीर्षकमा यहाँ प्रकाशित गरिएको छ।)

कार्यक्रममा उपस्थित हुनु भएका मेरा प्रिय साथी अग्नि स्वामीजी लगायत मेरा सबै मित्रहरूदेखि म अत्यन्त खुशी छु। धेरै समय अगाडिदेखि मेरो मनमा लागेको काम आज हुन लागेको छ। त्यसैले मलाई धेरै नै खुशी लागेको छ। यस अगाडि गाउँ-गाउँ र विभिन्न क्षेत्रमा म आउँदा, मैले आफ्ना मुलुकका कमैया जनताहरू कसरी बस्दछन् र उनीहरूको जीवन कसरी चल्दछ भनेर नजिकबाट हेर्न पाएको थिएँ। यो कमैया प्रथा बाँकेमा त कम नै छ तर दाङ, कन्चनपुर, बर्दिया, कैलाली जिल्लाहरूमा अझै व्यापक रहेको छ। ती जिल्लाहरूका कमैयाहरूको अवस्था अत्यन्त दुःखद्, कारूणिक रहेको मैले देखेको छु। आज यो कमैया प्रथाको उन्मूलनको लागि मानवअधिकारवादी संस्था इन्सेकको तर्फबाट यत्रो मेहनत गरेर "कमैया मुक्ति मंच" को यहाँ जुन गठन हुँदैछ त्यसको लागि म इन्सेकका सहयोद्धा साथीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। जबसम्म यस मंचले यो देशबाट कमैयाप्रथाको उन्मुलन नभएसम्म आफ्नो काम जारी राख्दछ त्यसबेलासम्म त्यस दौरानको अभियानमा हामी हाम्रो तर्फबाट, हाम्रो पार्टीको तर्फबाट मात्र हैन अन्तर्राष्ट्रिय क्षेत्रबाट समेत यस आन्दोलनलाई सहयोग जुटाउने काममा कटिबद्धताकासाथ लागि रहने छौं।

कमैयाको सन्दर्भमा चर्चा गर्नु पर्दा म आफैले पनि धेरै कुरा हेरेको र देखेको छु। सामन्तहरूले ऋणै ऋणमा कमैयाहरूलाई डुबाएर राखेका छन्। त्यतिमात्र हैन कमैया बस्ने ठाउँ हेर्ने हो भने एउटा कुनामा गाईवस्तु हुन्छन्, अर्को कुनामा कमैयाको परिवार बस्ने गर्छन्,

यतिसम्म सामन्तहरूले कमैयालाई हेर्ने गरेका छन् । बाबुहरूले जुन घरमा हलो जोतेर जीवन बिताउँछन्, त्यही घरमा छोराले हलो जोतिरहन्छ। कमैया महिलाहरूले सामन्तहरूको घरको सम्पूर्ण काम गर्नु पर्दछ भने कमैयाका छोरीहरूले जहिले पनि आफ्नो जीवन र इज्जतलाई खतरामा राखेर गर्नु पर्दछ। यस्तो बबर, मध्ययुगीन अमानवीय संस्कार र प्रचलनले जनतालाई हेपियुक्जेल र यस्तो स्थिति रहेको व्यवस्था कायमै छउन्जेल नेपालमा प्रजातन्त्र आएको कुनै पनि महत्व हुने छैन। कमैया प्रथा छउन्जेल नेपालमा प्रजातन्त्र आयो भनेर भन्न सकिने अवस्था अझै पनि छैन। हाम्रो मुलुकको संविधानमा मानवअधिकारको उल्लेख गरिएको छ। सबै नेपाली नागरिकहरूलाई बराबर भनिएको छ। तसर्थ २०४६ सालको आन्दोलनबाट प्राप्त संविधान र प्रजातन्त्रको भावना विपरीत रहेका यस्ता अमानवीय व्यवहार र कुसंस्कारलाई सबैले मिलेर तोड्नु पर्दछ।

कमैया प्रथाको सम्बन्धमा हाम्रो पार्टी एमालेले धेरै काम गरेर हिंडेको कुरालाई यहाँहरू समक्ष भनिरहनु पर्दैन। किनकि तपाईहरू सबैलाई हाम्रा सबै कुरा थाहा छ। आज त्यही कुरालाई अगाडि बढाएर संगठन बनाउनेसम्मको काम हुन गयो। यो संगठनलाई मेरो व्यक्तिगत तर्फबाट र पार्टीको समेत तर्फबाट शुभकामना छ। साथै सफलताका लागि बधाई छ। आज उहाँहरूले ऐतिहासिक जिम्मेवारी पाउनु भएको छ त्यसमा उहाँहरू सफल हुनुहुनेछ भन्ने विश्वास मैले लिएको छ। आज यहाँहरूको समक्ष उपस्थित हुन म आफ्नो पाएकोमा पनि तपाईहरूलाई धन्यवाद दिन चाहन्छु। आज तपाईहरू यहाँ जम्मा भएर जुन उत्साह दिनु भयो त्यसबाट मेरो काँधमा मलाई थप जिम्मेवारी लिन उत्साहित गराउनु भएकोमा पनि हार्दिक धन्यवाद। मलाई अझै नेपालमा मैले धेरै कुरा गर्न बाँकी छ भन्ने लागेको छ। साथै मेरो उत्साह र साहसमा पनि कुनै कमी आएको छैन। जनताको सेवाको लागि मेरा विश्वास र मन भाँचिएको छैन। मानिसको ढाड भाँचिन सक्दछ, मन भाँचिन सक्दछ तर मेरो ढाड पनि भाँचिएको छैन र मन पनि भाँचिएको छैन।

विगतमा नेकपा (एमाले) को सरकारले जुन शासन गरेर सरकार चलायो त्यो दक्षिण एशियामा मात्र हैन विश्वमै पनि त्यो सरकारलाई मानिसहरूले ऐतिहासिक रूपमा लिएका थिए। तर हाम्रो पार्टीले एक वर्ष पनि सरकार चलाउन नपाउँदै नेपाली कांग्रेस, राप्रपा र सद्भावना पार्टीहरू मिलेर हामीलाई सरकारबाट गिराए। तर सरकारमा हामी रहनु वा नरहनु त्यति ठूलो कुरा होइन। जनताको काम र सेवा गर्न हामीलाई कसैले रोक्न र गिराउन सक्दैन। त्यसैले हामी जनताको काम गर्नबाट वाचन दुन सकेका छैनौं र गरिरहेका छौं। अझै पनि संसदमा हाम्रो पार्टी सबभन्दा ठूलो पार्टी छ। हामी सिंगै संसदमा कमैयाको ठूलो आवाज उठाइरहेका छौं। हाम्रो सरकार गठन भएपछि देशमा देखिएको सुकुम्बासीको समस्यालाई निमूल गर्न छोटो अवधिमा पनि झण्डै ६०-७० हजार सुकुम्बासीहरूलाई हामीले लालपूर्जा दियौं। कमैया प्रथाको उन्मुलनको लागि कमैयाहरू रहेका जिल्लाहरूमा हाम्रो तर्फबाट योजना बनाएका थियौं। हाम्रो देशको अर्को महत्वपूर्ण पक्ष भूमिसुधार कार्यक्रमलाई समाधान गर्न सासद केशव बडालको अध्यक्षतामा भूमिसुधार आयोग गठन गरेर कृषि क्षेत्रलाई कसरी सुधार गर्ने भनेर हामीले योजना र कार्यक्रम तयार गर्दै गएका थियौं।

हाम्रो नेपालमा मानवअधिकारको अवस्था अझै पनि सुरक्षित र राम्रो छैन, देशका शासकहरूले जे गरे पनि जसो गरे पनि भएको छ। त्यसैले हामी मानवअधिकारको रक्षाको लागि कानून बनाउने तयारीमा छौं। हाम्रो देशमा आधाभन्दा बढी जनसंख्या महिलाहरूको भएको हुनाले महिलाहरूको निम्ति पनि हाम्रो सरकारले कानून बनाएर महिलाहरूलाई आफ्नो स्वाभिमानको लागि पैतृक सम्पत्तिमा अधिकार दिलाउने कोसिस गरिरहेको थियो। यसो हेर्दा यो ज्यादै सरल किसिमको कार्यक्रम देखिएता पनि यो नीति र कार्यक्रम अरू पार्टीका लागि सहय भएन। यस मानेमा उनीहरूले एक वर्षसम्म पनि हामीलाई काम गर्न दिएनन्। अविश्वासको प्रस्ताव ल्याएर हामीलाई जनताको काम गर्नबाट हटाए।

हाम्रो पार्टी एमाले अंचल-अंचलमा, जिल्ला-जिल्लामा र प्रत्येक गाउँ-गाउँमा विशाल भएर फैलिएको छ। यो तपाईहरूको विशाल उपस्थितिले हामीलाई पुनः एकदिन सरकारमा पुऱ्याउने छ भन्ने विश्वास मैले लिएको छु। हामीलाई गिराएर बनेको यो सरकार अहिले आर्थिक संकटमा फसेको छ। उनीहरूको झगडा शुरू भैसकेको छ। यिनीहरू आपसमा मिलेर यो देशमा सरकार चलाउन सक्दैनन्। हेर्दै जानुहोस् यो कुरा निश्चित नै छ। यस्तो अवस्थामा नेकपा (एमाले) तपाईहरू सामु आएर तपाईहरूको जनमत लिएर पूर्ण कटिबद्धताकासाथ सरकार संचालन गर्नेछ।

यस ऐतिहासिक अवसरमा नेपालको यस क्षेत्रमा यति लामो जुलुस, यति ठूलो सभा भएको थिएन। यो कार्यक्रमलाई यति सफलताकासाथ सम्पन्न गर्न इन्सेकका साथीहरू, इन्सेकका परिवारहरू र अन्य सहयोद्धाहरू तथा यस कार्यक्रमलाई सहयोग पुऱ्याउनु हुने यस क्षेत्रका अन्य मित्रहरूलाई मेरो व्यक्तिगत तर्फबाट र नेकपा (एमाले) को तर्फबाट पनि हार्दिक धन्यवाद दिंदै पुनः सबैमा अभिवादन व्यक्त गर्दै मेरो भनाई यही टुङ्ग्याउँछु।

(इन्सेकद्वारा ०५२ माघ १० गते आयोजित "कमैया मुक्ति अभियान राष्ट्रिय सम्मेलन" मा व्यक्त विचारहरू)

मानवअधिकार संस्थाहरुले सरकार र पार्टीहरुलाई दबाब दिनु पर्छ

नेपाली कांग्रेसले त मुक्ति पायो। तर अब त्यो काउछो हामीकहाँ सरेको छ। उहाँहरूले अठार महिनासम्म भोग्नुभयो- कस्तो अनुभव भयो उहाँहरूले जान्ने विषय हो। तर एउटा कुरा स्थापित भयो कि च्याँखे थापेर फाइदा लिने तत्वहरू जता पायो त्यतै लम्किंदा रहेछन्। हामीले यसो ल त प्रधानमन्त्री दिन्छौं के भनेका थियौं, हवात्त उता धोका दिएर हामीकहाँ आए। त्यसकारण यो घटनाबाट त हामी दुवै शक्तिले सिक्नुपऱ्यो नि ! अहिलेको समीकरणलाई मैले स्वभाविक समीकरण भनेर मानेको छैन। यो विकृत परिस्थितिको विकृत उपज हो।

हामी अहिले प्रजातन्त्र पुनःस्थापना भएको सात वर्ष पूरा गरेर आठौं वर्षमा प्रवेश गरिरहेका

छौं। अरू मुलुकहरूमा प्रजातन्त्र स्थापित हुनका लागि यति लामो समय लाग्यो कि त्यसको तुलनामा यो अवधि केही पनि होइन। त्यसकारण यति छोटो समयमा र त्यसमा पनि तीस-तीस वर्षसम्म कुसंस्कार र कुसंस्कृतिको मनोवृत्ति तथा पुरानो मध्ययुगीन संस्कारमा हुर्केका हामीले एकैपटक प्रजातन्त्रको मूल्य र मान्यता आत्मसात गर्न सक्छौं भन्ने सोचाई यदि लिएका थियौं वा छौं भने मेरो विचारमा त्यो अलिकति अव्यवहारिक पनि हो। एकैचोटि चाहना गर्दैमा दुनियाँमा केही हुँदैन।

०१७ सालमा प्रजातन्त्र गएको बेलामा हामी गिरिजाप्रसाद कोइराला र म सँगसँगै नख्खु जेलमा थियौं। त्यसबस्वत् हामी दुई जनाले मात्र होइन, अन्य धेरै साथीहरूले पनि त्यो व्यवस्था एक-डेढ वर्ष चल्ला भनेका थियौं। तर ०१७ सालपछि परिवर्तन आउन तीस-तीस वर्ष लाग्ला भनेर न गिरिजाप्रसादले सोच्नुभएको थियो, न त हामीले नै सोचेका थियौं। तर टिक्यो। किन टिक्यो भने हाम्रो समाज त्यस्तै रहेछ। हामी यही समाजका भएको हुनाले हामीलाई प्रजातन्त्रको पुनर्स्थापना गर्न लामो समय लाग्यो। लामो अवधिमा यथार्थ के देखिन आयो भने जनतामा आधार बनाएर बसेका, पचास वर्षभन्दा लामो इतिहास बोकेका तथा केही मूल्य र मान्यताको आधारमा, केही दार्शनिक चिन्तनका आधारमा हिंडेका हामी दुई पार्टी नेपाली कांग्रेस र वामहरूमा कुनै न कुनै किसिमको कहीं न कहीं तालमेल राष्ट्रका निम्ति अत्यन्त जरूरी कुरा रहेछ। किनकि ०४६ सालको जनआन्दोलनभन्दा अगाडि गिरिजाप्रसाद कोइरालाको नेतृत्व तथा वीपीको निर्देशनमा ठूला-ठूला आन्दोलनहरू हाम्रा कांग्रेसका मित्रहरूले गर्नुभएको हो। धेरै शहीद हुनुभयो। कति वर्ष त मैले पनि जेल बस्नुपर्‍यो। उहाँहरू जेलबाट निस्केपछि ठाउँ-ठाउँमा शहीद हुनुभयो। त्यसैगरी वामहरूले पनि चार सालदेखि र अझ स्वासगरी संगठित रूपमा पार्टी स्थापनाकालदेखि नै लामो अवधिसम्म सँगसँगै संघर्ष गरेका हुन्, सँगसँगै हिंडेका हुन्। हामीले एउटै मूल उद्देश्यका साथ- यो मुलुकमा प्रजातन्त्र आओस् भन्ने सम्बन्धमा सहयात्रा गरेका हौं। हामीले पनि ठूला-ठूला आन्दोलन गरेका छौं। तैपनि जबसम्म दुई शक्तिको एक ठाउँमा मिलन भएन, तबसम्म प्रजातन्त्रको स्थापनाको निम्ति चाहिने राष्ट्रव्यापी विश्वास, अन्तर्राष्ट्रिय जगतको समर्थन र जनता पूर्ण विश्वासकासाथ संघर्षमा उत्रन सक्ने परिस्थिति निर्माण भएन।

तर तीस वर्षको व्यवस्था दुई महिना पुग्दा-नपुग्दै धराशायी भयो। प्रजातन्त्र पुनर्स्थापना गराउनलाई हामीले आफ्नो अनुभवको आधारमा जबसम्म सही कदम चालेनौं, तीस वर्षसम्म हामीले कष्ट भोग्नुपर्‍यो, दुःख भोग्नुपर्‍यो, अपमान स्वानुपर्‍यो। यो सात वर्षको अवधिमा हामी सबैले आत्मचिन्तन गर्नुपर्ने बेला आइरहेको छ भन्ने म देखिरहेको छु। हुनत ०१७ सालको जस्तो इतिहास दोहोरिन्छ पनि भनेको सुनिन्छ। तर मेरो आत्मविश्वास गिरेको छैन। अब कसैले पनि साहस गरेर पुरानो स्थिति ल्याउन सक्तैन। विश्वको परिस्थिति नै फरक भइसकेको छ। विश्वमा मानवअधिकारको कुरा, प्रजातन्त्रको कुरा, बहुदलीयताको कुराका साथै विश्वको अर्थतन्त्रमा जुन परिवर्तन आइरहेछ त्यसलाई तिरस्कार गरेर कसैले मूर्खतावस नेपालमा दुस्साहसिलो कदम चाल्नै सक्तैन। फेरि तपाईं-हामीले प्रजातन्त्रको यो संक्रमणकालमा देखिन आएका नकारात्मक पक्षहरूप्रति पनि चनास्वो हुनैपर्छ। प्रजातन्त्रप्रति सधैं दुईटा कुरामा ध्यान

दिनुपर्छ- पहिलो त हामी राजनीतिक पार्टीहरूले यस्तो व्यवस्था ल्याउन जुन ठूलो त्याग र तपस्या गऱ्यौं, सहमतिको आधार खोज्यौं र संविधानमार्फत् मुलुकमा एउटा परिपाटी स्थापित गऱ्यौं, त्यसलाई रक्षा गर्ने कुरामा हामी त्यही उचाइमा बसेर राजनीतिक व्यवहार गरिरहेका छौं कि छैनौं ? पहिलो प्रश्न यो हो।

दोस्रो प्रश्न के छ भने, हामीमा प्रतिस्पर्धा त हुन्छ नै। बहुदलीय व्यवस्थामा प्रतिस्पर्धा नहुने हो भने त्यो तानाशाही हुन्छ। प्रतिस्पर्धाका साथसाथै हाम्रो जस्तो पछौटे मुलुकमा स्वासगरीकन मूल्य र मान्यताको आधारमा राजनीति गरेका पार्टी नेपाली कांग्रेस र एमाले दुवैले प्रतिस्पर्धा त गर्नैपर्छ। तर प्रतिस्पर्धाका साथसाथै सहयोगका आधारहरू पनि खोज्नुपर्छ। किनकि हामी ज्यादै पछौटे मुलुकमा छौं। हामीले इतिहासमा ज्यादै समय बर्बाद गरिसकेका छौं। एक्काइसौं शताब्दीमा प्रवेश गर्नुपरेको छ। त्यसो हुनाले प्रजातन्त्रलाई सुदृढ गर्ने कुराका साथसाथ कुनै न कुनै किसिमले जनतालाई आर्थिक राहत दिने कुरामा हामीहरूले आपसको प्रतिस्पर्धाका साथसाथै सहमतिको बाटो खोज्नै पर्छ। यस अवस्थामा मलाई के लाग्यो भने शायद हामी दुवै पार्टीबीच परस्परको व्यवहार तथा परस्परको कार्य-सम्पादनको बेलामा उचित मात्राको सन्तुलन हुन सकेन, जसले गर्दा सत्तामा रहेको बेलामा सत्तासीन पार्टीको गुनासो के रह्यो भने विपक्ष जहिले पनि खुट्टा तान्छ र विपक्षमा रहेकाको गुनासो जहिले पनि यही रह्यो कि सत्तामा रहेको पार्टीले हामीलाई पेल्छ। यो प्रवृत्ति यति अस्वस्थ किसिमले हावी भयो- जसले गर्दा हामी दुई शक्तिबीच अति मधुर र न्यानो सम्बन्ध रहेन। नतिजा के भयो भने अहिले संसद्मा कसैको पनि बहुमत छैन। तर सबैलाई सत्तामा जानुपरेको छ। त्यसो हुनाले हामी दुई पार्टी नेपाली कांग्रेस र नेकपा (एमाले)को समीकरणलाई मैले राजनीतिक समीकरणको रूपमा लिएको छु। ०४६ सालमा पनि हामी दुई पार्टीको समीकरणमा नै त्यत्रो ठूलो आन्दोलन चलेको थियो। तर प्रजातन्त्र आएपछि हामी दुई पार्टीहरू पनि टाढा गइहाल्नुमा मेरो विचारले हाम्रो पनि त्रुटि होला।

मुख्यत सत्तामा बढी समय बस्ने पार्टीले स्वआलोचना गर्नुपर्छ, आफ्नो कमजोरी महसूस गर्नुपर्छ। यसपटकको चुनावमा संसद्मा कसैको पनि बहुमत आएन। तर च्याँखे थाप्नेहरूलाई मौका मिल्यो। जब हामी अल्पमतमा थियौं- तब गिरिजाप्रसाद कोइराला जस्तो वयोवृद्ध नेताले विश्वास दिनुभयो र पछि उहाँले च्याँखे थाप्नेहरूलाई कास्वी च्यापेर हामीलाई गिराइदिनुभयो। शुरूमै हाम्रो सरकार बन्न नदिएको भए हुने थियो। यो मुलुकमा हाम्रो सरकार गिराएको बेलादेखि नै अस्वस्थ समीकरण प्रारम्भ भयो। अहिले र भोलिका लागि अथवा लामो अवधिका लागि यो समीकरणको धारणा रह्यो र सत्तामा जानका लागि मात्रै अथवा सत्तामा जान जे पनि गर्नुहुन्छ भन्ने सोचाइ र कुचिन्तनको आधारमा देशको राजनीति अगाडि बढ्यो भने निश्चितै रूपमा हामीले अप्रिय स्थितिको सामना गर्नुपर्छ।

हुनत संवैधानिक प्रक्रिया पूरा गरेरै यो सरकार निर्माण भएको छ। शेरबहादुरको सरकार गिरेपछि विकल्प खोज्ने क्रममा यो आइपऱ्यो। म प्रधानमन्त्री हुँदाखेरी डेनमार्कबाट पेरिस आउँदै गर्दा सोसलिष्ट इन्टरनेशनलका नेताहरूसित सम्पर्क राखेको थिएँ कि म तपाईंहरूसित कुरा गर्न चाहन्छु, हामी पनि सोसलिष्ट इन्टरनेशनलको पार्ट हुन चाहन्छौं भन्दा बडो श्रद्धा गरेर उनीहरूले दुई-अढाई घण्टा जति कुरा गरे। फ्रान्स जस्तो विकसित देशको प्रधानमन्त्री भइसकेको मान्छेले

मलाई सोध्नुभयो- बहुमत भएको बेलामा त समस्या हुँदैन, सरकार चल्छ। तर कसैको पूर्ण बहुमत नहुँदा बहुत गाह्रो पर्छ। दोस्रो विश्वयुद्धपछि फ्रान्समा धेरै पटक यस्तो स्थिति आयो। कसले कोसित समीकरण गर्छ र कसले कसको म्वाइँ खान्छ भन्ने नसकिने भयो। बडो गाह्रो पऱ्यो। तसर्थ तपाईंहरूकहाँ त्यस्तो समस्या आइपऱ्यो भने कोसँग समीकरण गर्नुहुन्छ ? भनेर सोध्नुभयो। मैले भनें- हाम्रा लागि नेपाली कांग्रेस निकटको शक्ति हो। उसँगको समीकरण स्वभाविक हुन्छ। अरूसँग हाम्रो समीकरण हुन सक्तैन। तर घटनाक्रमका कारण विकृत समीकरण भयो। यसरी विकृत समीकरणको अस्वभाविक च्याँखे थापेर बनाइएको समीकरण चल्दैन। उहाँहरूको समयमा बरू अठार महिना चल्यो। तर अब त म भन्न सक्दिन त्यति लामो समय चन्दको नेतृत्वमा रहेको सरकार जान सक्छ भनेर। यो त अहिले नै गिर्ला जस्तो भइरहेको छ।

शेरबहादुरको सरकार असफल भइसकेपछि मैले फ्रान्सका सोसलिष्ट इन्टरनेशनलका अध्यक्षसँग भएको आफ्नो कुराकानी प्रेसमार्फत् सार्वजनिक गरें। त्यसैबेला मैले भनेको थिएँ- अहिले बीचमै मध्यावधिमा जानु बुद्धिमानी हुँदैन। अझ तीन वर्ष संसद्को अवधि छ- यसलाई पूरा गर्नुपर्छ। भर्खर कांग्रेसको सरकार गिरेकाले उहाँहरू स्वभाविक रूपले अलि उदार हुनु बुद्धिमानी हो। यो पहिलो वर्ष एमालेले सरकारको नेतृत्व गर्छ र उहाँहरूद्वारा संसद्मा सहयोगात्मक भूमिकाको निर्वाह होस्। अर्को पटक उहाँहरूको नेतृत्वमा हामी सरकारमा सामेल हुने छौं। तर उहाँहरूलाई यो कुरा स्वीकार्य भएन। तसर्थ अहिले हामीहरूले च्याँखे थाप्नेलाई ठाउँ दिनुपऱ्यो, उहाँहरूले नै हामीसँग शेयर गरेको भए राम्रो हुने थियो। हामीले त भनेकै थियौं- कांग्रेसको नेतृत्वमा पनि हामी सरकारमा सामेल हुनेछौं। तर उहाँहरूकै कारण यो सम्भव भएन। एमाले-कांग्रेसको समीकरणले मात्र देशलाई स्थायित्व दिन्छ। त्यसले मात्रै देशलाई विश्वास दिन्छ, अन्तर्राष्ट्रिय जगतमा पनि राम्रो छवि कायम हुन्छ।

अहिले विदेशी लगानीकर्ता र विश्व बैंलगायतका दातृसंस्थाहरू सबैको एउटै भनाइ छ- तपाईंहरू कमसेकम संसद्को अवधिभरको त ग्यारेन्टी दिनुहोस्। हामीले नौ महिना चलायौं र शेरबहादुरजीले अठार महिना चलाउनुभयो। सत्ताइस महिना जति भयो। ठीकै छ। चलेकै थियो। अरू अगाडिको करीब तीन वर्षको अझै ग्यारेन्टी दियौं भने त जनताले पनि राहत पाउने थिए। उनीहरूलाई विश्वास हुने थियो कि हामीले पाँच वर्षको निम्ति चुन्ने हो। यिनीहरूले पनि पाँच वर्षसम्म काम गरेर आए। तर यसको अभाव भयो भने त स्थायित्व हुँदैन भन्ने कुरामा मेरो सँधै जोड रही आएको छ।

हामी अहिले सबैभन्दा बेसी पीडित छौं भने यही कुराले पीडित छौं। मलाई के लाग्छ भने कतिपय बेला यसो हेर्दाखेरी गलत भएको कुराबाट वा गलत ठहऱ्याइएको कुराबाट पनि शिक्षा लिन सकिन्छ। सत्तामा रहनका लागि वा सत्तामा जानका लागि अर्थात् सत्तालिप्साको कारणले गर्दा हाम्रो इतिहासमा अस्वभाविक किसिमको जुन समीकरणको अभ्यास भयो, त्यो अहिले पनि विद्यमान छ। यस्तो अस्वस्थ प्रवृत्ति हाम्रो राजनीतिमा हावी भइरहेको छ। त्यसलाई हामीले सकभर छिटो टुंगो लगाउनुपर्छ। सकभर छिटो सही दिशामा जानुपर्छ।

हुनतः यो अहिलेको समीकरण पनि संवैधानिक मर्यादाहरू पूरा गरेरै बनेको छ। मर्यादा पूरा

गरेको समीकरण पनि त्यही अनुरूप जानुपर्थ्यो- मर्यादा अनुसार व्यवहार गरेर देखाउनुपर्थ्यो, विश्वास लिन सक्नुपर्थ्यो। मलाई लाग्छ यो समीकरण पनि वहाँहरूकै कारणले टुट्छ। उहाँहरूले विश्वस्त भएर- हामीले कांग्रेसलाई ठगी आयौं, अब यता पनि ठगी खाऔं भन्नुहोला। धेरै दिन त यस्तो चल्दैन। एक दिन त कुरा थाहा भइहाल्छ नि ! म त भन्छु यो समीकरण टुट्छ-टुट्छ, निश्चित रूपमा टुट्छ। अठार-अठार महिनासम्म कांग्रेससँग सहभागी भएर हिंडेको पार्टीले एकैचोटि हामीसँग आएर अप्राकृतिक किसिमले गठबन्धन गर्नु पनि त अप्राकृतिक कुरा हो नि ! तर यो घटना घटिसकेको छ। नेपाली कांग्रेसले पनि इतिहासमा थुप्रै गल्ती गरेको छ। यस्तो अप्राकृतिक गठबन्धनको शुरूवातकर्ता पनि उही नै हो। तर हामीहरूले त्यसो नगरेको भए भन्ने मौका पाउने थियौं। म त भन्छु हामीमा पनि एकपटक सत्तामा गइसकेपछि "सत्ताको भोक" जागेको छ। सत्ताको भोक सबभन्दा ठूलो भोक हुँदोरहेछ। यो छोड्नै मन लाग्दैन। सिंहदरबारको त्यो घुम्ने मेच झलझली सम्झिइन्छ।

हाम्रो देशमा स्थापित बहुदलीय प्रणाली बिग्रियो भने त्यसको दोष मलाई मात्र होइन, गिरिजाप्रसाद कोइरालालाई पनि जान्छ। त्यो चिन्ता त उहाँलाई पनि होला, मलाई पनि छ। जब हामी एउटै चिन्ताले पीडित छौं भने- बाटो किन ननिकाल्ने ? त्यो साहस किन नलिने ? त्यो यथार्थता हो कि भोलिको घटनाक्रममा हामीले बहुमत ल्याए पनि नेपाली कांग्रेससँग सहकार्य नगरी सुस्वै छैन। उहाँहरूको समर्थन बिना हामीहरू देश चलाउन सक्छौं ? देशको विकास हुन सक्छ ? अन्तर्राष्ट्रिय जगतको समर्थन लिन सकिएला ? अवश्य सकिदैन। नेपाली कांग्रेसको पनि त्यही स्थिति हो। उसले पनि हाम्रो सहयोग र समर्थन बिना केही गर्न सक्तैन। त्यसकारण उहाँहरूलाई भड्काउन थुप्रै मान्छे जान्छन्। तर उहाँहरूले त्यस्ता कुरालाई वास्ता गर्नुभएन। बरू वास्तविकता स्वीकार्नुपर्‍यो। नेपालको राजनीतिमा जति शक्तिशाली अस्तित्व नेपाली कांग्रेसको छ- त्यतिकै शक्तिशाली अस्तित्व एमालेको पनि छ। तसर्थ यी दुई वटा शक्तिहरूले दिमागलाई खियाएर मुलुकलाई कसरी राहत दिने, कसरी स्थायित्व दिने र कसरी राजनीतिलाई स्वस्थ किसिमले संचालन गर्न सकिन्छ भनेर किन प्रयास नगर्ने ? म त यही प्रश्नको जवाफ खोजेर हिंडिरहेको छु। गणेशमानजीकहाँ पनि म यही जवाफ खोज्न पुग्छु। गिरिजाप्रसादको त कुरै नगरौं।

हामी त अहिलेको परिस्थितिमा दुई पक्षका हिरो भएका छौं। तर म त अझै पनि भन्छु- हाम्रा अग्रजहरूको राय सल्लाह मात्र लिएर हिंडेदेखि पनि जनतालाई धेरै राहत हुने थियो। आज गणेशमानजीको वडो मार्मिक स्थिति छ- विचरा राम्ररी हिंड्न सक्नुहुन्न, डोन्याएर हिंडाउनुपर्छ। तर वहाँले भन्नुभयो- "अब जसरी ०४६ सालको जनआन्दोलनको प्रारम्भमा विश्वविद्यालयको अडिटोरियम हलबाट आह्वान गरियो- कम्युनिष्टहरू पनि आए। हामी पनि अगाडि बढ्यौं। त्यो दिन फेरि संझेर मुलुकमा आएको प्रजातन्त्रलाई सही बाटोमा ल्याउनको लागि पहल गर्नुपर्छ।" उहाँले त्यसो भनेर विद्यार्थीहरूलाई आह्वान नै गर्नुभयो। मेरो चाहना छ, हाम्रो यो रिटायर्ड हुने पीढीको गल्तीबाट आजका युवाहरूले पीडित हुन नपरोस्। प्रजातन्त्रमा यत्रा ठूला-ठूला विकृतिहरू आएका छन्। प्रजातन्त्रले गति लिन सकेको छैन। राजनीतिक मूल्य र मान्यता अनुसार यहाँका राजनीतिक पार्टीहरू चल्न सकेका छैनन्। यी सबै कुरालाई हामी

तटस्थ भएर हेर्न सक्तैनौं। यी सबै कुराहरूबाट म के निष्कर्षमा पुगेको छु भने यो अप्राकृतिक समीकरणको समय टुंगिदैछ- यो खुशीको कुरा हो।

हामीमा अहिले प्रजातन्त्रप्रति जुन वितृष्णा आएको छ- त्यसको लागि हामी यो प्रणालीसँग सम्बन्धित व्यक्तिहरूले जिम्मेवारी लिनैपर्छ। आत्मालोचना गर्नैपर्छ। हामी पनि आत्मालोचित हुनुपर्छ। साँच्चै भन्ने हो भने म अरूलाई मात्र दोष दिन चाहन्न, म आफैं पनि यसको दोषी छु। हामीले हाम्रो मात्रै सबै कुरा ठीक अनि अरू बेठिक जति सबै कुरा लगेर नेपाली कांग्रेसको पोल्टामा फ्याँक्नु त भएन नि ! तसर्थ आउनुस् हामी दुई प्रमुख पार्टीबीच वार्ता गरौं। अहिले जो अप्रिय घटनाहरू देखिए त्यसलाई समाधान गर्न सकिन्छ। हामी के कुरामा विश्वस्त हुनुपर्यो भने- राष्ट्रमा जुन प्रजातान्त्रिक प्रक्रिया छ- त्यसलाई कुनै शक्तिले खल्बल्याउन सक्तैन।

संविधानको कुरा गर्नुहुन्छ भने त्यो निर्माण भइसकेपछि म विभिन्न देशहरू जस्तो कि फ्रान्स, जर्मनी, बेलायत, अमेरिका, बेल्जियम, निदरल्याण्ड जाँदाखेरी उनीहरूले के प्रश्न गरे भने- तपाईंहरूको संविधानलाई धान्न सक्ने शक्ति तपाईंको समाजमा छ कि छैन ? मैले भने ०१७ सालभन्दाअघि पनि प्रजातान्त्रिक संविधान थियो। हामीले त्यो गुमाएपछि पुनः नयाँ संविधान निर्माण गरेका छौं। त्यो धान्न सक्छौं। तर अहिले फर्केर हेर्दा के लागिरहेछ भने शायद हामी मानसिकताको दृष्टिकोणले वा हाम्रो सोच्ने तरिकादेखि लिएर सबै कुरामा प्रजातान्त्रिक मूल्य र मान्यता पूर्ण रूपले स्थापित नभइसकेको अनुभूति भइरहेको छ। त्यसैले नै यी विकृतिहरू आएका हुन्। त्यसकारण यसबाट चिन्तित भएर निराश हुने होइन, बरू हामी प्रमुख शक्तिहरूले यस कुरालाई अनुभूत गरेर अगाडि बढ्नुपर्छ। एउटा चिन्ताको विषय के छ भने जनतामा यो प्रणालीप्रति वितृष्णा बढेको छ, व्यवस्थाको विरोधमा छिटफूट नारा पनि लागेको छ। पंचायती व्यवस्था जिन्दावाद पनि भनिएको छ। आखिर यो सबै कुरा के हो भन्दा हाम्रा नकारात्मक काम-कारवाहीले गर्दा समाजमा जुन वितृष्णा जागेको छ- त्यसबाट अस्ति सत्ताबाट च्यूत भएकाहरू केही उपलब्धि हासिल हुन्छ कि भनेर लागेका छन्। त्यसनिम्ति पनि हामी चनाखो हुनैपर्छ। रिसाएर हुँदैन। रिसाएर उनीहरूलाई तपाईं पिट्न सक्नुहुन्न, दबाउन सक्नुहुन्न। तर हामीले समाजमा यस्तो वातावरण बनाउनुपर्यो कि त्यस्तो प्रवृत्तिले प्रश्रय नपाओस्। आज हामीले मान्नै पर्छ कि हाम्रा केही गलत काम-कारवाहीले गर्दा नै उनीहरूलाई हौसला मिलेको छ।

म जिल्लाव्यापी भ्रमणमा जाँदा मलाई लाग्यो जनताले त धैर्य गरेका छन्। किनकि उनीहरूले भने- तपाईंहरूको त्याग र तपस्याबाट जुन प्रजातन्त्र आयो- त्यसप्रति हामी पूर्ण सन्तुष्ट छौं। हामीले बोल्न पाएका छौं, स्वतन्त्र भएका छौं, समृद्ध नागरिक भएका छौं। राजा समेतबाट म संवैधानिक भएर बस्छु भन्ने हुकूम भएको छ। यो बहुत ठूलो उपलब्धि हो। तर तपाईंहरू किन झैं-झगडा गर्नुहुन्छ ? संसद्लाई किन राम्ररी चलाउनुहुन्न ? संसद्मा हाम्रो पीडाको कुरा किन अभिव्यक्त हुँदैन ? तपाईंहरू किन न्यूनतम भए पनि राहत दिन सक्नुहुन्न ? उनीहरूको गुनासो थियो। यसको जवाफ त मसँग छैन। यी कुराहरूको जवाफ दिन नसकेकै कारणले वितृष्णा बढेको छ। जनता खुल्ला भन्ने गर्छन्- जहिले पनि यस्तै छ, जहिले पनि यस्तै छ। दोस्रो कुरा सामान्य पनि आर्थिक राहत नपुग्नाले उनीहरू दुःखी छन्। यसलाई कसरी

समाधान गर्ने ? कसरी हटाउने ? भन्ने विषयमा हामीले गम्भीर भएर सोच्नै पर्छ।

दक्षिण एसियाकै स्थिति पनि अहिले धेरै राम्रो छैन। दक्षिण एसियाका सबै देश अहिले यही पीडाबाट ग्रस्त छन्। यो संक्रमणकालको पीडा हो। तर यसरी प्रजातन्त्र सुषुप्तावस्थामा छ, संक्रमणकालको पीडा हो भनेर हामीजस्ता बुढापाकाले सन्तोष गर्नुहुँदैन। यो समस्याको समाधानका निम्ति हामीहरूबाटै पहल हुनु जरूरी छ।

मानवअधिकारको सवालमा यो कुरा मान्नै पर्छ कि प्रजातन्त्रको स्थापना भएपछि नेपालको मानव अधिकारको रेकर्ड राम्रो छ र मानव अधिकारको सवालमा हामीले एउटा विल पनि पारित गरेका छौं, मानव अधिकार पीडितहरूलाई एक लाखसम्मको क्षतिपूर्ति दिने निर्णय गरिएको छ। मानव अधिकारको हनन् गर्ने जुनसुकै स्तरका अधिकृत हुन्, पुलिस हुन्, आर्मी हुन् वा सिविल हुन- सबैलाई दण्डको व्यवस्था गरिएको छ। साथै मानव अधिकार कमिशन पनि बन्दैछ- जसले मनिटर गर्ला। त्यस अर्थमा मानव अधिकारको रेकर्ड चाहिं तुलनात्मक रूपमा राम्रो छ। खुशी मान्नुपर्ने स्थिति छ। तर अहिले तथाकथित जनयुद्धको नाममा फेरि मानवअधिकार उल्लंघन भयो भन्ने रिपोर्ट छ भने त्यसलाई पनि राम्ररी छानविन गरेर सच्याउने काम गर्नुपर्छ। तर उनीहरूलाई पनि मानव अधिकारबाट बञ्चित गर्ने होइन उनीहरूले पनि निर्दोष मान्छेहरूको हत्या गर्नुभएन। साधारण जीवन विताइरहेका मानिसको मानवअधिकारको उनीहरूले पनि रक्षा गर्नुपर्छ। आफ्नो कुरा राख्नु, विचार पोख्नु उनीहरूको पनि अधिकारको कुरा हो। अर्थात् कतैबाट पनि मानव अधिकारको हनन् हुनुहुँदैन भन्ने कुरामा म जोड दिन चाहन्छु। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले गर्दै आएका यस्ता कुराहरू अत्यन्तै प्रशंसनीय छन्- स्वासगरी पश्चिमी क्षेत्रमा कमैया प्रथा, दास प्रथाको रूपमा विकसित भएको छ, यो एकप्रकारको दास प्रथा नै हो, त्यसलाई उन्मुलन गर्नको लागि इन्सेकको अग्रसरताप्रति मेरो पनि पूर्णतः समर्थन छ। अनि हाम्रो समाजमा जस्तो कि गिरिजाप्रसादजीले भन्नुभयो- प्रजातन्त्र आएपछि हाम्रो समाजभित्र थिचिएर राखिएकाहरू अंकुरित भइरहेका छन्। महिलाहरूले आफ्नो अधिकार खोजेका छन्, जनजातिहरूले आफ्नो अधिकार खोजेका छन्, जायज हो। हाम्रो समाजका तल्लो वर्गका जनताले अधिकार खोजिरहेका छन्- त्यो पनि जायज हो। यस सम्बन्धमा मानव अधिकारवादी संस्थाहरूले बढी सक्रिय भएर राजनीतिक पार्टीहरूको र सरकारको ध्यानाकर्षण मात्र होइन, उनीहरूमाथि नैतिक दवाव पनि दिनुपर्छ। उहाँहरू अहिले पूर्णतः पार्टीको संकुचित सोचाइबाट मुक्त भएर, उन्मुक्त किसिमले जसरी मानव अधिकारको बहालीका निम्ति पंचायत कालदेखि नै काम गर्दै आउनुभएको छ- त्यो अत्यन्तै सन्हाहनीय छ- स्तुत्य छ। अहिले पनि उहाँहरूले त्यसलाई राम्ररी अगाडि बढाउनु हुने छ भन्ने कुरामा म विश्वस्त छु।

(इन्सेकद्वारा प्रकाशित वर्ष पुस्तक १९९६ को विमोचन समारोहमा ०५३ चैत २७ गते व्यक्त विचार)

शहीदमञ्चमा उभिएर शिक्षा लिनु पर्छ

शहीदहरूको रगतले पवित्र भएको यस जदुकुहामा आज उहाँहरूकै शालिक अनावरनका लागि अयोजित यस भव्य समारोहमा उपस्थित दाजुभाइ, दिदी बहिनी, आयोजकहरू तथा खासगरी शालिक निर्माणमा महत्वपूर्ण सहयोग पुऱ्याउने इन्सेक लगायत सबैलाई म आफ्नो र आफ्नो पार्टीको तर्फबाट हार्दिक अभिवादन, हार्दिक आदर र सम्मान गर्दछु।

आज यस पवित्र स्थलमा भेला भएको बेलामा मलाई यहाँ शहीद हुनुभएका सबै व्यक्तिहरूको सम्झना भइरहेको छ, कुशेश्वर र कामेश्वर अत्यन्नै प्रभावशाली युवक हुनुहुन्थ्यो। उहाँहरूको जीवन उस बेलाको पञ्चायत व्यवस्थाले हरण नगरेको भए अहिलेसम्म उहाँहरू यो मुलुकको एउटा वैज्ञानिक, ठूला राजनेता हुनुहुन्थ्यो होला अथवा अन्य क्षेत्रमा राष्ट्रको ठूलो योगदान गर्ने व्यक्ति हुनुहुन्थ्यो होला। २०२९ सालमा नै उहाँहरूले शहादत प्राप्त गर्नुभयो। त्यस पछि अहिले २०४६ सालमा शहादत प्राप्त गर्ने सोनावती देवी यादव, मुनेश्वरी यादव, जानकीदेवी यादव, उदयशंकर मण्डल, रामनारायण यादव ५ जना शहीद जसमा ३ जना महिलाहरू हुनुहुन्छ। नेपालमा महिला शहीदहरूमा सबभन्दा बढी शहीद जन्माउने यो ठाउँ कति पवित्र छ, कति सम्मान योग्य छ मैले बढ्ता बताइरहनु पर्दैन। आज यस पवित्र समारोहमा उपस्थित भएको बेलामा राजनैतिक विवादका, राजनैतिक कटुताका, राजनैतिक कुराका चर्चा चलाएर अनावश्यक किसिमले उछालेर यस समारोहको मर्यादा र सम्मान, यस समारोहबाट लिनुपर्ने प्रेरणा, शिक्षा र भविष्यका निमित्त मार्ग निर्देशनलाई कमजोर गराउन चाहन्न। यो निश्चित हो प्रजातन्त्रमा पार्टीहरू हुन्छन् र पार्टीहरूमा मतभेद पनि हुन्छन्। प्रतिस्पर्धा हुन्छ र पार्टीहरू एकले अर्कालाई उछिनेर सत्तामा जान चाहन्छन्। निश्चित छ २०४६ साल पछि संविधान निर्माण भयो, आज संविधान दिवसका अवसरमा म एउटा कुरा सबै बन्धुहरूलाई सम्झना गराउन चाहन्छु, त्यो के हो भने २०४७ सालमा संविधान निर्माण गराउन हामी र नेपाली कांग्रेसको निर्णायक भूमिका छ। त्यो संविधानको हामीले नौ वर्ष अभ्यास गऱ्यौं। त्यस अभ्यासमा कहाँ कहाँ त्रुटी भए कहाँ कमजोरी भए, कहाँ हामीले यस सविधानका मुलभूत कुराहरू आत्मसात् गर्न चुक्यौ कि ? संविधानको आशय एउटा छ तर व्यवहारमा राजनैतिक प्रतिस्पर्धाले गर्दा त्यसको मर्मर्माथि कुनै चोट त लागेन भन्ने कुरा सोच्नु पर्ने आवश्यकता छ।

हाम्रो संविधान सबै दृष्टिकोणले विश्वका धेरै संविधानहरू भन्दा राम्रो छ। नेपाली जनता सयौं वर्ष रैतिसरह भए तर आज नेपाली जनता सार्वभौम छ, सार्वभौम अधिकार लिएर नेपाली जनता बसेको छ। त्यही सार्वभौम नेपाली जनताको भावनालाई, विश्वासलाई प्राप्त गरेर संसद गठन भएको छ। हाम्रो संसद पनि उत्तिकै गरिमामय, महत्वपूर्ण निर्णय लिन सक्ने थलो बनेको छ। तर पनि अलिकति अप्रिय लागेको छ। नेकपा (एमाले) र नेपाली कांग्रेस हामी दुईपार्टी

मिलेर २०४६ सालको जनआन्दोलन सफल बनायौं। संविधान पनि बनायौं। तर हामी दुई पार्टीका बीचमा न्यूनतम कुराहरूमा समझदारी, सहकार्य र विश्वासको सिर्जना गरेर अगाडि बढ्ने कुरामा त्रुटी रह्यो। त्यसले गर्दा पनि केही अप्रिय घटना भए। स्वासगरी अहिलेको त्रिशंकु संसदको कारणले गर्दा संसदमा निश्चय नै धेरै अप्रिय कुराहरू भए। त्यस बारेमा हामीले यो शहीदमञ्चमा उभिएर शिक्षा लिनु पर्दछ। संविधानको मूलभूत आशयलाई आत्मसात गरेर अगाडि बढ्नु पर्दछ भन्ने कुरामा म जोड दिन चाहन्छु। संविधान अनुसार कार्य गर्ने गराउने जिम्मेवारी जहाँ पनि सत्ता पक्षको हुन्छ। नेपाली कांग्रेसलाई ०४७ सालको संविधानपछि धेरै लामो अवधिसम्म सरकार संचालनको अनुभव छ। सरकार चलाएको छ, अधिकार पाएको छ र अहिले पनि ऊ सरकारमा नै छ। हाम्रो आशय के हो भने सरकारको पक्षबाट, सत्ताधारी पार्टीको तर्फबाट जति सौहार्द्र वातावरणमा संसद चल्नु चलाउनु पर्थ्यो त्यसमा त्रुटी भएको हुमसक्छ भन्ने कुराहरूमा कांग्रेसले सोच्नै पर्दछ। हामी संसदमा ठूलो शक्तिशाली पार्टी भएका नाताले, विपक्षी पार्टी भएको नाताले हामीहरूबाट पनि कहीं त्रुटी भयो कि भन्ने कुरा सोच्नुपर्दछ। आशय मेरो यही हो। संसदमा पनि जबसम्म दुई पार्टी समझदारीमा आउँदैनन् तबसम्म संसदमा स्वस्थ्य वातावरण बन्न गाह्रो छ। माथिदेखि तलसम्म यी दुई शक्तिले भोलिको इतिहास निर्माण गर्नुछ। पछि इतिहासले के भन्ला त्यो सबैलाई चिन्ताको विषय हुन्छ। त्यसै हुनाले हामीहरू सत्ता प्राप्तिको लागि जे पनि गर्ने अभ्यास छोडौं।

घटनाक्रमले नेपाली कांग्रेस संसदमा अहिले सबभन्दा ठूलो पार्टी भएर बसेको हुनाले गिरिजाप्रसाद कोइरालाको सरकार बनेको छ। हामीले उहाँलाई एउटै निवेदन गरेका छौं, अहिले यो सत्ताको अहंकार छोड्नुहोस्,, बैशाखमा निर्वाचन गराउनुहोस्। वैशाखको निर्वाचन निश्पक्ष गराउनुहोस् हामी त्यस निर्वाचनमा सहभागी हुन्छौं भन्ने धारणा राखिदिएका छौं। र उहाँले पनि सोही अनुसारको आरचण गर्नु हुन्छ भन्ने मैले विश्वास राख्वेको छु। प्रधानमन्त्री भएपछि प्रधानमन्त्रीले संसदमा कहिले एउटा पार्टीलाई चलायो, कहिले अर्को पार्टीलाई चलायो, कहिले कल्लाई बोक्ने, कहिले कल्लाई लिने यस्तो किसिमको गलत काम गर्नु भयो भने उहाँको निश्पक्षता रहँदैन भन्नेकुरा मैले भनिरहने कुरा हैन। उहाँ स्वयम्ले महशुस गर्ने कुरा हो। अहिले हामी एउटै कुरामात्र चाहन्छौं, राष्ट्रिय पार्टीहरू यो देशमा छन् त्यसैले नेका र एमाले बीचमा समझदारी बनाएर निष्पक्ष चुनावमा जाऔं। अनि राष्ट्रमा स्वस्थ्य, विश्वासिलो, भरोशिलो वातावरण बन्छ भन्ने म चाहन्छु र यही कुरामा जोड दिन चाहन्छु। यहाँ अहिले अर्को चिन्ताको विषय पनि छ त्यो के हो भने माओवादी आतंक। माओवादीहरूको आतंक प्रति पनि मैले गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएपछि उहाँलाई भनें- यो राजनैतिक कुरा, यसलाई तपाईंले प्रशासनिक किसिमले पुलिसमात्र पठाएर समाधान गर्न सक्नुहुन्न, त्यो गलत बाटो तपाईं नजानुस् बरू राष्ट्रिय सहमति बनाएर माओवादीको जुन आतंक छ, त्यसलाई निर्मूल गर्नुपर्छ। राजनैतिक किसिमले त्यसलाई अगाडि बढाउनुस्। त्यस क्षेत्रमा विकासका कार्यक्रम दिनुस्, त्यहाँ स्वाद्यान्नद्वारा काम गराउनुहोस्, हेल्थपोष्ट, स्कूल, बाटो बनाउने, पुल बनाउने, काम शुरू गर्नुहोस्, बरू अन्य क्षेत्रबाट बजेट कटौती गरेर पनि गर्नुस् भनी मैले सल्लाह दिएँ। तर मैले खेदका साथ भन्नु पर्छ उहाँले केही पनि गर्नु भएन। अहिले सम्पूर्ण माओवादीहरूलाई दमन

गर्ने काम पुलिसको हातमा पुगेको छ। पञ्चायतकालमा जुन किसिमको दमन गरियो त्यस्तै किसिमको दमनबाट माओवादी समस्या समाधान हुनेवाला छैन। बरू दुःखको साथ भन्नु पर्छ त्यसबाट गिरिजाप्रसाद कोइरालाको राजनैतिक व्यक्तित्वमा अलिकति नराम्रो असर पर्छ। यहाँ शहीदहरूको सम्मानको सभा समारोह भैरास्व्या छ, म धेरै कुरा चर्चा गर्न चाहन्न। भट्टराईजी पनि आउनु भएको भए, मैले त हाम्रो सुशील प्याकुरेलजीलाई प्रधानमन्त्रीलाई पनि बोलाउनुस्, भनेको थिएँ। अझ राम्रो त के हुन्थ्यो भने यही मञ्चमा प्रधानमन्त्री पनि कृष्णप्रसाद भट्टराई पनि र मनमोहन अधिकारी पनि तपाईंहरू समक्ष केही कुरामा प्रतिबद्ध हुन पाएको भए केही राम्रो हुने थियो। मलाई लाग्छ हाम्रा इन्सेकका मित्रहरूलाई त्यस्तो अवसर फेरि आउन सक्छ। उहाँहरूले जनताले विश्वास गरेका पुराना राजनैतिक पार्टीका लिडरहरूलाई एउटै मञ्चमा उभ्याउने प्रयास भने गर्नु भयो। त्यसका लागि उहाँहरू धन्यवादका पात्र हुनुहुन्छ। अन्य ठाउँमा पनि शहीदहरू भएका छन्, कति शहीदहरूको सम्मानमा यस्तै समारोहहरूमा मैले अहिले भनेको सुझाव अनुसार उहाँहरूले विचार गर्नु हुनेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु। र, यसै क्रममा मलाई यस जिल्लाका कुशेश्वर, कामेश्वरद्वारा प्रारम्भ गरिएको परम्परा जुनकि २०४६ सालमा ५-५ जना शहीदहरूले अगाडि बढाउनु भयो। त्यो भन्दा पनि अगाडि यस मुलुकका अतिनै सम्मानित, अतिनै लगनशील प्रजातन्त्रका लागि ज्यानै अर्पण गरेर हिड्नु भएका सरोज कोइरालालाई पनि शहीदको सम्मानमा राख्वेका छौं। म यस जिल्लामा आएको बेलामा यस जिल्लाका सबै राजनैतिक शक्तिहरूलाई अनुरोध गर्न चाहन्छु- उहाँको सम्मानमा पनि यस्तै समारोह होस्। उहाँको शालिकको पनि निर्माण होस् भन्ने अनुरोध गर्न चाहन्छु। यो शहीदहरूको शालिक राख्ने परम्परामा हाम्रो पार्टी पछि हटेको छैन। शहीदहरूको सम्मान गर्ने कुरामा हामीले हेटौंडामा हे.न.पा. को तर्फबाट यस्तो शहीद पार्क बनाएका छौं, जुन शहीद पार्कमा लख्वन थापा देखिका शहीदहरूको एउटै ठूलो ढुंगामा मुर्ति कुँदिएको छ। त्यस्तै किसिमले तपाईंको जिल्लामा शहीदहरूको सम्मानमा साहित्य, जीवनी लेख्ने जस्तो काम होस् भन्ने चाहन्छु र फेरी एक पटक यो यदूकुहाको जुन गौरवमय इतिहास छ, त्यस इतिहासलाई कायम राख्वेर तपाईंहरू यस ठाउँका मात्र हैन सिंगो जिल्लाका राजनैतिक कर्मीहरू अगाडि बढ्नु हुनेछ भन्ने मैले विश्वास लिएको छु। साँच्चै हामी सबैको हृदयलाई घचघच्याउने काम तपाईंहरूले गर्नु भयो। शहीदहरूको सम्मानमा संविधान दिवसका दिन जे जस्तो समारोहको आयोजना भयो यो स्वंयमा नै प्रेरणादायी विषय हो। यो घटनाले हामीहरूलाई शिक्षा दिने छ र जिम्मेवारी महशुस गराउने छ।

(०५५ कार्तिक २३ गते इन्सेकद्वारा धनुषामा निर्मित महिला शहीदको शालिक अनावरण एवं शहीद पार्कको उद्घाटनका अवसरमा व्यक्त मन्तव्य)

राजनीतिमा अपराधीकरणको कारणबारे खोजी हुनुपर्छ

- माधवकुमार नेपाल
महासचिव, नेकपा (एमाले)

अहिले अत्यन्तै चिन्ता गर्नुपर्ने कुरा के हो भने ०४६ सालको जनआन्दोलनले जुन आशा, माग र जस्तो राजनीतिको अपेक्षा गरेको थियो के हाम्रो मुलुक त्यही भावना र अपेक्षा अनुरूप अगाडि बढिरहेको छ त ? यहाँ दुई खाले विचार-चिन्तनहरू आएका छन्। एउटा, जस्तो संसदीय अभ्यास भइरहेको छ, त्यसैमा सन्तोष गर्नुपर्छ, असन्तुष्ट हुनुहुँदैन। यसलाई धेरै गम्भीरतापूर्वक र असाध्यै डर मान्नु पर्ने विकृतिका रूपमा लिनुपर्ने आवश्यकता पनि छैन। अर्को अहिले व्यवस्थाभित्र यतिधेरै संकटहरू आइसकेका छन्, हाम्रो देशमा रहेको एउटा संस्थाबाहेक अन्य सम्पूर्ण संस्थाहरूले आफ्नो वैधानिकता गुमाइसकेका छन्- तसर्थ अब एउटै मात्र निकास बाँकी छ- त्यो हो राजाको आशीर्वाद।

यी विकृति र विसंगति असामान्य होइनन् र गम्भीर अवस्थामा पुगेका पनि छैनन् भन्ने एउटा मान्यता छ। अर्कोतिर समस्या यति गम्भीर र असाध्यै भइसकेको छ कि अब यहाँका जनता वा हामी कसैले पनि समाधान गर्न नसक्ने भयौं र अब एउटै मात्र बाटो छ "हामी सबै राजाको शरणमा जानुपर्‍यो।" यस्तो धारणा राख्ने हाम्रा विद्वान नेता ऋषिकेश शाह हुनुहुन्छ। र, उहाँले हिजो मात्रै पनि भन्नुभएको थियो "पार्टी, संसद, अदालत, प्रशासन सबैले आफ्नो भूमिका गुमाइसकेका छन्।"

हाम्रो विचारमा यी दुवै मत गलत हुन्। हाम्रो मान्यता के रहेको छ भने- हाम्रो समाज वा राजनीतिमा जस्ता किसिमका विकृति र विसंगति देखिएका छन्- ती समाधान नै हुन नसक्ने अवस्थामा छैनन्। तर चिन्तित हुनुपर्ने अवस्था अवश्य छ, गम्भीर हुनुपर्ने अवस्था छ। केही पनि भएको छैन, सामान्य अवस्था छ, चिन्ता नै गर्नुपर्दैन भन्ने अवस्था पनि छैन। यस्तो सत्य र यथार्थतालाई अनुभूत गरिसकेपछि यसको निकास र समाधानको बाटो पहिल्याउनका निम्ति पनि त्यत्तिकै गम्भीर प्रयासको थालनी गर्नुपर्ने आवश्यकता छ। विकृति र विसंगतिहरू अहिले जुन स्थितिमा पुगेका छन्, तिनलाई समाधान गर्न सकिन्छ। हाम्रो मुलुकका राजनीतिक पार्टी र प्रबुद्ध वर्ग यस्ता समस्या समाधान गर्न सक्षम छन् भन्ने मलाई लाग्दछ। नेपाली जनता, आमजनसमुदाय यस विकृतिलाई हटाउन सक्षम छन्। तर प्रश्न एउटै छ- जिम्मेवार राजनीतिक पार्टीहरू र त्यसका नेताहरू जसले मुलुकको राजनीति संचालन गरिरहेका छन्- उनीहरू यो विकृति र विसंगतिप्रति गम्भीर छन् कि छैनन्? या उनीहरूले यसलाई सरल र स्वाभाविक

रूपमा लिइरहेका छन् ? यसैमा यो कुरा भर पर्दछ। मलाई लाग्छ- यसलाई सहज र स्वाभाविक रूपमा लिनु हुँदैन।

अर्कोतिर बहुदलीय व्यवस्था आएपछि मात्रै विकृति र विसंगतिहरू भित्रिए, राजनीतिमा अपराधीकरण भयो- भन्ने कुरा पनि नेपालको इतिहासको यथार्थसंग मेल खाँदैन। राणा शासनमा थुप्रै अपराधीकरणका उदाहरणहरू पाइन्छन्- सैनिक प्रयोग, जालझेल, अपराधीकरण, हिंसा र हत्या उल्लेखनीय रूपमै थिए। तीस वर्षे पंचायती व्यवस्थाको अवधिमा पनि राजनीतिमा अपराधीकरणका थुप्रै घटनाहरू देखिए। पंचायती व्यवस्थामा पूरै माफिया ग्रुप प्रवेश गऱ्यो र मण्डलेतन्त्रको रूपमा अभ्युदय भयो।

अहिलेको बहुदलीय व्यवस्थाभित्र पनि यस्ता थुप्रै अपराधिक प्रवृत्तिहरू देखा परी रहेका छन्। तर यो राणा शासनको जस्तो, पंचायती व्यवस्थाको जस्तो नियन्त्रणहीन अवस्थामा पुगेको स्थितिमा छ जस्तो मलाई लाग्दैन।

एउटा निर्वाचन जित्नका लागि कुनै उम्मेद्वारले हातमा बन्दुक बोकेर मान्छेको हत्या गर्छ, ऊमाथि मुद्दा चल्छ र मुद्दा चलिसकेपछि उसमाथि कुनै कारवाही त हुनुपर्ने हो? तर उल्टो उसलाई पुरस्कृत गरिन्छ, गृहमन्त्री बनाइन्छ। अनि गृहमन्त्री भइसकेपछि उसले आफ्नो मुद्दा आफैं खारेज गर्छ। अनि ऊ त्यही प्रवृत्तिमा लगातार अघि बढ्छ र बढाउँछ। हुँदाहुँदा आफैं हेलिकोप्टर चार्टर गरी सांसद् अपहरण गर्छ। संसद अधिवेशन चलिरहेको बेला प्रहरी बल लगाएर प्रहरी भ्यानमै सांसद अपहरण गरी लिएर जान्छ भने यसलाई के भन्ने? के यसलाई पनि राजनीतिक खेलको सहज नियमको रूपमा लिने? मलाई लाग्छ जसले गऱ्यो होस् यस्ता कुरालाई सहज रूपमा लिनु हुँदैन।

प्रधानमन्त्री भनेको सरकारको नेता हो, संसद्को नेता हो र मुलुककै नेता हो। प्रधानमन्त्री निवासमा प्रतिपक्षका सांसदलाई राखिन्छ, लुकाइन्छ, छिपाइन्छ वा उसकै स्वेच्छाले अपहरण गरिन्छ भने यो प्रवृति पनि संसदीय राजनीतिमा सुहाउने कुरा होइन। यस्तो अपराधिक खेल खेलेर प्रधानमन्त्रीको निवास जस्तो पवित्र ठाउँलाई विवादस्पद बनाउन खोजिन्छ भने यसले कस्तो कुराको संकेत दिन्छ? के कुराको आभाष दिन्छ? एउटा मर्यादित संस्थालाई बढ्ता विवादित तुल्याउने र मर्यादामा चोट पुऱ्याउने काम हामीकहाँ भइरहेको छ। एउटा सीमालाई नाघ्ने प्रवृत्ति हामीकहाँ बढेको छ। यो प्रवृत्ति सबै क्षेत्रमा देखिएको छ। एकातिर हामी भन्छौं संवैधानिक अंगहरूलाई अधिकार दिन सकिएको छैन र कुनै अधिकारसम्पन्न निकाय छैनन्। तर अर्कोतर्फ हामी के देखिरहेका छौं भने- त्यही संवैधानिक अंगमध्येको कुनै एउटा अंगले आफ्नो अधिकारको यति ज्यादा दुरूपयोग गरिरहेको छ कि उसले जे गरे पनि, जे भने पनि मान्नुपर्छ, स्वीकार्नै पर्छ। संविधानको जे जस्तो व्याख्या गरे पनि भयो। जति विकृति र विसंगति फैलाए पनि भयो। जति भ्रष्टाचार गरे पनि भयो। एक शब्द कसैले उच्चारण गर्न पाउँदैन।

अर्कोतर्फ अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कुरा गरौं, भ्रष्टाचारलाई नियन्त्रण गर्ने निकायको कुरा गरौं वा अन्य निकायहरूको पनि कुरा गरौं जसलाई आवश्यक मात्रामा पनि अधिकारको प्रत्याभूति गर्न दिइएको छैन। संसदीय राजनीतिक परिपाटीको एउटा मूल पक्ष- नियन्त्रण र सन्तुलनको परिपाटी हामीकहाँ नमिले जस्तो देखिन्छ। पार्टी र सरकारबीच,

प्रधानमन्त्री र मन्त्रीहरूबीच, प्रधानमन्त्रीको कार्यालय र अन्य मन्त्रालयबीचको अन्तर्सम्बन्धलाई परिभाषित गर्नु पर्ने आवश्यकता नरहे पनि त्यहाँ ब्यवहारिकताको अभाव छ।

एउटा संवैधानिक अंग र अर्को संवैधानिक अंगबीच सन्तुलन र नियन्त्रण गर्ने, कार्यपालिका र विधायिकाबीच, विधायिका र अदालतबीच र त्यसैगरी लोकसेवा आयोग, निर्वाचन आयोग जस्ता निकायको आपसी नियन्त्रण र सन्तुलन कायम गर्नुपर्छ। राजनीतिक नेता र पीडित नेता, कार्यकर्ता र पीडित कार्यकर्ता, पत्रकार र पीडित पत्रकार यी सबैबीच सम्बन्ध के हुने? यी सबै कुरा हेर्दा सबै सचेत समुदायले पहल गर्ने र राम्ररी परिभाषित गर्ने हो भने प्रजातान्त्रिक समाज निर्माण गर्ने हाम्रो उद्देश्य र लक्ष्य पूरा हुनेछ। तसर्थ हाम्रो समाजमा विभिन्न रूपमा देखा परिरहेका विकृति र विसंगतिहरू पछाडिको मूल कारण के हो? अपराधीकरणमा लागि पर्नुको मुख्य कारण के हो? यी सबै कारणहरूको खोजी गर्नु पर्दछ।

मलाई लाग्दछ, राजनीतिमा संलग्न भइसकेपछि यसलाई व्यापारको माध्यम बनाउन सकिन्छ। पैसा कमाउने माध्यम बन्छ र प्रशस्त मात्रामा शुभलाभको मौका मिल्छ भन्ने चिन्तनबाट ग्रस्त भएर राजनीतिमा संलग्न भएपछि राजनीतिमा अपराधीकरणको मनोवृत्ति बढ्छ। राजनीतिमा अपराध गरेर प्रवेश गर्नुपर्ने र त्यसलाई हावी गराउनुको पछाडिको मुख्य कारण भनेको यसलाई पैसा कमाउने र बटुल्ने साधनको रूपमा प्रयोग गर्नु नै हो। नभए यो अवाञ्छित र अनुचित चाल चालिनुको पछाडि अरू के छ त? हाम्रो समाजमा भ्रष्टाचार व्याप्त छ। तर हामी सबै निरीह र मूकदर्शक भएका छौं। हामीले नौ महिना सरकार संचालन गर्दा भ्रष्टाचारलाई निर्मूल पार्न खुवै मेहनत गऱ्यौं, पहल गऱ्यौं। हाम्रो तर्फबाट कुनै त्यस्ता अवाञ्छित क्रियाकलाप भएनन्। हाम्रो पार्टीको कुरा गर्नुहुन्छ भने अहिले पनि हामी भन्छौं- एमाले सरकारको पालामा आजमात्र होइन, वीस वर्षपछि पनि छानबिन गरेर कुनै मन्त्रीले भ्रष्टाचार गरेको पुष्टि हुन्छ भने हाम्रो पार्टी त्यस्ता व्यक्तिलाई कारवाही गर्न साथ दिने छ र आफै पनि पहल गर्नेछ। बचाव गर्ने त प्रश्नै आउँदैन। तर के अरू पार्टीहरू पनि यस्तो गर्न तयार छन्? या उनीहरू आ-आफ्ना मन्त्रीहरूको काम-कारवाहीको निम्ति उनीहरूलाई नै जिम्मेवार बनाउन तयार छन्? उनीहरूले भ्रष्टाचार गरेर आर्जन गरेको सम्पत्ति खोस्न तयार छन्? अनुचित ढंगबाट आर्जन गरेको सम्पत्ति जफत गर्न तयार छन्? दोषीलाई सजाय दिएर जेल चलान गर्नका लागि तयार छन्? राजनैतिक पार्टीहरू यस पक्षबाट तयार छन् कि छैनन्? राजनैतिक पार्टीहरू यस पक्षबाट आउन सक्छन् कि सक्दैनन्? हामी संस्थागत रूपमा पार्टीको तर्फबाट भनौं वा व्यक्तिगत रूपमा भनौं या अरू कुनै व्यवस्थाबाट भनौं- यस्ता प्रवृत्तिहरूलाई रोक्नका लागि गरिने कुनै पनि प्रयासलाई हामी समर्थन गर्ने छौं, साथ दिने छौं।

हामी देखिरहेका छौं हुँदाहुँदा अपराधीकरणको प्रवृत्ति कहाँसम्म बढ्यो भने अब त विदेशबाट गुण्डाहरू समेत यहाँ आयात गर्न थालियो। सरकारको तर्फबाट तिनीहरूलाई संरक्षण दिइयो। त्यस्ता व्यक्तिहरूको सेवा गर्ने काममा गृहमन्त्री स्वयं लाग्नुभयो। मन्त्रीहरू चौवीसै घण्टा उनीहरूको खातिरदारीमा संलग्न रहे। एयरपोर्टमा लिन जान्छन्, एयरपोर्ट पुऱ्याउन जान्छन्, होटलमा बस्छन्। चाकरी, चाप्लुसी गर्छन्। यो कस्तो किसिमको प्रवृत्ति र संस्कृति हुर्काउन खोजेको हो? कस्तो परिपाटी बसाल्न खोजेको हो?- हामी बुझ्न खोजिरहेका छौं।

आखिर राजनीतिमा अपराधीकरण भनेको के हो? अपराधीकरणको बिगबिगी वा अपराधिक क्रियाकलाप नै राजनीतिमा अपराधीकरण हो। अर्थात् आफ्नो उद्देश्य पूरा गर्नका लागि अपराधी, माफिया, डाँका, गुण्डा दल वा त्यस्तै प्रवृत्तिसंग आफूलाई संलग्न गराएर जसरी होस् आफ्नो हातलाई माथि पार्ने, आफ्नो विजयलाई सुनिश्चित पार्ने वा पार्न खोज्ने प्रवृत्ति नै राजनीतिमा देखिएको अपराधीकरण हो।

सरकार छ, टिकाउन अपराधीकरण गर्ने! सरकार छैन, बनाउन अपराधीकरणको साथ लिने! राजनीतिमा अपराधीकरणको यो अर्को नमूना हो। अविश्वास प्रस्तावको क्रममा पनि यो कुरा देखियो। यो प्रवृत्ति भोलि फेरि सरकारको विरोधमा आलोचनाको स्वर गम्भीर हुन थालेपछि वा सरकार विरोधी जनमत तयार हुन थालेपछि देखापर्छ। आखिर यो त प्रवृत्ति न हो। यसको कुनै सीमा हुँदैन। आज अविश्वास प्रस्तावका क्रममा देखापऱ्यो, भोलि चुनावका क्रममा देखापर्छ, पर्सी शान्ति-सुव्यवस्था कायम गर्ने नाममा, राजनीतिक स्थायित्व दिने नाममा यो क्रमको पुनरावृत्ति हुन्छ। एउटा समय थियो- कुनै अन्यायको विरोध गर्ने पत्रकारलाई ज्यान मार्ने धम्की दिइन्थ्यो। अहिले पनि त्यही स्थिति ठाउँ-ठाउँमा देखा परिरहेको छ। ठीक छ, चरित्र हत्या गर्ने, पीत पत्रकारिता गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्छ। कानूनको व्यवस्था गर्नुपर्छ। तर मार्ने, हात-खुट्टा भाँच्ने र कुटपीट गर्ने काम कदापि गर्नुहुँदैन। जस्तो कि सत्य कुरा उद्घाटित गरेकै कारण राजविराजमा लोकेन्द्र बुढाथोकीलाई मारियो। आखिर यस्तो प्रवृत्ति त राम्रो होइन। आखिर यो सबै के भएको?

हाम्रो समाजमा जस्ता अपराधिक प्रवृत्तिहरू छन्, क्रियाकलापहरू भइरहेका छन् र जे जस्ता अस्तित्वमा छन् तिनीहरूप्रति हाम्रो ध्यान आकर्षित हुनुपर्छ कि पर्दैन? अपराधीकरणलाई रोक्नका लागि मलाई लाग्छ- चुनाव र चुनावमा उत्रिने व्यक्तिको राम्रोसंग छनौट गर्नुपर्छ। जबसम्म स्वच्छ निर्वाचनको परिपाटी बनाइँदैन, निर्वाचनमा उत्रिने व्यक्तिहरूको पृष्ठभूमि अपराधिक मनोवृत्तिको छ, छैन भनेर जाँच गरिदैन र स्वच्छ राजनीतिक पृष्ठभूमि भएका उम्मेदवारलाई चयन गरिदैन, तबसम्म राजनीतिमा अपराधीकरणको प्रवृत्ति बढ्दै जान्छ। यो आफै आउँदैन तर प्रवृत्तिको रूपमा भित्रिरहेको हुन्छ। र, संस्थागत रूपमै यसलाई प्रोत्साहन गरियो भने यसको जमात बढ्छ। त्यो मान्यता हुकिँदै जान्छ र मेरो हातमा हतियार छ, म जित्छु भन्ने प्रवृत्ति देखा पर्छ।

अहिले म सुन्दैछु कि पप्पु यादवका दुई ट्रक हतियार पूर्णियामा राखिएका छन् रे? नेपाली कांग्रेसको तर्फबाट ती हतियारहरू निर्वाचन क्षेत्रमा पठाउने तयारी वा योजना बनाइदैछ रे। आखिर यो के हो? पप्पु यादव यहाँ आउँदा सरकारले गर्नुसम्मको खातिरदारी गऱ्यो, त्यो पैसा कहाँबाट झिकिएको हो? त्यो पैसा कहाँबाट तिरियो, कसले तिऱ्यो? र, ती पप्पुहरू किन आए? के यो कुरा लुकेको छ र? पप्पु यादवले पर्दा पछाडि लुकेर विभिन्न व्यक्ति र प्रशासनलाई धम्क्याएको कुरा लुकेको छ र? अखिर यो केही होइन भन्न सकिन्छ? बोलाउन निम्ता दिने, तर फेरि केही पनि भएको छैन भन्ने? के हामी विहारी शैलीको संस्कारलाई यहाँ उदाहरणका रूपमा ल्याउन खोजिरहेका छौं? के हामी यस्तै अपराधिक प्रवृत्तिलाई अघि बढाउन चाहिरहेका छौं? यदि होइन भने यस्ता कुराहरूलाई बेलैमा रोक्नु आवश्यक छ कि छैन?

मलाई नेपाली कांग्रेसको एक जना विद्वान्ले भन्नुभयो- "वास्तवमा एमाले सत्तामा पुगेर चुनाव गरायो भने बुथ कब्जा गर्छ, विपक्षीहरूलाई जित्नै दिंदैन भन्ने डरले गर्दा हामी यी सबै कुकर्म गर्न बाध्य भएका हौं।" उहाँहरूमा यस्तो किसिमको भय रहेछ। अर्कोतर्फ नेपाली कांग्रेसले आफ्नो हातमा शक्ति केन्द्रित गरेर चुनाव गरायो भने व्यापक धनजनको दुरूपयोग हुन्छ। स्वयं गृहमन्त्री हेलिकोप्टर चार्टर गरेर निर्वाचन क्षेत्रमा पुग्नुहुन्छ र त्रास र धम्कीको भाषा बोल्नुहुन्छ। निर्वाचन आयोगको आचार संहितामा सही गरेपछि, त्यहाँ प्रष्ट रूपमा "सरकारी साधन स्रोतको दुरूपयोग गर्न पाइंदैन" भन्ने कुरा उल्लेख हुँदाहुँदै पनि त्यसको स्वयं गृहमन्त्रीद्वारा उल्लंघन हुन्छ भने त्यसलाई के भन्ने? पप्पु यादव जस्ता मान्छेहरूलाई यहाँ बोलाएर पाँच तारे होटलमा राखिन्छ र सारा हातहतियारको सौदावाजी गरिन्छ भने त्यसले के संकेत गर्छ? के यसले ब्यवस्थालाई बद्नाम गराउँदैन ? के मुलुकको आजको राजनीतिक वातावरणलाई यसले धमिल्याउँदैन?

जहाँ सत्तापक्ष र प्रतिपक्षहरू संगै बस्न सक्तैनन्, कुरै गर्न सक्तैनन्, सामूहिक छलफल, अन्तरक्रिया केही हुँदैन। एउटा कुर्सीमा बस्न पाएको छैन, अर्को उसलाई हटाउनका लागि सडकमै आन्दोलन छेड्न पुग्छ, भएन भनेर पूरै संसदलाई नै बहिस्कार गर्छ। अर्को सत्तामा बस्न पाएको छैन फेरि पहिलोले त्यसै गर्छ। यो तहको संवादहीनताको स्थिति त हामीकहाँ छैन। यस प्रकारको संस्कार पनि हामीकहाँ छैन। भएको राम्रो कुरालाई हामी जगेर्ना गर्दछौं। तर के यसैको नाममा विभिन्न क्षेत्रमा गम्भीर बन्दै गएका विकृति र विसंगतिलाई नियन्त्रण नै नगर्ने, वास्तै नगर्ने? हामीले दाङमा घटेको त्यो जघन्य विजौरी हत्याकाण्डलाई गम्भीरतापूर्वक लिने कि नलिने? चुनावकै क्रममा रौतहट जिल्लामा दुई गुटबीच भएको गोली हानाहानको घटनालाई गम्भीरतापूर्वक लिने कि नलिने? अहिले नै हतियार गाउँ-गाउँमा पुऱ्याइएका छन् त्यसलाई गम्भीरतापूर्वक लिने कि नलिने? अहिले नै विभिन्न पक्षका मान्छेहरू भारतमा गएर डाँकाहरूसंग वार्ता गरिरहेका छन् र हतियारको सौदावाजी गरिरहेका छन्- त्यसलाई गम्भीरतापूर्वक लिने कि नलिने? मलाई लाग्छ यस्ता घटनाहरूलाई गम्भीरतापूर्वक लिनु पर्छ। यी सबैको कारकतत्व भनेको सत्तामा पुगेपछि जे पनि गर्न पाइन्छ भन्ने प्रवृत्ति नै हो। यो "जे पनि गर्न पाइन्छ" भन्ने सर्वसत्तावादी मनोवृत्तिले प्रजातन्त्रको विकासमा बाधा पुगेको छ। यसलाई कसरी नियन्त्रण गर्ने? भारतमा पहिले यही प्रवृत्ति हावी थियो तर अहिले आएर हामीले सुन्ने गरेका छौं- एकपछि अर्को मन्त्रीलाई भ्रष्टाचारको अभियोगमा मुद्दा चलाइँदैछ। दक्षिण कोरियामा पनि हामी देखिरहेका छौं- राष्ट्रपतिहरूलाई समेत आजीवन कारावासको सजाय दिइएको छ। अन्य देशहरूमा पनि यस्तै किसिमका सजाय दिइएका घटनाहरू हामी सुनिरहेका छौं। तर हामीकहाँ भ्रष्टाचार गरेपछि कुनै सजाय दिने प्रचलन छैन। अझ भन्ने हो भने यो छ वर्षको अवधिमा केही हुन नसक्नु दुर्भाग्य नै हो। सबैलाई थाहा छ- धमिजा प्रकरणमा खुलेआम रूपमा प्रधानमन्त्रीले आफ्नो ओहदाको दुरूपयोग गर्नुभयो। यसै अवधिमा शाही नेपाल वायु सेवा निगमलाई डुबाउने काम भएको छ।

अहिले पनि व्यापक रूपमा सरकारी साधन स्रोतको दुरूपयोग भइरहेको छ। हामी नियन्त्रण गर्न सक्तैनौं, सजाय दिन सक्तैनौं, कारवाही गर्न सक्तैनौं। यस्तै कारणबाट नै राष्ट्रमा मनपरी

बढ्छ, अपराधिक मनोवृत्ति बढ्छ। विकृति फैलाउने प्रवृत्तिलाई तपाईं नियन्त्रण नै गर्न सक्नु हुन्न। अहिले नै अविश्वास प्रस्तावका सन्दर्भमा घटेका विकृत घटनालाई के हामीले ख्याल नगर्ने? के यसलाई पनि स्वाभाविक घटनाक्रमका रूपमा हेर्ने? मलाई लाग्छ यसलाई सहज रूपमा लिनै हुन्न।

हामी हाम्रोतर्फबाट यी बिकृति र विसंगति हटाउन के गर्नुपर्छ तयार छौं। तर नेपाली कांग्रेसको तर्फबाट के गर्नुपर्छ, त्यो गर्न त्यो पार्टी तयार छ कि छैन? यदि तयार छ भने त्यसले सत्तामा बसेर एकलौटी आफ्नो हातमा अधिकार कायम गरी चुनावमा जाने मनोवृत्ति छोड्नु पर्छ। र, त्यहाँ गइसकेपछि सरकारी साधन-स्रोत र अधिकारको जुन व्यापक दुरूपयोग गरिन्छ- त्यसलाई पनि गम्भीर ढंगले सोच्नुपर्छ। हिजोको अविश्वास प्रस्तावको सन्दर्भमा पनि हामीले के भनेका छौं भने सांसदलाई आफ्नो पक्षमा पार्न वा ढाल्नका लागि खरिद-बिक्रीको जुन निन्दनीय खेल खेलियो- त्यो खेल कसले खेल्यो, कसले गऱ्यो? म भन्दिनँ। तर छानबिन हुनैपर्छ। म त तयार छु। हाम्रो पार्टी तयार छ। अहिले फेरि कतिपय व्यक्तिहरू भनिरहेका छन्- "फेरि अविश्वास प्रस्ताव अघि सारियो भने पैसा कमाउने धन्दा अर्थात् शुभलाभको यो व्यवसायले प्रश्रय पाउने छ।" अहिले नै हामीले देख्यौं- सांसदहरू आफ्नो पक्षमा नआउने स्थिति आइसकेपछि बलजफ्ती संसदबाट निलम्बन, निष्काशन गर्ने कोसिस भयो। अहिले नै त्यसरी धम्कीका रूपमा त्यसलाई प्रयोग गर्नु पर्ने आवश्यकता के थियो? जबकि हिजै यी र यस्ता केही-केही सांसदहरूको सदस्यता खारेज गर्ने कुरा उठिसकेको थियो। एमालेका एक जना सांसदको कुरा राष्ट्रिय सभामा पुगिसकेको थियो। त्यतिखेर नेपाली कांग्रेसकै साथीहरूले खारेज गर्नु हुँदैन भन्ने तर्क पेश गर्नुभयो। तर आज जतिखेर उहाँहरूलाई आवश्यक पऱ्यो, त्यतिखेर खारेज गर्ने? अनि फेरि तिनैमध्येका एक सांसदलाई आफूले भगाइसकेपछि खारेजीको कुरा सकियो। यो बिकृति हो कि होइन? विसंगति हो कि होइन? खुद प्रहरी र प्रशासनको सहयोगमा सांसद्लाई भगाउने काम भएको छ। तर उहाँहरू भन्नुहुन्छ- "हामीले कसैको अपहरण गरेका छैनौं।" अपहरण गरेको कुरा त नारायणमान विजुक्छे स्वयंले नै पुष्टि गरिसक्नु भएको छ। पहिले रोकायाजीले आफ्नो पार्टी अध्यक्षलाई- "मलाई जबरजस्ती प्रहरी भ्यानमा कोचेर लगिदैछ" भनेर फोनद्वारा सूचित गर्नुभयो। तर पछि गएर उहाँले नै भन्नु भयो- "म आफ्नो स्वेच्छाले नै अपहृत भएको हुँ।" आखिर स्वेच्छाले भए पनि जबरजस्ती भए पनि अपहृत त गरिएकै हो। यस्तो स्थिति किन आयो, बेलैमा खोजी गर्नुपर्छ।

राष्ट्रिय सम्पत्तिको दुरूपयोग गरेर बिना प्रक्रिया उपचारको बहानामा एकै चोटि पाँच-पाँच जना सांसदहरूलाई विदेश लगिन्छ! आखिर यो किन? भोटै खसाल्नबाट रोक्नु थियो भने देशभित्रै राख्न सकिँदैनथ्यो र? कमसेकम त्यसबाट देशको इज्जत र प्रतिष्ठामा आघात त पर्दैनथ्यो। आज नेपालीहरूको इज्जत रहेन। एउटा मन्त्रीलाई आफ्नो पक्षमा राख्न वा पार्न देशभित्र उसले कहीं ठाउँ पाएन र विदेश लगियो। यसले नेपालीको इज्जत र प्रतिष्ठामा कस्तो असर पार्छ? कमसेकम सोच्नु पर्थ्यो। तर सोच्नुपर्ने आवश्यकता महशूस गरिएन। त्यसैगरी झुठा मुद्दाको त्रास देखाएर सांसदलाई आफ्नो पक्षमा पारिएको छ, पद र ओहदाको प्रलोभन देखाइएको छ। स्वयं गृहमन्त्री, गृहसचिव, प्रहरी अधिकृतको रोहवरमा यी सबै कामहरू भएका

छन्। विदेशी मुद्राको व्यापक दुरूपयोग गरिएको छ। यी सबै कुरालाई हामी केही पनि होइन भन्न सक्दैनौ, मलाई त्यस्तो लाग्दैन। नेपाली कांग्रेसकै सभापति गिरिजाप्रसाद कोइरालाले एक कार्यक्रममा मलाई भन्नुभएको थियो- "माधव जी यो त अति भयो।" उहाँले यस कुरालाई साँरै अनैतिक र निन्दनीय भनी आलोचना पनि गर्नु भयो। र, यसले नेपालीको शिर झुकाइदिएको, इज्जत र प्रतिष्ठामाथि ठूलो चोट पुऱ्याएको अनुभव वहाँले गर्नुभएको छ। यदि त्यस्तै नै सभापतिको पनि धारणा हो भने त्यो पार्टीको पनि धारणा बनेर आउनुपऱ्यो। खुलेआम रूपमा पार्टीको धारणा यो हो भनेर भन्न सक्नुपऱ्यो।

"क"ले गरोस् वा "ख"ले, यी साँच्चै निन्दनीय र घृणित चालवाजी हुन्- हामी यसमा संलग्न हुनुहुँदैन। हामी खेलको नियम खेल्न सक्छौं तर लक्ष्मणरेखा कसैले पनि नाघ्नु हुँदैन भन्ने कुरामा हामी सहमत हुनुपर्छ। संसदीय व्यवस्थामा यी सबै कुरा भई नै रहन्छन्, साम, दाम, दण्ड, भेद राजनीतिका अपरिहार्य वस्तु हुन् भन्ने खालको विचार-चिन्तन र विद्याको नाममा अविद्या पनि प्रयोग गर्नुपर्छ भन्ने कुरातर्फ हामी जान खोज्यौं भने हामी कहाँसम्म पुग्ने त्यसको कुनै सीमा हुँदैन। प्रतिस्पर्धा हुनुपऱ्यो, तर स्वस्थ प्रतिस्पर्धा। नीति, विचार, स्थान र कामको प्रतिस्पर्धा हुनुपऱ्यो, अपराधीकरणको होइन। मुलुकमा स्वाभाविक रूपमा आस्था, विचार, सिद्धान्त, नीति, मूल्य र मान्यताको राजनीति हुनुपऱ्यो। आस्था, मूल्य र मान्यताको राजनीतिलाई हुर्काउन सकेनौं भने, त्यस मामिलामा विचारको द्वन्द्वलाई हामीले केन्द्रित गर्न सकेनौं भने र गलत प्रवृत्तिको प्रतिद्वन्दितालाई हामीले हेरिरहयौं भने स्वाभाविक रूपले हामी थुप्रै-थुप्रै विकृति र विसंगतिहरूलाई जन्माउँछौं। विकृति र विसंगति जन्माउने अरू कोही होइन- राजनीतिक पार्टी र तिनका नेताहरू नै हुन्। त्यसकारण पनि राजनीतिक पार्टी र तिनका नेताहरू वर्तमानको विसंगति र विकृतिप्रति गम्भीर हुनैपर्छ। यसको निकास खोज्नुपर्छ र यही व्यवस्थाभित्रैबाट खोज्नुपर्छ। ऋषिकेश शाहजीले भने जस्तो दरबार वा राजाकहाँ गएर होइन। त्यो त अर्कै व्यवस्थामा फड्को मार्ने कुरा भयो। हामी त बहुदलीय संस्कारमा जन्मेको, हुर्केको मान्छे- त्यस्तो किसिमको कुरा अब कसैले पनि नसोचे हुन्छ। राजसंस्थालाई राजनीतिक विवाद वा जटिलतामा संलग्न गराउनु हुँदैन। आज एउटा राजनीतिक पार्टीप्रति वितृष्णा पैदा भयो भन्नुहोला, भोलि राजाप्रति नै वितृष्णा जगाउने काम तपाईंबाट नै हुन्छ। अहिलेको अवस्थामा यस्ता कुरा उठाउनै हुँदैन। बरू त्यसका निम्ति सिधै जिम्मेवार भएर कसरी समस्याको हल गर्न सकिन्छ भन्नेतर्फ सोच्नु पर्छ। बुद्धिजीवी-विद्वान् साथीहरूले आपसमा छलफल गरी राजनीतिक पार्टीहरूले कसरी अपराध गरेका छन् वा अपराध गर्न सघाउ पुऱ्याएका छन्, खोजी गर्नुपर्छ र तिनलाई कसरी सजाय दिने भन्नेबारेमा सोच्नुपर्छ। यो मुलुकको सबै समस्या समधान गर्ने कसैसंग जादुको छडी त छैन। श्री ५ को स्थान विवादभन्दा माथि रहनुपर्छ। राजालाई राजनीतिमा सक्रिय बनाउनु पर्छ भन्ने जुन मान्यता बाहिर आएको छ-यसको कुनै तुक छैन।

हाम्रो मुलुकमा यतिधेरै विद्वान, बुद्धिजीवी व्यक्तित्वहरू हुनुहुन्छ- के वहाँहरूमा कुनै आँट छैन? मुलुकको समस्या समाधानका निम्ति म पनि निर्णायक भूमिका निर्वाह गर्न सक्छु भन्ने आत्मविश्वास छैन? होइन आत्मविश्वास छ भने तपाईहरू समस्या देखिरहनु भएकों छ, यसको

समाधानको निम्ति पहल त गर्नुहोस्। अब थान्को लागेर बसिरहेको संस्थालाई हर्दम उचाल्ने, नारा जुलुस गर्ने र मंचमा कुर्लिने- "सरकार शक्ति लिई बक्सियोस्" भन्नुको अर्थ के? के गर्नु शक्ति लिएर? समस्याको हल त हुँदैन। ठिक छ- हाम्रो मुलुकको सन्दर्भमा राजाले चासो राख्दै राख्नु हुँदैन, जानकारी लिनै हुँदैन भन्ने त होइन। प्रधानमन्त्री, राजनीतिक दलका नेताहरू, बुद्धिजीवी, विद्वान, व्यक्तित्वहरूसंग छलफल र विचार विमर्श भइरहेकै छ। तर संवैधानिक राजतन्त्रको सीमा रेखालाई नै नाघ्ने ढंगबाट त कुनै कुरा उठाउनु भएन र त्यो समस्याको समाधान पनि होइन। म त प्रष्ट भन्छु- त्यसले समस्याको समाधान हुनै सक्तैन। त्यसबाट त जटिलताको भुंग्रोमा होमिने काम हुन्छ, भुमरीमा फसिन्छ। तसर्थ यसरी फसाउने ढंगबाट मुलुकलाई फेरि राष्ट्रिय संकटमा धकेल्ने प्रयास नगर्न म विनम्र अनुरोध गर्दछु।

अहिले कांग्रेस-कम्युनिष्टको झगडा छ भने भोलि त्यो स्थिति आउने वित्तिकै यी दुवै एक हुन्छन्। विचार, आस्था र स्वतन्त्रतालाई बन्धकी राखेर अर्थात् संसदीय व्यवस्थालाई नै समाप्त पारेर यदि तपाईं यसको निकास खोज्नुहुन्छ भने त्यो असम्भव छ। विकृति र विसंगतिलाई रोक्ने हो भने प्रत्येकको अधिकार र कर्तव्यको बीचमा उचित सन्तुलन कायम गर्ने कुरामा ध्यान दिनुपर्‍यो। त्यसको निम्ति के गर्न सकिन्छ उपाय खोजौं। विचार मन्थन गरौं। म त इन्सेक लगायत यस्ता धेरै संस्थाहरूलाई के अपील गर्न चाहन्छु भने तपाईहरू यस्ता समसामयिक विषयहरूमाथिको विचार-मन्थनको प्रक्रियालाई अझै अघि बढाएर लैजानुस्। ०४७ सालदेखि छ वर्ष बित्यो, यसो हेर्दा यो सानो अवधि पनि हाम्रो निम्ति पीडादायक रहेको छ। अरू देश विकासमा लम्किरहेका छन्, अगाडि बढिरहेका छन्। तर हाम्रो हालत के छ? हुँदाहुँदा सबै ठाउँमा विकृति र विसंगतिहरू बढिरहेका छन्, हामी तिनलाई रोक्न सकिरहेका छैनौं। के चिजले रोकिरहेको छ- हाम्रो अग्रगति र प्रगतिलाई? कहीं कतै हामीमा व्यक्तिवाद र स्वार्थी मनोवृत्ति हावी भएको त छैन? त्यो प्रवृत्तिलाई रोक्नका लागि हामीसंग के उपाय छ? राजनीतिक पार्टी भनेको देशभरिका असंगठित जनतालाई संगठित गर्ने, सचेत पार्ने, परिचालित गर्ने एउटा शक्ति हो, तपाईंले त्यस कुरालाई इन्कार गरेर कस्तो किसिमको संस्थालाई यहाँ भित्र्याउन खोज्नुभएको हो?

विभिन्न सामाजिक संघ-संस्थाहरू, नागरिक समाज र अन्य संघ संगठनहरू सक्रिय हुनुपर्छ, अगाडि आउनुपर्छ, तबमात्र मुलुकको प्रजातन्त्र संबृद्ध र बलियो हुन्छ। हामी भनिरहेका छौं, स्वाभाविक रूपमा जनतालाई सचेत र जागरूक गराउनु पर्दछ। यो कामका निम्ति सबैको आवश्यकता, पहल र सक्रियताको जरूरी छ। तानाशाही त कहिलेकाहीं सानो पार्टीले पनि चलाउन सक्छ। आज सानो रूपमा देखिएको होला, भोलि व्यापक हुनासाथ मुलुकमै हावी हुन पुग्छ। तसर्थ तानाशाही कसैको पनि हुनुहुँदैन। अनुशासनलाई मान्ने हो भने पार्टीभित्र पनि स्वच्छ, पारदर्शी र प्रजातान्त्रिक जीवनको आवश्यकता पर्दछ। जुन पार्टीभित्र नै विकृतिहरू मौलाइरहेका छन्, अपारदर्शीपना छ, अस्वस्थ प्रवृत्ति हावी भएको छ त्यस्तो पार्टीले समाजलाई सकारात्मक दिशातर्फ रूपान्तरण गर्न सक्तैन। कुन पार्टी ठूलो र सानो भन्ने कुरा उसको नीति, सिद्धान्त, काम-कारवाही, क्रियाकलाप र कार्यशैली आदिमा भर पर्नुपर्छ।

कुनै खास परिस्थितिमा कुनै उल्लेख्य काम गरियो भने केही समय त्यसैलाई भजाएर पनि

जनतालाई आफ्नो पक्षमा पार्न सकिन्छ। यस्तो एउटा पक्ष पनि हामीकहाँ छ। अर्कोतिर, जनताको भावना, चाहना र मुलुकको आवश्यकता के छ त्यसै अनुरूप अघि बढिरहेका पार्टीहरू पनि छन्। हामी त भनिरहेका छौं र व्यवहारमा पनि उत्रेर देखाइरहेका छौं- विचार, कार्यशैली, आचरण र व्यवहारका आधारमा जनतालाई आकर्षित गर्न सकिन्छ।

यो तीन प्रतिशत, पाँच प्रतिशत या कति ठीक त्यो त सोच्नै पर्छ। तर कसरी त्यसलाई व्यवहारिक गराउने यो कुरा पनि सोच्नुपर्छ। त्यो बेग्लै कुरा हो। तर च्याउ उम्रिए जस्तै पार्टीहरू नउम्रिउन र मुलुकको राजनीति प्रदुषित नगरून् भन्नका निम्ति पनि अनुकूलता त चाहिन्छ। विकास गर्न चाहने पार्टीहरूलाई त्यो अबसर पनि दिनुपर्छ। तर कुन पार्टी सक्षम, योग्य र ठीक छ भन्ने कुराको निर्णय गर्ने अधिकार त जनतामा सुरक्षित गर्नुपर्छ। यहाँ यस्तो भइरहेको छैन। अहिले नै निर्वाचन हुन गइरहेको रौतहट जिल्लाको कुरा गर्नुहोस्- त्यहाँका कतिपय जनताले आजसम्म मतपत्र समेत देखेका छैनन्। उनीहरू भोट खसाल्न जान पाउँदैनन्। तर उनीहरूको नाममा भोट खसेकै हुन्छ। त्यहाँका कतिपय गाउँमा शान्तिपूर्ण रूपमा नै बुथ कब्जा हुन्छ। सय-दुई सय आफ्ना कार्यकर्ताहरूलाई पंक्तिमा राखिन्छ र तिनीहरू चक्र घुमे जस्तै लगाता घुमेर मतदान गर्छन् र त्यसरी त्यहाँ ९०-९२ प्रतिशत मतदान हुन्छ।

राजनीतिक पार्टीहरूले आफ्नो प्रतिस्पर्धीसंग कार्यक्रम, नीति, कार्यशैली र आचरणको आधारमा प्रतिस्पर्धा गर्नुपर्छ। जनताको स्वेच्छाको मत अर्थात् अभिमतको आधारमा ठूलो वा सानो पार्टी बन्ने गर्दछ। जनताले कुन स्थानमा राख्छन् त्यसैमा बस्न तयार हुनुपर्छ। रहर र सुविधाका निम्ति पार्टी खोल्ने होइन। यदाकदा हामीकहाँ त्यस्तो प्रवृत्ति पनि देखा परेको छ। राजनीतिलाई कमाइखाने भाँडोको रूपमा प्रयोग गर्न दिनुहुन्न। यस्ता विकृति र विसंगतिलाई पनि बेलैमा रोक्नुपर्छ। सधैं-सधैं दुई पार्टीको मात्र तानाशाही भयो, भन्दाखेरी त ठूला पार्टीको मन पनि त दुखेको होला नि? अब त हुँदाहुँदा ठूलो पार्टी हुनै नहुने रहेछ कि क्या हो भन्ने मनोवैज्ञानिक प्रभाव पार्न खोजेको जस्तो लाग्छ। मैले यहाँ कसैलाई इंगित गर्न खोजेको होइन, केवल अरूलाई पार्ने प्रभावको मात्र उल्लेख गर्न खोजेको हुँ।

राजनीतिमा अपराधीकरणका सम्बन्धमा यहाँहरूको विचार, सुझाव र हाम्रा कामहरूप्रति कुनै आलोचना छ भने त्यो हामी सुन्न तयार छौं। एमालेको तर्फबाट कुनै गलत काम-कारवाहीहरू भएका छन् भने हामी सुधार्न र हटाउन तयार छौं। तर हाम्रो मुलुकमा अरू मुलुकहरूका बिकृति र विसंगतिहरू भित्र्याउने, हुर्काउने अनि त्यसैबाट थिचिने अवस्थाबाट हामीले छुटकारा पाउनै पर्छ।

यो छ वर्षको अवधिमा हामीकहाँ जहाँजहाँ त्रुटि र कमजोरीहरू भएका छन्- तिनको खोजी गर्नुपर्छ। यो मुलुकमा मूल्य र निष्ठाको राजनीतिलाई अगाडि बढाउनका लागि सबै क्षेत्रको प्रयास आवश्यक छ। यस्तै अपराधिक प्रवृत्तिलाई हटाउन भारतका टि.एन. शेषनले आफ्नो एउटा किताबमा के कुरा उल्लेख गरेका छन् भने- "मैले भारतको राजनीतिमा जुन विकृति र विसंगतिहरू देखें, त्यो मलाई सैह्य भएन र त्यो अपराधीकरणको कारण खोज्दै जाँदा प्रक्रियाभित्र नै त्रुटि रहेको पाएँ। तसर्थ यो प्रणालीलाई नै फेर्नुपर्छ भन्ने मान्यता अघि सारें।" उनले त हत्या, बलात्कार र डकैतीको अभियोगमा समेत अपराधीकरणको मुद्दा चलाई

मृत्युदण्ड दिनुपर्छ भनेका छन्।

जनताको बीचमा निर्वाचनमा जाने बेलामा होस्, जागरण ल्याउने कुरामा होस् वा अन्य कुरामा होस्- मानिसहरू डर र त्रासबाट मुक्त भएर अगाडि बढ्न सकुन्। हामी राजनीतिबाट बेइमान, भ्रष्टाचारी र यस्तो स्वार्थी मनोवृत्तिलाई पूरै हटाएर स्वच्छ राजनीतिलाई अगाडि बढाएर लैजाने स्थितिमा हुनसकौं। त्यसका निम्ति राजनीतिक पार्टीहरूले अडान लिनै पर्छ। नेता र नेतृत्व तहको समस्यालाई समधान गर्न सकियो भने यी समस्याहरूलाई पनि समाधान गर्न सकिन्छ। समस्या समाधान नै गर्न नसकिने स्थितिमा विकास भइसकेको छैन। तर स्थिति वास्तवमा केहीहदसम्म गम्भीर बनेको छ, त्यसमा हाम्रो ध्यान जानै पर्छ।

(इन्सेकद्वारा आयोजित "राजनीतिमा अपराधीकरण" सम्बन्धी अन्तरक्रियामा व्यक्त विचार)

हामीले लाज बिर्सिएका छौं

- राजेश्वर देवकोटा
तत्कालीन सहअध्यक्ष, राप्रपा

मात्रा फरक-फरक होला। तर राजनीतिक खेलमा हामी सबैले लाज गुमाएका छौं। जबसम्म जनताको चेतनामा अभिवृद्धि गर्न सकिंदैन, तबसम्म संसदीय व्यवस्था अगाडि बढ्न सक्दैन।

संस्कृतमा एउटा कहावत छ "एकी लज्जी परित्यज्य, सर्वत्र विजयी भवः" अरू केही उपाय छैन। लाज मन्ने कुरा बिर्सिए पछि केही बाँकी रहँदैन। मान्छेले विजयी हुनु छ भमे लाज त्याग्नु पर्छ। हामीले पनि जित्ने दौडमा लाज बिर्सिएका छौं।

सचेत जनता भएका भए मेरो कुरा सुनिरहने थिएनन् अहिले। सुनाउन लायक अरू मान्छे भएका भए अहिले तपाईंहरू मेरो कुरा सुन्नु हुने थिएन। त्यसो हुनाले नबुझ्ने र सुन्नेमा धेरै अन्तर छैन।

म अमेरिका गएको बेलामा एउटा घटना भयो। म पुग्दा गेरी हार्ट भन्ने व्यक्ति राष्ट्रपति हुनै आँट्नु भएको थियो। तर एडटी क्रेटीसंग उहाँको प्रेम भएको कुरा बाहिर आयो। त्यतिमै कुरा पुग्यो। उहाँले पछाडि हट्नु पऱ्यो।

हामी नक्कल गर्छौं। अमेरिकीहरू भन्छन् बेलायतको मोडेल हाम्रो भन्दा पनि राम्रो। अब, नक्कल कसको? बेलायतको, अमेरिकाको, जापानको? परिवेश चाहिं नेपालको। नेपालको परिवेशमा नक्कल। नक्कल गर्न पनि त्यही परिवेश हुनुपर्छ। गेरी हार्ट प्रेम गऱ्या मन्ने कारणले जानु भयो। यहाँ त त्यस्तोमा बडो स्याबासी पो दिइन्छ।

निक्सन पदबाट जानु भयो। तर एशियातिर भएको भए उहाँ बहादुर बन्न खोज्नु हुने थियो। त्यसैले कुनै पनि कुराको नक्कल गर्ने हो भने त्यस्तो परिवेश कायम गर्नुपऱ्यो। परिवेश बिना नक्कल गर्न खोज्दा जसरी शिकार हुनु पर्ने हो त्यस्तो शिकार आज सबै भएका छौं।

हामीले संसदीय पद्धतिको स्थापना गरेका छौं - संवैधानिक राजतन्त्र सहित। हामीले बहुदलीय राजनीतिको बाटो त समाएका छौं, तर त्यस अनुरूपको व्यवहार र आचरण मने देखाउन सकेका छैनौं। बेलायतमा अहिलेसम्म दलबदलको कानून छैन, तर भारतमा छ। बेलायतीहरूको दिमागमा त्यस्तो आउँदै आएन। त्यसैले नक्कल पनि उपयुक्त ढंगले गर्न सक्नु पर्छ।

(इन्सेकद्वारा आयोजित "राजनीतिमा अपराधीकरण" सम्बन्धी अन्तरक्रियामा व्यक्त विचार)

जनताको अधिकार सुरक्षित गर्न सरकार असफल छ

– डा. राजेश गौतम
तत्कालीन महासचिव, इन्सेक

०४६ सालको जनआन्दोलन पश्चात् नेपाल अधिराज्यको संविधानमा पहिलो पटक प्रष्ट रूपमा मानवअधिकारको प्रत्याभूति गरिएको सर्वविदित नै छ। र, त्यही अधिकारबाट प्राप्त स्वतन्त्रता र प्रजातान्त्रिक भनिएको वातावरणमा हामीले सन् १९९२ बाट नै देशमा भएका मानवअधिकारका उल्घंनका घटनाहरूलाई संकलन गरेर एकातिरबाट सरकारलाई सचेत गराउने काम र अर्कोतर्फबाट जनतालाई पनि सचेत बनाउने काम गर्दै आइरहेको कुरा पनि सबैलाई विदितै छ।

आज हामी पाँचौं मानवअधिकार वर्ष पुस्तक १९९६ लिएर यहाँहरू समक्ष उपस्थित भएका छौं। मानवअधिकारका कुरा गर्दा निश्चय पनि हामीले प्रजातन्त्रको कुरा उठाउनु पर्ने हुन्छ। किनभन्दा , प्रजातन्त्र र मानवअधिकार शायद एउटै सिक्काका दुईवटा पाटाहरू हुन्। जनआन्दोलनको प्रमुख आन्दोलनकारी शक्तिहरू क्रमशः कहिले सरकारमा र कहिले प्रतिपक्षमा रहिरहेका छन्। तर मानवअधिकारको दृष्टिकोणले कुरा गर्ने हो भने र ती सरकारहरूको मूल्यांकन गर्ने हो भने दुवै पक्षले अपेक्षित उदारता देखाउन सकेका छैनन्। उनीहरूले जति पनि प्रजातन्त्र र मानवअधिकारका कुरा गरे तापनि उनीहरूको संस्कार भने प्रजातान्त्रिक हुन नसकेको कुरा हामीले प्रजातन्त्र प्राप्ति पछिका वर्षहरूमा उनीहरूको गतिविधिलाई मूल्यांकन गर्दा प्रष्ट रूपले भन्नु पर्ने हुन्छ।

आज राजनैतिक दलहरूको गतिविधिलाई हेर्दा स्वेरी राष्ट्र र राष्ट्रियता भन्दा, प्रजातन्त्र र मानवअधिकार भन्दा सत्ता र शक्तिको मोह बढ्दै गइरहेको महसुस धेरैले गरिरहेका छन्। यस्तो स्थिति देख्दा जनता सन्तुष्ट हुनुको साटो क्रमिक रूपमा असन्तुष्ट हुँदै गइहरेको महसुस पनि हामीले गरिरहेका छौं। नेपाली जनताले हिजोको तीस वर्षे निरंकुश शासनकालमा पनि स्वान, लाउन र वाँच्न पाउने माग मात्र गऱ्यो र प्रजातन्त्र प्राप्ति पछि पनि उसको सही अर्थको माग त्यही नै रह्यो। तर विगतको सरकारले पनि जनताको त्यो इच्छालाई पुरा गराउने कुनै ठोस कार्यक्रम ल्याउन सकेको थिएन। प्रजातन्त्र प्राप्तिपछिका सरकारहरूले पनि जनताका ती समस्याहरूलाई समाधान गर्ने कुनै ठोस कार्यक्रम प्रस्तुत गरेको हामीले महसुस गर्न पाएका छैनौं। शायद आज अधिराज्यका विविध ठाउँहरूमा देखापरिरहेका घटनाहरूलाई पनि मूल्यांकन गर्ने हो भने जनतामा देखा परेको असन्तुष्टि नै त्यस्ता घटनाको मुख्य कारण हो भनेर भन्नु पर्ने स्थिति पनि हामीले एकातिर पाइराखेका छौं। जस्तै रोल्पाकै कुरा गर्ने हो भने आज रोल्पामा कानून छैन। रोल्पामा समाज र प्रहरी दुवैले कानूनलाई कुल्चेर हिडिरहेका छन्।

मानवअधिकारको दृष्टिकोणले हेर्दा हामीले के भन्नु पर्छ भने निश्चित पनि रोल्पा र अन्य त्यस्तै क्षेत्रहरूमा मानवअधिकारको उल्लंघन भएको छ। हाम्रो दृष्टिकोणमा कसैले घरमा आगो लगायो भने राज्यले उसको घरमा आगो लगाउने होइन। कसैले कसैको घर लुट्यो भने राज्यले पनि उसको घर लुट्ने होइन। कसैले कसैलाई बलात्कार गऱ्यो भने राज्यले पनि उसलाई बलात्कार गर्ने होइन। तर, आज रोल्पा र विभिन्न क्षेत्रहरूका कुरा गर्दा स्वेरि यस्तो स्थिति देखा परिरहेको छ। राज्य स्वयं नै मानवअधिकार उल्लंघन कर्ताको रूपमा ती क्षेत्रहरूमा प्रस्तुत भइरहेको छ। प्रत्येक मानिसले संविधानले दिएको अधिकारको आधारमा बाँच्न पाउनु पर्छ, यो हाम्रो दृष्टिकोण हो। अर्थात् मानवअधिकारको दृष्टिकोणले हेर्दा हामी यी कुरा भन्छौं। प्रत्येक नागरिकको त्यो अधिकार रक्षा गर्ने दायित्व राज्यको हुन्छ। मूल कर्तव्य सरकारको पनि हुन्छ। तर, सरकार जनताको त्यो अधिकारलाई सुरक्षित गर्न असफल भइरहेको छ। किनभन्दा ०४६ सालको जनआन्दोलनमा जनताको एउटा मुख्य माग के थियो भने, जसले हिजो प्रजातन्त्र र मानवअधिकारको उल्लंघन गरे, ती व्यक्तिलाई कार्वाही गरिंनु पर्दछ। तर ०४६ साल पछिका गतिविधिलाई हेर्ने हो भने त्यस्ता व्यक्तिहरूलाई सजाय दिनु त कता हो कता, मानवअधिकारको दमन गर्ने ती व्यक्तिहरूलाई समय अनुरूप पुरस्कृत गर्दै गइरहेको स्थिति हामीले देखिरहेका छौं। आज मल्लिक आयोगको रिर्पोट प्रकाशित भएको करीब पाँच वर्ष भइसक्यो, तर सरकारले कुनै कार्वाही गरेको छैन। बरू हामीले भन्नु पर्ने हुन्छ- देशमा प्रजातन्त्रको लागि पचासौं वर्षसम्म लड्ने नेपाली कांग्रेसले आफ्नो त्यो प्रजातान्त्रिक संस्कारलाई, त्यो लुगालाई आफ्नो शरीरबाट उघारेर सूर्यबहादुर थापालाई लगाइदिइ सकेको छ। ठीक त्यस्तै गरी कैयौं वर्षसम्म प्रजातान्त्रिक आन्दोलनसंगसंगै हिड्ने मनमोहन अधिकारीले पनि आफ्नो त्यो लुगा खोलेर लोकेन्द्रबहादुर चन्द्रलाई लगाइदिई सक्नु भएको छ। तसर्थ, आज हामीले उहाँहरूबाट प्रजातन्त्र र मानवअधिकारको रक्षा र जगेर्नाको अपेक्षा कसरी गर्ने? त्यसको जवाफ हामीले कसरी पाउन सक्ने?

आज ०४६ सालपछिको कुरा गर्दा स्वेरी, जनतालाई तिमीहरूले के पायौ भनेर सोध्ने हो भने शायद शिक्षित जनताको मूल्यांकन बेग्लै होला। तर देशको नब्बे प्रतिशत जनताले एउटै कुरा भन्छन्- हिजो पंचायत लेखिएको ठाउँमा आज प्रजातन्त्र लेखियो, मरिचमान र लोकेन्द्रबहादुर चन्द्र बसेको कुर्सीमा कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी र शेरबहादुर देउवा बस्नु भयो, अहिले लोकेन्द्रबहादुर चन्द्र बस्नु भएकौ छ। अब समीकरणको केही अड्कोपड्को भयो भने सूर्यबहादुर थापा पनि त्यही कुर्सीमा बस्नु हुनेछ। यो स्थितिबाट देशको राजनीति अगाडि बढिरहेको छ। हामी त्यो धनकुटामा जन्मिएको सूर्यबहादुर थापाको विरोधी होइनौ। हामी त्यो सूर्यबहादुर थापाका विरोधी हौं, जसले छत्तीस सालमा प्रजातन्त्रको माग गर्ने व्यक्तिहरूलाई अथवा उहाँको शासनकालमा प्रजातन्त्रको माग गर्ने व्यक्तिहरूलाई अराष्ट्रिय तत्व मात्र भनिएन, आफ्नो अधिकार, हक र हितका लागि संघर्ष गर्ने छिन्ताङका कैयौं निरीह जनतामाथि गोली प्रहार गरिएको थियो।र, त्यही जनताको रगतमाथि बसेर राजनीति पनि गरेका थिए। हामी त्यो सूर्यबहादुर थापाको विरोधी हौं। त्यो लोकेन्द्रबहादुर चन्दको विरोधी होइनौ, जो वैतडीमा जन्मिएको थियो। त्यो लोकेन्द्रबहादुर चन्दका विरोधी हौं,

जसले पिस्करका निरीह जनता र ०४६ साल चैत २४ गते प्रजातन्त्र र मानवअधिकारको माग गर्ने नेपाली जनतामाथि गोली चलाएर उनीहरूको रगत र लाशमाथि टेक्दै पंचायतलाई टिकाउने सपथ ग्रहण गरे। हामी त्यो लोकेन्द्रबहादुर चन्दको विरोधी हौं र जनताले भन्ने गरेको प्रजातन्त्र र मानवअधिकारका कट्टर विरोधीहरू यति छिट्टै सत्तामा पुग्न सक्नुमा यिनै नेताहरू त्यसका कारक हुन भनेर भन्नु पर्ने हुन्छ। जुन दुःख लाग्दो कुरा हो। यो भन्दा पनि दुःखलाग्दो कुरा के हो भने, त्यस्ता व्यक्तिहरूलाई आफ्नो काँधमा चढाएर सत्तामा पुऱ्याउने नेताहरू देख्दा हामीलाई लाज लाग्नु पर्ने हो। एउटा कुरा निश्चित हो शासक र सरकारले जहिले पनि आफ्नो गलत इतिहालाई मेट्ने प्रयास गर्छ। तर इतिहास कहिल्यै पनि मेटिंदैन। आज जनताले लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापालाई घृणा गरिरहेका छन् त्यसरी नै इतिहासमा त्यो दिन नआओस्, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र मनमोहन अधिकारीलाई पनि जनताले घृणा नगरून्। समय तपाईहरूकै हातमा छ। नेपाली जनताले तपाईहरूमाथि ठूलो विश्वास गरेका छन्। जनआन्दोलनका प्रमुख शक्तिहरू नैतिकवान भएर, मिलेर अगाडि बढेको हेर्न चाहेका छन्। तसर्थ त्यो विश्वासलाई कांग्रेस र कम्युनिष्ट बनेर धोका नदिउयोस्।

एउटा भनाइ छ- मन, वचन र व्यवहारले एउटै व्यक्ति महात्मा कहिन्छ। तर मनले एउटा कुरा, वचनले एउटा कुरा र व्यवहारले एउटा कुरा गर्ने व्यक्तिलाई हामी दुरात्मा भन्दछौं। राजनीतिमा पनि तपाईहरूले दुरात्मा नभनिन महात्माको चरित्र अवलम्बन गर्नु पर्यो। त्यसैले या त तपाईहरूले जनताको भावनालाई बुझेर त्यही अनुरूप अगाडि बढ्नु पर्यो। होइन, तपाईहरूले त्यसो गर्न सक्नु हुन्न भने राजनीति हस्तान्तरण गर्नु पर्यो र स्वतन्त्र जीवन बिताउनु पर्यो। यदि तपाईहरूले यसो गर्नु हुन्न भने विद्वानहरूले भन्ने गरेका छन्-यो देशको प्रजातन्त्रका लागि प्रजातन्त्रवादी नेताहरू नै खतरा सावित हुँदै गएका छन्। यो भनाइलाई तपाईहरूले प्रमाणित नगर्नुस्।

यो देशमा दश प्रतिशत जनताले आज राजनीतिक अधिकारको उपभोग गरेका छन्। बाँकी नब्बे प्रतिशत जनतालाई त्यो राजनीतिक अधिकारको कुनै अर्थ छैन। उनीहरूले सामाजिक र आर्थिक अधिकारको माग गरिरहेका छन्। हाम्रो जस्तो गरीब देशमा निश्चित रूपमा पनि सामाजिक र आर्थिक विकासहरू गरेर जनताको स्थितिलाई यदि हामीले उठाउन सकेनौं भने निश्चित पनि दश प्रतिशतले उपयोग गरेको राजनीतिक अधिकारमा नब्बे प्रतिशत जनताले सदैव चुनौती दिइ रहेका हुन्छन्। यसैले हामी समयमा सतर्क भएनौं भने ००७ सालमा बत्ती बाल्ने जनता पनि यिनै हुन् र फेरि पनि जनताले बत्ती बाल्दैन भनेर हामी भन्न सक्दैनौं। त्यसैले समयमै सतर्क हुनु पर्दछ।

(०५३ चैत २७ गते वर्ष पुस्तक १९९६ को विमोचन समारोहमा व्यक्त विचार)

हाम्रो समाजमा इतिहासलाई बिर्सने चलन छ

– रेवन्त कुमारी आचार्य

आज श्रावण.१६ गते हामी यहाँ स्वर्गीय प्रकाशराज काफ्लेको स्मृतिको लागि भेला भएका छौं। प्रकाश काफ्ले नेपालका जेठा राजनीतिज्ञ मेरा श्रीमान् टंकप्रसाद आचार्यका ज्यादै प्रिय व्यक्ति थिए। प्रकाशले नेपालमा मानवअधिकारको बहालीको लागि पंचायती व्यवस्था जस्तो क्रुर शासन व्यवस्था भएको बेलामा पनि शाहसपूर्वक धेरै काम गरे। टंकप्रसादजीले जहिले पनि उनको साहसी काममा आफ्नो सहयोग र समर्थन गर्नुभयो।

हाम्रो घरको प्राङ्गण र ढोका बद्री प्रसाद खतिवडा, प्रकाश काफ्ले र सुशील प्याकुरेलको लागि सदा खुल्ला थियो। उनीहरूले कति पटक हाम्रो प्राङ्गणमा पंचायत विरोधी सभाहरू गरेका थिए त्यो सबैलाई थाहै छ। स्वर्गीय टंकप्रसादज्यूको जन्मोत्सव जनस्तरबाट व्यापक रूपमा मनाएर प्रकाश र उनका साथीहरूले त्यसबेलाका शासकहरूलाई एउटा हाँक नै दिएका थिए।

त्यस्ता प्रकाश काफ्लेको छैठौं पूण्य स्मृतिमा नेपालका ख्यातिप्राप्त वयोवृद्ध समाजसेवी श्री दयावीरसिंह जीलाई इन्सेकले "प्रकाश मानवअधिकार पुरस्कार" प्रदान गरेर दयावीरजीको मात्र सम्मान गरेको छैन संस्था आफै पनि सम्मानित भएको जस्तो मलाई लागेको छ।

हाम्रो समाजमा इतिहासलाई विर्सने चलन छ, शक्तिको मात्र पछाडि लाग्ने हाम्रो बानी छ तर प्रकाशले जसरी बिगतमा योगदान गर्नेलाई सम्मान गर्ने गर्थे त्यसैगरी इन्सेकले नेपालमा राणाकालीन समयमै परोपकार जस्तो संस्था खोली तथा प्रसूती गृहको स्थापनामा पनि अद्वितीय योगदान गर्ने, जनताको सेवामा जुट्ने, दयावीरजीको सम्मान गरेकोमा मलाई ज्यादै खुशी लागेको छ। यसमा पनि मलाई यो पुरस्कार प्रदान गर्न लगाएकोमा आफू नै सम्मानित भएको झैं लागेको छ। यसको लागि म इन्सेकको नेतृत्वमा रहेका व्यक्तिहरू तथा तमाम इन्सेक परिवारलाई धन्यवाद दिन चाहन्छु।

अन्तमा नेपालमा प्रजातन्त्र र मानवअधिकारको लागि आफ्नो कलिलै उमेरमा पनि धेरै काम गरी जाने प्रकाश काफ्लेप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र उनको सम्झनामा स्थापित गरिमामय पुरस्कार प्राप्त गर्नु हुने श्री दयावीर सिंहजीलाई हार्दिक बधाई दिन चाहन्छु।

(०५५ साउन १६ गते प्रकाश स्मृति दिवस एवं प्रकाश स्मृति पुरस्कार वितरण समारोहमा व्यक्त मन्तव्य)

सामाजिक कार्यकर्तामा पवित्र भावना हुनुपर्छ

- रुद्रलाल मुल्मी
समाजसेवी

दयावीर सिं ज्यूको सम्बन्धमा केही बोल्न तपाईंहरूको सामुन्ने आइपुगेको छु। महत्वपूर्ण कुरा उहाँको जिउँदो सम्झनाको रूपमा चलिरास्वेका गतिविधिहरू अनाथालय, प्रसुति गृह आदि तपाईंहरूको सामुन्नेमा छन्। तिनीहरूले नै उहाँको बारेमा बोलिरहेका छन्। दयावीर एक सिक्काको दुई पाटा परोपकार र दयावीर सिं हुनुहुन्छ। उहाँसंग मेरो सम्बन्ध धेरै पुरानो छ। जब मैले ९७ सालका शहीदहरूको अवस्था देखे, मलाई तत्कालीन शासन र शासकप्रति यति घृणा भयो र मैले प्रण गरे कि म जीन्दगी भर सरकारी सेवामा जान्न। यही क्रममा फलस्वरूप पछि दयावीर सिंसंग सम्पर्क भयो। उहाँसंगै सेवाको कार्यमा मैले लाग्न पाएँ। त्यत्रो महान व्यक्तित्व भएर पनि यति सरल, हुनुहुन्छ कि वयान नै गर्न सकिन्न। उहाँको साथमा त्यतिखेर तुलसी मेयरजी पनि संगै काम गर्नु हुन्थ्यो। देशमा हैजाको महामारी फैलिएको थियो, ठाउँ-ठाउँमा परोपकार संस्थाले हैंजाको महामारी रोकथाम गर्न स्वयम् सेवकहरू र डाक्टर आदिलाई संगठित गरी उहाँले यति धेरै काम गर्नुभयो, त्यो भनेर साध्यै छैन। त्यसबेला झाडावान्ता भएपछि पानी पिउन हुन्न भन्ने थियो। त्यो बेला एकजना साथी यति विरामी भो कि पानी पिउन नपाएर छटपटियो, क्वाँ-क्वाँ कराउन थाल्यो। पानी पिलाइएन। पछि कोही नभएको बेलामा कोपारामा भएको आफ्नै पिसाब पियो र उसलाई झन चर्को भयो। त्यो केटाको यस्तोसम्म घटना भएको थियो। दयावीर सिं खुद आफैं आइ सम्झाइ-बुझाइकन त्यस्ता विरामीको उपचार गर्नु हुन्थ्यो। त्यो समयमा अहिले जस्तो मोटरको साधन थिएन, कुनै एउटा माध्यम थिएन। तर पनि त्यो वखतमा एकातिर शासकहरू आफ्नो विरोधमा नउत्रियुन् भन्ने र अर्कोतिर सेवाको शुद्ध भावनाले काम गरेर लैजानु पर्ने अवस्था उहाँको थियो। उहाँका बारेमा विभिन्न टीकाटिप्पणी भयो भन्ने कुरा भयो, जो मान्छे काममा हुन्छ, उसलाई मात्र थाहा हुन्छ, काम गर्न कति गाह्रो हुन्छ, काम गर्दा समस्या कसरी समाधान गर्नुपर्छ भनेर। जबकि काम गर्दा दीन दुःखीको उद्धारको लागि के गर्नुपर्छ भन्ने उसलाई थाहा थियो। नकि अरू सुन्ने र देख्नेलाई। आज दयावीर सिंजीले प्रकाश काफ्ले जस्तो महान् व्यक्तिको नाममा स्थापित पुरस्कार पाउनु भयो। उहाँ त वधाइको पात्र हुनुहुन्छ नै र यसै क्रममा उहाँको शीघ्र स्वास्थ्य लाभ होस् भन्ने कामना गर्दछु। मलाई एउटा सम्झना आइरहेछ, जब तुलसी मेहरजीले १९७७ को नेहरू एर्वाड पाउनु भयो, त्यो वेलामा निकै बधाइ पत्र आयो। तर भारतको एकजना साहित्यकार विष्णु प्रभाकरले मेहरजीलाई वधाइ दिएनन्, उनले वधाइ दिए काउन्सीलको चेयर मैनलाई। वधाइ के भनेर पठाए भने- "तुलसी मेहर बधाइ पात्र होइन कि नेहरू एवार्ड कमिटीमा

रहने व्यक्तिहरू बधाइका पात्र छन् तुलसी मेयरजी जस्तो त्यागि तपस्सी मान्छे पाउनु भयो" भनेर बधाइ दिएका थिए। त्यस्तै प्रकाश काफ्ले पुरस्कारलाई पनि म बधाइ दिन्छु।

नेपालमा समाज सेवाको भावना भन्दा आजकाल राजनीतितिर धेरै चाहना बढेर गएको छ। मलाई वडो दुःख लागेको छ किनभने २०४६ सालको आन्दोलनपछि हामीले नेपालमा जुन समाजको परिकल्पना, जुन राष्ट्रको परिकल्पना गरेका थियौं त्यो अनुसार भएन। एकातिर विकृति बढ्यो अर्को तिर दुःखको कुरा सामाजिक संस्थामा पनि अनेक थरिका कचिंगल र गुटबन्दी भयो। आजकाल म बडो खिन्न छु, राजनीतिक क्षेत्र, सामाजिक क्षेत्रलाई हेर्दा मलाई विश्वास छ इन्सेकले अहिले आएको विकृति सामाजिक वा राजनैतिक क्षेत्रमा होस् यस्ता विकृतिलाई हटाउन अन्तरक्रिया गरेर हुन्छ कि के गरेर हुन्छ त्यो काम गर्न सकोस्। पहिले एउटा सामाजिक कार्यकर्तामा पवित्र भावना हुनुपर्छ। तर आजकाल त्यो भावना कति छ मलाई थाहा छैन। पवित्र भावना नभइकन सामाजिक संस्था चलाउँदा खेरी आत्माविहीन शरीर जस्तो हुन जान्छ। यो मेरो व्यक्तिगत विचार हो, यसमा यहाँहरूले चर्चा गर्नुस्, विचार गर्नुहोस्, के कसो गर्नुपर्छ। म अन्तमा के भन्न चाहन्छु भने एक जना सामाजिक कार्यकर्ताले काम गरेको सर्वे भवन्तु सुखिन सर्वे सन्तु निरामया, बसुदैव कुटुम्बकम भने हुनु पर्छ। सामाजिक कार्यकर्ताले सर्बे भवन्तु .... निरामया भन्नु पर्छ। एकजना सामाजिक कार्यकर्तालाई तपाईंलाई के चाहिन्छ भनेर सोद्धा न मलाई राज्य चाहिन्छ न स्वर्ग नै चाहिन्छ, न मोक्ष चाहिन्छ, म दुःखी गरीवहरूको सेवामा नै जीवन बिताउन पाउँ, म यही माग्छु भनेको थियो, त्यही कुरालाई हामीले मनन गर्नु पर्दछ।

क

(०५५ साउन १६ गते प्रकाश स्मृति पुरस्कार वितरण एवं प्रकाश स्मृति दिवसमा व्यक्त मन्तव्य)

महिलालाई कमजोर बनाएर राष्ट्रको उन्नति हुन सक्दैन

- लक्ष्मी सिंह
नेकपा (संयुक्त), रौतहट

मलाई यो इन्सेक संस्थाका बहिनीहरूले हाम्रो गाउँ-गाउँमा र घर-घरमा गएर हामीलाई भेटेर यो सम्मेलनमा आउनको लागि भन्नुभएको थियो। उहाँहरूलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु। किनभने नेपाली महिलाहरूको अवस्थालाई विचार गरेर उहाँहरूले यो कार्यक्रम गर्नुभयो। दिदी बहिनी हो, दाजुभाई हो, म एउटा तराईमा बस्ने महिला भएकोले तराईका धेरै महिलाहरूको समस्या र पीडा मलाई थाहा छ। त्यसैले होला काठमाडौंबाट बहिनीहरू गएर हाम्रो फोटो खिचेर यहाँ बोलाउनुभयो। र हामी यहाँ आयौ, हाम्रो मन धेरै हर्षित छ। र ममा अहिले पनि महिला हक अधिकारको लागि केही गर्ने जाँगर र हौसला छ।

हाम्रो समाजमा महिलाहरूलाई हेप्ने गरिएको पाइन्छ। तर आजसम्म जतिपनि महापुरूषहरू जन्मिएका छन् ती सबै आमाहरूको संरक्षणमा हुर्किएर र बढेका छन् तर हाम्रो समाजले आमाको नाम नलिएर बाबुको मात्र नाम लिन्छ किन ? आफू उभिएको जमिन, धरातल नहेरी आकाश छुने अर्थात् जग बलियो नबनाई धुरी चढ्ने रहर जस्तै भएको छ- नेपालमा पुरूषहरूले महिलामाथि गरिने व्यवहार। आजसम्म पुरूषहरूले बच्चा जन्माएका छैनन्, महिलाहरूले नै बच्चा जन्माउनुपर्छ, सुखदुःख सबै महिलाहरूले नै भोग्नुपर्छ। तिनै पुरूषहरूले आज महिलाहरूको अधिकारलाई कटौती गरेका छन्। यहाँ कुरा पाँच प्रतिशत र दश प्रतिशतको होइन, समग्रमा सिङ्गो पक्षको कुरा गर्नुपर्छ। देशमा बहुदल आएर नयाँ संविधान लागू भएता पनि महिलाहरूको स्थितिमा भने ठोस सुधार हुन सकेको छैन। यहाँ मात्र कपडा फेरिएको छ, कपडा फेरे पनि मानिसको मन नफेरिएसम्म परिवर्तन वा प्रगति भएको मान्न सकिन्न। एउटा हाम्रो भनाई छ- "दिल हेर्नु चेहरा नहेर्नु", "दिल सच्चा हो, चेहरा झुठा हो।"

नेपाली महिलाहरूको स्थितिमा सुधार नहुनुमा गरीबी, अशिक्षा र अन्धविश्वास नै मुख्य हुन्। यहाँ महिलाको विरूद्ध महिलाहरूले नै कुरा काट्ने समस्या प्रमुख रूपमा रहेको छ। यस्तो स्थितिमा हाम्रा महिलाहरूको सुधार कसरी होला ? चिन्ताको विषय बनेको छ। हाम्रो समाजमा सामाजिक कुरीति र कुसंस्कार जटील समस्याको रूपमा रहेको छ। कानूनी एवं न्यायपालिकाको तहबाट समेत हुने भेदभाव र असमानताले महिलाहरू नै बढी पीडित बनेका छन्। यहाँ सबैले बुझ्नुपर्ने कुरा के छ भने महिलाहरूलाई कमजोर बनाएर घर परिवार, समाज र राष्ट्रको उन्नति हुन सक्दैन। यो कुरा सरकारले बुझेको छ। उसले बुझेर पनि त्यो अनुरूप

काम नगरेकोमा हामीलाई धेरै दुःख लागेको छ। नेपाली महिलाहरूको मन रोएको छ। आज नेपालका महिलाहरूले नेपालमा जन्मनु परेकोमा धिक्कार छ भन्ने स्थिति आउने पुस्ताका छोरीचेलीले भोग्नु र भन्नु नपरोस्।

मेरो आफ्नै जीवनमा १० वर्षको हुँदा ४० वर्षको व्यक्तिसँग विवाह भएको थियो। यस्तो सामाजिक जीवन अहिलेसम्म पनि समाजमा यथावत रहेको पाइन्छ। यो समस्या नेपाली महिलाहरूले अझै भोग्नु परिरहेको छ। देशका राजनीतिक पार्टीहरूको यसमा ध्यान पुग्न सकेको छैन। हामी महिलाहरूले यसको विरूद्धमा आवाज उठाउनु पर्दछ। हुन त म आफूले पनि राजनीतिमा लागेर जीवनको महत्वपूर्ण समय बिताइसकेकी छु। देशमा पंचायती शासनदेखि लिएर बहुदलीय व्यवस्थासम्म हामी महिलाहरूले भोगिरहेका छौं। यो समयमा कांग्रेसको सरकार, एमालेको सरकारले पनि महिलाहरूको लागि ठोस कदम चाल्न सकेको छैन। यी राजनीतिक पार्टीहरूको पनि महिलाप्रति राम्रो धारणा रहेको छैन। हुन त सबै नेताहरू स्वार्थी भइसके। जोगी र नेताको स्थिति एउटै हुनुपर्ने तर अब कुरा गर्न र शोषण रहित समाजको निमार्ण गर्न समाजले, परिवारले र सरकारले असहयोग नै गरे पनि महिलाहरू आफ्नो हक अधिकारका लागि अघि बढ्न छोड्नु हुँदैन।

(इन्सेकद्वारा आयोजित "राष्ट्रिय महिला भेला-०५२" मा व्यक्त विचारहरू)

प्रजातन्त्र बचाउनका लागि जनआन्दोलनकारीहरु एक हुनुपर्छ

- लीला कोइराला
पूर्व मन्त्री, नेपाली कांग्रेस

आज मलाई ज्यादै खुशी लागिरहेको छ। जदुकुवा शहीद नगरमा आदरणीय मनमोहन अधिकारीले महिला शहीद पार्कको उद्घाटन गर्नु भएको छ। कृष्णप्रसाद भट्टराई र मनमोहन अधिकारीबाट संयुक्त रूपमा उद्घाटन गर्ने कार्यक्रम भएपनि पार्टीको व्यस्त कामले गर्दा कृष्णप्रसादजी आउन सक्नुभएन। इन्सेकले महिला शहीद पार्कको स्थापना गरेकोमा हामी सबैले धन्यवाद दिनुपर्छ।

हाम्रो यो धनुषा जिल्लाको इतिहास नै यस्तो छ जहाँ असंख्य वीरहरूले आफूलाई बलिदान गरे, असंख्य शहीदहरू यो ठाउँमा जन्मिएका छन्। हामी इन्सेकसंग ती सबै शहीदको शालिक बनाउन आग्रह गर्दछौं।

यो देशमा नेपाली कांग्रेस र एमाले मिलेर प्रजातन्त्र ल्याए। प्रजातन्त्र बचाउनको लागि दुवै तर्फका सांसदहरू लाग्नु पर्दछ। आज संविधान दिवस हो। यस संविधानका लागि हजारौं व्यक्तिहरू शहिद बनेका छन्, जीवन दिएका छन्, कुर्वानी गरेका छन्। आज प्रजातन्त्र बचाउनको लागि हामी सबै एक हुनुपर्दछ। यो कुरा आदरणीय मनमोहन अधिकारीजीसंग पनि भन्दैछु। मनमोहन अधिकारीको ५० वर्षको इतिहास छ प्रजातन्त्रका लागि। हाम्रा कृष्णजी, गिरिजाजीको ५० वर्षको इतिहास छ प्रजातन्त्रका लागि। आदरणीय नेताहरू प्रजातन्त्र आएपछि एकठाउँमा बस्न सकेका छैनन्। प्रजातन्त्रका लागि यी सब एक भए तर प्रजातन्त्र पाए पछि यी सब अलग अलग भएका छन्। हाम्रो आग्रह छ, अनुरोध छ प्रजातन्त्र बचाउनका लागि अब सब एक ठाउँ आएर बसौं।

यहाँ पाइला पाइलामा षडयन्त्र भइरहेछ, राष्ट्रिय अन्तर्राष्ट्रिय षडयन्त्र भइरहेको छ- यो प्रजातन्त्र समाप्त पार्नको लागि। प्रजातन्त्रका लागि ५० वर्षको लडाइ लडेका र ५० वर्षको इतिहास भएका मनमोहन अधिकारीले यो कुरा बुझ्नुभएको छैन कि ? कृष्ण प्रसाद भट्टराई, गिरिजाप्रसाद कोइरालाले बुझ्नुभएको छैन कि ? उहाँहरू सबैले बुझ्नु पर्दछ। देशमा प्रजातन्त्र छ तर यस ८ वर्षको अवधिमा यसमा धुप्रै विकृतिहरू देखापरेका छन्। यो सब जनताका सामू स्पष्ट छ। आज सांसदहरू खरिद विक्री भएका छन्। आदरणीय मनमोहनको पार्टीले लोकेन्द्रबहादुर चन्द्रलाई प्रधानमन्त्री बनायो। त्यस्तै नेपाली कांग्रेसले रा.प्र.पा. का सूर्यबहादुरलाई प्रधानमन्त्री बनायो। यो सब सत्ताका लागि भएको विकृति हो। सत्ता कै लागि

मनमोहन प्रधानमन्त्री नबनी चन्दलाई प्रधानमन्त्री बनाउनु भयो किन ? यस प्रश्नको मलाई जवाफ चाहियो। मेरो अनुरोध छ अब प्रजातन्त्रको बचावटका लागि हामी सब एक हुनु पर्दछ। हामी सबैको पार्टी मित्र राष्ट्रिय अन्तर्राष्ट्रिय षडयन्त्र मैरहेको छ। तपाईंहरूको पार्टी फुटेर माले र एमाले भएको छ। एउटै पार्टी दुईवटा भएको छ। नेपाली कांग्रेसलाई फुटाउनका लागि ठूलो कसरत र षडयन्त्र भइरहेको छ। वी.पी. कोइरालाको आर्शीर्वाद र सबै शहीदहरूको आशीर्वादले नेपाली कांग्रेस फुट्दैन, फुटेको छैन। षड्यन्त्रकारीहरूले बुझ्नु पर्छ नेपाली कांग्रेस फुट्दैन।

प्रजातन्त्रका लागि २००३ सालमा विराटनगर जुटमिलमा आदरणीय मनमोहन अधिकारी र गिरिजाबाबु आएर आन्दोलन गर्नुभएको थियो। प्रजातन्त्रका षडयन्त्रकारीहरूलाई, प्रजातन्त्र स्वतम गर्न लाग्नेहरूका लागि हामी एक भएर जवाफ दिन र परास्त गर्नु पर्ने भएको छ। प्रजातन्त्रको लागि सबै एकै ठाउँमा बस्यौं, तर जब सत्ताको कुरा आयो हामी सबै छुट्टा छुट्टै भयौं। एमाले एकातिर, कांग्रेस एकातिर हिड्यो, अनि राप्रपा जो ३० वर्ष निरंकुश शासन चलाएको थियो, पञ्चायतका नेताहरू सबै यस अबस्थामा प्रधानमन्त्री बने। हामी सबैले बुझ्नु पर्दछ, हाम्रा आदरणीय मनमोहनजीले बुझ्नु पर्छ, आदरणीय कृष्णप्रसाद, गिरिजाजीले बुझ्नु पर्दछ कि के षडयन्त्र भइरहेछ ? हाम्रो देशमा ठूलो आतंक छ, माओवादी आतंक। हामी बुझिरहेछौं, यदि यो आतंकबाट बच्नको लागि हामी सबै एकैठाउँमा बस्दैनौं, यो देशका राजनैतिक पार्टीहरूको विचार एउटै हुँदैन भने यो आतंक नियन्त्रण हुँदैन। जब यो आतंकबाट हामी बच्न सक्दैनौं तब हाम्रो राष्ट्र रहदैन, प्रजातन्त्र रहदैन। यो कुरा हाम्रा आदरणीय नेताहरूले बुझ्नु पर्दछ।

(०१५ कार्तिक २३ गते इन्सेकद्वारा धनुषामा निर्मित महिला शहीदको शालिक अनावरण एवं शहीद पार्कको उद्घाटनका अवसरमा व्यक्त मन्तव्य)

मैले इन्सेकलाई ज्यादै नजिकबाट देखेको छु

- वामदेव गौतम
पूर्व उपप्रधानमन्त्री तथा गृहमन्त्री

यो सम्मेलनमा भाग लिन आउनु भएका सम्पूर्ण मानवअधिकारवादी कार्यकर्ताहरू, मलाई यो सम्मेलनको उद्घाटन गर्ने शुभअवसर प्रदान गर्नुभएकोमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लाई म हार्दिक धन्यवाद दिन चाहन्छु। साथै यहाँहरू सबैलाई पनि धन्यवाद दिन चाहन्छु।

वास्तवमा अहिले हाम्रो देशको मानवअधिकार आन्दोलनलाई सशक्तरूपले अगाडि बढाउने यो अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपाली जनताको धन्यवादको पात्र छ। मैले यो मानवअधिकारवादी संस्थालाई ज्यादै नजिकबाट देखेको छु। र मैले व्यक्तिगत रूपमा भन्ने हो भने यसका धेरै कार्यक्रमहरूमा म आफैले पनि धेरै भाग लिएको छु। त्यसकारण यसले मुलुकमा खेलेको भूमिकालाई नजरअन्दाज गर्न नसकिने स्थितिमा रहेको छ भन्ने मेरो ठहर छ। हुनत हाम्रो देशमा मानवअधिकारवादी संगठनहरू अरू पनि छन्। र म ती सबै मानवअधिकारवादी संगठनले खेलेको भूमिकाको सम्बन्धमा उच्च मूल्यांकन गर्नुपर्दछ भन्ने ठान्दछु। सबै मानवअधिकारवादी संगठनलाई उनीहरूले खेलेको भूमिकाको सम्बन्धमा धन्यवाद पनि दिन चाहान्छु। एउटा भन्नै पर्ने के कुरा परिआयो भने राज्य संचालन गर्दा त्यसको जिम्मेवारी लिएको एउटा गृहमन्त्रीले मुलुकभित्र शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा कहिले काँही एउटा सीमित रूपमा बलको प्रयोगलाई अनुमति दिंदाखेरी धेरै पटक मानवअधिकारको उल्लंघन भएको छ।

म पनि अहिले गृहमन्त्रीको रूपमा श्री ५ को सरकारको जिम्मेवारी वहन गरिरहेको छु। यो अन्तरविरोधपूर्ण अवस्थामा राज्यले मुलुकमा शान्ति सुरक्षा कायम गर्दा बल प्रयोगको औचित्यलाई पुष्टी गर्नुपर्ने स्थिति र त्यसले मानवअधिकारलाई हनन गर्ने बाध्यात्मक अवस्थाको बीचमा जुन अन्तरविरोध छ यो अन्तरविरोधलाई हल गर्ने हामी सबैको जिम्मेवारी हो। मलाई नै यो मानवअधिकारवादी संगठनले आफ्नो राष्ट्रिय सम्मेलनको उद्घाटन गर्ने अवसर प्रदान गऱ्यो। यसकारण कि मैले आफ्नो यो जिम्मेवारी पूरा गर्दाखेरी सधैभरि देशमा मानवअधिकारको हनन नहोस् भन्ने सन्दर्भमा म सधै नै सचेत भैरहुँ भन्ने उद्देश्य हो। त्यसकारण म सबभन्दा पहिले यहाँहरूलाई अनुरोध गर्न चाहन्छु कि यो अन्तरविरोधपूर्ण अवस्थामा पनि सरकारले मुलुकमा मानवअधिकारको रक्षा गर्ने सम्बन्धमा उचित एवं आवश्यक ध्यान दिने छ र त्यसबाट पछि हट्ने किसिमको कुनै काम गर्ने छैन। श्री ५ को सरकारको तर्फबाट पनि यो प्रतिबद्धता यहाँ दोऱ्याउन चाहन्छु।

हाम्रो देशमा मानवअधिकार र राजनीतिको अत्यन्त नजिकको सम्बन्ध रहेको छ। त्यो ०४६ सालको जनआन्दोलनको कुरालाई लिउँ कि २०४६ साल भन्दा अगाडिको कुरालाई लिउँ, शुरूदेखि अहिलेसम्म राजनैतिक क्षेत्रले मानवअधिकारलाई संरक्षण गर्ने सम्बन्धमा आफ्नो प्रतिबद्धता जाहेर गर्दै आएको छ र त्यो आज प्रतिबद्धता जाहेर गर्ने कुरा मात्रै भएको छैन। राजनीतिक पार्टीहरूले आफ्नो व्यवहारमा आफूलाई मानवअधिकारवादीको रूपमा समेत अगाडि सारेका छन्। तर सबै राजनैतिक पार्टीहरू उस्तै हुँदैनन्। सबै सरकारहरू उस्तै हुँदैनन्। वर्गयुक्त समाजमा वर्गीय राजनैतिक अवस्था रहँदासम्म मानवअधिकारको सवाल पनि वर्गीयरूपले नै उठाउने गरिएको छ। त्यति मात्रै होइन मानवअधिकारको सवाल समय सापेक्ष रूपले विकसित हुँदै आएको छ र यसको अवधारणामा पनि विकास भएको छ। आजसम्म हामीले जे जति कुरालाई मानवअधिकार भनेर भनेका छौ, अगाडिका दिनमा हामीले अहिले बुझ्न नसकेका कुराहरू पनि मानवअधिकार भित्र आउन सक्दछन्। त्यसकारण समाज जति विकसित हुँदै जान्छ त्यति नै यसको अवधारणा र यसप्रति अपनाइने नीति र कार्यक्रममा पनि विकास हुँदै जाने कुरा हुन्छ। तर राजनीतिक क्षेत्रबाट मानवअधिकारको सम्बन्धमा उचित ध्यान दिने, त्यसको रक्षा गर्ने, त्यसको निम्ति प्रतिबद्धता जाहेर गर्ने र आफ्नो प्रतिबद्धता अनुरूप कार्यक्रमलाई अगाडि सार्ने काम गरिएन भने मानवअधिकार वास्तवमा कायम हुन चाहिँ गाहारो हुन्छ, मैले त्यस्तो बुझेको छु।

यसकारण, मानवअधिकारलाई राजनैतिक आन्दोलनको महत्वपूर्ण विषयको रूपमा उठाइनु पर्दछ भनेर भन्ने कुरा विगतदेखि अहिलेसम्म हुँदै आएको छ। त्यसमा तारतम्य मिलाउने कुसहरूमा केही कमी होलान। तर पनि ३० वर्षको पंचायती कालमा राजनैतिक क्षेत्रबाट हामीले मानवअधिकारको सवाललाई बडो गम्भीरताकासाथ उठायौं। आन्दोलन चल्यो र आन्दोलन संचालन गरेकै हुनाले २०४७ सालमा हामीले संविधान निर्माण गर्दाखेरी हाम्रो संविधानमा मानवअधिकारलाई प्रत्याभूत गर्ने कुरा समावेश गरेका छौं। त्यसो भएर हामी राजनैतिक आन्दोलनका व्यक्तिहरू, कार्यकर्ताहरू, नेताहरू, पार्टीहरू मानवअधिकारको सवालमा चिन्तित छैनन् भन्ने कुरा मलाई सही हो भन्ने लाग्दैन। कुनै न कुनै रूपमा तिनीहरू चिन्तित छन्। त्यस अनुरूप उनीहरूले आफ्नो चरित्र निर्माण गरेका छन् र व्यवहार पनि त्यही अनुरूप गर्दै गएका छन्। तर पनि कुनै न कुनै किसिमको गल्ती, कमी-कमजोरी त्यहाँ रहेको छ। मानवअधिकारलाई आर्थिक र सामाजिक क्रियाकलाप र हकसित अलग गरेर हेर्ने अपूर्ण र अधुरो दृष्टिकोण पनि रहेको छ। तर मानवअधिकार बिस्तार हुँदै आर्थिक, सामाजिक क्षेत्रमा गैसकेको छ र त्यसलाई संलग्न गराएर नै आज मानवअधिकार पूर्ण छ भनेर भन्न सकिन्छ।

हामीले बुझ्दाखेरी मानवअधिकार मानिस भएर बाँच्नको निम्ति उसले शास्वत रूपमा जन्मदाखेरी नै जुन अधिकार प्राप्त गरेको छ त्यो अधिकारको रक्षा भएको छ कि छैन त्यो कुरा चाहिं आधारभूत कुरा हो भन्ने मलाई लाग्दछ। गल्ती गर्ने व्यक्ति चाहे त्यो समाजका कुनै पनि संगठन भित्र होस्, चाहे अन्य क्षेत्र लगायत राजकीय क्षेत्र नै किन नहोस्, जनताको जुनसुकै क्षेत्रमा पनि गल्ती गर्नेलाई सजाय दिने व्यवस्था छ, कारवाही गर्ने व्यवस्था पनि छ। त्यति गर्दा पनि उसको मानवअधिकार हनन हुनुहुन्न भन्ने सवाल चाहिं शुरूदेखि उठ्दै आएको

हो। अहिले पनि त्यो सवाललाई प्रमुख रूपमा लिने गरिएको छ। हाम्रो समाजमा कुनै व्यक्तिले गल्ती गरेकोले पक्राउ पऱ्यो, गल्ती नगरेको भए पक्राउ पर्ने थिएन अथवा झुठा आरोप लगाएर राज्यबाट पक्राउ गरिसकेपछि उसलाई यातना दिइयो र त्यो यातनाको कुरालाई मानवअधिकारसँग जोड्ने र प्रमुख रूपमा उठाउने काम गरिन्छ। यद्यपि त्यो ज्वलन्त र तात्कालीन विषय भएकोले त्यसलाई त्यतिकै महत्वका साथ उठाउँदाखेरी त्यसले समाजलाई र जनतालाई प्रभाव पार्न, आफूप्रति आकर्षित गर्नको लागि उठाएको पनि पाइन्छ। तर मानवअधिकार त्यति मात्र चाहिं हैन। मानवअधिकारवादीहरूले उठाउँदै आएको त्यो पक्ष हाम्रो समाजमा मानिस भएर जन्मेर पनि मानिस जस्तै भएर बाँच्न नपाइरहेका अवस्थाहरू पनि छन्। घर छैन, रोजगारी र काम पाएको छैन, खान पाएको छैन, आफ्नो सिपको विकास गर्न पाएको छैन, कुनै पनि किसिमको अवसर त्यसले पाएको छैन। त्यो क्षेत्रमा हामीले ध्यान दिनु पर्दछ भन्ने मैले ठानेको छु।

हाम्रो देशमा मानवअधिकारको सवाललाई जुनसुकै रूपमा उठाएको भएता पनि त्यो राजकीय क्षेत्रबाट विगतमा जसरी कानूनको आधारमा हैन गैरकानूनी रूपले कानून भन्दा बाहिर रहेर जनतालाई दमन गर्ने काम भएको छ, त्यसको छानविन गर्नुपर्दछ, त्यसको तथ्य तथ्याङ्कहरू बाहिर आउनु पर्दछ। र ती काम जसले गल्ती गरेको छ ऊ आफैले त्यो काम गर्न सक्दछ भन्ने मलाई लाग्दैन। त्यस्तो महत्वपूर्ण काम भनेको मानवअधिकारवादी संगठनहरूले गर्दछन् र गर्दै पनि आएका छन्। धेरै कुराहरू जो मानवअधिकार हननसँग सम्बन्धित सवालहरू छन्। त्यो हाम्रो देशमा मानवअधिकारवादी संगठन निर्माण भएपछि उनीहरूले समाजमा आफ्ना गतिविधिलाई अगाडि बढाइसकेपछि बाहिर आएका छन्।

अहिले बनेको यो सरकारको सम्बन्धमा विभिन्न किसिमका चर्चा परिचर्चाहरू भएका छन्। म त्यसको राजनैतिक, सामाजिक, आर्थिक, सैद्धान्तिक पक्षमा अहिले कुरा गर्दिन। तर म अहिले मानवअधिकारप्रति यो सरकारको कस्तो दृष्टिकोण रहला भन्ने सवालामा रहेर थोरै कुरा बताउँदा यो सरकार तीनवटा पार्टीको मिलिजुली सरकार हो। तीनवटै राजनैतिक पार्टीको सिद्धान्त अलग छ, राजनीति भिन्न छ, अरू विविध कुराहरू पनि फरक-फरक छन्। मानवअधिकार आन्दोलनलाई हेर्ने दृष्टिकोण पनि आपसमा फरक रहेको छ, बुझाई र चेतना स्तर पनि फरक छ। त्यसैले यस्ता सबै कुरालाई ध्यानमा राखेर यो सरकारलाई हेर्नु पर्दछ भन्ने म ठान्दछु।

(इन्सेकद्वारा०५४ साउन १२ गते आयोजित "मानवअधिकार सम्मेलन" को उद्घाटन समारोहमा प्रमुख अतिथिको रूपमा व्यक्त मन्तव्य)

महिला आन्दोलन सामाजिक मुक्ति आन्दोलन हो

- विद्या भण्डारी
पूर्व मन्त्री तथा सांसद

(पूर्व मन्त्री तथा सांसद विद्या भण्डारीले इन्सेकद्वारा आयोजित दुईवटा कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यलाई हामीले यहाँ प्रकाशित गरेका छौं। उहाँले राष्ट्रिय महिला भेलामा व्यक्त गर्नुभएको विचारलाई "महिला आन्दोलन सामाजिक मुक्ति आन्दोलन हो" शीर्षकमा र महिला जनप्रतिनिधि भेलामा व्यक्त गर्नुभएको विचारलाई "महिला विकास वक्तव्यवाजीमा मात्र सीमित हुनु हुँदैन" भन्ने शीर्षकमा प्रस्तुत गरिएको छ।)

सर्वप्रथम म इन्सेक महिला विभाग तथा इन्सेक परिवारलाई नै आफ्नो तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु। देशका विभिन्न भागमा छरिएर रहनु भएका, विभिन्न राजनीतिक आस्था बोक्नु भएका, आ-आफ्ना विचार र आस्थाका कारणले विभिन्न झण्डा-झण्डामा, संघ-संस्थामा रहेर महिला मुक्तिका लागि लाग्नु भएका, देशको सामाजिक महिला मुक्तिमा लागिरहेका हामी महिलाहरूलाई एकै ठाउँमा बसेर, एकत्रित भएर आफ्ना विचारहरू आदान प्रदान गर्ने एउटा अत्यन्त सुखद् अवसर नै भनौ यो संस्थाले आज प्रदान गरेको छ। मानवअधिकारवादी संस्था भएर महिला हकहितको लागि आफ्नो मत दिन प्रेरित गर्नको निम्ति यस संस्थाले यस्तो राम्रो काम गर्नु निश्चय पनि उल्लेखनीय कुरा हो। त्यसैले इन्सेक परिवारलाई हृदय देखिनै हार्दिक धन्यावाद दिन चाहेको हुँ।

आज यहाँ महिलाहरूकै बारेमा चर्चा चलिरहेको छ। देशको आधा जनशक्ति महिलाहरूको उन्नति कसरी गर्ने हो ? अथवा महिलाहरूले कसरी समान अवसर, हक लिने हो? त्यो अधिकार लिन कसरी महिलाहरूलाई सक्षम बनाउने? साथै पाएको अधिकारलाई पनि कसरी लिन सक्ने बनाउने र प्रयोग गर्ने भन्ने सन्दर्भमै हामी छलफल गर्न गइरहेका छौं। त्यसैमा नै हामी विचार विमर्श गर्न गइरहेका छौं जस्तो मलाई लागिरहेको छ। यस्ता संस्थाहरूले यस्ता कार्यक्रमहरू आयोजना गर्दा निश्चय पनि धेरै राम्रो हुने रहेछ। यहाँ जुनसुकै आस्था र विचारबाट प्रभावित महिला भएपनि हामी एउटै मंचमा आएर आफ्ना-आफ्ना कुराहरू राख्न सक्ने स्थितिमा पुग्नेका छौं। हामीमा एउटा राजनीतिक दलहरूले गरेका कार्यक्रममा अर्को आस्था र विचार बोकेका महिलाहरू नजाने पारिपाटी र संकीर्णता पनि नभएको होइन। तर यसरी गैरसरकारी संस्थाहरू तथा मानवअधिकारवादी संस्थाहरूले कार्यक्रम गर्दा र त्यो कार्यक्रममा सहभागी महिलाहरूका कुरा सुन्दा महिलाहरूको एउटै मञ्च, एउटै आवाज, एउटै

समस्या र माग रहेको बुझिन्छ। तर पनि त्यसलाई कार्यान्वयन गर्ने पक्षमा जाँदा हामी त्यो कुरा पूरा गर्ने पक्षमा रहँदैनौ र विभाजित भइरहेका छौं। मंचमा आउँदा एकता हुनुपर्छ, यस्तो र उस्तो हुनुपर्छ भनेर धेरै कुरा गर्ने तर जति-जति बेला काम गर्नु पर्छ त्यति-त्यति बेला हामी विभाजित हुने स्थिति अझै नभएको होइन। यो स्थिति हाम्रो देशमा छ। अरू देशको स्थितिको बारेमा मलाई त्यति थाहा छैन, कसरी महिला मुक्ति आन्दोलन अगाडि बढेको छ, महिला मुक्ति आन्दोलनलाई कसरी राजनैतिक रूपमा अगाडि लगिएको छ। अथवा महिलामुक्ति आन्दोलन भनेको सामाजिक आन्दोलन हो र कसरी त्यसलाई हुर्काइदैछ ? त्यसका ज्ञाताहरूले निश्चय पनि यस अन्तर्क्रियामा आफ्ना विचारहरू राख्नु हुने नै छ। म एउटा जनप्रतिनिधि हुँ र महिला भएको नाताले म जनप्रतिनिधिको भूमिका पनि निर्वाह गर्दैछु। हुन त म पार्टीको एउटा सदस्य हुँ, जिम्मेवार कार्यकर्ता हुँ र आफ्नो पार्टीका विचार सिद्धान्त अनुसार नै मैले काम गर्नुपर्छ।

म नेकपा एमालेको कार्यकर्ता भएकोले एमालेले मलाई टिकट दिएर संसदमा पुऱ्याएको छ। यो नाताले एउटा पार्टीको बफादार र अनुशासित कार्यकर्ताको हैसियतले म नेकपा एमालेका नीति, कार्यक्रम र विचार भन्दा अलग रहेर केही पनि गर्न सक्दिन। तर यसको अर्थ यो होइन कि म महिलाको निम्ति, महिला हक हितको निम्ति कुनै पनि आन्दोलनमा सरिक हुन सक्दिन, कुनै पनि मंचमा महिलाहरूले गरेका कार्यक्रमहरूमा म भाग लिन जान सक्दिन। हाम्रो पार्टी नेकपा एमालेले महिलाहरूलाई संगठित गरेर, महिलाहरूलाई गोलबन्द गरेर, महिलाहरूको संस्था बनाएर महिलाहरू नै अगाडि बढ्नुपर्छ, हक अधिकार लिनु पर्छ भनेर हामीलाई झन अभिप्रेरित गरिरहेको छ, उत्साह थपिदिएको छ। त्यसैले गर्दा हामीले अनेमसंघ बनाएर लाग्यौं। हुनत यो संस्था पहिलेदेखि नै थियो। हालको दिनमा यसलाई पुनर्गठन गरेर जिल्ला-जिल्लामा, देशका विभिन्न भागहरूमा आफ्नो हक अधिकार खोज्ने महिलाहरूलाई संगठित गर्न लाग्यौं। यसले गर्दा हामी महिला भनेको के हौं ? र कसका लागि र केका लागि हाम्रो आन्दोलन हुनुपर्छ ? भन्ने सवालमा हामी प्रष्ट हुँदै अगाडि बढेका छौं।

हामीले हाम्रो गुरू मानेको र व्यक्तिगत रूपले मैले मानिआएको नेपाल कम्युनिष्ट पार्टी नै हो। यसले गर्दा खेरी नेकपासँग सम्बन्धित भएर जब हामीले महिला मुक्तिका कुराहरू गर्न थाल्यौं त्यसपछि हामीले विभिन्न साथीहरूसँग पनि बसेर सम्पर्क एवं छलफल गर्न थाल्यौं र राष्ट्रव्यापी रूपमा एउटा महिला संघको आकार निर्माण गऱ्यौं। र अहिले हामी यो ठाउँमा आइपुगेका छौं। त्यसैले पुरूषहरूको बाहुल्यता भएकों पार्टी भएता पनि त्यो पार्टीले महिलाहरूको हक हितको लागि यति धेरै काम गर्छ र महिलाहरूलाई अगाडि बढाउन सहयोग गर्छ भने निश्चय पनि महिला मुक्तिको लागि त्यो एउटा प्रेरक तत्व हो भन्ने मलाई लागेको छ। आखिर महिलाहरूको मुक्ति भनेको महिलाहरूले नै गर्नुपर्छ, आन्दोलनलाई अगाडि बढाउनु पर्छ यसमा कुनै विवाद छैन। प्रेरक तत्वका रूपमा हामीले भनौ अर्थात् मैले नेकपालाई नै श्रेय दिएको छु। मलाई लाग्छ, यहाँ उपस्थित हुनु भएका धेरै नै दिदी बहिनीहरू एउटा न एउटा पार्टीसंग नजिक हुनुहुन्छ। सबैलाई त म भन्दिन कोही स्वतन्त्र पनि हुनुहुन्छ होला र स्वतन्त्र पनि बस्न पाइन्छ। सबैले पार्टीमा लाग्नै पर्छ, पार्टीको सदस्यता लिनै पर्छ, राजनीति गर्नु नै पर्छ भन्ने त होइन। स्वतन्त्र ढंगले पनि हामी महिलाहरू अगाडि बढ्न सक्दछौ। तर यहाँ उपस्थित

हुनु भएका धेरै जसो साथीहरू कुनै न कुनै रूपमा कुनै पनि पार्टीसँग सम्बन्धित भने हुनुहुन्छ। कतिपयले स्वतन्त्र ढंगले अगाडि बढेर पनि आफ्नो व्यक्तित्वको विकास गर्नु भएको छ मन्ने पनि मलाई लागेको छ। हाम्रो यो महिला मुक्ति आन्दोलनमा अलिकति अप्ठेरो र समस्या भनेको मैले के देखेको छु भने हामी महिलाहरू पार्टीमा विभाजित भएका छौं। हाम्रो साझा समस्याको लागि, साझा सवालको लागि एउटा पार्टीले कुरा चर्को गरी उठाएमा अर्को पार्टीले आफ्नो प्रतिष्ठाको लागि भएता पनि नउठाउने, अरूले उठाएको कुरालाई किन समर्थन गर्ने भन्ने खालको स्थिति पनि देखा परेको छ। महिलाहरूको मुक्तिको आन्दोलन भनेको मेरो विचारमा, पार्टीको विचार मात्र मैले बोलिरहेको छैन, यो सामाजिक मुक्ति आन्दोलन हो यो राजनैतिक मुक्ति होइन। त्यसैले महिलाहरूको सवाललाई लिएर सबै पार्टीहरूले राजनैतिक पूर्वाग्रह राख्नु नपर्ने हो, चाहे त्यो अगुवा कार्यकर्ता वा नेता जे होस् उसले त्यो पूर्वाग्रह नराख्नेमा राम्रो हुने थियो। अहिले महिला आन्दोलनलाई बिडम्वना पूर्वक हाम्रो देशमा राष्ट्रिय आन्दोलनको रूपमा हेर्मुले महिलाहरू झनै उत्पीडनमा परेका छन्।

आजको यो सम्मेलनले राजनीतिमा महिला सहभागिता भन्ने विषयमा छलफल गर्दैछ। राजनीतिमा महिलाहरू लाग्नु हुन्न भन्ने कुरा काँही कतै छैन। केही समय अगाडि कुनै राजाहरूको पालामा लाग्नु हुन्न भन्ने थियो। त्यतिखेर महिलाहरूले भोट पनि दिन नपाएको र दिनु हुन्न मन्ने उदाहरणहरू छन्। महिलाहरूले भोट दिन नपाए पछि चुन्ने र चुनिने अधिकारबाट महिलाहरू टाढा थिए र त्यो अधिकार महिलाहरूलाई थिएन। खासगरी २००७ साल र त्यसपछि भएका आन्दोलनबाट नै महिलाहरूले यो अधिकार पाएका हुन्। र पछि आएर मात्र उनीहरूले चुन्ने र चुनिने अधिकार प्राप्त गरे। यो भनेको राजनीतिक अधिकार हो र महिलाहरूले राजनैतिक अधिकार प्राप्त गरे। हामीले यस्तो राजनैतिक अधिकार प्राप्त गरिसकेपछि पनि राजनीतिमा महिला सहभागिता र अधिकार जति हुनु पर्ने हो त्यति भएको छैन। हामीलाई लागेको दुःखको कुरा यही हो। हामीले छलफल पटक-पटक गरिरहेका छौं। राजनीतिमा महिला सहभागिता नभए पछि र कम भएपछि नीति निर्माण गर्ने तहमा र ठाउँमा महिलाहरू पुग्न सकेका छैनन्। जसले गर्दा जहिले पनि महिलाहरू अन्यायमा पर्नुपर्ने स्थिति अझै पनि रहिरहेको छ। अब यो किन र कसरी हुन गयो ? जस्तो कि सिटको प्रतिशतको यहाँ कुरा उठिरहेको छ। यसमा कतिपय विवादहरू छन् र विवाद उठेका छन्। हामी विवाद तर्फ नजाऔं। त्यो जति प्रतिशत संविधानले हामीलाई दिएको र तोकेको छ त्यो उद्देश्य र लक्ष्य पनि हामीले पुरा गर्न सकेका छैनौं। कुनै राष्ट्रिय राजनैतिक पार्टीहरूले त्यति नै प्रतिशत महिलाहरू संविधानको बन्देजले गर्दा संसदको चुनावमा उठाएका छन्। जसरी पनि चुनावमा उठाउने कुरा एउटा हो तर ५ प्रतिशत नै जितेर कुनै पनि पार्टीका महिलाहरू संसदमा पुगेका छैनन्। अहिले हाम्रो संसदमा राष्ट्रिय सभा र प्रतिनिधि सभामा गरेर नेपाली कांग्रेस, एमाले, रा.प्र.पा र राजाले मनोनित गरेका जम्मा जम्मी गरी मात्र ५ प्रतिशत पुग्छ होला। सबै पार्टीका गरेर प्रतिनिधि जौडेर संसदको त यो स्थिति छ भने तल-तल स्थानीय निकायमा त झन् यो स्थिति पनि छैन र छँदै छैन भन्दा पनि हुन्छ। अब स्थानीय निकायमा किन छैन त भन्दा स्थानीय निकायमा कुनै यस्तो खालको बाध्यात्मक स्थिति नै छैन कि महिलाहरूलाई उठाउनै

पर्छ भन्ने स्थिति नभएकाले किन उनीहरूले उठाउँछन् ? जब के सबै पार्टीमा पुरूषहरूकै बढी बाहुल्यता रहेको छ। यसले गर्दा महिलाहरू सक्दैनन्। घरासयी कामकाज र अन्य कामले गर्दा उनीहरूले सीमित हुनु परेकोले सामाजिक काममा उनीहरूलाई लगाइदैन। यसले गर्दा सबै राजनैतिक पार्टीहरूलाई बाध्यात्मक स्थिति पनि छैन। त्यसो भएको हुनाले कतिपय ठाउँमा स्थानीय निकायमा पनि हामीले महिलाहरू उठाउनु पर्छ भनेर आवाज उठाइरहेका छौ। र यो कुरा मैले यहाँ उठाउनुको मुख्य कारण के हो भने जब राजनीतिमा महिला सहभागिता न्यून छ र अगुवा भएर महिलाहरू उठ्न सकेका छैनन्, यसमा हामीले लाग्नको लागि गर्नुपर्ने कामहरू के-के हुन, हामीले खोज्नु पर्ने, सोच्नु पर्ने, उजागर गर्नु पर्ने र ती समस्याहरूसँग लड्नु पर्ने कुरा के हुन भन्ने पहिल्याउनु पर्छ। अहिले हामीलाई राजनीतिमा समान सहभागिता चाहियो भनेर हामीले भनिरहँदा हामीसँग खासै त्यस्तो तर्क नहुन पनि सक्दछ। तर राजनीतिमा समान सहभागिताको लागि निर्णायक निकायमा समेत हामी पुग्न नसक्नु, हामी राष्ट्रिय निर्वाचन आयोग जस्ता ठाउँमा पुग्न नसक्नु, विभिन्न पार्टीहरूमा पुग्न नसक्नु, देशको शान्ति सुरक्षाको जिम्मा लिएको प्रहरी निकायको उच्च तहमा महिलाहरू पुग्न नसक्नु, पुगेकाहरूले पनि उचित दिशा लिन नसक्नु, त्यस्तै गरेर नीति, नियम, कानून र निर्णय गर्ने तहमा जस्तै कि संसद, मन्त्री परिषदमा महिलाहरू पुग्न नसक्नु, के हामीले चुनावमा उठ्न नपाएर भोट दिने अधिकार नपाएर यस्तो भएको हो त? निश्चिय पनि यस्तो भएको होइन।

यसलाई प्रभावित पार्ने तत्व अर्के छ। त्यस्ता प्रभावित पार्ने तत्वहरू के हुन् भन्दा केही यस्ता कुराहरू वर्षौंदेखि संस्कारका रूपमा विकास भएर आएका छन् र हाम्रो समाजमा ती कानून र संविधान भन्दा पनि बलिया भएर रहेका छन्। सामाजिक बन्देजका दास कुराहरूले महिलालाई पितृसतात्मक समाजका दास बनाएर, पुरूषहरूका विशेष अधिकारले महिलाहरूलाई उत्पीडित बनाएर, उत्पीडनमा राखेको छ। ती उत्पीडित कुराहरू कुनै संविधानमा, कुनै कानूनमा नलेखिएको भए पनि त्यसलाई समाजले मजबुत ढंगले अगाडि बढाएको छ। जसले गर्दा हामीहरू अगाडि जान सकेका छैनौ। एउटा पक्ष यो भयो भने अर्को पक्ष मेरूदण्डको रूपमा रहेको समाजको आर्थिक व्यवस्था अर्थात् आर्थिक अधिकार महिलाहरूलाई छैन। महिलाहरू धेरै वर्षदेखि यही समाजमा रहेर आफ्नो हक अधिकारका लागि लड्दै आएका छन्, धेरै साथीहरूले त्यस सम्बन्धमा यहाँ बताइसक्नु भयो तर पनि यहाँ पुरूषको दाँजोमा आत्मनिर्भर भएका महिलाहरू कम छन्। म पनि एउटा स्वतन्त्र नागरिक हुँ भनेर आफ्नै खुट्टामा उभिने महिलाहरू अझै पनि हाम्रो समाजमा निकै कम छन्। कतिपय देशका महिलाहरू यहाँका भन्दा भिन्न छन्, आफ्नै खुट्टामा टेकेका आफ्नै कमाइ खाएका छन्। पुरूषको दाँजोमा उनीहरू धेरै भन्दा धेरै काम गर्छन्। तर हाम्रो देशमा भने जति नै काम गरेपनि, जति नै आफ्नो खुट्टामा उभिएर आत्मनिर्भर भए पनि अर्कैको खुट्टामा उभिएको आफूलाई ठान्दछन्। यस्तो स्थितिको मूलकारण भनेको आर्थिक नै हो। यही कारणले गर्द. महिलाहरू आफूलाई थाक्रोमा बेरिदै गएको लहराको रूपमा पुरूषको अगाडि सोच्ने गर्दछन्। यस्तो सोचाइ र स्थिति कसरी आयो र विकास भयो भन्दा यसको पनि मूल जड भनेको आर्थिक कारण नै हो। शिक्षा, राजनीति आदिको क्षेत्रमा पनि महिलाहरू पछाडि पर्नुको मूल कारण भनेको यही आर्थिक कारण नै प्रमुख

रूपमा रहेको छ। पुरूष अर्थात छोराहरू जन्मिदै आर्थिक अधिकार लिएर अर्थात् बाबुको सम्पत्तिको उत्तराधिकारी भएर जन्मिन्छन्। महिलाहरूमा यो अधिकार छैन। जन्मिदैदेखि महिलाहरूलाई यसरी भेदभाव गरिएको छ। जब ऊ यो धर्तीमा जन्म लिन्छे त्यसै बेलादेखि धर्म, कर्म आदिले समेत महिलाहरूलाई पक्षपात गरेको छ।

यहाँ धेरै दिदीहरूले धेरै नै कुराहरू भनिसक्नु भयो, राख्नी सक्नुभयो। यहाँ ती तीता कुराहरू दोऱ्याउन म चाहन्न। बास्तवमा जब पुरूषहरूलाई अप्ठेरो पर्छ तब महिलाहरूलाई यहाँ उनीहरू पुकार्ने गर्दछन् र भन्छन् - तिमी आमा हौ, तिमी देवी हौ, माहाँ माता सृष्टिकर्ता आदि भनेर पुकार गर्दछन्। त्यसपछि फेरि तिनै महिला उनै पुरूषका जुत्ताका तलुवा जस्तो भएर बस्नु पर्ने खालको अवस्था सृजना भएको छ। यसको कारण के हो त भन्दा पुरूषहरूले महिलाहरूलाई सामाजिक धर्म, संस्कृति, नियम कानूनदेखि लिएर संविधान बनाउँदा समेत महिलाहरूको यो पक्षलाई, यो पीडालाई अनुभूति गर्न सक्ने स्थिति यहाँ भएन। जसले गर्दा जनताको ठूलो वलिदानबाट प्राप्त संविधानबाट समेत हामी पराजित हुनु पऱ्यो। ५ प्रतिशत महिला संसदमा उपस्थित हुन भएको वर्तमान पक्षलाई भिन्नै रूपमा भए पनि उपलब्धिपूर्ण मान्नु त पर्छ। तथापि महिलाहरूले जनसंख्याको हिसाबले जुन आधा अधिकारको उपभोग गर्न पाउनु पर्ने हो त्यो पाइरहेका छैनन्। त्यसैले म के भन्छु भने मैले मेरा साथीहरूलाई पटक-पटक भन्दै पनि आएको छु कि हाम्रो यो अहिलेको समाज नै असन्तुलित छ। कस्तो खालको असन्तुलित छ भन्दा तपाईं एउटा तराजु झुण्डाउनु होस् र एकातर्फ एक धार्नीको ढक राख्नी दिनुहोस् र अर्कोतर्फ केही पनि नराख्नुहोस्, त्यसपछि तराजु कस्तो हुन्छ ? ठीक त्यस्तै अवस्थामा यो समाज कोल्टे परेको छ। यो असन्तुलित छ, यस्तो असन्तुलनलाई हटाउनु हामी महिलाहरूको कर्तव्य हो। हामी महिलाहरूले नै यस्तो असन्तुलनलाई हटाउनु पर्दछ र सन्तुलित बनाउनु पर्दछ। मैले भन्न खोजेको कुरा के हो भने हामी ५० प्रतिशत महिलाहरू भएको ठाउँमा पुरूषहरूले ९५ प्रतिशत क्षेत्र ओगटेर अधिकार लिएर बसेका छन्। त्यसैले यो समाज असन्तुलित छ। यहाँको महिला आन्दोलनको दिशा भनेको यो असन्तुलितलाई सन्तुलित गराउनु हो। हामीले महिला मुक्ति आन्द्रोलनको कुरा, अधिकारको कुरा उठाउँदा पुरूषहरूले यहाँ हामीलाई शोषन गरी अन्याय गरे, कुटे पिटे, हेपे त्यसैले यिनीहरूलाई देखाइ दिनुपर्छ भन्ने होइन। यस्ता खालका धारणाहरू पनि आएका छन्। पुरूषहरूले धेरै वटी महिलालाई विवाह गर्नुहुन्छ भने महिलाहरूले किन हुँदैन, हुन्छ भन्ने यस खालका उग्रवादी धारणाहरू यदाकदा आएका छन्। महिला आन्दोलनमा यस्ता कुराहरू आउनु एउटा विकृति हो। गल्तीलाई सच्याउनु पर्छ। पुरूषहरूले गल्ती गरे भन्दैमा महिलाहरूले पनि गल्ती गर्नु हुँदैन। गल्तीलाई गल्तीकै रूपमा प्रतिवाद गर्ने परिपाटीको विकास गरिनु हुन्न र हामीले त्यसो गर्नु पनि हुन्न।

महिला अधिकारका कुराहरूमा ५० प्रतिशत महिला भएको ठाउँमा ५० प्रतिशत नै अधिकार दिलाउनु पर्छ, दिनुपर्छ भन्नेकुरा यो कुनै पार्टी विशेषको जिम्माको कुरा होइन। महिलाहरू आफै तत्पर हुनु बेग्लै कुरा हो तर कुनै पार्टीले त्यसमा विशेष पहल गर्छ भने हामीले धन्यवाद दिनुपर्छ। यो सबै पार्टीको जिम्मेवारी हो। सबै पार्टीहरूले ५० प्रतिशत महिलाहरूलाई कसरी उचित स्थानमा पुऱ्याउने, चाहे त्यो पुलिस प्रशासनमा होस्, चाहे त्यो राजनीतिमा होस्, त्यस

दिशामा पुऱ्याउन र पुग्न हामी लाग्नु पर्दछ। त्यस स्थानमा महिलाहरूलाई पुऱ्याउनको लागि यदि उनीहरूमा आर्थिक अधिकार भएन भने त्यो ठाउँमा महिलाहरू आफै पुग्न सक्दैनन्। तर कानूनले हामी महिलाहरूलाई त्यो आर्थिक अधिकार दिएको छैन। मात्र कानूनले हामीलाई पेवा र दाइजोको मालिक बनाएको छ। पेवा र दाइजोको मालिक महिलाहरू भए पनि त्यसको अधिकार उनीहरूलाई छैन। लोग्ने वा दाजु, भाइ कसैले दिएमा वा दिन मन लागेमा मात्र पाउने कुरा हो, अधिकारकै कुरा हुन सकेको छैन। यही रूपमा हाम्रो देशको कानूनले पनि पेवा र दाइजोको सम्वन्धमा परिभाषा गरेको छ। आर्थिक अधिकारको मेरूदण्डका रूपमा रहेका प्रत्यक्ष जीवनमा प्रभाव पार्ने आर्थिक अधिकार चाहिं महिलाहरूलाई दिइएको छैन।

त्यसैले हामीलाई पेवा र दाइजोको मात्र मालिक बनाएर मूल आर्थिक अधिकारबाट बन्चित गरिएको छ। अहिलेको अवस्था के छ भने मानिसको दुईवटै हातहरू पछाडि लगेर बाँधी दिने अनि मीठो-मीठो खानेकुरा ल खा भनेर अगाडि राखिदिने। मानिसको दुईवटै हात बाँधिदिएर अगाडि मीठो खानेकुरा दिएर कसरी खाने ? यस्तो अवस्थामा खानेकुरा देखेर कल्पनु सिवाय अरू केही हुने छैन। महिलाहरूको अवस्था ठीक यस्तै छ। महिलाहरू अहिले अनेकौं प्रकारले उत्पीडित छन्। सामाजिक, राजनैतिक, धार्मिक हिसाबका साथै राजनैतिक आन्दोलनका हिसाबले समेत महिलाहरू पीडित हुनु परेको अवस्था छ। यसलाई चुनौतीको रूपमा लिएर, प्रतिकार गरेर, स्वतन्त्र नागरिकको हैसियतले अधिकार उपभोग गर्न सक्ने सक्षम नागरिक कसरी बनाउने ? यो बनाउनको लागि पहिला महिलाहरूलाई आर्थिक अधिकार दिनु पर्दछ। हाम्रो संविधानले पनि धर्म, लिङ्ग, जात, वर्ण, कुनै पनि आधारमा नागरिकहरूलाई भेदभाव गरिने छैन भनेर उल्लेख गरेको छ। तर यहाँ भेदभाव छ र भेदभाव गरिएको छ। यो भेदभावलाई कसरी हटाउने र मेटाउने भनेर यहाँ कसैले पनि कोशिस गरेका छैनन्। यहाँ ठूला गोष्ठी, भाषण, सेमिनार हुन्छन् तर यी कुरा हटाउनको लागि केही काम भएको र गरिएको छैन।

अहिले महिला अंशको सम्वन्धका कुरा आएको छ। यसमा मेरो आफ्नो धारणा यहाँ राख्न चाहन्छु। धेरै महिला संघ संस्थाहरूले महिलाहरूलाई पनि पुरूष सरह अंशको व्यवस्था हुनुपर्छ भनेर कुरा उठाएका छन्। ठीकै हो पैतृक सम्पत्तिमा पनि छोरा सरह छोरीलाई अधिकार हुनुपर्छ। अर्थात् सन्तानलाई भेदभाव गर्न पाइदैन, यसको अन्त्य हुनुपर्छ भनेर हामीले भन्दै आएका थियौं। अहिले यसलाई यहाँ ठूलो विवादको रूपमा खडा गरिएको छ। थोरै मानिसहरूले पैतृक सम्पत्तिमा छोरीहरूलाई अधिकार नदिनको लागि यहाँ केही यस्ता विचारहरू आएका छन्। समाज असन्तुलित हुन्छ, छोरीलाई आर्थिक अधिकार दियो भने, अंशको कुरा गरेर पैतृक सम्पत्ति दिइयो भने हाम्रो समाज भाँडिन्छ भनेर भन्दछन्। अहिले जुन भइरहेको असन्तुलनलाई चाहिँ नदेख्ने कारण के हो त भन्दा त्यसकै पक्षमा पुरूष आफू छ र उसले असन्तुलन हटाउन चाहेको छैन। महिलाले पैतृक सम्पत्ति पाएपछि उसको अधिकारमा हलचल हुन्छ भनेर केही पुरूषहरूले समाजमा ठूलो हलचल आउँछ भनेर कुरा हाकेका छन्। दाजु भाई, दिदी बहिनी र बाबु आमाको बीचको सम्वन्ध बिग्रन्छ र कटुता आउँछ भन्ने तर्क अगाडि सारेको पाइन्छ। अखिल नेपाल महिला संघको पनि आफ्नै धारणा छ र हाम्रो पार्टीको धारणा पनि आफ्नै छ। तर यस समस्याको समाधान चाहिं के त ? हाम्रो स्पष्ट धारणा छ समाजको सम्पूर्ण अधिकार

हामी महिलाहरूले उपभोग गर्न पाउनु पर्छ। अब हामीले के को लागि आन्दोलन गर्ने, छोरीलाई पैतृक सम्पत्ति दिनुपर्छ भन्दा यो असन्तुलनको कुरा भयो भनिदैछ। अब यो असन्तुलनको कुरा गर्दा दाजुभाइले पनि बाबुआमाको पनि पैतृक सम्पत्ति नपाउने भन्दा हामीलाई दाजुभाइहरूले गाली गर्दैनन्? हामीले पाइरहेको अधिकार किन खोस्दछौ तिमीहरू आफ्नो अधिकार खोजन भनेर उनीहरूले भन्दा झन् ठूलो समस्या हुन्छ। सरकारले सोच्नु पर्‍यो, दाजुभाइहरूले सोच्नु पर्‍यो, दिदी बहिनी सबैले सोच्नु पर्‍यो अब यो मुलुकमा समानता कायम गर्नको लागि, सन्तुलन कायम राख्नको लागि अर्को छुट्टै कानून बनाउनु पर्‍यो। ठीकै छ बाबु आमाले जसलाई मन लाग्यो उसैलाई दिउन तर छोरालाई दिएपछि छोरीलाई पनि दिनुपर्छ, छोरीलाई दिएपछि छोरालाई पनि दिनुपर्दछ। भनाइको मतलव पक्षपात नहुने र नगर्ने कानून बन्नु पर्‍यो। यदि कसैलाई पनि दिन मन लाग्दैन भने सामाजिक संघ संस्था, स्कूल, पार्टी पौवा, कसलाई दिन मन लाग्छ उसलाई दिने। यदि यस्तो भयो भने समस्या समाधान हुन सक्दछ।

समाजले पाइरहेको अधिकार खोस्दा हामी पुरूष विरोधी हुने भयौं। त्यसैले हामी भन्छौ पैतृक सम्पत्तिमा हामीलाई अधिकार चाहियो। यसरी हामीले यो कुरा भन्दा यसबाट लाभाविन्त हुने धेरै महिला छैनन्। केही थोरै प्रतिशतमात्र महिलाहरू जो समाजमा सम्पन्न छन्, जसको बाबुसँग प्रशस्त सम्पत्ति छ तिनै महिलाहरू मात्र यसबाट लाभान्वित हुन्छन्। यो कुरा हामीलाई थाहा छ। यो कुरालाई हेर्ने हो भने तपाईंहरू फेरि पनि उग्रवादी हुनुपर्छ, त्यो कुरा के हो भने आज यो मुलुकमा जोसँग अथाहा सम्पत्ति छ, साधन स्रोत छ, सम्पत्तिको अधिकार र अंशबाट पनि तिनै महिलाहरू लाभान्वित हुने छन्। यसले गर्दास्वेरी हाम्रो यो आन्दोलन मुख्य गरेर, जुन सीमित वर्गमा रहेको देशको अथाहा सम्पत्तिको कारण आम जनताहरू गरीब भएका छन्, साधन स्रोत बिहीन भएका छन्, हाम्रो पहिलो कर्तव्य त्यो मुठीभर व्यक्तिसँग रहेको सम्पत्ति खोसेर आम जनताको हितमा लगाउनुपर्छ। त्यसरी आम जनताको हातमा त्यो सम्पत्ति आएपछि नै हामीले सही अर्थको अधिकार प्राप्त गर्न सक्दछौं। यो मेरो आफ्नो धारणा हो।

तपाईंहरूले यहाँ कार्यपत्र तयार गर्नुभएको छ र प्रस्तुत गर्नुभएको छ। मलाई पनि यो इन्सेकले गरेको राष्ट्रिय महिला भेलामा तपाईंहरूसँगसँगै बसेर छलफलमा भाग लिने इच्छा थियो, दिदी बहिनीहरूसँग तीन दिनसम्म बसेर अन्तरंग सम्बन्धलाई विकास गरौं, आफ्ना विचारहरू एक आपसमा आत्मीयतापूर्वक अगाडि बढाऔं भन्ने लागेको थियो। हुनत म एकजना यहाँ नभएर त्यसमा कुनै कमी हुने छैन। मैले मेरा आफ्ना केही कुराहरू यहाँ राख्ने। इन्सेक परिवारले जुन यो महिलाहरूको राष्ट्रिय भेला गरेको छ, यसमा म के चाहन्छु भने यस भेलाले महिलाहरूको उन्नति र प्रगतिको लागि महिला हक अधिकारको लागि एउटा प्रस्ताव आगाडि ल्याओस्। म भित्रि हृदयदेखिनै तपाईंहरूसंग यही कामना गर्दछु। साथै नव वर्षको उपलक्ष्यमा पनि यो भेलाले तिनै कुराहरूलाई उठाओस् भन्दै यहाँ उपस्थित सबै दाजुभाई, दिदी बहिनी सबैलाई शुभकामना व्यक्त गर्दछु।

(इन्सेकद्वारा आयोजित "राष्ट्रिय महिला भेला- ०५२" मा व्यक्त विचारहरू)

महिला विकास वक्तव्यबाजीमा मात्र सीमित हुनु हुँदैन

आज इन्सेकले आयोजना गरेको यस कार्यक्रममा मलाई आफ्नो विचार राख्न दिनु भएकोमा आयोजकहरूलाई धन्यवाद दिंदै आफ्ना विचार राख्ने अनुमति चाहन्छु।

यो महिलाहरूको सवालको कुरा गर्दा महिलाहरूको मात्रै कुरा आउँदैन। हाम्रो पार्टीलाई त्यस्तो लाग्छ र हामीलाई त्यस्तो लाग्छ। यो सिङ्गो समाजको, सिङ्गो राष्ट्रको सवाल हो तर व्यवहारमा महिलाहरूको चर्चा भनेको महिलाहरू उपस्थित भएको कार्यक्रममा मात्र हुन्छकि जस्तो हामीले अनुभूति गर्छौं। वास्तवमा महिलाहरूको सवाल भनेको समाज र राष्ट्रको सवाल हो। हाम्रो जस्तो पछौटे मुलुक जहाँ सिङ्गो मुलुक पछौटे छ, जनता पछाडि परेका छन्, यहाँ हाम्रा अनगिन्ति समस्याहरू छन्। विकसित समाजमा पनि महिलाहरूका समस्या छँदैछन्, हामीले देख्वेका छौं, हामीले सुनेका छौं, पढेका छौं। कतिले त्यहाँ गएर हेर्नु पनि भएको होला, तर हामीले टाढाबाट हेर्दा त्यहाँ समस्याहरू छन्। यसरी हाम्रो देशमा महिलाहरूका ठूला, धेरै समस्याहरू छन् ती समस्याहरूलाई हामीले समाधान नगरी राष्ट्रलाई अगाडि बढाउन सक्दैनौं। जनसंख्याको आधा भाग महिलाहरूले ओगटेर बसेका छन्। यो नाताले सायद आधा जिम्मेवारी पनि महिलाहरूको पर्दछ, त्यसैले भनिएको होला महिलाहरूलाई भन्दारखेरी आधा धर्ति आधा आकाश भनेर भनिन्छ। यसको अर्थ क-कस्ले कसरी लगाउनु हुन्छ मलाई थाहा छैन, कतिले त आकाश भनेको त रित्तो हो के को आकाश हुन्छ भनेर व्यंग्य गरेको सुनिन्छ। तर मेरो विचारमा यसलाई सकारात्मक ढंगले लिनुपर्छ। महिलाहरू जनसंख्याको आधा छन् त्यसैले उनीहरू आधा आकाश र आधा धर्ति हुन्। त्यसैले महिलाहरूले आधा बोझको जिम्मेवारी उठाइरहेका छन्, आधा जिम्मेवारी पूरा गरी रहेका छन् भन्ने अर्थमा यसो भनिएको हो। बोझ उठाइ रहेका छन्, जिम्मेवारी पूरा गरी रहेका छन् र आधा धर्ति ढाकेर बसिरहेका छन्, हामी बसिरहेका छौं तर त्यो अनुसारको व्यवहार महिलाहरूप्रति गरिएको छैन।

अहिलेको जुन समाज छ त्यसको दृष्टिकोण महिलाहरूको सवालमा प्रष्ट छैन। त्यही समाजको प्रतिबिम्बको रूपमा रहेका राजनैतिक पार्टीहरूको महिलाहरूप्रतिको दृष्टिकोण प्रष्ट छैन र तिनै राजनैतिक पार्टीको प्रतिच्छायाँको रूपमा बनेका सरकारको दृष्टिकोण पनि महिलाहरूप्रति प्रष्ट छैन। अनि भन्नोस् आधा धर्ति आधा आकाशको रूपमा रहेका महिलाहरू जस्को विकास नभइकन देशको विकासै हुँदैन, त्यसको विकास कसरी हुन सक्तछ ? यो अत्यन्तै अहम् महत्वको कुरा हो, अत्यन्तै महत्वपूर्ण सवाल हो, यसको बारेमा हामीले आवश्यक चिन्तन र गम्भीरता लिनु पर्दछ। वक्तव्यबाजी गरेर, भाषण गरेर, नारा लगाएर

अथवा आफ्ना पार्टीका घोषणा पत्रमा चुनावका बेलामा मात्रै महिलाहरूका हकहितका कुरा उल्लेख गरेर आँ व्यवहारमा चाहिं जुनबेला अधिकार दिनु पर्दछ, दिने बेला आउँछ त्यो बेलामा अनेक बहाना बाजीहरू गरेर नदिने जुन काम गरिन्छ यस्तो तरिकाले देशको विकास हुन सक्तैन। यो केवल आलोचना होइन, यो हाम्रो तीतो यथार्थता हो। यो हामीले भोगिरहेका, हामी यहाँ बसिरहेको यो समाजको वास्तविकता हो। जब महिलाहरूलाई साँचो रूपमा अधिकार दिइदैन तर महिलाहरूको हक र हितको कुरा गरिन्छ र आफ्ना चुनावी घोषणा पत्रहरूमा अनि आफ्ना वक्तव्य बाजीहरूमा समय खर्च गरिन्छ, कागज खर्च गरिन्छ, अलिकति पैसो पनि सायद खर्च होला, त्यो निरर्थक भैरहेको हुन्छ। त्यसो गर्नु भन्दा व्यवहारमा जति गर्न सकिन्छ, जति दिन सकिन्छ त्यो कुराहरूलाई राजनैतिक दलहरूले दिनु पर्दछ।

यो बेलामा हाम्रो समाजको यो स्थिति छ, हामी सिङ्गै समाज अथवा सिङ्गो जनसंख्या, सिङ्गो मुलुक यस्तो अवस्थामा रहेको छ त्यसले गर्दा हामी महिलाहरूको लागि यति दिन सक्छौं, अरू विभिन्न वर्गहरू, जाति, समुदायहरूलाई यतिसम्म दिन सक्छौं भनेर यथार्थतामा हामी उभिनु पर्छ। त्यसो गरेर गएमा हामी अगाडि बढ्न सक्छौं भन्ने मलाई लागेको छ। मैले यो कुरा किन राख्वेको भने साथीहरूलाई भ्रम पनि पर्न सक्छ कि यो त एउटा गैरसरकारी संस्थाले गरेको कार्यक्रम, महिला जनप्रतिनिधिहरूको महत्व, भूमिका, दायित्व, अधिकार र कर्तव्यका बारेमा चर्चा गर्नु पर्ने बेलामा यो राजनैतिक चर्चा कहाँबाट आयो भन्ने पनि पर्न सक्तछ साथीहरूलाई। तर मूल कुरो भनेकै राजनीति हो, राजनीति भनेकै नेतृत्वको कुरा हो र नेतृत्वको कस्तो दृष्टिकोण छ भन्ने कुराले व्यवहारमा प्रभाव पार्दछ। समाजलाई प्रभावित पार्ने भन्ने राजनीति हो, अथवा त्यहाँका विभिन्न कुराहरूमा, व्यवहारमा राजनीतिले प्रभाव पारिराख्वेको हुन्छ। समाजलाई संचालन गर्ने, एउटा महत्वपूर्ण मेरूदण्डको रूपमा रहेको भनेको राजनीति हो। जस्तो राजनीति, राजनैतिक दृष्टिकोण रहन्छ त्यही अनुसार त्यहाँको आर्थिक , सामाजिक र सांस्कृतिक अवस्था हुन्छ। जब नेतृत्व ठीक छैन, नेतृत्वको दृष्टिकोण ठीक छैन भने त्यस्ता कुरामा त्यस्ता वेठिक कुराका विरूद्धमा हामीले लक्ष्य बनाएर लड्नु पर्ने हुन्छ।

हाम्रो पार्टी नेकपा (एमाले) के ठान्दछ भने महिलाहरूलाई समान अधिकार नदिइकन यो मुलुकलाई अगाडि बढाउन सकिदैन। र हाम्रा घोषणापत्रहरूमा पनि ती कुराहरूलाई उल्लेख गरिएको छ। र हामी क्रमबद्ध ढंगले महिलाहरूलाई अगाडि बढाउन चाहन्छौं र उनीहरूलाई नेतृत्व विकास गर्दै देशको आमूल परिवर्तनको दिशातर्फ अगाडि बढाउँछौं। हामीहरू महिलाहरूलाई समान हक नदिइकन यहाँ भइरहेको जुन अन्याय, अत्याचार छ त्यसलाई समाप्त गर्न सक्तैनौं। महिलाहरूप्रति धेरै ठूलो भेदभाव छ, ती भेदभावहरूलाई अन्त्य गर्नु पर्छ। एउटा नागरिकले राष्ट्रबाट पाउने जे जति अधिकारहरू हुन्छन् ती अधिकारहरूलाई विना कन्जुस्याईं र विना शर्त हामीले दिनुपर्छ भन्ने हाम्रो पार्टीको मान्यता रहेको छ। यो समाज पितृ सतात्मक समाज हो। हाम्रो पार्टीमा पनि पुरूष धेरै छन्। त्यसैले यो समाजको असर कहिलेकाँही त्यहाँ पनि पर्न सक्छ। पुरूष बाहुल्यता भएको हुँदा त्यहाँ पनि पितृसत्तात्मक सोचहरू आउन सक्छन्। हामीहरू ती पितृसतात्मक सोचहरूका विरूद्धमा लड्नु पर्छ। फेरि तपाईहरू नसम्झनोस् कि पुरूषहरूमा मात्रै पितृसत्तात्मक सोच हुन्छ। यो सोच भनेको स्वयं

महिलाहरूमा पनि हुन्छ। हामीले पनि तिनै महिलाहरूको विरूद्धमा लड्नु पर्छ। कतिपय पुरूष साथीहरू यस्तो हुन्छन्कि जस्मा त्यस्तो पितृ सत्तात्मक सोचै हुँदैन। उनीहरू महिला पुरूष समानताको आधारमा हेर्दछन्। महिलाहरूमा चाहिं त्यस्तो खालको संकीर्ण विचारहरू हुन सक्छ। त्यसैले यस्तो सोच भनेको एउटा मानसिकताको कुरा हो। यो मानसिकता सबैमा हुन्छ। हामीले त्यसको विरूद्धमा लड्नु पर्छ, वास्तविक समाजको स्थिति के छ त्यस अनुसार अगाडि बढ्नु पर्छ भन्ने कुरामा चाहिं हामीहरूले पनि त्यहाँ सम्झौता गर्नुपर्ने हुन्छ।

नेतृत्वको सवालमा जस्तो राजनैतिक क्षेत्रमा महिलाहरूको अत्याधिक सहभागिता हुनुपर्दछ किनकि यो भनेको नेतृत्व गर्ने, नीति निर्माण गर्ने ठाउँ हो। ती ठाउँहरूमा अत्याधिक सहभागिता हुनु पर्दछ भन्ने हाम्रो पार्टीको मान्यता रहेको छ। जसअनुसार हामीले विभिन्न वैठकहरूमा पनि ती कुरा उठायौं र नीतिगत रूपमा पनि पार्टीले निर्णय गरेको छ कि महिलाहरूलाई आरक्षणको व्यवस्था गर्नु पर्छ, किनकि समाजमा अहिले महिला र पुरूषको स्थिति भनेको अत्यन्तै असन्तुलित छ, समानतामा आधारित छैन, एकदमै असमान छ र धेरै अवसरबाट हामीहरू, महिलाहरू पछि परेका छौं र जति अधिकार लिनु पर्दथ्यो त्यो समान अधिकारबाट पनि बन्चित भएको आधारले उनीहरू समान ढंगले अगाडि बढ्न सक्तैनन्। त्यसैले आरक्षण गर्नु पर्छ। यो आरक्षण आरक्षणको लागि नभएर समान ढंगले भोलि अधिकारहरू उनीहरूले प्राप्त गर्न सकुन्, अधिकार लिन सकुन् भन्ने हिसाबले अगाडि बढ्नको लागि प्रारम्भिक चरणमा हामीले आरक्षणको पनि व्यवस्था गर्नुपर्छ भन्ने मान्यता रहेको हो। जस अनुसार निर्वाचनमा पनि आरक्षण गर्ने, पार्टीको कमिटीहरूमा पनि आरक्षण गर्ने व्यवस्था अनिवार्य हुनै पर्ने। हामीले कानूनी रूपमै, वैधानिक रूपमा नै पार्टीभित्र नै त्यस्तो खालको व्यवस्था गरेका छौं र हाम्रो प्रयासमा हामीले जस्तो स्थानीय निकायमा महिलाहरूको सहभागिता बृद्धि गर्नलाई ठूलो प्रयत्न गरेका थियौं। पहिला पनि त्यस्मा ठूलो प्रयत्न गरियो तर हामी त्यसमा सफल हुन सकेनौं। यसको लागि धेरै प्रयत्न गरियो। अन्य राजनैतिक दलहरूसंग पनि कुराकानी गरियो र हाम्रो पार्टीले पनि त्यस्मा प्रतिबद्धताकासाथ त्यो कानूनी व्यवस्था गर्नलाई आफूले प्रयत्न गरेको हुनाले २० प्रतिशत स्थानीय निकायमा सहभागिताको स्थिति भयो। जस्ले गर्दा यहाँहरू पनि धेरै निर्वाचित भएर काम गर्ने मौका पाइरहनु भएको छ। यो पनि एउटा राजनैतिक उपलब्धिको रूपमा हामीले लिनुपर्दछ। महिला विरूद्ध हुने जे जस्ता खालका भेदभावहरू छन् ती सब भेदभावहरूलाई समाप्त गर्ने भन्ने संयुक्त राष्ट्र संघको जुन प्रतिबद्धता हो त्यो प्रतिबद्धतालाई नेपालले पनि, हाम्रो राष्ट्रले पनि हस्ताक्षर गरिसकेको छ। तर पनि ती कुराहरू आहिले व्यवहारिक रूपमा धेरै टाढाको कुरा हुन् तर कानूनी रूपमा पनि उन्मुलन हुन सकिराखेको छैन। जस्तो संविधानको भाग ३ धारा ११ मा ती व्यवस्था गरिएका छन् कि महिलाहरूको हकमा समान अधिकार दिने, यो लैङ्गिक भेदभावहरूलाई हटाउने कुराहरू त्यहाँ उल्लेख गरिएका छन्। र नागरिक नागरिकहरूका बीचमा कानूनको आधारमा भेदभाव गरिनु हुँदैन भन्ने कुराहरू उल्लेख गरिएको छ, तर भेदभाव छ, हाम्रो मुलुकी ऐनले भेदभाव गरेको छ, त्यो कुरालाई हामीले हटाउन सकिराखेको छैनौं, सरकारले हटाउन सकेको छैन, यो त झुक्याउने जस्तो कुरा भएको छ। संविधानमा लेख्ने तर कानून नबनाउने अनि त्यो अधिकार नदिने कार्य अहिले

भइरास्वेको छ। यो कुरामा चाहिं म तीस्वो आलोचना गर्छु। जो राजनैतिक दलहरू यसमा सहमत छैनन्, यदि हाम्रो पार्टी पनि यो कुरामा आलोच्य हुन्छ, यसमा पनि यस्ता कमी कमजोरीहरू छन् भने हाम्रो पार्टी पनि आलोचनाको घेराभन्दा माथि जान सक्तैन।

महिलाहरूलाई सहने बानी परेको छ। सहँदा सहँदा अहिले पनि सहिरास्वेका छन्। ०४६ सालको जनआन्दोलन पछि बोल्ने, लेख्ने सारा गर्ने अधिकार पांएर पनि सहने कुनै ठाउँ छ जस्तो मलाई लाग्दैन तर पनि हामीले सहिरास्वेका छौं। सबैले आ-आफ्नो ठाउँबाट आ-आफ्नो अधिकारलाई बुझेर आफ्नो कर्त्तव्यलाई पालना गर्नुपर्छ। अधिकार लिन खोज्नेले आफ्नो कर्तव्य के हो भन्ने कुरालाई कहिल्यै पनि भुल्नु हुँदैन। हामी चाहिं अधिकार प्रयोग गर्न खोज्ने तर आफ्नो कर्तव्यलाई भुल्न खोज्यौ भने त्यो सन्तुलित हुँदैन फेरि असन्तुलन पैदा हुन्छ। अहिले समाजमा असन्तुलन पैदा भएको छ। हामी अर्काको आलोचना नगरौं। कमसेकम हामी महिलाहरूले संयमतापूर्वक, हाम्रो त गहन जिम्मेवारी छ, हाम्रो पारिवारिक जिम्मेवारी छ, हाम्रो सामाजिक जिम्मेवारी छ, समाजलाई निरन्तर अगाडि बढाउँन, यसलाई अझ सशक्त र विकसित ढंगले अगाडि बढाउनको लागि महिलाहरूको संसारभरनै र देश भित्रमा पनि ठूलो भूमिका रहेको छ। जो जनप्रतिनिधिहरूको जे अधिकार रहन्छ, जनप्रतिनिधि महिलाहरूको पनि त्यही अधिकार हुन्छ। महिला भएको कारणले ती महिलाहरूको क्षेत्रमा छुट्टै काम गर्नु पर्ला त्यो अलग कुरा हो तर पनि एउटा जनप्रतिनिधि पुरूषले जति अधिकार प्रयोग गर्दछ, एउटा जनप्रतिनिधि महिलाले त्यतिनै अधिकार प्रयोग गर्न सक्छन्, गर्नु पनि पर्दछ। निर्वाचित संस्थामा त्यो हुनै पर्छ। जस्तो प्रधानमन्त्री पुरूष हुँदा बेग्लै अधिकार हुने र महिला हुँदा बेग्लै हुने भन्ने कुरा हुँदैन। प्रधानमन्त्रीको अधिकार, दायित्व, भूमिका एउटै हुन्छ। त्यस्तै एउटा वडाध्यक्षको अधिकार, कर्तव्य, दायित्व जे हो अरू प्रतिनिधिको पनि त्यही हो। थप के हो भने महिला सहभागिता कम भएको हुँदास्वेरी यो वैधानिक व्यवस्था गरेर महिलाहरूलाई त्यो ठाउँमा पुऱ्याइएको हो। महिला जनप्रतिनिधिहरू जो सभापति हुन्छन्, उपसभापति हुन्छन् अथवा जिल्ला विकास समितिका सदस्य हुन्छन्, अथवा गाविस अध्यक्ष, उपाध्यक्ष हुन्छन् अथवा वडादेखि लिएर नगर परिषद् र गाउँ परिषदहरूको तहमा छन् निश्चित रूपमा अरू कानूनी रूपमा व्यवस्था गरिएका जे अधिकार प्रयोग गर्छन् जनप्रतिनिधिहरूले, विकास निर्माण सम्बन्धी तथा अन्य सवालमा त्यो हामीले पनि प्रयोग गर्न पाउनु पर्छ। तर के छ भने महिलाहरूप्रति सहानुभूतिशील भएको आधारमा उनीहरूलाई निस्कृय बनाउने खालका क्रियाकलापहरू पनि छन्। ठिकै छनि दिदी तपाईं किन दुःख पाउनु हुन्छ, जे निर्णय हुन्छ हामी तपाईंको घरमा पठाइदिहाल्छौं, अथवा भाउजू किन आउनु हुन्छ यति माथिसम्म तपाईं घरमै बस्नोस हामी जे जे निर्णय हुन्छ, हामी पठाइ दिहालौला भन्नेढंगले, उहाँहरूले देख्दा सहानुभूति, कस्तो माया, घरमै बस्ने, आफ्नो बालबच्चा पनि हेर्न पाइने, घरको काम पनि गर्न पाइने, उता भएको निर्णय पनि घरमै पोष्ट गरेर पिउनले पुऱ्याइ दिने, यो त सबैले स्वीकार गर्न लायक कुरा जस्तो देखिन्छ। तर त्यसले हामीलाई निस्कृय बनाउँछ, मूल प्रवाहबाट अलग गराउँछ। यो सहानुभूतिले, यो माया दयाले तपाइको दायित्वबाट बन्चित गरिरास्वेको हुन्छ, अधिकारबाट तपाईं बन्चित हुनु हुन्छ, तपाईं कुण्ठित हुनुहुन्छ। त्यसले गर्दा हामी सकृय हुनुपर्छ, हामीले भाग लिनु पर्छ।

यस्तो ८० प्रतिशत महिला निरक्षर भएको ठाउँमा रोजगारीको अवसरबाट पनि बन्चित भएको अवस्थामा, त्यस्तै सामाजिक मान मर्यादा, प्रतिष्ठाको सबालमा पनि केही नभएको अवस्थामा चेलिबेटी बेचबिखनका समस्याहरू पनि त्यतिकै भएको अवस्थामा महिलाहरूको स्वास्थ्य पनि त्यतिकै कमजोर भएको ठाउँमा अरू कतिपय सेवा सुविधाका सावालमा पनि धेरै समस्याहरू छन्, त्यसमा पनि महिलाहरूलाई हेला होचो गर्ने चलन गाउँघर, शहरमा पनि छ। तपाईंहरूले ती समस्याहरूलाई पहिला मिटिङ बसेर केलाउनु पर्यो। समस्याहरूलाई केलाउँदा खेरी ती समस्याहरूमध्ये तिनको वर्गीकरण गर्नु पर्यो। पहिलो कुरो त आफ्नो टोलमा, आफ्नो गाउँमा हाम्रा समस्याहरू के के हुन भन्ने कुराको निस्कर्ष निकाल्नु पर्यो, पहिलो चरणमा हाम्रा समस्या यी यी हुन यिनीहरूको विरूद्धमा हामी लड्नु पर्छ, यिनीहरूलाई हामीले हटाउनु पर्छ भन्ने कुरा भइसकेपछि तिनीहरूको वर्गीकरण गर्नु पर्यो किनभने बजेटको कुरा आउँछ, कतिपय कामगर्दा पैसा को कुरा आउँछ, पैसाको कुरा आएको हुँदा ती समस्याहरू पहिलो दोस्रो, तेस्रो चौथो तिनीहरूलाई वर्गीकरण गर्ने र गरीसकेपछि हामीले आफ्ना समस्या गाउँपरिषदमा राख्ने। गाविसको बैठकबाट गाउँपरिषदमा राख्ने। जिल्ला विकास समितिमा हाम्रा समस्या जानु पर्यो, हामीले पठाउनु पर्यो, जुन समस्या धेरै छ त्यो सामाजिक समस्या हो। घरको समस्या चाहिं सामाजिक समस्या हैन ? जब घरमा आगो बल्दैन, एउटा गाउँमा २० वटा घर छन् १५ वटा घरमा आगो बल्दैन भने हाम्रो गरीवीको समस्या भनेर हामीले भन्ने की नभन्ने? त्यो घरको समस्या, सामाजिक समस्या। त्यो राष्ट्रिय समस्या भयो की भएन ? घरको समस्या राष्ट्रिय समस्या हो, महिलाको समस्या राष्ट्रिय समस्या हो, त्यो ठाउँमा पुग्नु पर्दछ, पुगेकै छैन। महिला मन्त्रालयले केही कामगर्न सकेको छैन। महिला मन्त्रालय खडा गरेर के गर्नु त्यो हात्तीको देखाउँने दाँत, कार्यक्रम केही छैन। यत्रो ठूलो समस्या छ महिलाहरूका बारेमा केही राखिएकै छैन। त्यस्तो हुनु भएन। यदि बजेट छैन भने पनि थाहापाउनु पर्यो कि तलका महिलाहरूले हामी गरिब छौं हामीसंग पैसा छैन, जति पैसा छ त्यति चाहिं चाहियो। निर्माण यातायत मन्त्रालयमा बजेट जान्छ, निर्माण यातायात मन्त्रालयमा बाटो बनाउनको लागि उसले प्राथमिकता तोकेको छ कि जिल्लाको सदरमुकाम बाटो पुऱ्याउने प्राथमिकता हो त्यसैले त्यहाँ पैसा पठाउनु पर्छ धेरै पैसा राख्नुपर्छ भनेर त्यहाँ राख्नेको छ भने महिलाहरूको पनि प्राथमिक समस्या के हो भनेर त्यसको लागि पैसा छुट्याउनु पर्छ। त्यसरी तलबाट समस्या आए भने हामीले हाम्रा मागहरूलाई तलैबाट टोल गाउँ जिल्लामा हुँदै अनि केन्द्रमा पुऱ्याउन सक्यौं भने निश्चित रूपमा हाम्रो भूमिकालाई प्रभावकारी रूपमा निर्वाह गर्न सक्छौं। अधिकार प्रयोग गर्ने भन्ने कुरा पनि आफैं चलायमान भयो भने मात्र अधिकारलाई प्रयोग गर्न सक्दछौं। हामी आफैं चलायमान भएनौं भने हामीले अधिकारलाई प्रयोग गर्न सक्दैनौं । जस्तै हाम्रो शरीरकै उदाहरण लिनु सक्नु हुन्छ। जस्तै हाम्रो दाहिने हात देब्रे हात। देब्रेहातले खान नपस्कने भन्ने र नलेख्ने भन्ने कुरा छैन नि तर पनि देब्रे हात चल्दैन। यसले गर्दा हाम्रो दाहिने हातनै बढी चल्दछ। हाम्रो समाजमा पुरूषहरू बढी चलायमान दाहिने हात जस्तो र महिलाहरू देब्रेहात जस्तो भएका छन्। यस्तो स्थितिमा तपाईंहरू चलायमान हुनुपर्छ। तपाईंहरू आफैं आफ्नो अधिकार र कर्तव्य पुरा गर्न सक्नुहुन्छ, आफ्नो दायित्वलाई पूरा गर्न सक्नुहुन्छ र सम्बन्धित निकायबाट पनि यस

विषयमा निश्चितरूपमा ध्यान दिनुपर्दछ। विभिन्न राजनैतिक दलहरू जुन दलले आफ्ना जनप्रतिनिधिहरूलाई सम्बन्धित ठाउँमा पुऱ्याएका छन् ती राजनैतिक दलहरूले पनि आफ्ना प्रतिनिधिहरूको ख्याल गर्नुपर्छ। सहयोग गर्नु पर्छ। त्यस्तै निर्वाचित संस्थाका प्रतिनिधिहरूले पनि ख्याल गर्नु पर्छ भन्ने कुरा मलाई लागेको छ।

वास्तवमा महिलाप्रतिनिधिहरूको ठूलो भूमिका छ, यसै पनि राष्ट्रमा महिलाको ठूलो भूमिका छ, उहाँहरूको दोहोरो दायित्व छ, त्यो दायित्वलाई हामीले निर्वाह गर्नुपर्छ र तल्ला स्तरमा पनि त्यहिनै कुरा हो। हामीले त्यहीं ढंगले अगाडि बढ्नु पर्छ, देशमा समग्र विकास गर्नको लागि महिलाहरूको विकास हुनु पर्दछ र यो नारामा र वक्तव्य बाजीमा मात्रै सीमित हुनु हुँदैन, लेखाइ र घोषणा पत्रमा मात्र सीमित हुनु हुँदैन, यो व्यवहारिक रूपमा आउनु पर्छ। यसलाई कुनै दल स्वार्थमा मात्र हेर्नु हुँदैन, यो सिंगो राष्ट्रको समस्या हो। यो राष्ट्रिय राजनीतिको समस्या हो भन्ने ढंगले हामीले लिनुपर्दछ भन्ने मलाई लाग्दछ। त्यसैले महिलाहरूको समस्या राष्ट्रिय समस्या हो र महिलाहरूको विकास नभइकन देशको विकास हुन सक्तैन। यो कुरालाई सबै राजनैतिक दलहरूले महसुस गर्नुपर्छ। महिलाहरूले पनि यो मेरो व्यक्तिगत माम्ला नभ्नी यो मेरो समस्या राष्ट्रको समस्या हो भन्ने ढंगबाट अगाडि बढ्नु पर्दछ।

(इन्सेकद्वारा आयोजित "महिला जनप्रतिनिधि भेला" मा व्यक्त विचार)

सामन्ती समाजमा मानवअधिकार बहाल गर्ने कुरा कठिन छ

- विश्वकान्त मैनाली
अध्यक्ष, मासम

मानवअधिकारको प्रत्येक सम्मेलनमा भाग लिदा मलाई दुःख र सुखको मिश्रित अनुभव हुने गर्दछ। मानवअधिकार संरक्षण मञ्चका अभिलेखहरूमा शहादत प्राप्त शहीदहरूको अनुहार प्रत्येक दिन जब मैले मेरो अफिसमा हेर्नु पर्दछ र ती व्यक्तिहरूलाई सम्झदा र कार्यक्रममा उपस्थित हुँदाखेरी उनीहरूको आकांक्षा, चाहाना र आहुतिलाई स्मरण गर्दा ज्यादै दुःख लाग्दछ। साथ-साथै हामी मानवअधिकारवादीहरू यसरी एकजुट भएर नयाँ आशा र अभियानको लागि जब उपस्थित हुन्छौं, एउटा वचनबद्धता जाहेर गर्दछौं, ऐक्यबद्धता जाहेर गर्दछौं, घोषणा जाहेर गर्दछौं त्यसले हामीलाई एउटा हौसला र साहस प्रदान गर्दछ।

मेरो नीजी विश्लेषणमा नेपाली समाज, सामाजिक संस्कार, यसको सामन्ती संस्कार छ चाहे जुनसुकै आर्थिक तह र तप्काका व्यक्तिहरू हौं, यसको राजनैतिक संस्कार हुकुमी खालको छ। त्यसले सामन्ती समाजभित्र प्रजातन्त्र र मानवअधिकारलाई वहाली गर्ने कुरा बढी कठीन छ। यो कुरा हामी मानवअधिकार कार्यकर्ताको लागि संस्कारगत कठीनको बोझ महशूस भएको छ। दोश्रो कुरो विश्वमा मानवअधिकारलाई हेर्ने दृष्टिकोण पश्चिमेली पूँजीवादी मुलुकहरू र सामाजवादी मुलुकहरूको जुन एउटा प्राथमिकता क्रम थियो त्यो क्रमलाई संयुक्त राष्ट्रसंघको विगत वर्षमा भएको भियना सम्मेलनले मेटिदिएको छ। अब संयुक्त राज्य अमेरिका लगायतका नागरिकहरूको राजनैतिक अधिकार मात्र हैन, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार पनि मानवअधिकार हुन्, यी अविभाज्य छन्। यी अधिकारलाई समान रूपमा आदर गर्नु पर्दछ भन्ने कुरामा सैद्धान्तिक रूपमा प्रतिबद्ध छन्। त्यसैले २०४६ साल भन्दा अगाडि नेपालका मानवअधिकारवादी कार्यकर्ताको एउटै लक्ष्य थियो। त्यो के हो भने- निरंकुश पंचायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातान्त्रिक व्यवस्था, पूर्ण मानवअधिकारवादी समाजको स्थापना।

आज २०४६ सालको आन्दोलन पश्चात् हामी सातौं वर्षमा प्रवेश गरिरहेका छौं। यस कार्यक्रममा प्रमुख अतिथि उपप्रधानमन्त्री तथा गृहमन्त्री- वामदेव गौतमलाई म सर्वप्रथम आज यही सभामा हृदयदेखि नै बधाइ दिन चाहान्छु किनभने चैत्र २६ गतेको जनआन्दोलन दिवसलाई श्री ५ को सरकारबाट मनाउने उहाँहरूले जुन निर्णय गर्नुभयो त्यो नेपालको इतिहासमा एउटा गौरवमय घटना रहने छ। र त्यसले भविष्यको सरकारलाई शहीदहरूको

सपनालाई सम्झेर अगाडि बढ्ने प्रेरणा प्राप्त हुनेछ भन्ने मैले ठानेको छु। जहाँसम्म हाम्रो सरकारको दायित्व के छ त भन्दा दुवै पक्षमा हाम्रो सरकारको दायित्व वडो गहनतम छ। नेपालको संविधानले पनि मानवअधिकारको बहालीको निम्ति, स्थापनाको लागि हाम्रो सरकार कटिबद्ध छ भने अन्तर्राष्ट्रिय महत्वपूर्ण मानवीय अनुबन्धनहरूलाई आफ्नो सहमति जनाएर विश्व सामु पनि हाम्रो सरकार कटिबद्ध देखिएको छ। अन्तर्राष्ट्रिय समुदाय समक्ष विश्वव्यापी घोषणाका महत्वपूर्ण मानवअधिकारका विशेष पक्षहरूमा सहमति जनाएर हाम्रो सरकारले मानवअधिकारप्रतिको प्रतिबद्धता मौखिक मात्र नभएर, कानूनी, राजनैतिक, संवैधानिक र अन्तर्राष्ट्रिय अनुबन्धन समेतको प्रतिबद्धता जाहेर गरेको हुनाले एउटा विशेष जिम्मेवारी आएको छ। खासगरी जनताको आशाको केन्द्र जुन आजको सरकारलाई जनमुखी सरकार भनेर नामाकरण गरिएको छ, त्यसैले यो सरकारका उपप्रधानमन्त्री तथा गृहमन्त्रीमाथि नेपाली जनताको एउटा आशा छ। त्यो आशालाई यो सरकारले पूरा गर्नुपर्ने ऐतिहासिक गहन जिम्मेवारी पनि रहेको छ। र जुन जिम्मेवारी बडो संकटपूर्ण पनि छ। त्यसैले यो इतिहासको दायित्वलाई बडो बुद्धिमतापूर्वक यदि संचालन गर्न सकिएन भने एउटा ठूलो दोष मात्र नभएर राजनैतिक विचलन समेत पनि हुन सक्ने सम्भावना रहेको छ। यसर्थ यो गुरूत्तर दायित्वलाई जनमुखी सरकारले ध्यान दिने छ भन्ने विश्वास म मानवअधिकारवादी कार्यकर्ताको हैसियतले गर्न चाहन्छु।

भविष्यका दिनहरूमा मानवअधिकारवादी कार्यकर्ताहरूले श्री ५ को सरकारलाई औंलो ठाडो पार्नु नपरोस् जबकि एमनेष्टी इन्टरनेशनल लगायत हाम्रा प्रत्येक अनुसन्धानका प्रतिवेदनहरू जो तथ्यमा आधारित छन्, जुन निष्पक्ष तथ्यहरू छन्। जहिले पनि हामी मानवअधिकारवादी कार्यकर्ताहरूको उद्देश्य सरकारलाई सहयोग गर्ने, उनीहरूका कमी-कमजोरी र दोषहरूलाई औल्याउने, अपराधी माथि सजाय गर्नुपर्छ भन्ने भावना राख्वेका छौं। जब कि चुनाव लडेर सरकार बनाउने उद्देश्य हामी मानवअधिकारवादी संस्थाको होइन। हामी व्यक्तिको त्यो इच्छा हुन सक्दछ तर मानवअधिकारवादी संस्थाको जहिले पनि सरकारलाई सहयोग गर्ने मात्र उद्देश्य हुन्छ। तर खरावीलाई सुधार गरेर मात्र सहयोग गर्ने भन्ने हुन्छ। तसर्थ आगामी दिनहरूमा हिजो जस्तो हामीले औंला ठाडो पार्नुपर्ने स्थितिको सृजना नहोस् यो मेरो विनम्र अनुरोध छ।

अन्त्यमा यो संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को नाममा बढी परिचित छ। यो संस्थाले आज देशमा मानवअधिकारको बहालीमा ती दलित पीडित विभिन्न जनसमुदायहरूको उत्थानको निम्ति जुन एउटा योगदान दिएको छ, त्यो योगदान अति नै प्रशंसनीय छ।

(इन्सेकद्वारा मिति ०५४ साउन १२ मा आयोजित मानवअधिकार सम्मेलनमा व्यक्त विचार)

महिला समस्याको जड पत्ता लगाउनु पर्छ

- शशी श्रेष्ठ
अध्यक्ष, अनेमसंघ

महिला आन्दोलनको लागि केही खोजी गरौं र आन्दोलनको जगलाई तलसम्म लैजाउँ भन्ने जमर्को गर्दै विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्दै आउनु भएका सम्पूर्ण महिला दिदी बहिनीहरूका साथै महिला आन्दोलनमा यसको सफलताको कामना गर्दै सहयोग पुऱ्याउने काममा जुट्नु भएका हाम्रा सहयोद्धा पुरूष साथीहरूलाई समेत म सर्वप्रथम धन्यवाद टक्र्याउँछु। हुनत आजको यस कार्यक्रमलाई साँच्चै भन्ने हो भने आमाहरूको कार्यक्रम भन्दा हुन्छ। आज हामीले यो कार्यक्रममा आदरणीय आमाहरूबाट निक्कै घतलाग्दा धेरै नै ज्ञानबर्द्धक कुराहरू सुनिसकेका छौं। मलाई लाग्दछ, हिजोको राणा शासनको युगमा, तानाशाही पंचायती शासनको युगमा जुन स्थिति थियो ०४६ सालको परिवर्तनपछि पनि खासगरी महिलाहरूको अवस्थामा परिवर्तन आएको छैन, फरक छैन। त्यसकारण उहाँहरूले यहाँ जुनकुरा उठाउनु भयो र राख्नु भयो त्यस विषयमा म चर्चा गर्न चाहन्न। म यहाँ एउटै कुरामा मात्र उदाहरण दिन्छु र कुरा उठाउँछु जुन उदाहरण नेपालको लागि अत्यन्त सान्दर्भिक हुने छ। र साथ-साथै इन्सेकले नेपाली महिला आन्दोलनमा लागिपरेका योद्धा महिलाहरूलाई एकै ठाउँमा समेटेर महिला आन्दोलनको दिशा पक्राउने र पच्छ्याउने, पहिल्याउने जुन जमर्को गरेको छ, त्यसको मूल जरो, जड कहाँनेर अड्किएको छ ? महिला आन्दोलनको समस्या कहाँ गएर रोकिएको छ ? हामी समानता, स्वतन्त्रता खोज्दछौं, हामीलाई अन्याय भएको छ, हामी हेपिएका छौं, थिचिएका छौं भनेर भन्छौं तर समाजमा महिला मुक्ति केका लागि खोजिरहेका छौं, केका लागि समानता चाहिरहेका छौं ? के मुक्ति र समानता एउटै कुरा हो? नेपाली महिला आन्दोलन संगठित रूपबाट विकसित भएको पनि आज पाँच दशक बितिसकेको छ। र पनि यसले अहिलेसम्म ठोस दिशा लिन सकेको छैन। यसको मूल कारण र जरो के हो ? यो जड र चुरो कुरो यस महिला सम्मेलनले पहिल्याउने छ र पहिल्याउनै पर्छ। यदि त्यो जड पहिल्याउन सकिएन भने महिला आन्दोलन कुहिरोमा रूमलिएको काग जस्तै हुने छ।

सन् १९०१ वा १९०२ तिरको कुरा हो त्यो बेलामा जर्जवर्नाड शा जो अत्यन्तै प्रख्यात नाटककार हुनहुन्थ्यो र उहाँको त्यस समाजमा महिला स्वतन्त्रताको सम्बन्धमा त्यतिखेरका शासकहरूले खुबै नाटकीय पाराले कुरा उठाएका थिए। त्यसै विषयलाई लिएर उहाँले एउटा नाटक लेख्नु भयो। त्यो नाटक मात्र महिला स्वतन्त्रता र महिलाहरूको लागि भनेर। त्यो नाटकमा खेल्ने विभिन्न पात्र मध्ये एक जना पात्र अर्थात् नायकको रूपमा प्रस्तुत गरिएको पात्रले महिलाहरूमाथि अन्याय अत्याचार भएको छ भन्ने भूमिका खेल्नु भएको थियो। त्यसले

महिलामाथि हुने गरेका शोषण र महिला आन्दोलनको दिशालाई स्पष्टसँग चित्रण गरेको थियो। त्यो मंचन भैसकेपछि उहाँ अत्यन्त प्रख्यात हुनुभयो र महिलाहरूको कार्यक्रममा जहाँ पनि उहाँलाई बोलाउन थालियो। उहाँ ती कार्यक्रममा यति व्यस्त रहन थाल्नु भयो कि उहाँलाई खाना खान समेत फुर्सद भएन। साथै उहाँको श्रीमतीलाई पनि उहाँको खाना बनाउन र कपडा धुन समेत फुर्सद भएन। आराम गर्नको लागि एक छिन पनि समय थिएन। मैले भन्न खोजेको कुरा सायद स्पष्ट भै सक्यो होला, अहिले यही स्थिति हाम्रो नेपालमा छ। जो मंचमा गएर महिला समानता, मुक्ति र आन्दोलनका कुरा गरिरहन्छन् तिनै व्यक्तिहरूको घरमा महिलाहरूले दासीको जीवन बिताउन बाध्य हुनु परेको छ। घरको दिवाल र कोठा भित्र मात्र गुम्सेर, जकडिएर बस्नु परेको छ। र तिनै पुरूषहरूको चाकडी र स्याहार सुसारमा सीमित भएर बस्नु परिरहेको अवस्था नेपाली महिलाहरूले भोग्नु परिरहेको छ।

धेरै टाढा जानु पर्दैन विगतको इतिहास केलाएर हेर्नु पनि पर्दैन। यही मञ्चमा, यही कार्यक्रममा उपस्थित व्यक्तिहरूलाई हेरे पनि त्यो कुराको राम्रैसँग पुष्टि हुन्छ। हाम्रो नेपाली महिला आन्दोलनमा लाग्न यिनै व्यक्तित्वका महिलाहरूको के क्षमता थिएन ? के उहाँहरूले गर्न सक्नु हुन्नथ्यो ? तर हिजो किन यो महिला आन्दोलनले दिशा लिन सकेन, किन महिला आन्दोलनलाई निरन्तरता दिन सकिएन भन्दा कारण यही हो कि श्रीमतीहरूले अर्थात् महिलाहरूले राजनीतिमा लागेका पुरूष श्रीमानहरूलाई अगाडि बढाउने मात्र काम गर्नु भयो। आफू राजनीतिमा अगाडि आउनु भएन। अगाडि आउने चाहाना हुँदाहुँदै पनि महिला अधिकार र समानताका कुरा हाक्ने श्रीमानहरूले ती महिलाहरूलाई बाटो दिन सक्नु भएन। यही स्थिति नै नेपाली राजनीतिमा लाग्ने महिलाहरूको एउटा पाटो हो। यसैबाट सबै कुरा छर्लङ्ग हुनजान्छ। त्यसैकारणले अहिले इन्सेकले महिला अधिकारका लागि जुन पहल गरेको छ यो साँरै उल्लेख्य गर्न लायक र साह्रानीय छ। यस पहलकदमीमा राष्ट्रसँग महिला समस्याको जड के हो? महिला आन्दोलन भनेको के हो ? के कुरामा हामीले आन्दोलन गर्ने? र के को लागि गर्ने ? कहाँ छ समस्या? त्यो कुराको खोजी हामीले गर्नु पर्दछ। यो सम्मेलनले ती कुराहरूको खोजी र निर्क्योल गर्ने छ भन्ने आशा एवं विश्वास गर्दै तपाईंहरूको यो विशाल सम्मेलनको सफलताको कामना गर्दछु।

(इन्सेकद्वारा आयोजित "राष्ट्रिय महिला भेला-०५२" मा व्यक्त विचारहरू)

एक पाखे गोरुले जमिन जोत्न सक्दैन

- शान्ता मानवी
राष्ट्रिय सभा सदस्य

बेलाबस्वतमा देश भरिका महिलाहरूलाई एकै ठाउँमा भेला गरेर एक आपसमा परिचय गर्ने, एक आपसमा भएका समस्याहरूका विषयमा छलफल गर्ने, चिनापर्चि गर्ने र समस्याका आदानप्रदान र समस्या समाधान गर्ने उपाय निकाल्ने महत्वपूर्ण काम गर्ने इन्सेकलाई धन्यवाद दिन चाहन्छु।

हामी जनप्रतिनिधिहरू देशभरि छरिएर रहेका छौं, हामी जनप्रतिनिधिहरू धेरै आएका छौं भनेर खुशी भएका छौं तर अकांतिर जनप्रतिनिधिहरूको अधिकार, कर्तव्य के हो भन्ने जानकारीको स्वाँचो मैले पाएकी छु। ठाउँ ठाउँमा गएर जनप्रतिनिधिहरूलाई सोध्दास्वेरी उहाँहरूलाई गाविसका वैठकहरूमा बोलाइदैन, उहाँहरू त्यहाँ उपस्थित हुनु हुन्न। उहाँहरूलाई जानकारी हुँदैन। जनप्रतिनिधि महिलाहरूले गरेका गुनासाहरूमा हामीलाई प्रौढ शिक्षा भए हुन्थ्यो, हाम्रो गाउँमा सिलाइ कटाइ जस्ता आत्मनिर्भर हुने तालिम भए हुन्थ्यो, यो कसरी गर्न सकिन्छ भनेर जनप्रतिनिधि महिलाहरूले सोध्नु हुन्छ। पहिला गाविसमा जानुहोस्, गाविसबाटै शुरूवात गर्नुपर्‍यो, गाविसका वैठकमा गएर कुरा राख्नु पर्‍यो भन्दा उहाँहरू के भन्नुहुन्छ भने खोई वैठक कहिले हुन्छ, हामीलाई जानकारी दिदैनन्, हामीलाई किन बोलाइएन भन्दा पर्दैन तपाईहरू आउन भने भन्ने जवाफ पाइन्छ। हामीलाई वैठक बारेमा केही जानकारी हुँदैन भनेर उहाँहरू गुनासो गर्नु हुन्छ। यदि यस्तै हो अधिकार मात्रै दिइन्छ तर कर्तव्य पूरा नगराउने वातावरण बनाइन्न, उहाँहरूलाई सहयोग गरिन्न, जस्तो अधिकार दिइन्छ त्यसैगरी कर्तव्य पूरा गर्ने वातावरण र सहयोग गरिन्न भने फेरि पनि त्यस्तै कुरा आउँछ। ताकि महिलाहरूलाई अधिकार दिएर पनि पूरा गर्न सक्तैनन् किन दिने अधिकार, महिलाहरू आफै असक्षम छन्, महिलाहरू काम गर्न सक्तैनन् भनेर उनीहरूलाई हाँस्यपात्र बनाउने काम भइराखेको छ। यो राम्रैसंग अनुभूति भएको छ।

महिलाहरूमा पनि पुरूषहरूले गरिहाल्छन् नि भन्ने हीनताबोध, पुरूषहरूमा पनि काम हामीले गर्ने हो महिलाहरूलाई ल्याएर के हुन्छ भन्ने खालका गलत सोचाईहरू अहिलेसम्म व्याप्त छन्। यी पछौटे चिन्तन, गलत सोचाइहरूले महिला अघि बढ्नलाई अधिकार पाए पनि आफ्नो कर्तव्य पूरा गर्न सकिराखेका छैनन् भन्ने अनुभूति मैले गरेकी छु। मैले राष्ट्रिय सभामा गएर सांसद हुँदा पनि त्यो अनुभूति गरेको छु। जसरी राष्ट्रिय सभामा म सांसद भएर जाँदास्वेरी अधिकार त पाइयो तर कर्तव्य के के पूरा गर्ने भनेर सुरूसुरूको अवस्थामा जब त्यहाँ भएका पुराना साथीहरूलाई सोध्दा तपाई नियमावली हेर्नुहोस्, तपाई त्यहाँ बसेर हेर्दै जानुस् सिकिन्छ

भनेर भन्नुहुन्थ्यो, ताकि यसरी गर्नुस् भनेर सिकाउने प्रवृत्ति मैले भेटेकी थिइन्। गाउँस्तरमा त झन् महिलाहरूका व्यापक समस्याहरू छन्। त्यसो भएको हुनाले महिलाहरू आफैले पनि पहल गर्नु पर्छ। अधिकार दिने शक्तिले कर्तव्य पूरा गराउन पनि प्रयत्न गर्नु पर्छ। केवल अधिकार दिएर मात्र यो कर चुकाउने, झारा टार्ने कामले पुग्दैन र महिलाहरूलाई सशक्त तुल्याउने र महिला पुरूष बराबरी हुनको लागि पुरूष महिलाहरूमा त्यस्तो सोच हुनु पर्छ। दुवैले समान रूपले विकास गर्न र समान रूपले हिड्न सकिएन भने पक्कै पनि एक पास्वे गोरूले जमिन जोत्न सक्तैन भने जस्तै एक्लैले विकास गर्न सकिदैन।

हाम्रो मुलुकको आर्थिक नीति पछाडि पर्नुको कारण यो एक पास्वे, एकोहोरो हिड्ने चलनले नै हो। मुलुकलाई सक्षम, दक्ष र आत्मनिर्भर बनाउने हो भने, महिला पुरूषलाई समान ढंगले हिडाउने हो भने केवल झारा टार्ने किसिमले होइन कार्यान्वयन गराउने ढंगले जानुपर्छ भन्ने मलाई लागेको छ। देशभरका महिला साथीहरूले आ-आफ्ना ठाउँमा आफ्नो अधिकार पाएर मात्र हुँदैन कर्तव्य पूरा गर्नको लागि पनि प्रयत्न गर्नुपर्छ। सम्बन्धित ठाउँमा कुरा राख्नु पर्छ। सम्बन्धित ठाउँमा जानु पर्छ, जुध्नु पर्दा, लाग्नु पर्दा, खट्नुपर्छ र समस्याहरू संकलन गर्नुपर्दछ। पाएको अधिकार प्रयोग गर्नलाई हामी पनि सक्षम हुनु पर्छ र अधिकार दिने शक्तिले पनि महिलाहरूलाई अगाडि बढ्नु पर्छ।

(इन्सेकद्वारा आयोजित "महिला जनप्रतिनिधि भेला" मा व्यक्त विचार)

महिलाहरु धेरै जिम्मेवारी लिन सक्छन्

- शेरबहादुर देउवा
पूर्व प्रधानमन्त्री

मलाई खुसी लागेको छ कि ४० हजार महिला आज निर्वाचित प्रतिनिधि हुनुहुन्छ। गाउँ स्तरमा, ठीक छ भोलि राष्ट्रिय स्तरमा पनि होला, संसदमा पनि यो स्थिति बन्दै जाला। तपाईहरूले एउटा जिम्मेवारी पाउनु भएको छ। महिला सशक्तिकरणको विषयमा महिलाहरूलाई राजनैतिक प्रकृयामा प्रत्यक्ष र सकृय सहभागिता बढाएर र महिलाहरूलाई देशको समग्र विकासमा एउटा अत्यन्त महत्वपूर्ण सहभागितको रूपमा स्थापित गर्न सकिन्छ भन्ने मेरो धारणा छ।

समस्याहरू छन् महिलाका दोहोरो जिम्मेवारी छ। तपाईहरू जनप्रतिनिधि महिला हुनुहुन्छ, अहिले पनि तपाईहरूको घरमा लोग्ने मान्छेले खाना पकाउँदैनन्, अहिले पनि तपाईहरूको घरमा लोग्ने मान्छेले पानी ल्याउँदैनन्, भाडा माझ्दैनन्, छोरा छोरीको पनि हेरचाह गर्दैनन्, त्यसकारण तपाईहरू त्यो काम पनि छाड्न सक्नुहुन्न। घरको भात पकाउने, भाडामाझ्ने, लिपपोत गर्ने, लुगा धुने, खाना ख्वाउने, यो तपाईहरू छोड्न सक्नु हुन्न। लोग्ने मान्छेले गर्नु हुन्न भन्ने हैन। अहिले पनि तपाईहरू आफ्ना दुलाहालाई पनि तयार पार्ने अवस्थामा हुनुहुन्न सायद त्यसैले एकातिर त्यो काम पनि तपाईहरूले गर्नु परेको छ भने अर्को तर्फ चाहिं तपाईहरूको राजनैतिक जिम्मेवारी छ, स्थानीय विकासका जिम्मेवारी छन्, महिला सम्बन्धि जिम्मेवारी छन्, त्यो पनि तपाईहरूले निभाउनु पर्ने अवस्था छ। त्यसकारण तपाईहरूको काँधमा बढी जिम्मेवारी थपिएको छ। तपाईहरूले बढी सकृय हुनु पर्ने देखिएको छ। हकहितका लागि लड्ने कुरा गर्नु भयो तर समग्रमा मैले देखेको समस्या के छ भने, एउटा त साक्षरताको कमी छ, सरकारी आँकडा अनुसार २४ प्रतिशत छ तर गैह्र सरकारी आँकडामा १०,११ प्रतिशत छ। सरकारी र गैह्र सरकारी आँकडामा झगडा गर्नु छैन। सरकारी आँकडालाई मान्ने हो भने पनि २४ प्रतिशत भन्दा बढ्ता साक्षर महिला छैनन्। तर त्यो पनि के भने स्कूलमा भर्ना भयो पढेको होला भन्ने आधारमा, तर भोलि पल्टै क, ख, नसिकीकन केटीहरू स्कूलबाट जाने गर्दछन्। वास्तविक रूपमा १०-११ प्रतिशत भन्दा छैनन् भन्ने भनाइछ। त्यसकारण महिलाहरूलाई जबसम्म शिक्षित गराउन सक्दैनौं त्यसले महिलाको लागि मात्र हैन, महिलाको सशक्तिकरण, महिलाको अधिकार मात्र त्यसले दिन्न, महिलाई हामीले शिक्षित गराउन सक्यौ भनेदेखि यसले समाज र परिवारलाईनै शिक्षित बनाइ दिन्छ। पुरै देशलाई नै सुसंस्कृत र शिक्षित र अत्यन्तै सभ्य राष्ट्रको समाजको रूपमा अगाडि बढाउँछ।

अर्को समस्या घरेलु हिंसा छ। लोग्ने मान्छेले पिट्दछ। स्वास्नी मान्छेलाई अरूले पनि पिट्दछन्। त्यसैले महिलाहरू घरेलु हिंसा र मारमा परेका छन्, छोडेर कहाँ जाने, लड्न कहाँ

जाने, उसको संरक्षण छैन। जतिसुकै पिटेपनि, मारपिट गरेपनि सहनु पर्ने अवस्था छ। घरेलु हिंसा हाम्रो नेपालमा हटेको छैन, यो पनि पीडा महिलाहरूले बोकेका छन्। अर्को यौन शोषण, बेचविखन र देहव्यापार छन् यस विरूद्धमा पनि जनप्रतिनिधि महिलाहरूले अलिकति लड्ने, आवाज उठाउने गऱ्यो भने केही हुन सक्छ। अर्कोकुरा नेपालका धेरै गरीब महिलाहरू स्वास्थ्योपचार नपाएर मर्छन्, बच्चा मर्दछन्, दुबै मर्छन् अर्थात् धेरै अकाल मृत्यु भएका तथ्यांक देखापरेका छन्। त्यसकारण सुरक्षित मातृत्वको पनि समस्या छ, यसमा पनि महिलाहरूले नै, लोग्ने मानिसले पनि हेर्नु पर्ने हो, लोग्ने मान्छे पनि यहाँ शिक्षित छैनन्, त्यो समस्या छ। त्यसैले महिलाहरूले हरेक समस्या भोगेका छन्। अब सम्पत्तिको अधिकार छैन, हक पनि छैन, घरको कामकाजमा छोरी र छोरामा भेदभाव छ, त्यसमा महिलाहरूलाई दोष दिन खोजेको हैन, घरको काममा महिला र लोग्ने मान्छेमा भेदभाव छ, प्रशासनमा, रोजगारीमा पनि महिलाहरूमा भेदभाव छ। अहिले मैले बुझेभन्दा धेरै समस्या होलान्, तर माफ गर्नुस् म लोग्ने मान्छेलाई बढ्ता थाहा नहोला तै पनि मैले देखेको समस्या भनेको एउटा साक्षरताको कमी, घरेलु हिंसा यौन शोषण, सुरक्षित मातृत्वको अभाव, सम्पत्तिको अधिकार छैन, भेदभाव छ, राजनैतिक प्रकृयामा पनि भेदभाव छ, मजदूरीमा पनि भेदभाव छ। त्यसकारण यिनै समस्याहरू अहिले महिलाहरूले भोगिराखेको मैले बुझेको छु। त्यसमा अरू पनि होलान् तपाईंहरूले भन्न सक्नुहुन्छ।

अब यो ठूलो ३ दिने भेला छ, कार्यपत्र होलान्, मैले बुझेको समग्रमा यिनै समस्याहरू देशका महिलाहरूले भोगिराखेका छन्, सायद शहरी महिलाहरूले कम भोगेका होलान्, गाउँकाले बढ्ता। अब यस्ता समस्याहरू एकातिर छन् भने अर्कोतिर निर्वाचित महिलाहरूका यी समस्याहरूका सम्बन्धमा सक्ने योगदान, सहयोग आ-आफ्ना ठाउँमा गर्नु छ। जिम्मेवारीहरू महिलाहरूले लिन सक्नु पर्दछ। लिन सक्छन्। मैले निर्वाचित जन प्रतिनिधिका हिसाबले भनेको हुँ। तपाईंहरू जो निर्वाचित हुनुहुन्छ, गाउँ गाउँमा खानेपानी हामीले हेर्छौं भन्नु भएन भने फेरी उही २ घण्टा गाग्रे बोक्नु पर्छ। तपाईंहरू जनप्रतिनिधिहरू नबोक्नुहोला अरूले त बोकिरहनुपर्नेछ गाउँमा। त्यसकारण खानेपानीको संपूर्ण जिम्मेवारी महिलाहरूले लिनुपर्दछ। यसमा सबै पार्टीले सहमति बनाउनुपर्दछ। पर्यावरणको कुरा छ, फोहोर छ गाउँठाउँमा, सवाल हुन्छ, त्यसकोलागि जे जति खर्च हुन्छ कुनै गाउँमा नहोला , त्यसमा जो बजेट छ त्यो पनि महिलाहरूले संचालन गर्नु पर्छ जस्तो लाग्छ। महिलाहरूले अहिले पनि घाँस काट्ने चलन छ, त्यो तुरून्त हट्नेवाला छैन, तर घाँस पनि छैन। त्यसमा पनि महिलाहरूले सक्रियता लिनुपर्दछ। त्यसपछि स्वास्थ्यको कुरा छ स्वास्थ्यको कुरामा यदि महिलाहरूलाई स्वास्थ्य सेवा दिलाएर हुन्छ कि त्यो ल्याटिन, पाइखाना बनाउने काममा महिलाहरूलाई शिक्षित गराउनु पर्दछ। आफ्नो बालबच्चालाई हैंजा हुन्छ, त्यसकारण स्वास्थ्य शिक्षामा महिलालाईनै अगाडि सार्नु पर्छ। छोरा छोरीको स्वास्थ्य सबभन्दा बढी महत्वपूर्ण हुन्छ। घरकै खाना पकाउने पनि महिला, पानी ल्याउने पनि महिला, सबै महिला भएपछि स्वास्थ्य भयो भने पनि महत्वपूर्ण काम हुन्छ। स्वास्थ्य शिक्षा राम्ररी दिन सक्यो भने पनि धेरै कुरा हामीहरूले हटाउन सक्दछौं। प्रौढ शिक्षाको कुरा छ। बालकमा आमाबाबुले पढाएनन् स्कूलमा पठाएनन् भनेपनि अहिले पनि तपाईंहरूले

प्रौढ शिक्षा दिएर महिलाहरूलाई सहभागिता गराउन सक्नुहुन्छ। त्यसकारण मैले भन्न खोजेको के भने यी केही कुराहरू महिलाहरूलाई जिम्मेदारी दिएको खण्डमा, महिलाहरूले आफैंले पहल गरेको खण्डमा, आफैले जिम्मेवारी लिएको खण्डमा, आफैंले पनि जिम्मेवारी लिने किसिमको पहल गरेको खण्डमा महिलाहरूले बहन गर्न सक्दछन्। त्यसैले गर्दा महिलाहरूको समय पनि वचत हुन्छ। घाँस, दाउरा, पानी बोक्न पनि १-२ घण्टा लागि हाल्दछ। महिलाहरूको समय बचतको पनि धेरै ठूलो कुरा छ, समय वचत गराउने कुरामा पनि के के उपाय हुन सक्छन् ती सब कुरामा पनि लाग्यो भने देखि समय बचत हुन्छ जस्तो लाग्दछ र समय बचत गराउन सकेका खण्डमा उनीहरूलाई चाहिं १ घण्टा प्रौढ शिक्षाको व्यवस्था गरेर पनि समाजलाई छिटो चाहिं साक्षर बनाउँन सक्दछौं। महिला जो आधा जनसंख्या छ त्यसलाई चाहिं हामीले पुरूष सरह अहिले हुन्छ भन्ने मेरो भनाइ हैन, मैले हुन्छ भनौला तर हुन्छ हुँदैन म भन्न सक्तिन। तर पुरूष सरह मात्र हैन, महिलाहरूले धेरै कुराहरूको जिम्मेवारी लिन सक्दछन्। यसले गर्दा हाम्रो समाज, हाम्रो गाउँ, हाम्रो परिवार अत्यन्तै सभ्य, सुसंस्कृत र सफा बन्न सक्दछ। आम्दानीको बाटोमा पनि महिलाहरूलाई लगाउन सक्यो भने मलाई लाग्छ हाम्रो समाज, राष्ट्र अरूको तुलनामा धेरै अगाडि बढ्न सक्दछ।

(इन्सेकद्वारा आयोजित "महिला जनप्रतिनिधि भेला" मा व्यक्त विचार)

कानूनी रुपमा पनि महिलाको शोषण भएको छ

- साहना प्रधान
पूर्व मन्त्री तथा सांसद

यो राष्ट्रिय महिला भेलाको तीन दिनको दौरानमा तीनवटा कार्यपत्र यहाँ प्रस्तुत हुँदैछन्। त्यसमा नेपाली महिलाहरूको राजनीतिमा सहभागिता, कानूनी अवस्था, सामाजिक मर्यादा, आर्थिक अवस्था आदि सम्पूर्ण कुराहरू यहाँ प्रस्तुत गरिन्छ र त्यसलाई यहाँ छलफल गरिन्छ। र मैले पनि एउटा कार्यपत्र प्रस्तुत गर्ने अवसर पाएकी छु। त्यसबेला त्यो कार्यपत्रको दौरानमा म यहाँ थप अरू केही कुरा राख्ने नै छु। अहिले यहाँ म लामो कुरा गर्न चाहन्न। आज यो राष्ट्रिय महिला भेलामा महिलाहरू जुटाउने र कार्यक्रम जुराउने जुन काम इन्सेकले गरेको छ यो अत्यन्त सह्राहनीय काम भएको छ। यसको लागि म इन्सेकलाई धन्यवाद दिन चाहन्छु। हुनत यहाँ धेरै पटक विभिन्न क्षेत्रका महिलाहरू भेला हुन्छन्, भएका छन् र मैले पनि बेला बखत यहाँ भेला हुने अवसर पाएकी छु। आज विशेष गरेर यो कार्यक्रममा तीन चार जना दिदीहरू यहाँ हुनुहुन्छ, उहाँहरूले आफ्नो मनमा लागेका गुम्सेका यथार्थ कुराहरू, हामी समक्ष राख्नु भयो। त्यो नै महिलाको आजको यथार्थ स्थिति हो। चाहे हामी जहाँसुकै हौं, किसानमा हौं, मजदुरमा हौं, मध्यम वर्गीय महिलामा हौं, पूँजीपति केही महिला हौं, जहाँसुकै र जुनसुकै ठाउँमा रहे पनि हामी महिलाहरू हेपिएका छौं, थिचिएका छौं र कानूनी रूपमा पनि महिलाहरूमाथि शोषण र अन्याय भएको छ।

आज राजनैतिक क्षेत्रमा महिला माथिको स्पष्ट अवधारणा नहुँदा यो प्रजातन्त्र अहिले आधा पाकेको काँचो रोटी जस्तै खान नहुने भएको छ। प्रजातन्त्र सन्तुलित नहुँदा आज आधा धर्ती ढाकेर बसेका महिलाहरूको विकास कसरी गर्ने भनेर निश्चित अवधारणा बनिसकेको छैन। महिला आन्दोलनको शुरूवात वा थालनी भएको पनि हुनत आज पाँच दशक भै सकेको छ। तर पनि यसको शुरूवात, यसको रूप, आकार, र आन्दोलनले एउटा दिशा समाउन र पहिल्याउन सकिरहेको छैन। विभिन्न आस्था र भावनामा हामी बाँधिएका छौं। तर पनि आजको यो विशेष कार्यक्रममा सबै महिलाहरूको सहभागिता रहेको छ। जानी नजानी हामीले २००७ सालको आन्दोलनमा भाग लियौं र आज पनि नेपालमा अनेकौं महिलाहरूले राजनीतिमा भाग लिएका छन्। आज ती राजनीतिमा भाग लिने महिलाहरूको अवस्था कस्तो छ त ? हेर्नुहोस् नेपालमा मात्र हैन सारा संसारमा नै अथवा जुग-जुगको समयका बारेमा हामी कुरा गरौं, महिलाहरूको अवस्थामा कुनै फरक आएको छैन। सत्य युगको, द्वापर युगको अनि अहिलेको कलि युगको कुरा गरौं महिलाहरूको अवस्थामा, केही फरक आएको छैन।

नेपाल अधिराज्यको संविधान २०४७ मा महिलाहरूको सम्बन्धमा प्रशस्त अधिकार र समानताका कुराहरू उल्लेख गरिएका छन्। अझ भनौं कतिपय ठाउँमा महिलाहरूलाई बढी नै प्राथमिकता दिएको पाइन्छ, विशेष प्रावधानको कुराहरू उठाइएका छन्। तर त्यस अनुसार व्यवहारमा उतारिएको छैन। त्यस अनुरूप सम्मान गरिएको छैन। असमानता र होच्याएका कुरालाई हेर्नको लागि हाम्रा केटाकेटीले पढ्ने पुस्तकहरूलाई हेरौं, त्यहाँ लेखिएको छ This is My father (यो मेरो बुबा हो) उहाँ अफिस जानु हुन्छ। This is my mother (यो मेरो आमा हो) उहाँ भात पकाउनु हुन्छ। यस्ता किसिमका भेदभाव र भावना आज हाम्रो समाजका कलिला केटाकेटीको दिमागमा घुसाइएको छ। हाम्रो समाजमा सामन्ती चिन्तन र भावना व्याप्त छ। र यिनीहरूलाई हेप्ने पर्छ, किच्ने पर्छ भन्ने सोच र धारणा अझै छँदै छ। हाम्रो समाजमा महिलाहरू सानो छँदा बाबुको अधिनमा, वयस्क भएर विवाहपछि पतिको अधिनमा र पछि पति नहुँदा छोराको अधिनमा, त्यसमा पनि हामी, करूणामयी माता, र ममतामयी माताको रूपमा बस्नु पर्दछ। स्वास्नी मानिसलाई स्वतन्त्र कहिल्यै पनि छोड्नु हुँदैन भन्ने त्यो धारणा अझै पनि हाम्रो समाजमा रहेको छ। यही धारणा हाम्रा राजनैतिक पार्टीहरूमा, हाम्रा समाजका अन्य क्षेत्रहरूमा पनि परेको हामी पाउँछौं।

त्यसकारण म अहिले यी सम्पूर्ण कुराहरूमा विस्तृत रूपमा जान चाहन्न। म तपाईंहरूलाई यो अवसरमा यति मात्र भन्न चाहन्छु कि यस्तो घेरा तोडेर आज हामीले हाम्रो अधिकारको लागि सँगसँगै बसेर छलफल गर्ने सुवर्ण अवसर पाएका छौं। यो तीन दिनको छलफलबाट हामी एउटा निर्क्योलमा पुग्नु पर्ने, र महिला आन्दोलनको सही दिशा कुन हो ? के हो ? र हाम्रो नेपालमा हामी नेपाली महिलाहरूले के को लागि लड्नु पर्दछ भन्ने एउटा किटानको साथ एकजुट भएर अगाडि बढ्ने जमर्को ठोस रूपमा हामीबाट होस्। आफूलाई आफैले नियालेर हेरौं र हामीले आइया भन्न सक्नु पर्‍यो। तर यो पीडालाई हामीहरूले आइया भन्न सकिरहेका छैनौं। यो पीडालाई हामीहरूले ठीकै छ भनेर स्वीकार गरेर बस्ने बेला छैन। त्यसकारण यसको विरूद्धमा एक्ला-एक्लै होइन, सबै अवस्थाका, सबै समूहका हामी महिलाहरू यो पीडाबाट, यो समस्याबाट मुक्त हुन सबै मिलेर सँगसँगै अगाडि बढ्नु परेको छ।

(इन्सेकद्वारा आयोजित "राष्ट्रिय महिला भेला-०५२" व्यक्त विचारहरू)

सेवा गर्नेको प्रशंसा गर्नुपर्छ

- सिद्धिगोपाल वैद्य
समाजसेवी

आज यो दयावीर सिंजीको स्मृति दिवसमा केही कुरा बोल्न पाउँदा मलाई भित्रदेखि नै धेरै हर्ष लागिरहेको छ। दयावीरसिंसग मैले केही काम गरेको थिएँ। बुङ्गमतिमा हैजा फैलियो, हाम्रो संस्था र उहाँको परोपकार संस्था मिलेर हामीले काम गरेका थियौं। सुनाकोठीमा पनि त्यस्तै हैजा फैलिएको थियो, त्यो धेरै पुरानो कुरा हो। अहिलेको होइन, त्यसैबेलामा पनि म उहाँसंग मिलेर काम गर्थें तर उहाँचाहिं धेरै अगाडि बढ्नुभयो। किनभने उहाँमा धेरै लगनशीलता थियो। उहाँका कार्यकर्ताहरू राम्रा थिए, त्यसैले उहाँ अगाडि बढ्न सक्नुभयो। हुनत हामीले पनि काम नगरेको होइन। पाटन क्षेत्रमा धेरै काम गरेका थियौं। त्यसको लागि हाम्रो रूद्रलालजी र अरू धेरै साथीहरूले मलाई सहयोग पनि दिनु भएको थियो। उहाँहरूको सहयोगले म अगाडि बढेको थिएँ, ठाउँ-ठाउँमा स्कूल खोल्दै थिएँ। आशाराम, रूद्रलाल अरू-अरू साथीहरूले हामीलाई सहयोग दिएका थिए। साँच्चै भनौं भने उसबेला यस्तोमा प्रेरणा हामीले पाएको त दयावीरजीकै कामले हो। उहाँ अगाडि बढेको देखेर नै त्यहींबाट हामीले अनुकरण गरेका थियौं।

अहिलेसम्म हाम्रो परोपकार संस्था जिउँदै छ, जीवित छन। त्यस्तै हाम्रो गान्धीस्मारक निधि पनि जिउँदै छ भन्नु पर्‍यो। त्यसमा पनि मैले काम गरेको थिएँ। तर यस्ता संस्थालाई स्थानीय रूपमा टिकाउनका निम्ति असल कार्यकर्ताको अन्त्यन्त आवश्यकता पर्दछ। विना कार्यकर्ताले यस्ता संस्था स्थायी हुन अत्यन्त गाह्रो छ। त्यसैले उहाँले धेरै राम्रा-राम्रा कार्यकर्ताहरू प्राप्त गर्नुभयो। उहाँ अत्यन्त कर्मठ हुनु भएकोले पाटन, भक्तपुर, साँखु आदि लगायत तराई क्षेत्रमा पनि संस्था खोल्नु भएको थियो। ती सबै ठाउँहरू मैले सम्झन सकिन। किनभने म अहिले ९४ वर्षको भएँ, बिर्सने मेरो स्वभावै हो। तर के भने दयावीर सिं जीको काम चाहिं अर्को मैले बिर्सेको छैन। सेवाको क्षेत्रमा काम गर्दा अत्यन्त आनन्द आउँदो रहेछ। उहाँ गएपछि गाउँमा सबै खुशी हुने गर्दथे। औषधी लिएर हामी झाडावान्ता भएको बेलामा विभिन्न ठाउँमा जान्थ्यौं। यति खुशी हुन्थे जनताहरू हामीलाई साक्षात ईश्वर सम्झन्थे। त्यसैले हामीलाई काम गर्न प्रोत्साहन मिल्दथ्यो।

उहाँ अहिले विरामी भएर यहाँ आउन सक्नु भएन। उहाँ ८७ वर्षको हुनु भयो। म अहिले ९४ वर्षको भएँ। मलाई भगवानले रक्षा गरेको छ। म संग कुनै रोग छैन। हुन त म वैद्य हुँ, आयुरवेद चिकित्सा अहिले पनि गर्छु। दिनमा १०-२० जना अहिले पनि मेरो घरमा आउनु हुन्छ, तर बाहिर जान भने मैले छाडें। म बाहिर जान सक्तिन र छोराहरूले पनि जान दिदैनन्। दयावीर सिं जीले परोपकार संस्थाबाट काम गरेर अरू धेरैलाई सेवा क्षेत्रमा अगाडि बढाउनको

लागि प्रेरणा दिनु भएको थियो। त्यसैले उहाँलाई हामीले सधैं सच्चा हृदयबाट नमस्कार पनि गर्नुपर्छ। सेवाक्षेत्रमा सेवा गर्ने जसको वानी छ त्यसको सधैं सहाना र प्रशंसा गर्नुपर्छ। त्यसो भएमा अरू सेवा गर्ने इच्छा भएका व्यक्तिलाई प्रेरणा मिल्दछ। सेवा कुनै प्रशंसा लिन हैन, केही पाउन पनि हैन खाली सेवा गर्न तल्लीन भएर अगाडि बढ्न तत्पर हुनु पर्दछ। त्यसो हुन सकेमात्र सेवा हुन सक्दछ। आशा गरेमा त्रुटी हुन सक्छ। कंसाकारजीले स्थापना गरेको संस्था चलिरहेको छ, सेवा पनि गरिरहेको छ। मित्र हृदयमा सेवा गरौं भन्ने भावना राख्यो भने त्यो भावना पूर्ति हुँदो रहेछ। त्यसैले कंसाकार जी विरामी भए तापनि यतिका जना भद्र भलाद्मी र महिलाहरू यहाँ पाल्नु भएर प्रकाश काफ्लेज्यूको संस्था इन्सेकबाट उहाँलाई सम्मान गरेकोमा र यहाँ सहभागी हुन आउनु भएकोमा सबैलाई धन्यवाद दिन्छु।

(०५५ साउन १६ गते प्रकाश स्मृति पुरस्कार वितरण एवं प्रकाश स्मृति दिवसमा व्यक्त मन्तव्य)

हामी पनि तपाईहरुसंगै यो अभियानमा रहने छौं

- सुशील कोइराला
तत्कालीन महामन्त्री, नेपाली कांग्रेस

दास प्रथाको रूपमा रहेको यो कमैया प्रथाको विशेष गरी मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलमा प्रभाव र असर रहेको पाइन्छ। यो कमैया यहाँ पश्चिममा करीब ६०-७० वर्षदेखि प्रचलनमा,रहँदै आएको छ। त्यो समयभन्दा अगाडि बाँके, बर्दियामा जंगल नै जंगल थियो, त्यतिखेर सम्झौता गरिकन यो प्रथा आएको हो भन्ने कुरामा मलाई पूर्णतः थाहा छैन। यस सम्बन्धमा अन्य व्यक्तिहरू नै जानकार हुनुहुन्छ। उहाँहरूले नै बताउनु होला। त्यसबेला देखिनै मलाई लाग्छ यो कमैया प्रथा चलेको हो। मलाई लाग्छ, एउटा सम्झौता र समझदारी अन्तर्गत यो व्यवस्था गरिएको थियो। स्वासगरी कृषि मजदुरहरू भारतबाट ल्याई जंगल फडानी गरी यहाँ बसोबास गर्न र जमिन बनाउनको लागि विशेष गरेर दाङ जिल्लाबाट पनि कृषि मजदुरहरू ल्याइयो। पछि पहाडबाट अन्य साथीहरू यस क्षेत्रमा आउनु भयो। त्यस बीचमा नै यो कमैया प्रथा सम्झौता अनुरूप अगाडि बढेको हो। अहिले कल्पना गरौं ६०-७० वर्ष अगाडि र आज धेरै परिवर्तनहरू आइसकेका छन्। अहिले पनि त्यो प्रथाको तुष बाँकी नै छ । यो कुरा अन्य साथीहरूले पनि बताइसक्नु भएको छ।

अब यो प्रजातन्त्रको युगमा हिजो जो सामन्तहरू भनेर गनिन्थे, ठुलाठूला जमिन्दारहरू जो पचिसौं हजार विघा जमिनका मालिक थिए। आज तिनीहरूको त्यो अवस्था छैन। हिजो र आजको अवस्थामा धेरै अन्तर आइसकेको छ। तर पनि ती सामन्तहरूको अवशेष रहिरहेको कुरा साथीहरूले बताउनु भयो। यहाँ पूर्ववक्ता साथीहरूले धेरै घतलाग्दा कुराहरू भनिसक्नु भयो। स्वासगरी २००७ सालको प्रजातन्त्र प्राप्तिपछि र त्यो क्रान्तिपछि जुन चेतना जनतामा आएको थियो त्यो बीचमा २०१७ सालमा रोकिन पुग्यो, अबरूद्ध हुन पुग्यो र यस्ता प्रथाका तुषहरू रहिनै रहे। आज धेरै वर्षपछि यो गुमेको प्रजातन्त्र हामीले प्राप्त गरेर जुन अवसर पाएका छौं त्यसैले नै आज यस रूपमा हामीलाई बोल्न दिएको हो। आज पनि प्रजातन्त्र मैले निकै कमजोर रूपमा रहेको देखिरहेको छु। किनभने प्रजातन्त्रका मूल्य, मान्यता र आदर्श अनुसार यो प्रजातन्त्रलाई हामीले अगाडि लिएर जान सकिरहेका छैनौं। हामी आफैमा ती कमजोरीहरू रहिरहेका छन्। पार्टीहरू बीच व्यापक अभ्यास भैरास्वेका छन्। तपाईहरूलाई थाहा नै छ नेपाली कांग्रेस भित्रै पनि ठूला दुर्घटनाहरू घटेका छन्। त्यस्तै नेकपा (एमाले) को सरकार बन्यो, त्यसको विघटन पनि मैले दुर्घटना नै ठानेको छु। यस्तै अहिले संयुक्त सरकारको प्रयोग भैरास्वेको छ, त्यसबाट पनि यो प्रजातान्त्रिक अभ्यास हामीले सिक्नु परेको छ र हामी सिक्दै गइरहेका छौं। हाम्रा आफ्ना पीर मर्का, समस्या र अन्य कुराहरू जस्तो कि कमैया, दासता र

पराधीनताको अन्त्य गर्ने कामहरू पनि हामीसंग छन्। त्यसमा पुरानै दासता छ नै भन्ने त मलाई लाग्दैन, अघिनै मैले भनिसकें त्यसको अवशेष निश्चय पनि केही बाँकी छ। त्यस्ता व्यक्तिहरू अहिले पनि छन्। हामीहरू मध्येका पनि कतिपयले यस मुद्दालाई बढी उठाएर व्यक्तिगत लाभ लिन खोज्नेहरू पनि यहाँ छन्। कतिपय ठूला जिमिन्दार र सामन्तहरूले अब युग बदलियो भनेर कमैयाहरूलाई छोडिदिएका छन्। तर पनि म यो आयोजक संस्था इन्सेक परिवारलाई विश्वास दिलाउन चाहन्छु कि नेपाली कांग्रेसले कुनै पनि किसिमको अन्याय, अत्याचार, शोषण, भ्रष्टाचार र दमनलाई सहने छैन र तपाईहरूका प्रत्येक समस्याहरूमा हामी पनि साथै रहने छौं।

यो प्रजातन्त्रलाई तपाई हामी सबै मिलेर सवल र सुदृढ बनाउनु पर्‍यो। यसलाई संस्थागत रूपमा अगाडि बढाएर हामीले लिएर जानु पर्‍यो। हिजोको जस्तो विग्रहको बाटो तर्फ हामी नजाऊ। तोडफोड र हिंसाको राजनीतिबाट हामी सबैले अलग हुनु परेको छ। प्रजातन्त्रमा, सरकारमा रहेकाहरूले पनि र नरहेकाहरूले पनि आफ्ना कुराहरू, धारणाहरू सरकारले नसुनेमा घेराउ गरी, प्रदर्शन गरेर विरोध गर्न सक्दछौं। त्यो विरोध र असहमतिलाई असहिंसात्मक र रक्षात्मक बाटोबाट अगाडि बढाउन सक्दछौं। यही विचार र यही धारणालाई सोचेर प्राप्त प्रजातन्त्रलाई हामी सबैले सुदृढ गरौं। अन्तमा म यो कमैया मुक्ति सम्मेलनको सफलताको कामना गर्दै नेपाली कांग्रेसको तर्फबाट म तपाईहरूलाई पुनः विश्वास दिलाउन चाहन्छु कि हामीहरू पनि तपाईहरूसंगै यो अभियानमा रहने छौं।

(इन्सेकद्वारा ०५२ माघ १० गते आयोजित "कमैया मुक्ति अभियान राष्ट्रिय सम्मेलन" मा व्यक्त विचारहरू)

आफ्नो अनुकूल संविधानको व्याख्या हुँदा दुर्घटना हुन्छ

- सुरेन्द्र चौधरी
पूर्व मन्त्री तथा सांसद, नेपाली कांग्रेस

यसपालि हामीले महसूस गऱ्यौं- राप्रपाका साथीहरू वेद, विद्या र बुद्धिमा निपूर्ण हुनुहुँदो रहेछ। उहाँहरू आज वादी र प्रतिवादी दुवैको वकिल बन्नुभएको छ। अहिलेको गम्भीरतम परिस्थितिमा नेपाली कांग्रेस र एमालेका साथीहरूले बहुत गम्भीरताकासाथ जाँच गर्नुपर्ने भएको छ। अब रह्यो सत्य के हो भन्ने कुरा अर्थात् सत्यताको दावीका बारेमा- श्रृंखलाबद्ध घटनाक्रमहरू छन्, त्यसका बारेमा प्रत्येक साथीहरूले वर्गीय सत्यताको दावी गर्नु भएको छ। अहिले म यस्तै अनुभव गरिरहेको छु। यो व्यक्तिगत सत्य हुन सक्छ, व्यक्तिगत सत्यताका दावी हुन सक्छन्। तर व्यक्तिगत सत्य र वर्गीय सत्य पूर्ण सत्य होइनन्, आंशिक सत्य हुन्। तसर्थ अन्तिम सत्य कहीं अर्कै छ कि जस्तो मलाई महसूस हुन्छ। यसरी वर्गीय सत्य वा व्यक्तिगत सत्यका आधारमा हामी अन्तिम सत्यको खोजी गर्न सक्तैनौं।

एउटा कथा छ- एक जना व्यक्ति आफ्ना मित्रको परिचय दिंदै थिए- यिनी मेरा अत्यन्त नजिकका साथी हुन्, जुवा तास खेल्दैनन्, जाँड रक्सी सेवन गर्दैनन्, चुरोट खाँदैनन्, सुपारी समेत लिदैनन्। फिल्म हेर्दैनन्। वास्तवमै सद्गुण सम्पन्न छन्। तर यिनमा एउटा चाहिं खोट छ- त्यो हो अलिकति ढाँट्छन्। मलाई लाग्छ यहाँ सबै गुणलाई एउटै दुर्गुणले छोपिदिएको छ। ढाँट्ने संस्कार प्रजातन्त्रको सबैभन्दा ठूलो शत्रु हो। संसदीय व्यवस्थाका बारेमा सबैभन्दा बढी मैले नै बुझेको छु, हामीले नै बुझेका छौं- यस्तो दावी हामी गर्दैनौं। संसदीय व्यवस्थाका बारेमा एमालेका साथीहरूले बुझ्नु भएको छ, अरू साथीहरूले पनि बुझ्नु भएको छ। यहाँ मैलेभन्दा धेरै बुझेका साथीहरू हुनुहुन्छ। तर जनताको माझबाट एउटा आवाज आइरहेको छ। संसदीय व्यवस्थाका बारेमा यथोचित र मनग्गे ज्ञान हुँदाहुँदै पनि नेताहरूबाट विवेकको प्रयोग हुन सकेन। त्यसकारण संसदीय व्यवस्थाका बारेमा ज्ञान हुनु एउटा कुरा हो, मनग्गे ज्ञान हुनसक्छ। तर विवेकको प्रयोग हुन सकेको छ कि छैन? त्यो महत्वपूर्ण कुरा हो। यस बारेमा बहुतै गम्भीरताकासाथ चिन्तन गर्ने बेला आएको छ।

ऐतिहासिक धरातलका आधारमा हेर्ने हो भने इतिहास आफैमा एउटा दस्तावेज हो। तर यो दस्तावेज मात्र हैन, विज्ञान पनि हो। त्यो विज्ञानका आधारमा त्यो मूल्य र मान्यताको आधारमा भन्ने हो भने म अत्यन्त सन्तुष्ट छु- आजको स्थितिप्रति। आज सम्पूर्ण दक्षिण एशियाकै कुरा गर्ने हो भने पनि ती राष्ट्रहरूको तुलनामा प्रजातान्त्रिक अभ्यासमा हामी अगाडि छौं। बेलायतको

सात सय वर्षको संसदीय इतिहास, अमेरिकाको झण्डै तीन सय वर्षको इतिहास, भारतको पचास वर्षको इतिहास र हामीकहाँको जम्मा छ वर्षको इतिहास। त्यसकारण पनि हामीले यसमा कुनै दुःखेसो मनाउनु पर्ने कारण छैन। यो छ वर्षको इतिहासमा जुन किसिमबाट सत्ता हस्तान्तरण भएका छन्- कांग्रेसबाट एमालेलाई, एमालेबाट कांग्रेसलाई र संयुक्त सरकारलाई त्यसमा कुनै जटिलता आएन। संविधानका प्रत्येक धाराहरू लोप भएनन्, बरू एउटा बहुतै सुचारू र व्यवस्थित ढंगबाट तिनीहरूको व्याख्या भएको छ। यीं सारा कुराहरूलाई हेर्दा म अझै पनि दावीका साथ भन्न सक्छु- प्रजातान्त्रिक अभ्यासमा हामी सकारात्मक मोडबाट अघि बढिरहेका छौं। हामी प्रजातान्त्रिक व्यवस्था संचालन गर्न सक्षम भएका छौं र हामीमा अनुभव बढेर गएको छ।

हिजो अविश्वास प्रस्तावको क्रममा जुन कुरा भयो र जस्तो देखियो, त्यसमा चिन्ता हुनु, चिन्तन हुनु स्वाभाविक कुरा हो। त्यसरी मध्यरातमा एकैपल्ट त्यस्तो हुनु बहुत खतरनाक कुरा हो, गम्भीर कुरा हो। तर अरू राष्ट्रमा पनि बन्दूक चलाइएका छन्, सैनिक बलको प्रयोग गरिएको छ। पार्टी राजनीतिमा यी स्वाभाविक कुरा हुन्। यही कुरामा यति बिघ्न विचलित भएर, मोहभंग भएर र कमी महसूस गरेर यहाँका राजनीतिज्ञहरू राजनीतिबाट टाढा जानु पर्ने परिस्थिति म देखिरहेको छैन। अर्को कुरा संविधानमा जुन चापहरू देख्नापरे ती त जसले जसरी देखे, त्यसरी नै व्याख्या गरे। तर मलाई लाग्छ, हामीले समष्टिमा हेर्नु पर्छ। एउटा हात्तीका बारेमा सोच्नुस्, जसले जसरी हेर्छ, त्यसलाई त्यसरी नै पाउँछ। एउटा पक्षबाट हेरियो भने हात्ती खम्बा, लौरो र नाङ्लो जस्तो मात्र देखिन्छ। तर जब हामी हात्तीलाई सम्पूर्ण पक्षबाट अर्थात् उसको शरीरलाई हेर्दछौं तब हामी बुझ्न सक्छौं- हात्ती त्यस आकारमा छ।

यहाँ आ-आफ्नै ढंगबाट खेलहरू भए, खेलहरू खेलिए। संविधान त एउटा बाटोलाई निर्देशन दिने पुस्तक मात्र हो। सम्पूर्ण मानवीय गतिविधिलाई त्यो दुई-चार सय पेजको संविधानले बहन गर्न त सक्दैन। कमसेकम हामीकहाँ संविधान त छ। संविधान नै नभएको मुलुक पनि चलिरहेको छ। संविधान नै नभएको मुलुकमा पनि सात सय वर्षदेखि बहुत राम्रैसंग प्रजातन्त्र चलेको छ।

हामी के भन्छौं भने अपराध कुनै व्यक्ति, बाहिरबाट-भित्रबाट भन्दा पनि मानसिक स्थितिमा निर्भर हुन्छ। हिंसा गर्नको लागि हतियार नै चाहिदैन। गान्धीजी भन्नुहुन्छ- हिंसा भनेको दिमागको उपज हो। हिंसा भनेको बम होइन, बन्दूक होइन। हिंसा भनेको त यही कलमबाट पनि गर्न सकिन्छ। कलमबाट मान्छे मार्ने काम हुन सक्छ, कसैको आँखा खोस्न सकिन्छ। तसर्थ मलाई लाग्छ - कमसेकम हामीले एउटा सहमतिमा पुगेर राजनीतिमा अपराधीकरणको परिभाषालाई खोज्नुपर्छ।

गलत सूचना दिनु पनि अपराधीकरण हो। अखवारमा होस् वा आफ्नो पार्टीको मुखपत्रमा- गलत किसिमको सूचना प्रवाह गर्नु, गलत सूचना दिनु, आफ्नोतर्फबाट लिस्नोमा चढेर कसैलाई लल्कार्नु, चुनौती दिनु यी सबै अपराधका नमूना हुन्। साथै सही सूचना र तथ्यहरू जनतालाई दिन नसक्नु पनि अपराधीकरण हो। बाहिरबाट मान्छे आए होलान्, कसैले केही भने होलान् त्यो कुनै ठूलो कुरा होइन। अविश्वासको प्रस्ताव संसदमा आएपछि मकहाँ पनि त्यस्ता

धम्कीका टेलिफोनहरू आएका थिए। त्यो कुनै ठूलो कुरा होइन। संसदीय व्यवस्थामा यस्तो भइरास्वेको छ। यी साना कुराहरू हुन्, क्षणभंगुर हुन्- यिनको कुनै अर्थ छैन। तर खेल हुँदा रेफीको अहम् भूमिका हुन्छ- त्यो भूमिका कस्तो रह्यो त ? त्यो अहम् र महत्वको विषय हो।

शक्ति संघर्षहरू भए। यस्तो गर्ने मानसिकता गराउनु पनि मलाई लाग्छ- अपराधीकरण हो। संसदीय अनुशासन नमान्नेले या त त्यो अभ्यासमा संसदलाई लैजानु पर्‍यो, जस्तो अमेरिकी परिपाटीमा छ। आफ्नो सरकारलाई समर्थन नगराउनु बाहेक अनुशासन उल्लंघन गर्न पाइन्छ। विनोद शाहजी एमालेमा जानु भयो ठीक, रोकायाजी यातातिर आउनु भयो बेठीक। कोही व्यक्ति विशेष आयो ठीक, आएन बेठीक। यो त भएन नि! योभन्दा पहिलेको अविश्वास प्रस्तावको बेलामा लोकेन्द्रबहादुर चन्द नै अनुपस्थिति रहनु भयो, भोट दिनु भएन। यसरी आफू अनुपस्थित रहँदा ठीक, अरू अनुपस्थित रहँदा बेठीक? स्वयं पूर्व प्रधानमन्त्री मनमोहन अधिकारीको विरूद्धमा अविश्वास प्रस्ताव आउँदा वामदेव गौतम लगायतका साथीहरू अनुपस्थित हुनुभयो। के अरू साथीहरू अनुपस्थित हुनुहुँदैन? यो अन्तर्राष्ट्रिय नियम हो- भोट दिन्छु भन्न पनि पाइन्छ र भोट दिन्न भन्न पनि पाइन्छ। यो त उसको अधिकारको कुरा हो। जस्तो रोकायाजीको बारेमा यहाँ प्रश्न उठ्यो। उहाँ उपस्थित हुन चाहनु भएन, अनुपस्थित हुनुभयो, यो उहाँको अधिकारको कुरा हो। तर जहाँसम्म उहाँलाई अपहरण गरियो भन्ने कुरा छ- यदि कुनै सांसदलाई अमानवीय, क्रूर र गैरराजनैतिक ढंगबाट कतैतिर अपहरित गरिएको छ भने; त्यो कदापि माफ गर्न सकिन्न। तर कुनै सांसद आफ्नो ईच्छा बमोजिम अनुपस्थित रहेको छ भने त्यसको बारेमा के सजाय हुनुपर्छ सबै साथीहरूको सहमतिमा त्यो कुरा सोच्न सकिन्छ।

संसदीय व्यवस्था आइसकेपछि हामीले कहाँ गल्ती गर्‍यौं वा बिरायौं खोजीको विषय भएको छ। अन्तरपार्टी संस्कृतिको विकास गर्न यस अवधिमा हामी पछाडि पर्‍यौं। एकले अर्को पार्टीको चियापान कार्यक्रम समेत परित्याग गर्‍यौं, भेट्नै नहुने, वार्तालाप गर्नै नहुने जस्तो गैरराजनीतिक संस्कारको विकास भयो। यसरी अन्तरपार्टी संस्कृतिको विकासमा कमी आएका कारणले पनि धेरै राजनीतिक संकटहरू चुनौतीका रूपमा हाम्रो सामु तेर्सिएका छन्। किन सांसदहरू होटलमा राख्विए भन्ने कुरालाई त्यति महत्व दिनु पर्ने जरूरी छैन। होटलमा कोही बसे, त्यसले कुनै नयाँ संकट पनि सिर्जेको छैन। होटलहरूमा बस्ने काम त यूरोपमा पनि हुन्छ। मन मिल्ने साथीहरू होटलमा बस्छन्, छलफल गर्छन्, नयाँ-नयाँ क्रियाकलापमा संलग्न रहन्छन्। यस्तो अमेरिकामा बराबर भइरहन्छ।

आज हामीकहाँ हुकिरहेको राजनीतिक संस्कारमा ढाँट्ने र छलछाम गर्ने प्रवृत्तिले प्रश्रय पाइरहेको छ। एकातर्फ रोकायाजी भन्नुहुन्छ- "पार्टीको निर्णयमा बिगतकालदेखि नै मैले ध्यान दिंदै आएको थिएँ। बिगतको अविश्वास प्रस्तावमा जस्तै अहिले पनि हामीले मतदानमा भाग लिनु हुँदैन भन्ने मेरो स्पष्ट मत थियो, पार्टी पनि त्यही लाइनमा गइरहेको थियो, हाम्रो पार्टीको नेताले त्यही मान्यता बमोजिम निर्देशन दिन सक्नु भएन- त्यसकारण मतदानको समयमा म अनुपस्थित रहें।" यदि रोकायाजीले- कुनै गैरराजनीतिक माध्यमबाट मलाई अपहरित गरियो

भन्नु भयो भने मलाई लाग्छ कुनै पनि शर्तमा यो सरकारलाई छोड्नु हुँदैन। त्यस्तै मिर्जा दिलशाद बेगका बारेमा पनि कुरा उठेको छ। उहाँले स्वयं वक्तव्य जारी गरेर भन्नुभएको छ- "मेरा नेताहरू अवसरवादी भए, व्यक्तिगत सुविधाका लागि मात्र व्याख्याहरू गर्न थाले। मलाई राप्रपाको फुटसंग कुनै लेनदेन छैन। त्यसकारण म यो मतदानमा अनुपस्थित भएँ।" यदि दिलशाद बेगले मलाई प्रधानमन्त्री र सरकारले अपहरण गऱ्यो भन्नुहुन्छ भने यो सरकारलाई अपराधीको संज्ञा दिनु पर्छ। अविश्वास प्रस्तावका सन्दर्भमा घटेका घटनाहरूको सम्बन्धमा त हामी स्पष्ट छौं।

अहिले पनि नयाँ चिन्तन र नयाँ बाटोमा अगाडि बढ्ने कुरामा हामीबीच सहमति हुन सक्छ। कांग्रेसलाई एमालेसंग राजनीति गर्नुपर्छ, एमालेलाई कांग्रेससंग राजनीति गर्नुपर्छ भने दुवै पार्टीले राप्रपासंग राजनीति गर्नुपर्छ। हामीले एक अर्कासित प्रतिष्पर्धा गर्ने जुन राजनीतिक संस्कार छ, त्यसलाई हटाउन सक्नुपर्छ। हामीले अब साझा दायित्वको निम्ति लड्न सक्ने स्थितिको विकास गर्न सक्नु पर्छ। आजको आवश्यकता नै यही हो। जस्तो कि बेलायतमा मार्गरेट थ्याचरले आफ्नो बहुमत हुँदाहुँदै पनि राजीनामा दिनुभयो। तर जोन मेजरको पालामा जब नेतृत्वको चुनौती खडा भयो, तब उहाँले निर्वाचनमा जोड दिनुभयो। बहुमत आयो र सरकार चलाउनु भयो।

एउटा तर्कले अर्को तर्कलाई काट्न सक्छ, एउटा तर्कले अर्को तर्कलाई अप्रतिष्ठित गर्न सक्छ। त्यसकारण कुनै पनि मुनिले भनेका कुरा सत्य होइनन्। धर्म नै सत्य हो। अविद्यालाई हामीले गाली गरे पनि विद्या र अविद्या दुवै वेदका हाँगा हुन्। किनभने अविद्या पनि सिक्नु पर्छ। अविद्या नसिकेको मान्छेले डाँकाबाट छुटकारा पाउँदैन। तसर्थ अविद्या पनि अपरिहार्य छ। यो सरकारलाई कसैले जम्बो मन्त्रिमण्डल भयो भने, कसैले जन्तिमण्डल। त्यसपछि हाम्रो प्रकाशचन्द्र लोहनीजीले एउटा वक्तव्य जारी गर्नुभयो- "के गर्ने त, एमालेका साथीहरूले सबै सांसदलाई मन्त्री बनाउन प्रोत्साहन दिन थालेपछि हामी पनि बाध्य भएर यति ठूलो मन्त्रिमण्डल बनाएका हौं।" यहाँनिर मलाई लाग्छ- कसले के गऱ्यो भन्दा पनि त्यो गर्न कसले प्रोत्साहन गऱ्यो- त्यो दोषी हो। सत्ता संघर्ष गर्न खोज्ने र खेलाउन खोज्ने मानसिकता पनि अपराधी मानसिकता हो। जब आफ्नो सुविधा अनुसारको संविधानको व्याख्या हुन थाल्छ, त्यसबेला दुर्घटना हुन्छ। अहिले त्यस्तै भयो। संविधानमा देखापरेको संकट चरित्रको संकट हो। पंचायती व्यवस्थामा एक से एक स्वर्राट व्यक्तिहरू हुनुहुन्थ्यो, धेरै विद्वतवर्ग दरवारमा हुनुहुन्थ्यो तर पंचायती व्यवस्था फेरियो, किन त? चरित्रको अभावमा। त्यहाँ कुनै जनताप्रति जिम्मेवारी थिएन, उत्तरदायित्व थिएन, प्रजातन्त्र भनेको जनताप्रतिको उत्तरदायित्व हो भन्ने कुरा पंचायती व्यवस्थामा छँदै थिएन। त्यसकारण पनि चरित्र र आचरणका बारेमा हामी सजग र सतर्क हुनैपर्दछ। यो हामी आफैले गल्ती गर्ने कुरा हो। कहीलेकाहीं मान्छेहरू दिग्भ्रमित हुन्छन्, डसउँछन्।

जहाँ चरित्रको समस्या हुन्छ, त्यहाँ धेरै कानूनहरू बन्ने गर्दछन्। भारत एउटा त्यस्तो मुलुक हो जहाँ धेरै कानूनहरू बनेका छन्। दलबदलको कानून हामीकहाँ बनेको छैन, अन्य त्यस्तै धेरै मुलुकहरूमा पनि बनेको छैन। चरित्रको संकट खडा भएपछि कानूनहरू बन्दैजान्छन्। तर

जति कानूनहरू बन्दै जान्छन्, त्यति नै चरित्रका संकटहरू पनि बढ्दै जान्छन्। हामीकहाँ पनि नियमावलीमा व्यवस्था थियो कि यदि कसैले आफ्नो दलीय अनुशासन भंग गर्छ भने त्यो निलम्बित हुन्छ। तर त्यस्तो व्यवस्था हुँदाहुँदै पनि किन लागू हुन सकेन भन्दा हरेक पार्टीले आफ्नो सुविधा अनुसार नियमावलीको व्याख्या गर्न थाले- संविधानमाथि दवाब पर्न गयो जसको कारणले संवैधानिक संकटहरू देखिए। यी सारा कुरालाई हामीले बुझ्नुपर्छ। तसर्थः नेपालको प्रजातान्त्रिक अभ्यासप्रति म सन्तुष्ट छु, खुशी छु। अभ्यास र अनुभवका दृष्टिकोणबाट हामी एशियाकै नमूना बनेका छौं। आगामी दिनका चुनौतीहरूलाई नयाँ ढंगबाट सोच्ने परिपाटीको विकास गरौं, एक अर्कासित मिलेर काम गर्ने परिपाटीको विकास गरौं, प्रत्येक समस्याको निराकरणका निम्ति सहमतिको वातावरण तयार गरौं र आगामी दिनका निम्ति हामी सजग होऔं।

(इन्सेकद्वारा आयोजित "राजनीतिमा अपराधीकरण" सम्बन्धी अन्तरक्रियामा व्यक्त विचार)

हामी पूर्वाग्रहले ग्रसित छौं

- हरिहर दाहाल
कानुनविद्

अहिले प्रजातन्त्र पुनः स्थापना भएको आठ वर्ष पूरा हुँदैछ। तर यो बीचमा जुन किसिमले प्रजातन्त्रको संस्थागत विकास हुनपर्ने हो, जसरी सरकारले विश्वास आर्जन गर्नुपर्ने हो र जसरी जनताले राहत पाउनुपर्ने हो- त्यो राहत र प्रजातन्त्रको सास फेर्न जनताले पाएका छैनन्। चाहे त्यो कार्यपालिकाको गति होस् चाहे न्यायपालिका र व्यवस्थापिकाको गति होस् सबै अबरूद्ध छन्। म न्यायपालिकासंग आवद्ध भएको मान्छे हुँ। हामीले स्वतन्त्र न्यायपालिका आवश्यक छ भनेर शंखनाद गर्‍यौं, प्रजातन्त्रको माग गर्‍यौं, जनआन्दोलनमा सरिक भयौं। तर त्यसको एउटै कारण थियो कि हामी स्वतन्त्र न्यायपालिकाका पक्षपाती थियौं।

वास्तवमा सत्तालिप्साबाट प्रेरित भएर वा भोलि सत्तामा पुग्छौं भन्ने आधारबाट हामी कानून व्यवसायमा संलग्न व्यक्तिहरू आन्दोलनमा गएका थिएनौं। हामी स्वतन्त्र न्यायपालिकाकै लागि जनआन्दोलनमा सहभागी भएका थियौं।

वर्तमान संविधान स्वतन्त्र न्यायपालिकाका लागि ज्यादै उच्च कोटीको छ। तर प्रयोग भने हामीलाई नै दिक्कलाग्दो भएको छ। न्यायपालिकामा आसीन हुनभएका न्यायाधीशहरू बडो स्वतन्त्र हुनुहुन्छ। कसैले उहाँहरूलाई छुँदैन। उहाँहरूको नियुक्ति र सरूवा-बढुवा आदिमा पनि सरकारको हात हुँदैन। यस्तो स्वतन्त्र बनाइएको छ न्यायपालिका तर स्वतन्त्र बनाउने आधारबाट हामीले कतै न्यायपालिकालाई स्वच्छन्द त बनाएनौं? अहिले हामीलाई पिरोल्न थालेको छ। हामी स्वयंले अहिले आवाज उठाउनु परेको छ- न्यायधीशहरूमा स्वच्छन्दता बढ्न थाल्यो, त्यसलाई अब कसरी कम गर्ने?

यो स्वच्छन्दता हटाउन आन्दोलन पो गर्नुपर्ने हो कि भन्ने कुरा पनि अहिले हामीलाई अनुभूति हुन थालेको छ। सर्वोच्च अदालतले गर्ने निर्णय अन्तिम हुन थालेको छ। त्यसमाथि कहींकतै उजुर लाग्दैन। सर्वोच्च अदालतबाट जब न्यायको फैसला सुनाइन्छ, हरेक पक्षले धरर आँशु चुहाउनुपर्ने स्थिति आउँछ। उसले आँशु चुहाउनु सिवाय केही गर्न सक्तैन। कुनै किसिमको अभिव्यक्ति पोख्न सक्तैन। किनकि त्यहाँ मानहानी हुन्छ, अपहेलना हुन्छ। यसमा हामी कानून व्यवसायी पनि बडो विवश छौं। किनकि न्यायधीशहरू स्वतन्त्र हुनुहुन्छ। उहाँहरूले जे बोल्नुभयो, त्यही अन्तिम हुन्छ। यसले कतै प्रजातन्त्रमाथि खतरा त उत्पन्न गराएको छैन भन्ने प्रश्न पनि उठेको छ।

त्यो व्यक्ति जसले आज यो प्रजातन्त्र र स्वतन्त्र न्यायपालिका देखिरहेको छ, के त्यो पहिले हामीले उसलाई बताएको स्वतन्त्र न्यायपालिकाको स्वरूप अनुकूल छ त? आज त हामी

स्वयंलाई पनि कतै स्वतन्त्र न्यायपालिकाको नाममा न्यायालय स्वच्छन्द त भएन भन्ने अनुभूति हुन थालेको छ। हामी स्वयंले स्वतन्त्र न्ययापालिका चाहिन्छ भनेर रातदिन लेख लेख्यौं, आन्दोलन गर्‍यौं, आवाज उठायौं र स्वतन्त्र न्यायपालिकाका नाममा यो मुलुकमा साँच्चै उच्च कोटीको आदर्श हामीले भित्र्यायौं तर त्यसलाई हामीले कारगरढंगले कार्यान्वयन गर्न सकेनौं।

प्रजातन्त्र भन्ने वित्तिकै हामीले सोच्ने भनेको कार्यपालिका सक्षम होस्, कार्यपालिका जनताप्रति उत्तरदायी बन्न सकोस्, व्यवस्थापिका उत्तरदायी बन्न सकोस् र न्यायपालिका पनि जनउत्तरदायी बन्न सकोस् भन्ने नै हो। प्रजातन्त्र भन्ने वित्तिकै मूलभूत रूपमा यिनै कुरा आउँछन्।

न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका यी सबैको समष्टि भनेकै प्रजातन्त्र हो। जसमा जनताको सहभागिता हुन्छ। जहाँ राज्यका निकायहरू भनेका जनउत्तरदायी हुन्छन्। तर यहाँ त जनसहभागिता र जनउत्तरदायित्व कतै भेटिदैन। यहाँ व्यवस्थापिकाको पनि त्यही हालत छ। आज सांसद्हरू खाली भत्ता कमाउनमै व्यस्त हुनुहुन्छ।। हामीले केही समयअघि खुल्लमखुल्लाढंगले एउटा प्रस्ताव नै पारित गरेका छौं। हामी जुनसुकै ठाउँका बुद्धिजीवी किन नहोउँ, हाम्रो आस्थाको राजनीतिक दलको सरकारले पनि गलत काम गर्छ भने हामी बोल्न सक्नुपर्छ। हामी कानून व्यवसायी पनि यही मान्यतामा हुर्किरहेका छौं। भोलि कृष्णप्रसाद भट्टराईजी नै प्रधानमन्त्री भएको सरकार भए पनि आलोचना गर्न सक्ने क्षमता र आँट मभा हुनुपर्‍यो। तर म कांग्रेसी बुद्धिजीवी हुँ भनेर चुप लागेर बस्ने होइन। कृष्णप्रसाद भट्टराईजी त आदरणीय नेता हुनुहुन्छ, उहाँको सरकारले गरेका काम-कारवाहीको कसरी आलोचन गर्ने भन्ने खालको कुरा भयो भने हामीले सही रूपमा बोल्न सकेका हुँदैनौं। आज त्यही कुराले हामी ग्रसित छौं। हामी बुद्धिजीवी नै सहीढंगले परिचालित हुन सकिरहेका छैनौं। हामी आफ्नै किसिमको पूर्वाग्रहले ग्रसित छौं।

प्रजातन्त्रको संस्थागत विकासमा कहाँ-कहाँ कमी-कमजोरी छन् भन्ने कुरालाई हामीले खुल्लमखुल्ला रूपमा भन्नसक्नु पर्‍यो कि संसद्मा विकृति छ, मन्त्रीहरू स्वयंले प्रजातन्त्रको संस्थागत विकासका निम्ति सघाउ पुर्‍याइरहनु भएको छैन। प्रजातन्त्रको संस्थागत विकासमा भन्दा भ्रष्टाचारको संस्थागत विकासमा मन्त्रीहरूको ध्यान आकर्षित भएको छ। उहाँहरू यसैमा लिप्त हुनुहुन्छ। जनता कहाँ छन्? जनताको वास्तविक अवस्था कस्तो छ? जनताको पीरमर्का के हो? यससम्बन्धमा मन्त्रीहरू चिन्तनशील हुनुहुन्न। मन्त्री भइसकेपछि एकपल्ट आफ्नो चुनाव क्षेत्रमा जाने हिम्मत उहाँहरूसंग छैन। गएको स्थानीय निर्वाचनमा कुनै पनि मन्त्रीले आफ्नो निर्वाचन क्षेत्रमा गएर खुल्लमखुल्ला रूपमा जनतालाई विश्वास दिलाउने किसिमबाट भाषण गर्न सक्नु भएन। मन्त्रीलाई त्यहाँ लगियो भने झन् भोट घट्ला भन्ने चिन्ता कार्यकर्तामा देखियो। जब यस्तो अलोकप्रिय छवि मन्त्रीले बनाउँछन् भने कसरी हामीले कल्पना गर्ने यहाँ प्रजातन्त्र मजबूत हुन्छ भनेर?

हामी कानून व्यवसायीहरूले त परबाट हेरिरहेका छौं। किनकि हामी पेशासंग सम्बन्धित छौं। जब राज्यले कुनै किसिमको खरावी गरेको देख्छौं तथा सरकारले गलत काम गरेको देख्छौं तव मात्रै हामी बोल्दछौं। एक प्रकारले हामीले "वाचडग" को रूपमा पनि भूमिका

खेलेका हुन्छौं। हामी देखेको कुरा खुल्लमखुल्ला भन्छौं। हामी देखेको कुरा भन्न हिच्किचाउनु हुँदैन भन्ने मान्यतामा छौं र अहिले पनि हामी यही मूल्य र मान्यतालाई आत्मसात् गरेरै हिंडिरहेका छौं।

हामी पेशागत संगठनसंग आवद्ध हुँदाहुँदै पनि मानवअधिकारका फाँटमा, कानूनी राजका सवालमा र स्वतन्त्र न्यायपालिकाका सवालमा कटिबद्ध छौं। भोलि यहाँ कुनै किसिमको मानवअधिकारप्रति ज्यादति भयो भने हामी चुप लागेर बस्दैनौं। हिजो जसरी हामी कालोपट्टि बाँधेर सडकमा उत्रियौं, भोलि पनि सडकमा उत्रिनुपर्‍यो भने हामी पछि पर्ने छैनौं र जहिले पनि हामी यसका निमित्त तयार भएर बसेका छौं।

(इन्सेकद्वारा आयोजित "राजनीतिमा अपराधीकरण" सम्बन्धी अन्तरक्रियामा व्यक्त विचार)

नेता, नीति र इतिहास बिर्सेपछि अपराधीकरण शुरु भयो

- हरिश्चन्द्र आचार्य
महासचिव, प्रजातान्त्रिक लोकदल

राजनीतिमा अपराधीकरण बढ्नुमा मुख्यतः हामी नै दोषी छौं। किनकि हामीले नेतालाई बिर्सियौं, नीतिलाई बिर्सियौं र इतिहासलाई बिर्सियौं। तसर्थ नै नेपाली राजनीतिमा अपराधीकरणको शुरूवात भएको हो। आज अरूले बिर्सिए पनि पुस १६ गते राष्ट्रिय मेलमिलापको नारा दिएर स्वदेश पस्ने वी.पी.लाई सुरेन्द्र चौधरीज्यूले बोल्दा चाहिं नबिर्सिनुपर्ने हो। तर उहाँले त राष्ट्रिय मेलमिलाप दिवसलाई नै बिर्सिदिनुभयो।

हाम्रो पार्टी अर्थात् लोक दलको विचारमा देशका नेताहरू भनेका जम्मा पाँच जना छन्- अघिल्लो युगका गौतम बुद्ध र बेदव्यास, यो युगका विश्वेश्वरप्रसाद कोइराला, पुष्पलाल र मदन भण्डारी। यिनका समकक्षमा आजसम्म कुनै पनि नेता जन्मिएका छैनन्। यी पाँच जना नेताको लाइन बिर्सिदा आज राजनीतिमा अपराधीकरण बढेको हो। ०४६ सालको जनआन्दोलनको मूल जड के हो? यहाँ त कांग्रेस र कम्युनिष्ट सबै मिल्नुपर्छ र शान्तिपूर्ण आन्दोलन हुनुपर्छ भन्ने पुष्पलालको सैद्धान्तिक ज्ञानले काम गऱ्यो र प्रजातन्त्र आयो। त्यसको व्यवहारिक प्रयोगकर्ता गणेशमान सिंह हुनुहुन्छ। मदन भण्डारीले पार्टीभित्र देखापरेको तानाशाही हटाउन बहुदलीय जनवादको कार्यक्रम ल्याउनुभयो र स्थापित गरेर पनि जानुभयो। तर आज यी नेताको विरूद्धमा माधव नेपालले लोकेन्द्रबहादुर चन्दलाई सुनको किस्तीमा राखेर प्रधानमन्त्री बनिदिनुहोस् भनेर अनुरोध गर्नुभएको छ। उता गिरिजाप्रसाद कोइरालाले कांग्रेसको नेता म हुँ, वी.पी.को भाइ हुँ र सबैथोक म नै हुँ भनी सूर्यबहादुरलाई यो सरकारको कमाण्डर बनाउनुभयो। पंचायतको तीस वर्षसम्म रगत चुसेका दुई वटा शेर अर्थात् लोकेन्द्रबहादुर र सूर्यबहादुरलाई उचाल्ने माधव नेपाल र गिरिजाप्रसाद कोइरालाका कारण नै यहाँ अपराधीकरण बढेको हो। हाम्रो यही निष्कर्ष छ। नेपालमा राजनीतिक अपराधीकरणको प्रवृत्ति बढ्नुमा प्रमुख दोषी गिरिजाप्रसाद कोइराला हुनुहुन्छ भने माधव नेपाल पनि दोषमुक्त हुनुहुन्न।

मण्डले भनेको व्यक्ति होइन, चिन्तन हो। हाम्रो विचारमा संसदीय अनुभव र संसदीय अभ्यासबाट आएका नेता वा राजनीतिक दलहरूबाट नै यो अपराधीकरणको निराकरणका लागि योगदान पुग्नसक्छ। पंचायतमा काम गरेकाबाट यसको रोकथामको अपेक्षा गर्न सकिदैन। हृषिकेश शाहको भारदारी शैलीको माधवजीले खण्डन गर्नुभएको छ, त्यसप्रति हामी र हाम्रो पार्टी पूर्णतः सहमत छ। राजा राजनीतिभन्दा छुट्टै बस्नुपर्छ भन्ने एमालेको भनाईप्रति पनि हामी पूर्णतः सहमत छौं।

(इन्सेकद्वारा आयोजित "राजनीतिमा अपराधीकरण" सम्बन्धी अन्तरक्रियामा व्यक्त विचार)

गृहमन्त्री स्वयं नै अपराधीकरणमा संलग्न भएपछि के अपेक्षा गर्ने ?

- हृषिकेश शाह

तत्कालीन अध्यक्ष, नेपाल मानव अधिकार संगठन

अहिले तपाईंहरू सबैले महसूस गर्नुभएकै कुरा हो कि नेपालमा एउटा वैयक्तिकताको संकट आइपरेको छ। हाम्रा संस्था र पार्टीहरू मात्र होइन, संसद्, न्यायपालिका, स्थायी निजामती सेवा, प्रशासनयन्त्र आदि सबैमा विकृति छाइसकेको छ। त्यसैले पनि भन्ने हो भने यहाँ वैयक्तिकता कुण्ठित भएको छ। त्यसैले मैले भन्न खोजेको हुँ कि वैयक्तिकताको संकट भन्दा ठूलो अरू केही हुन सक्तैन।

हामी मानव अधिकारको क्षेत्रमा काम गर्नेहरूलाई यो राजनीतिमा कुनै चासो छैन भन्ने होइन। तर लेनदेनको फोहरी राजनीतिले हामीलाई माथि उठाउँछ? मानव अधिकार भनेको लक्ष्य हो। यो प्रजातन्त्रको लक्ष्यमा पुग्ने साधन मात्र हो। प्रजातान्त्रिक व्यवस्थामा मानिसले खान-लाउन पाउनु पर्छ, बोल्न पाउनु पर्छ, औषधि गर्ने व्यवस्था हुनुपर्छ, यो सबै दिन सक्नु पर्छ। त्यो हाम्रो देशमा छ कि छैन? तपाईं-हामी सबैले विचार गर्नु पर्ने विषय यही हो। अहिले साँच्चै भन्ने हो भने जनताको जीउधनको समेत सुरक्षा छैन। पृथ्वीनारायण शाह भन्ने गर्नुहुन्थ्यो- म मगरातको राजा हूँ। आज नेपालमा जुन गृहयुद्ध चलिरहेको छ, त्यसको मार त्यही मगरातले नै भोग्नु परिरहेको छ-तनहूँदेखि रूकुमसम्म। हामीले कैयौं ठाउँमा देखेर आयौं- प्रहरीहरूबाटै जनताको नाममा हिंसाहरू भएका छन्। राजनीतिक लक्ष्यको उपलब्धि हिंसा हो भन्ने कुरामा म विश्वास गर्दिन र अरू साथीहरूले पनि गर्नुहुन्न होला। तर आज त्यो हिंसाको क्रम लगातार बढिरहेको छ। त्यसको रोकथाम खै त?

मेरो विचारमा राजनीतिक बेथिति र अस्तव्यस्तताको सृजना मूल रूपमा दुई कारणले भएको छ। आठ हप्ताको जनआन्दोलनपश्चात् १९९३ अगस्टमा जुन सम्झौता भयो, त्यसैले थिति भाँड्ने काम गरेको छ। त्यो सम्झौतापश्चात् दुई पार्टीहरू मिलेर मनपरी शासन संचालन गर्न थाले। सरकारी यन्त्रमा रहेका व्यक्तिहरूलाई फेरबदल गर्ने र अदालतमा विचाराधीन रहेको मुद्दा समेत फिर्ता लिने जुन कार्यहरू भए- त्यसबाट जनताको बीचमा दुईवटा पार्टीहरू मिलेपछि जे पनि गर्न पाइँदोरहेछ भन्ने पर्नगयो। साथसाथै मुलुकमा थिति बसाल्ने संस्थाको रूपमा विकसित भएको न्यायपालिका आफैं विवादास्पद रह्यो, थिति भाँड्ने काम गर्‍यो, न्यायसंगत फैसला गर्न सकेन। प्रजातान्त्रिक मुलुकमा जनताको जनादेश लिन जान्छु भन्ने प्रधानमन्त्रीलाई त्यो फैसलाले रोक्यो। यस्तो गर्नु हुँदैनथ्यो। यसैबाट थिति बिग्रियो। अहिले जुन विकृतिहरू

देखापरेका छन्, यो त्यसैको प्रतिफल हो। जसले त्यो फैसला गर्नु भएको थियो, उहाँउपर महाअभियोगको चार्ज लागेको छ। त्यो बाट पनि केही टुंगो लाग्न सकेन।

आखिर यी सबैलाई के भन्ने? न्यायालय जसले थिति राख्नु पर्ने हो, त्यसैले नै भाँड्ने काम गरेपछि त्योभन्दा खराब कुरा अरू के हुन्छ? मलाई लाग्छ, अहिले जतातते विकृति, विसंगति र अपराधिक गतिबिधि मात्रै भइरास्वेका छन्, यसको उचित समाधानको बाटो खोजिएको छैन। अब सबै दलहरूले सोच्नुपर्ने भएको छ।

अहिले स्थिति साँरै नराम्ररी माँडिएको छ। सत्ताधारी दलहरूले राजनीतिमा अपराधीकरण फस्टाउने काम गरिरहेका छन्। यस सन्दर्ममा इन्सेकका साथीहरूले "राजनीतिमा अपराधीकरण" नामक जुन विचार-गोष्ठीको आयोजना गर्नुभयो त्यो अत्यन्तै समसामयिक छ।

देशमा शान्ति सुरक्षाको जिम्मा लिएर बसेको गृहमन्त्रालय अथवा गृहमन्त्री स्वयं नै अपराधीकरणमा संलग्न भएपछि उसबाट के अपेक्षा गर्ने ? अविश्वासको प्रस्ताव आएको अवधिमा गृहमन्त्रीले कसरी काम गर्नुभयो? कसरी सांसद्हरूलाई लिएर जानुभयो? कुन मोटरमा र कुन इन्सपेक्टरको संरक्षणमा सांसद्हरूको अपहरण गरियो? कुन मान्छेलाई कहाँ राख्नुभयो? त्यसका एक-एक प्रमाणहरू छन्। ती सबै कुरा पत्रिकाहरूमार्फत् बाहिर आएका छन्। त्यो भन्दा ठूलो प्रमाण के हुनसक्छ? त्यो भन्दा अर्को प्रमाण के खोज्ने? यस्तो अपराधीकरणलाई जुनसुकै हालतमा पनि रोक्नुपर्छ। यसक्रममा कसले कति पैसा खर्च गऱ्यो, यसतर्फ नजाउँ।

जो हिजो सरकारमा बस्ने मान्छेहरूसँग डराउँथे, उनीहरू नै आज भन्दैछन्- यो सरकार चलाउनेलाई हामी थुनिदिन्छौं। अहिले म आफैं पनि यो अनुभव गरिरहेको छु। म पनि पहिले सरकारमा बसेको हूँ। धेरै नेपालीहरूलाई चिन्छु। आजको यो हालतप्रति हामीलाई लाज लाग्नुपर्ने हो, तर सरकारमा बस्नेहरूले आज त्यो लाज पनि पचाइसके जस्तो छ। यो हालतमा म के भनूँ ? मेरो विचारमा त अहिलेको यस स्थितिमा कसैले पनि थिति बसाल्न सक्दैन। सके भने राजा मात्र त्यस्ता एक व्यक्ति हुन्। राजा केही समयको अन्तरालमै फेरि जनताको केन्द्रविन्दु बन्दैछन्। हामीले वि.सं. ०१५ पूर्वका राजा पनि देख्यौं, त्यसपछिका राजा पनि देख्यौं, ०४६ पूर्वका राजा पनि देख्यौं र त्यसपछिका राजा पनि देख्यौं। र, आज फेरि उही राजाको आश्रय र आशीर्वाद लिनुपर्ने स्थिति आएको छ। आज फेरि महाराजधिराज नै जनताको आशा र आश्रयको केन्द्रविन्दु बन्न पुगिबक्सेको छ। मेरो विचारमा सर्वसाधारण जनता पनि अहिले महाराजधिराजकै मुख ताकेर बसेका छन्।

(इन्सेकद्वारा आयोजित "राजनीतिमा अपराधीकरण" सम्बन्धी अन्तरक्रियामा व्यक्त विचार)

इन्सेक पुस्तक नं. ७९/०५५

एउटा राजनीतिक पार्टी, जो वास्तवमा कुनै धार्मिक, साम्प्रदायिक, कुनै जातीय, कुनै क्षेत्रीय भावना बोकेको छैन भने, त्यस्तो साम्प्रदायिकतावादी होइन भने उसले आफ्नो पक्षमा लागेका जनताको मात्र भलो चाहँदैन । उसले सबै जनताको भलो चाहनु पर्दछ । यो जनताको परिभाषाभित्र पर्दछ ।

- मदन भण्डारी

जनताको अधिकारबाट कसरी बलिया हुन्छन् भन्ने धारणा राखेर हामी सबैले काम गर्नु पर्दछ । तर अहिले सत्तामा नपुग्दा मानव अधिकारका कुरा गर्ने, सत्तामा पुगेपछि मानवअधिकार सुन्न नचाहने प्रवृत्तिले सबै पार्टीहरु ग्रसित छन् । मानवअधिकार सत्तामा जाने नारा र भन्याङ हुनुहुन्न । यसतर्फ सबैले सोचेर लाग्नु पर्दछ ।

- गणेशमान सिंह

हामीले त सारा दृष्टिकोण नै बदल्ने आँट गर्नु परेको छ । मित्र खोज्दा पनि सही र सजनहरुको खोजी गर्नुपर्दछ । यस्तो दृष्टिकोणको आधारमा काम गर्ने हो भने कमैया प्रथा पनि समाप्त होला । नत्र कानूनले बन्देजमात्र लगाउँदा कमैयाहरुले या त विदेशिनु पर्छ या आत्महत्या गर्नुपर्छ । उनीहरुले अर्को बाटो पाउँदैनन् ।

- तुलसीलाल अमात्य